# मदन भण्डारीका साहित्यिक रचनामा

## अनुभूतिको संरचना र विश्वदृष्टि

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र

सङ्काय, नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित

दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको

पाठ्यांश सङ्केत ७२० को

प्रयोजनका लागि

प्रस्तुत

**शोधप्रबन्ध**

**शोधार्थी**

सोमप्रसाद गर्तौला

दर्शनाचार्य-विद्यावारिधि तह, तेस्रो सत्र

त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग,

कीर्तिपुर, काठमाडौँ

२०८०

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको दर्शनाचार्य-विद्यावारिधि तहका विद्यार्थी श्री सोमप्रसाद गर्तौलाले दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश सङ्केत ७२० को परिपूर्ति गर्ने प्रयोजनार्थ 'मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना र विश्वदृष्टि' शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्य सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..........................

प्रा.डा. कृष्णप्रसाद घिमिरे
(शोधनिर्देशक)
नेपाली केन्द्रीय विभाग

मिति : २०८०/०१/२१

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको दर्शनाचार्य-विद्यावारिधि तहका विद्यार्थी श्री सोमप्रसाद गर्तौलाले दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश सङ्केत ७२० को प्रयोजनार्थ तयार पार्नुभएको 'मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना र विश्वदृष्टि' शीर्षकको शोधप्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

### शोधप्रबन्ध मूल्याङ्कन समिति

| **नाम** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल (विभागीय प्रमुख) | ...................... |
| २. प्रा.डा. कृष्णप्रसाद घिमिरे (शोधनिर्देशक) | .................... |
| ३. सहप्रा.डा. नेत्रमणि सुवेदी (आन्तरिक परीक्षक) | .................... |
| ४. प्रा.डा. रमेशप्रसाद भट्टराई (बाह्य परीक्षक) | ..................... |

मिति : २०८०/०२/३१

# कृतज्ञताज्ञापन

'मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना र विश्वदृष्टि' शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागको दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रको पाठ्यांश सङ्केत ७२० को प्रयोजनार्थ आदरणीय गुरु प्रा.डा. कृष्णप्रसाद घिमिरेको निर्देशनमा तयार पारेको हुँ । यो शोधप्रबन्ध तयारीका सन्दर्भमा आफ्नो कार्यव्यस्तताका बिच पनि समय निकालेर निर्देशन तथा विविध सल्लाह प्रदान गर्नु भएकामा शोधनिर्देशक गुरूप्रति म कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यलाई व्यवस्थित बनाउन सैद्धान्तिक विषयवस्तु र अन्य विविध व्यावहारिक एवं प्राविधिक पक्षमा मार्गनिर्देश गर्दै शोधसमस्यामा केन्द्रित रही शीर्षक परिमार्जनमा समेत भूमिका खेलिदिनुहुने विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलज्यूप्रति विशेष कृतज्ञताज्ञापन गर्दछु ।

दर्शनाचार्य-विद्यावारिधि तहको अध्ययनका लागि आवश्यक पूर्वाधार तयार गरी पठनपाठनको उपयुक्त वातावरण मिलाइदिने नेपाली केन्द्रीय विभाग तथा अध्ययनका क्रममा निरन्तर सहयोगका साथै मार्गदर्शन गराउनुहुने यस विभागका आदरणीय गुरुहरूप्रति म्हनै कृतज्ञ रहेको छु । दर्शनाचार्य-विद्यावारिधि तहको शोधवृत्तिका लागि अनुदान उपलब्ध गराउने मदन भण्डारी फाउन्डेसनप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु। शोधकार्यका लागि आवश्यक सामग्री उपलब्ध गराउने नेपाली विभागीय पुस्तकालय, त्रि.वि. केन्द्रीय पुस्तकालय र मदन भण्डारी फाउन्डेसनका साथै नेपाली केन्द्रीय विभागका कर्मचारीहरूप्रति पनि म आभारी छु । यस शोधकार्यका क्रममा मदन भण्डारी फाउन्डेसनका अध्यक्ष डा. महेन्द्रबहादुर पाण्डे, पूर्वअध्यक्ष उषाकिरण भण्डारी, पूर्वसचिव पेम्बा लामा र अन्य पदाधिकारीहरूबाट प्राप्त अमूल्य सल्लाह, सुझाव र सहयोगप्रति विशेष आभार प्रकट गर्दछु । अध्ययनका लागि कक्षाकोठादेखि हालसम्म सहयोग गर्ने मेरा सहपाठी मित्रहरूलाई धन्यवादज्ञापन गर्दछु ।

आर्थिक तथा व्यावहारिक समस्याहरूसँग सङ्घर्ष गर्दै मेरो अध्ययनकार्यप्रति सहयोग पुऱ्याउनुहुने मेरा पूजनीय माता हर्ककुमारी, पिता श्री बद्रीप्रसाद गर्तौला साथै दाजुभाउजूहरूप्रति कृतज्ञ छु । मेरो अध्ययन तथा शोधकार्यका लागि प्रेरणा दिँदै आवश्यक समय उपलब्ध गराउने तथा उपयुक्त वातावरण तयार पारिदिने जीवनसाथी उर्मिला सुवेदी तथा छोरा शुभम गर्तौलाप्रति म सस्नेह आभारी छु ।

अन्त्यमा म त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, दर्शनाचार्य-विद्यावारिधि कार्यक्रमको तेस्रो सत्रका लागि तयार पारिएको प्रस्तुत शोधप्रबन्ध आवश्यक मूल्याङ्कनका लागि यस नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।

..........................

सोमप्रसाद गर्तौला
दर्शनाचार्य-विद्यावारिधि तह
तेस्रो सत्र

शैक्षिक सत्र २०७७/०७८
त्रि.वि. दर्ता नं. ६-३-२८-१८०-२०१०
क्रमाङ्क : १४
मिति : २०८०/०१/०६

# विषयसूची

**पहिलो परिच्छेद : शोधपरिचय**

| | |
|---|---|
| १.१ विषयपरिचय | १ |
| १.२ समस्याकथन | २ |
| १.३ उद्देश्यकथन | २ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता | ९ |
| १.६ शोधको सीमाङ्कन | ९ |
| १.७ शोधविधि | १० |
| १.७.१ सामग्री सङ्कलनविधि | १० |
| १.७.२ विश्लेषणविधि | १० |
| १.७.३ सैद्धान्तिक ढाँचा | १० |
| १.८ शोधप्रबन्धको रूपरेखा | ११ |

**दोस्रो परिच्छेद : मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना**

| | |
|---|---|
| २.१ विषयप्रवेश | १२ |
| २.२ अनुभूतिको संरचनाको सैद्धान्तिक परिचय | १२ |
| २.३ मदन भण्डारीका साहित्यिक रचनामा पिँढी र प्रभुत्व | १७ |
| २.३.१ मदन भण्डारीका कवितामा पिँढी र प्रभुत्व | १८ |
| २.३.२ मदन भण्डारीका गीतमा पिँढी र प्रभुत्व | २९ |
| २.३.३ मदन भण्डारीका कथामा पिँढी र प्रभुत्व | ३४ |
| २.३.४ मदन भण्डारीका नाटकमा पिँढी र प्रभुत्व | ४६ |
| २.३.५ मदन भण्डारीका निबन्धमा पिँढी र प्रभुत्व | ४९ |

२.४ मदन भण्डारीका साहित्यिक रचनामा दबाब र तनावजन्य अनुभूतिको संरचना ५३

२.४.१ मदन भण्डारीका कवितामा दबाब र तनावजन्य अनुभूतिको संरचना ५३

२.४.२ मदन भण्डारीका गीतमा दबाब र तनावजन्य अनुभूतिको संरचना ६०

२.४.३ मदन भण्डारीका कथामा दबाब र तनावजन्य अनुभूतिको संरचना ६७

२.४.४ मदन भण्डारीका नाटकमा दबाब र तनावजन्य अनुभूतिको संरचना ८०

२.४.५ मदन भण्डारीका निबन्धमा दबाब र तनावजन्य अनुभूतिको संरचना ८३

२.५ निष्कर्ष ८६

**तेस्रो परिच्छेद : मदन भण्डारीका साहित्यिक रचनामा विश्वदृष्टि**

३.१ विषयप्रवेश ८८

३.२ विश्वदृष्टिको सैद्धान्तिक परिचय ८८

३.३ मदन भण्डारीका साहित्यिक रचनाको सामाजिक सन्दर्भ र विश्वदृष्टि ९२

३.३.१ मदन भण्डारीका साहित्यिक रचनामा शासक वा सामन्तवर्गको दृष्टिकोण ९३

३.३.२ मदन भण्डारीका साहित्यिक रचनामा शासित वा निम्नवर्गीय गरिब, किसान मजदुरवर्गको विश्वदृष्टि ९८

३.३.३ मदन भण्डारीका साहित्यिक रचनामा विद्रोही वा परिवर्तनकारीवर्गको विश्वदृष्टि १०२

३.४ निष्कर्ष ११२

**चौथो परिच्छेद : सारांश तथा निष्कर्ष**

४.१ सारांश ११५

४.२ निष्कर्ष ११६

सन्दर्भ सामग्रीसूची ११९

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

मदन भण्डारी (२००९ असार १४-२०५० जेठ ३) साहित्य सिर्जनाका क्षेत्रमा परिचित व्यक्तित्व हुन् । उनले लेखेका साहित्यिक रचनाहरूले उनलाई साहित्यकारको रूपमा परिचित गराएको छ । समाजको यथार्थ घटनालाई विषयवस्तु बनाएर साहित्य रचना गर्ने उनका रचनामा सामाजिक यथार्थवादी विचार प्रस्तुत भएको छ । पूर्वी नेपालको ताप्लेजुङ जिल्लाको साविक ढुङ्गेसाँघु गा.वि.स. वडा नम्बर आठमा पिता देवीप्रसाद भण्डारी र माता चन्द्रकला भण्डारीका सुपुत्रको रूपमा जन्मेका मदनकुमार भण्डारी नै पछि राजनीतिक तथा साहित्यिक क्षेत्रमा मदन भण्डारीका नामले परिचित भएका हुन् । उनको न्वारनको नाम मोतीराज भण्डारी थियो । उनले जीवनकालमा सर्वप्रथम २०२५ सालमा 'खै के ?' शीर्षकको कविता प्रकाशित भएपछि साहित्य जगत्मा प्रवेश गरेको भनेको पाइए पनि उनको उक्त रचना हालसम्म प्राप्त हुन सकेको छैन । उनका हालसम्म उपलब्ध रचनाहरूलाई आधार मान्ने हो भने २०३० सालमा बनारसबाट प्रकाशित पत्रिका *छात्रप्रभा*मा छापिएको 'मित्र पो चिन्नुपर्छ' शीर्षकको कविता उनको पहिलो रचना हो । जीवनकालमा नौवटा कविता, छवटा गीत, एउटा निबन्ध, दुइटा कथा, तीनवटा लघुकथा, तीनवटा संस्मरण, एउटा नाटक तथा पाँचवटा समालोचना गरी जम्मा ३० वटा फुटकर रचना गरेका भण्डारीका रचनामा समाजका निम्नवर्गको उच्च वर्गमाथि विद्रोहको आवाज, जातीय, लैङ्गिक तथा वर्गीय विभेदविरुद्धको आवाज, मानवीय अनुभूति साथै समाजका कमजोर पक्षका सशक्त विद्रोही स्वर पाइन्छ । समाजका दुःख, पीडाका विरुद्ध एकताबद्ध भएर लाग्न आह्वान गरिएका उनका रचनामा अनुभूतिको संरचना र विश्वदृष्टिको अध्ययन यस शोधकार्यमा गरिएको छ ।

साहित्यको समाजशास्त्रीय अध्ययनको केन्द्रीय मान्यता अनुभूतिको संरचना रेमन्ड विलियम्स र विश्वदृष्टिको सिद्धान्त लुसिएँ गोल्डमानले प्रतिपादन गरेका छन् । यी दुई सैद्धान्तिक मान्यताले लेखकका साहित्यिक कृतिभित्र रहेको सामाजिक अवस्थाको अध्ययन गर्दछ । यस क्रममा रेमन्ड विलियम्सको अनुभूतिको संरचनाअन्तर्गत कृतिभित्रको समाजमा रहेका पिँढी र प्रभुत्व तथा त्यसबाट उत्पन्न दबाब र तनावजन्य अनुभूतिको संरचनाको अध्ययन गरिन्छ । त्यस्तै लुसिएँ गोल्डमानको विश्वदृष्टिले कृतिभित्र रहेका समान जाति, वर्ग वा लिङ्गका बिच विभिन्न सामाजिक

परिस्थितिले निर्माण गरेको सामूहिक दृष्टिकोणलाई बुझाउने कार्य गर्दछ । मदन भण्डारीका साहित्यिक रचनामा यी दुई मान्यताबाट पुष्टि हुने प्रशस्त सामाजिक अवस्था रहेको हुँदा यिनै सैद्धान्तिक मान्यतालाई आधार मानेर यस शोधमा मदन भण्डारीका साहित्यिक रचनाको अध्ययन तथा विश्लेषण गरिएको छ ।

मदन भण्डारीका साहित्यिक रचना तत्कालीन सामाजिक परिवेशसापेक्ष देखिन्छन् । तत्कालीन समाजका यथार्थ र जल्दोबल्दो विषयवस्तुलाई आधार बनाएर रचना भएका उनका कविता, कथा, गीत, नाटक र निबन्धमा समाजका यथार्थ परिदृश्यहरू, समाजका अनुभूतिहरू तथा जीवन्त विचारहरू रहेका छन् । त्यसैले यस शोधमा भण्डारीका साहित्यिक रचनामा अभिव्यक्त घटनासन्दर्भ र सामाजिक सन्दर्भले उत्पन्न गरेको पिँढी र प्रभुत्वको अवस्था, दबाब र तनावजन्य अनुभूति साथै विश्वदृष्टिको निरूपण र मूल्याङ्कन गरिएको छ ।

## १.२ समस्याकथन

मदन भण्डारीका रचनाहरूमा समाजसापेक्ष विचारहरू अभिव्यक्त भएका छन् । उनका रचनामा ऐतिहासिक तथा समकालीन समाजका यथार्थ अभिव्यक्ति पाइन्छ । त्यसैले उनका रचनाहरू प्राज्ञिक अध्ययनका लागि समाजशास्त्रीय दृष्टिबाट विवेचना गर्न र अनुसन्धान गर्न उपयुक्त देखिएकाले उनका रचनामा अनुभूतिको संरचना र विश्वदृष्टि अध्ययन गरी नवीन ज्ञानको उद्घाटन गर्नु प्रस्तुत शोधकार्यका लागि समाधेय समस्या रहेको छ । आजपूर्व उनका रचनाको अन्य विविध विषय वा दृष्टिकोणबाट अध्ययन भए पनि रेमन्ड विलियम्सको अनुभूतिको संरचना तथा लुसिएँ गोल्डमानको विश्वदृष्टिको सैद्धान्तिक सापेक्षतामा अध्ययन भएको पाइएको छैन । त्यसैले प्रस्तुत शोधमा उक्त रिक्तताको परिपूर्तिका लागि उनका साहित्यिक रचनामा केन्द्रित रहेर मूल शोध समस्याको समाधानका लागि निम्नलिखित प्राज्ञिक शोधप्रश्नहरूलाई आधार बनाइएको छ :

(१) मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना केकस्तो रूपमा प्रस्तुत भएको छ ?

(२) मदन भण्डारीका साहित्यिक रचनामा विश्वदृष्टि केकसरी अभिव्यक्त भएको छ ?

## १.३ उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिएको छ :

(१) मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचनाको विश्लेषण गर्नु,

(२) मदन भण्डारीका साहित्यिक रचनामा विश्वदृष्टिको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

अनुभूतिको संरचना र विश्वदृष्टिको अध्ययन समाजशास्त्रका सिद्धान्तमा आधारित भएर गरिएको अध्ययन हो । तसर्थ प्रस्तुत शोधकार्यपूर्व समाजशास्त्रीय सिद्धान्तसँग सम्बन्धित भएर गरिएका कुनै पनि अनुसन्धान, लेखन तथा प्रकाशन कार्यहरू पूर्वकार्य हुन् । मदन भण्डारीका साहित्यिक रचनाका बारेमा हालसम्म भएका अध्ययन साथै समाजशास्त्रीय सिद्धान्तका बारेमा लेखिएका पुस्तक तथा यसै सिद्धान्तलाई आधार मानी गरिएका शोधकार्य, प्रकाशित लेख तथा पुस्तकहरूलाई यहाँ कालक्रमिक र सङ्क्षिप्त रूपमा समीक्षा गरी प्रस्तुत गरिएको छ :

कृष्ण गौतम (२०५०) ले *आधुनिक आलोचना : अनेक रूप, अनेक पठन* नामक कृतिमा समाजशास्त्रीय आलोचना शीर्षकमा साहित्यको समाजशास्त्रीय अध्ययनको विकासमा मार्क्सवादको भूमिका महत्त्वपूर्ण रहेको बताउँदै समाजशास्त्रीय आलोचनाको अभिप्राय र समाजशास्त्रीय दृष्टिको विकासका सन्दर्भलाई सामान्य चर्चा गरेका छन् । साहित्यको समाजशास्त्रीय अध्ययन गर्नका लागि यो पुस्तकले भूमिका खेले पनि यसमा साहित्यको समाजशास्त्रीय अध्ययनको पूर्ण पक्ष पाउन सकिँदैन । मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना र विश्वदृष्टिको अध्ययनको प्रसङ्ग यस पुस्तकमा रहेको छैन । यति हुँदाहुँदै पनि यस पूर्वकार्यले साहित्यको समाजशास्त्रीय अध्ययनको विकासको प्रारम्भिक पक्ष र सामाजिक तथा राजनीतिक दृष्टिकोण बुझ्न आंशिक सहयोग पुऱ्याएको छ ।

ऋषिराज बराल (२०५२) ले *मार्क्सवाद र उत्तरआधुनिकतावाद* नामक पुस्तकमा 'साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्र' शीर्षकभित्र साहित्यको समाजशास्त्रको सैद्धान्तिक विषयको चर्चा गरेका छन् । यस अध्ययनमा उनले साहित्यको समाजशास्त्र र यसका लागि योगदान गर्ने अध्येताहरूका कार्यको आलोचनात्मक व्याख्या गर्दै मार्क्सवादी सौन्दर्यशास्त्रका विभिन्न सिद्धान्तहरूको बारेमा व्याख्याविश्लेषण गरेका छन् । उनको यो अध्ययन मदन भण्डारीको रचनामा अनुभूतिको संरचना र विश्वदृष्टिसम्बन्धी अध्ययनसँग प्रत्यक्ष सम्बन्धित नभए पनि प्रस्तुत शोधको सैद्धान्तिक खण्डमा र रचनाको समाजशास्त्रीय विश्लेषण गर्ने क्रममा उपयोगी भएको छ ।

जीवेन्द्रदेव गिरी (२०५४) को 'मदन भण्डारीका भाषणमा भाषिक विशेषता' शीर्षकको लेख *एक्काइसौँ शताब्दी* मासिक पत्रिकामा प्रकाशित छ । उनले उक्त लेखमा भण्डारीका भाषामा अनुभूति र विचारका लहर सहज र स्वाभाविक रूपमा खोला छङ्छङाए झैँ भाषिक प्रवाहमा गतिशील रहेको बताएका छन् । लेखमा भण्डारीका कतिपय वाक्यहरू हेर्दा लक्ष्मीप्रसाद देवकोटाको लक्ष्मी निबन्ध सङ्ग्रहको स्मरण हुने कुरा समेत लेखेका छन् । यस लेखमा भण्डारीका रचनाको

व्याख्याविश्लेषण भने गरेका छैनन् । त्यस्तै यो लेख अनुभूतिको संरचना र विश्वदृष्टिको अध्ययनमा आधारित भएर लेखिएको छैन । यति हुँदाहुँदै पनि प्रस्तुत लेख भण्डारीका साहित्यिक रचनाको वैचारिक पक्ष बुझ्नका लागि उपयोगी भएको छ ।

मुकुन्द घिमिरे (२०५८) ले 'नासो कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन' शीर्षकको शोधपत्रमा साहित्यलाई समाजको दर्पणका रूपमा विश्लेषण गर्ने प्रत्यक्षवादी सिद्धान्तलाई आधार बनाएर मूलतः मेडम डे स्टेल, हिप्पोलाइट एडल्फ तेन र रबर्ट स्कार्पिटले अघि बढाएको सिद्धान्तलाई दर्पण सिद्धान्त भन्दै रेमन्ड विलियम्स, लुसिएँ गोल्डमान र लियो लावेन्थलको मूलभूत मान्यताहरूलाई समीक्षासिद्धान्तका रूपमा परिभाषित गरेका छन् । उनी यस शोधमा मैनाली र उनका कथाहरूका सम्बन्धमा विभिन्न क्षेत्रका व्यक्तित्वहरूका धारणाहरूको अध्ययन गरेर विश्लेषणात्मक विधिद्वारा निष्कर्षमा पुगेका छन् । उनको यो अध्ययन मदन भण्डारीका रचनासँग सम्बन्धित छैन तापनि समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन भएकाले प्रस्तुत शोध अनुभूतिको संरचना र विश्वदृष्टिसम्बन्धी अवधारणात्मक प्रयोग बुझ्नका लागि सहयोगी भएको छ ।

खेम दाहाल (२०६०) ले *प्रज्ञा* (३४/९९) पत्रिकामा प्रकाशित 'साहित्यको समाजशास्त्र एक अवधारणा' शीर्षकको लेखमा समाजशास्त्र र साहित्यको समाजशास्त्र, साहित्यको समाजशास्त्रका पृष्ठभूमिमा देखिएका मान्यता तथा साहित्यको समाजशास्त्र र सैद्धान्तिक उपलब्धिहरूको चर्चा गरेका छन् । उनको यस लेखले साहित्यको समाजशास्त्रको सैद्धान्तिक पक्षको अध्ययन गरे पनि मदन भण्डारीका रचनामा अनुभूतिको संरचना र विश्वदृष्टिको अध्ययन नगरेकाले उनको यो लेख प्रस्तुत शोधको सैद्धान्तिक पक्षलाई बुझ्न उपयोगी भएको छ ।

दयाराम श्रेष्ठ (२०६०) ले *उपन्यासको शतवार्षिकी स्मारिका* पुस्तकको 'केही प्रमुख नेपाली उपन्यासहरूको समाजशास्त्र' शीर्षकको अनुसन्धानात्मक लेखमा साहित्यको समाजशास्त्रको परिचय दिँदै स्वयम् लेखकको समाजशास्त्र र लेखकले समाजमा पारेका प्रभावजस्ता विषयमा उल्लेख गरेका छन् । साहित्यको समाजशास्त्रमा हुने दुई पक्षको सन्दर्भ जोड्दै आधुनिक नेपाली उपन्यासको समाजशास्त्रीय अनुसन्धानअन्तर्गत मुख्य मुख्य राजनीतिक, सामाजिक तथा सांस्कृतिक घटनालाई विषयको स्रोत मानेर कृति विश्लेषण गर्नुपर्ने बताएका छन् । प्रस्तुत लेखले केही औपन्यासिक कृतिहरूको समाजशास्त्रीय अध्ययन गरे पनि यसमा मदन भण्डारीका रचनाको अध्ययन गरिएको छैन तसर्थ उनको यो लेख कृति विश्लेषणका लागि मात्र सहयोगी भएको छ ।

उदय क्षेत्री (२०६४) ले *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानात्मक कृतिहरूको अध्ययन* शीर्षकको विद्यावारिधि तहको अप्रकाशित शोधप्रबन्धमा फ्रान्सेली समालोचक एवम् साहित्यिक समाजशास्त्री हिप्पोलाइट एडल्फ तेनलाई साहित्यको समाजशास्त्रका प्रवर्तक

मानेका छन् । उनले तेनभन्दा पहिले फ्रान्सेली महिला विचारक मेडम डे स्डालले साहित्यमा उदार भावना एवम् हावापानीको प्रभाव पर्छ भन्ने मान्यता प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् । यसले साहित्यमा वातावरणको भूमिका हुने सम्बन्धी चर्चा गरेको छ । उनको प्रस्तुत शोधमा मदन भण्डारीका रचनाको अध्ययन एवम् रेमन्ड विलियम्स तथा लुसिएँ गोल्डमानका अनुभूतिको संरचना र विश्वदृष्टिको सैद्धान्तिक आधारबाट अध्ययन नभए पनि साहित्यको समाजशास्त्रीय सिद्धान्तको सुरुवात, यसको दृष्टिकोणको सैद्धान्तिक अवधारणालाई बुभ्न प्रस्तुत शोधप्रबन्ध उपयोगी भएको छ ।

देवी नेपाल (२०६५) ले 'मदनको साहित्यिक व्यक्तित्व' शीर्षकको लेख *मदन भण्डारी स्मृति ग्रन्थ भाग-१* मा लेख्दै कवि भण्डारीले वनारस रहँदा विभिन्न छद्‍म नामबाट कविता सिर्जना गर्ने गरेको बताएका छन् । त्यस समयमा वनारसदेखि लिएर सिलाङसम्मका नेपाली पत्रिकाहरूमा उनका कविता तथा अन्य रचनाहरू प्रकाशित भएको पनि बताएका छन् । तत्कालीन समयमा भण्डारीले प्रयोग गर्ने छद्‍म नामहरूको ज्ञान नहुँदा उनका रचनाहरू भेटिए पनि यिनै हुन् भनेर आधिकारिकता पुष्टि गर्न नसकिएको कुरा यस लेखमा नेपालले बताएका छन् । भण्डारीले कविता मात्र नलेखी कथाहरू र निबन्धहरू पनि लेखेको कुरा लेखकले यस लेखमा बताएका छन् । यति हुँदाहुँदै पनि उक्त लेखमा भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना र विश्वदृष्टिको अध्ययन गरिएको छैन । भण्डारीका साहित्यिक सामग्री सङ्कलन र उनका प्रारम्भिक समयका लेखरचना बारे जानकारी दिने भएकाले यो लेख प्रस्तुत शोधकार्यका लागि उपयोगी भएको छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (२०६७) ले *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* नामक पुस्तकको 'समाजपरक समालोचना' शीर्षकमा हिप्पोलाइट एडल्फ तेनको जाति, पर्यावरण र क्षण, कडवेल, जर्ज लुकाज जस्ता मार्क्सवादी तथा गैरमार्क्सवादी साहित्यिक समाजशास्त्रीहरूको समाजशास्त्रीय मान्यता प्रस्तुत गरेका छन् । साहित्यको समाजशास्त्रीय अध्ययन नभए पनि र मदन भण्डारीको साहित्यिक रचनासँग सम्बन्धित नभए पनि यस पुस्तकको अध्ययनले समाजशास्त्रको आधिकारिक अवधारणा बुभ्न सहयोग पुगेको छ ।

भावना भण्डारी (२०६७) ले 'युवाका आँखामा जननेता मदन भण्डारी' शीर्षकको निबन्ध *युवाका आँखामा जननेता मदन भण्डारी* पुस्तकमा लेखेकी छिन् । उनले उक्त निबन्धमा मदन भण्डारी एउटा भौतिकवादी-मार्क्सवादी मात्र नभएर कलाका पारखी पनि भएको कुरा बताएकी छिन् । मदनका सिर्जनामा उत्पीडित र दमित जनताहरूको मुक्तिको गीत गाइएको कुरा लेखेकी छिन् । विद्यार्थीकालदेखि नै शास्त्रीय छन्दमा राम्रा कविता कोर्न अभ्यस्त मदनको राजनीतिक

व्यक्तित्व निर्माणमा उनमा अन्तर्निहित जनवादी कवि मदन भण्डारीको भूमिकालाई कम आँक्न नमिल्ने कुरा बताएकी छनि् । उनको यस निबन्धमा भण्डारीका साहित्यिक रचनाको प्राज्ञिक अध्ययन भएको छैन । यस निबन्धमा भण्डारीको कवि व्यक्तित्वलाई चिनाउन मात्र खोजिएको छ । प्रस्तुत निबन्धात्मक लेखले मदन भण्डारीप्रतिको साहित्यिक दृष्टिकोण बुझ्न आंशिक सहयोग पुगेको छ ।

नवराज खतिवडा (२०६७) को 'युवाका आँखामा जननेता मदन भण्डारी' शीर्षकको निबन्ध *युवाका आँखामा जननेता मदन भण्डारी* पुस्तकमा सङ्कलित छ । यस निबन्धमा उनले जीवन, भीष्म, सागर, लोकेश, श्वेतशार्दूल, राजमोती, बरबरिक आदि छद्म नामबाट मदन भण्डारीलाई साहित्य सिर्जना गर्ने प्रतिभा मानेका छन् । भण्डारीले स्वाभाविक शैलीमा गहन भावलाई साधरणीकरण गर्दै उखान र टुक्कालाई आफ्ना अभिव्यक्तिमार्फत् रचनामा खुसुक्क घुसाएर भावलाई जीवन्तता दिएको विचार उनले निबन्धमा व्यक्त गरेका छन् । उनका कवितामा बिम्ब-प्रतीकात्मक प्रस्तुतिभित्र सहजता र सम्प्रेषणीयता पाइन्छ भन्ने विचारसमेत खतिवडाले निबन्धमा उल्लेख गरेका छन् । उनको यस लेखमा भण्डारीका छद्म नामहरूका बारेमा उल्लेख छ तर उनका रचनाको पूर्ण विवरण भने प्रस्तुत गरिएको छैन । प्रस्तुत लेखलाई आधार मान्दै उनका छद्म नाम र ती नामबाट प्रकाशित रचनाको खोज, अनुसन्धान गर्न र यथार्थ विवरण पहिल्याउन सहज भएको छ ।

ताराकान्त पाण्डेय (२०६९) ले 'बसाइँ उपन्यासको समाजशास्त्र' *शीर्षकको लेख प्राज्ञिक संसार* (१/४) पत्रिकामा लेखेका छन् । उक्त लेखमा साहित्यिक समाजशास्त्री रेमण्ड विलियम्सको समाजशास्त्रीय मान्यतालाई प्रस्तुत गरेका छन् । यसमा अनुभूतिको संरचनामा आधारित भएर बसाइँ उपन्यासको विश्लेषण गरिएको छ । उनको यस लेखमा समाजका तीन पिँढीका बिचको अन्तर्सम्बन्धका कारण क्रिया प्रतिक्रिया हुने कुरा बताइएको छ । त्यस क्रममा समुदायले अनुभूत गर्ने दबाब र तनावजन्य अनुभूतिको अभिव्यक्ति कृतिमा हुन्छ भन्ने विचारसमेत प्रस्तुत भएको छ । यस लेखमा यस्ता अध्ययनबाट समाजमा रहेको सांस्कृतिक स्थितिका साथै सामाजिक परिवर्तनको प्रक्रिया थाहा पाउन सकिन्छ भन्ने आधार पनि प्रस्तुत गरिएको छ । उनको यस लेखमा मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना र विश्वदृष्टिसम्बन्धी अध्ययन नगरिएको भए तापनि प्रस्तुत शोधमा साहित्यिक रचनाको सैद्धान्तिक अध्ययन तथा विश्लेषणका लागि यो लेख उपयोगी भएको छ ।

नवराज पौडेल (२०६९) को 'बहुला काजीको सपना नाटकको समाजशास्त्रीय विश्लेषण' शीर्षकको लेख *प्राज्ञिक संसार* (१/७) पत्रिकामा प्रकाशित छ । उक्त लेखमा उनले साहित्यिक

समाजशास्त्री हिप्पोलिट तेनको जाति, पर्यावरण र क्षण, गोल्डमानको विश्वदृष्टि र रेमन्ड विलियम्सको अनुभूतिको संरचना गरी तीनओटा सिद्धान्तलाई आधारमा मानेर नाटकको विश्लेषण गरेका छन् । यस लेखमा मदन भण्डारीका साहित्यिक रचनाको विश्लेषण नभए पनि उनको यस पूर्वकार्यले प्रस्तुत शोधमा भण्डारीद्वारा लिखित नाटकमा अनुभूतिको संरचना र विश्वदृष्टि विश्लेषणका लागि आंशिक सहयोग पुगेको छ ।

सुवर्ण ओली (२०७०) ले *मदन भण्डारी जीवनी र व्यक्तित्व* नामक पुस्तकमा मदन भण्डारीको साहित्यिक योगदानको चर्चा गर्दै उनले विशेषतः काव्य र समालोचना विधामा महत्त्वपूर्ण योगदान दिएको बताएकी छिन् । ओलीले उक्त लेखमा उनका रचनाहरूमा विधागत विविधता, विद्रोही चेतना, आमूल परिवर्तनको पक्षपोषणका साथै क्रान्तिकारी भावना प्रचुर मात्रामा पाउन सकिन्छ भन्दै उनी नेपाली साहित्यको प्रगतिवादी यथार्थवादी धाराका सशक्त हस्ताक्षर रहेको कुरा बताएकी छन् । यस कृतिमा भण्डारीको जीवनी र व्यक्तित्वको विषयमा विशेष चर्चा गरी रचनाका विषयमा सामान्य अध्ययन मात्र गरिएकाले प्रस्तुत शोधका लागि यो पुस्तक सहयोगी भएको छ ।

देवी नेपाल (२०७१) को 'कविका रूपमा मदन भण्डारी एक विवेचना' शीर्षकको लेख *मदन भण्डारीका कविता र गीतहरू* कृतिमा प्रकाशित छ । उनले उक्त लेखमा भण्डारीका अहिलेसम्म प्राप्त कविता र गीतहरूमा नेपाली जीवनको पीडित पक्षको स्वर पाइने कुरा व्यक्त गरेका छन् । उनले उक्त लेखमा भण्डारीका कविता तथा गीतमा निम्नवर्गीय सामाजिक संरचनाप्रतिको सहानुभूति, शोषणविरुद्धको आक्रोश, जीवन भोगाइप्रतिको आशावादिता, मानवीय स्वाभिमानको खोजी र शिष्ट, सभ्य तथा समतामूलक समाजको परिकल्पना सल्बलाएको बताएका छन् । यस लेखमा अनुभूतिको संरचना र विश्वदृष्टिको मान्यतालाई आधार मानेर भण्डारीका साहित्यिक रचनाको अध्ययन नभए पनि उनका कविता र गीतको समाजसापेक्ष दृष्टिकोण बुझ्न यो लेख उपयोगी भएको छ ।

ताराकान्त पाण्डेय (२०७३) को 'कविताको समाजशास्त्र' शीर्षकको लेख *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र* नामक पुस्तकमा समावेश छ । उनले उक्त लेखमा समाजशास्त्रीय आधारमा कविताको अध्ययन विश्लेषण गरेका छन् । उनले यस लेखमा आजको पुरुषप्रधान समाजमा नारीमाथि हुने पुरुष लैङ्गिक उत्पीडनको सन्दर्भ, कवितामा स्वयं नारीकै उपस्थिति र स्थान, नारी अनुभूतिको अभिव्यक्तिजस्ता सन्दर्भहरू कविता विश्लेषणका आधार हुन सक्छन् भनेर साहित्यिक रचनाको समाजशास्त्रीय अध्ययन गर्ने आधार प्रस्तुत गरेका छन् । मदन

भण्डारीका साहित्यिक रचनाको अध्ययनसँग सम्बन्धित नभए पनि उनको यो लेख प्रस्तुत शोधमा कवितामा अनुभूतिको संरचना र विश्वदृष्टि अध्ययन गर्नका लागि सहयोगी भएको छ ।

नवराज गौतम र रामशरण बजगाईं (२०७३) द्वारा सम्पादित *श्रद्धाञ्जलि* पुस्तकको 'प्रकाशकीय' मा मदन भण्डारीका योगदानको चर्चा गरिएको छ । उक्त लेखमा उनको राजनैतिक योगदान, समाजविश्लेषणको क्षमता, स्वच्छ छवि, वाक्पटुता, लगनशीलता, दूरदृष्टिपनलगायतका धेरै गुणहरू उनमा रहेको उल्लेख गरिएको छ । भण्डारीका यिनै गुणले उनलाई नेतृत्वको शिखरमा पुऱ्याएको हो भन्ने विचार समेत व्यक्त गरिएको छ । प्रस्तुत लेखमा भण्डारीका साहित्यिक व्यक्तित्वका बारेमा चर्चा नगरे पनि उनका प्रकाशित रचनामा रहेका वैचारिक पक्ष बुझ्न यो लेख आंशिक सहयोग मिलेको छ ।

वासुदेव अधिकारी (२०७९) ले 'सशक्त स्रष्टा ओजस्वी द्रष्टा' शीर्षकको लेखमा राजनीतिका विलक्षण प्रतिभा भण्डारी जनोपयोगी सिर्जनाका मलिला माटा हुन् भनेका छन् । उनले *मदन भण्डारी ४ सङ्कलित रचनाहरू* (साहित्य खण्ड) कृतिको उक्त लेखमा स्रष्टा भण्डारीमा जीवन र जगत्प्रतिको समालोचकीय चेत वा दृष्टि निकै फराकिलो रहेकाले उनको सिर्जनशक्ति समाजसापेक्ष र समाजलाई अग्रगतिमा लैजान मलजल गर्ने खालको रहेको कुरा लेखेका छन् । प्रस्तुत लेख भण्डारीका रचनाको व्याख्यामा केन्द्रित नभए पनि उनका साहित्यिक रचनाप्रतिको सामाजिक दृष्टिकोण बुझ्न र सन्दर्भ स्रोतका लागि उपयोगी भएको छ ।

कृष्णप्रसाद घिमिरे (२०७९) को 'जननेता मदन भण्डारी र जबजको मूल आधार' शीर्षकको लेख *शार्दूल* पत्रिकामा प्रकाशित छ । उनले उक्त लेखमा भण्डारीले मार्क्सवादको सिर्जनात्मक व्याख्या गरेर जनताको चाहनालाई सर्वोपरि मान्यता दिएको निष्कर्ष दिएका छन् । उनले लेखमा भण्डारीका साहित्यिक रचनामा जबजको आधार भेट्न सकिने बताउँदै भण्डारीका रचना समाजसापेक्ष रहेको जनाएका छन् । घिमिरेको उक्त लेखमा भण्डारीका रचनाको समाजशास्त्रीय दृष्टिबाट व्याख्या विश्लेषण नभए पनि रचनामा वैचारिक पक्ष अध्ययन गर्न यो लेख उपयोगी भएको छ ।

उपर्युक्त पूर्वकार्यको पठन र समीक्षापश्चात् नेपाली साहित्यको क्षेत्रमा विभिन्न व्यक्ति तथा प्रवृत्तिका कृतिको समाजशास्त्रीय अध्ययन भए पनि आजसम्म मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना र विश्वदृष्टिको अध्ययन भएको पाइएको छैन । मदन भण्डारीका रचनामा तत्कालीन समय र समाजको परिवेशलाई समातेर दूरदर्शी तथा अग्रगामी विचार अभिव्यक्त भएको पाइन्छ । यति हुँदाहुँदै पनि उनका रचनाहरूमा समाजशास्त्रीय सिद्धान्तका आधारमा अनुभूतिको संरचना र विश्वदृष्टिको अध्ययन तथा विश्लेषण नभएकाले उनका रचनामा

पिँढी र प्रभुत्वसँगै दबाब र तनावजन्य अनुभूतिलाई अध्ययन गर्न सकिन्छ । उनका साहित्यिक रचनाका आधारमा विभिन्न सामाजिक वर्गमा विश्वदृष्टि निर्माण हुन पुगेको समेत पाइन्छ । उनका रचनामा पाइने समाजका यस्ता अनुभूतिको संरचना र विश्वदृष्टिका बारेको अध्ययन हालसम्म कहीँ कसैले गरेको तथ्य पूर्वकार्यको अध्ययनबाट प्राप्त हुन सकेन । त्यसैले उनका रचनामा पाइने समाजका अनुभूतिको अवस्था केलाउन रेमन्ड विलियम्सको समाजशास्त्रीय अध्ययनको सैद्धान्तिक आधार अनुभूतिको संरचनाअन्तर्गत पिँढी र प्रभुत्व तथा दबाब र तनावजन्य अनुभूतिको संरचनाको अध्ययन गरिएको छ । त्यसका साथै लुसिएँ गोल्डमानको विश्वदृष्टिका मान्यतामा आधारित भएर शासकवर्गको दृष्टि पहिल्याउँदै शासित वा निम्नवर्गीय गरिब, किसान, मजदुरवर्गको विश्वदृष्टि र विद्रोही वा परिवर्तनकारी वर्गको विश्वदृष्टिको अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

प्रस्तुत शोधकार्यले नेपाली राजनीतिका क्षेत्रमा उच्चस्थान निर्माण गरेका र साहित्य रचनाका क्षेत्रमा पनि साहित्यिक व्यक्तित्वका रूपमा पहिचान बनाउँदै साहित्यिक रचना गरेका मदन भण्डारीको साहित्यिक योगदानलाई केलाएको छ । यसमा भण्डारीका रचनालाई अनुभूतिको संरचना र विश्वदृष्टिको मान्यताबाट बुझ्न चाहने अनुसन्धानकर्ता, विज्ञ, विश्लेषक, राजनीतिज्ञ तथा उनका रचनामा अनुभूतिको संरचना तथा विश्वदृष्टि अध्ययन गर्न चाहने सबैका लागि उपयोगी सामग्री प्रस्तुत गरिएको छ । त्यसैले यो उपयोगी रहेको छ । आगामी दिनमा मदन भण्डारीका रचनालाई विभिन्न दृष्टिकोणबाट अध्ययन गर्दै उनीप्रतिको साहित्यिक धारणा निर्माण गरी उनका विचारलाई सशक्त र विश्वसनीय बनाउनका लागि यो शोध महत्त्वपूर्ण तथा औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा अनुभूतिको संरचना र विश्वदृष्टिसँग सम्बन्धित भएर साहित्यकार मदन भण्डारीका प्रकाशित उपलब्ध साहित्यिक रचनाहरू नाटक, निबन्ध, कथा, कविता र गीतको अध्ययन गरिएको छ भने संस्मरण, समालोचना, अनुवाद र भाषणमा समावेश कवितालगायत अन्य रचनाको अध्ययन गरिएको छैन । मदन भण्डारीका उपर्युक्त साहित्यिक रचनामा अनुभूतिको संरचना र विश्वदृष्टि स्पष्ट तथा पर्याप्त भेटिएकाले रेमन्ड विलियम्सको अनुभूतिको संरचनाअन्तर्गत पिँढी र प्रभुत्व तथा दबाब र तनावजन्य अनुभूतिको संरचना साथै गोल्डमानको विश्वदृष्टिलाई मात्र आधार मानेर प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ । यी दुई सैद्धान्तिक पक्षबाहेक अन्य कुनै सिद्धान्तलाई यस शोधमा आधार मानेर अध्ययन गरिएको छैन ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि निश्चित अनुसन्धानविधिको अवलम्बन गरिएको छ । शोधविधि अन्तर्गत सामग्री सङ्कलनविधि, विश्लेषणविधि र सैद्धान्तिक आधार पर्दछन् । प्रस्तुत शोधकार्यका लागि निम्नलिखितअनुसारका विधिहरूको अवलम्बन गरिएको छ :

### १.७.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्यसँग सम्बन्धित रहेका प्राज्ञिक समस्याको समाधानका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । यस कार्यमा रचना पठन समस्यासँग सम्बन्धित रहेका मदन भण्डारीका प्रकाशित नाटक, निबन्ध, कथा, लघुकथा, कविता, गीत तथा अन्य वैचारिक महत्त्वका कृतिहरू साथै रेमन्ड विलियम्स र लुसिएँ गोल्डमानका समाजशास्त्रीय मान्यतासँग सम्बन्धित अनुभूतिको संरचना र विश्वदृष्टिका सैद्धान्तिक कृति तथा अनुसन्धानात्मक लेखहरू प्राथमिक स्रोतका सामग्रीहरू रहेका छन् । त्यस्तै विश्लेषणसँग सम्बन्धित रहेका पूर्व अध्ययनका सामग्रीहरूलाई द्वितीयक स्रोतका रूपमा राखिएका छन् ।

### १.७.२ विश्लेषणविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि अनुभूतिको संरचना र विश्वदृष्टिजस्ता प्रस्थापनाका आधारमा शोधप्रश्नसँग सम्बन्धित भएर सङ्कलित सामग्रीको विश्लेषणात्मक तथा व्याख्यात्मक विधिद्वारा अर्थापन गर्दै निष्कर्ष निकालिएको छ । यो शोधकार्य गर्दा आवश्यकताअनुसार आगमनात्मक तथा निगमनात्मक विधिमा केन्द्रित रहेर शोधकार्य पूरा गरिएको छ ।

### १.७.३ सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधकार्यको प्रमुख सैद्धान्तिक ढाँचाका रूपमा समाजशास्त्रीय अध्ययन परम्परामा स्थापित साहित्यको समाजशास्त्रीय सिद्धान्तअन्तर्गत रेमन्ड विलियम्सद्वारा प्रतिपादित अनुभूतिको संरचना र लुसिएँ गोल्डमानद्वारा प्रतिपादित विश्वदृष्टिलाई प्रमुख आधार मानिएको छ । प्रस्तुत शोधकार्यमा मदन भण्डारीका साहित्यिक रचनाको उपर्युक्त दुई सिद्धान्तलाई आधार मानी अध्ययन गर्ने क्रममा विशेष रूपमा तीनओटा पक्षबाट निष्कर्षमा पुगिएको छ । जसमा अनुभूतिको संरचनासम्बन्धी मान्यताको आधारमा पिँढी र प्रभुत्व तथा दबाब र तनावजन्य अनुभूतिको अध्ययन गरिएको छ भने विश्वदृष्टिको मान्यताबाट समेत अध्ययन गरिएको छ । गुणात्मक अनुसन्धान पद्धतिमा आधारित यस शोधकार्यमा रचना विश्लेषणका क्रममा विश्लेषणात्मक

अध्ययनविधिको उपयोग गरिएको छ । माथि समस्याकथनमा उल्लेख गरिएका शोधसमस्याको समाधान गर्न विश्लेषण ढाँचालाई निम्नलिखितअनुसार अझै स्पष्ट पारेर देखाइएको छ :

(१) प्रस्तुत शोधप्रस्तावको शोधसमस्याअन्तर्गत प्रश्न नं. (१) मा रहेको 'मदन भण्डारीका रचनामा अनुभूतिको संरचना के कसरी अभिव्यक्त भएको छ ?' भन्ने प्रश्नको विश्लेषणका लागि निम्नानुसारको ढाँचा प्रयोग गरिएको छ :

(क) मदन भण्डारीका साहित्यिक रचनामा पिँढी र प्रभुत्व

(ख) मदन भण्डारीका साहित्यिक रचनामा दबाब र तनावजन्य अनुभूतिको संरचना

(२) प्रस्तुत शोधप्रस्तावको शोधसमस्याअन्तर्गत प्रश्न नं. (२) मा रहेको 'मदन भण्डारीका रचनामा विश्वदृष्टि के कसरी अभिव्यक्त भएको छ ?' भन्ने प्रश्नको विश्लेषणका लागि निम्नानुसारको ढाँचा प्रयोग गरिएको छ :

(क) मदन भण्डारीका साहित्यिक रचनामा शासक वा सामन्तवर्गको दृष्टि

(ख) मदन भण्डारीका साहित्यिक रचनामा शासित वा निम्नवर्गीय गरिब, किसान, मजदुरवर्गको विश्वदृष्टि

(ग) मदन भण्डारीका साहित्यिक रचनामा विद्रोही वा परिवर्तनकारीवर्गको विश्वदृष्टि

## १.८ शोधप्रबन्धको रूपरेखा

यस शोधकार्यबाट निर्माण हुने शोधप्रबन्धलाई सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यसलाई निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना

तेस्रो परिच्छेद : मदन भण्डारीका साहित्यिक रचनामा विश्वदृष्टि

चौथो परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना

## २.१ विषयप्रवेश

मदन भण्डारी नेपाली साहित्यको कविता, कथा, लघुकथा, गीत, नाटक तथा निबन्ध विधामा योगदान पुऱ्याएका व्यक्तित्व हुन् । उनका ती रचना समाजसापेक्ष देखिन्छन् । भण्डारीका उपर्युक्त प्रकाशित विधागत रचनामा अनुभूतिको संरचनाको अध्ययन यस परिच्छेदमा गरिएको छ । मदन भण्डारीका साहित्यिक रचनाको विश्लेषणमा रेमन्ड विलियम्सको अनुभूतिको संरचनालाई आधार मानिएको छ । समाजशास्त्रीय दृष्टिबाट हेर्दा मदन भण्डारीका रचनाहरू आजको सन्दर्भभन्दा झन्डै चारदशक अघिका भए पनि ती रचना समाजशास्त्रीय अध्ययनका दृष्टिले महत्त्वपूर्ण छन् । उनका रचनामा तत्कालीन समयको समाजको समानधर्मी गुण आजको समाजमा पनि केही न केही रूपमा रहेको पाइन्छ । साहित्यमा रहेका अनुभूतिको संरचनाको अध्ययनले भण्डारीका रचनामा तत्कालीन समाजका विभिन्न पक्षबारे जानकारी पाउन सकिन्छ । साहित्यले समाजको इतिहासलाई पनि सङ्केत गर्ने हुँदा उनका रचनामा नेपाली समाजको तत्कालीन परिवेश, साहित्य र संस्कृतिबिचको सम्बन्ध, तत्कालीन समाजको आर्थिक अवस्थासँगै समाजका समग्र पक्षको जीवनपद्धतिको अध्ययन गर्न समेत सहयोग गर्दछ ।

साहित्यको समाजशास्त्रीय अध्ययनका क्षेत्रमा रेमन्ड विलियम्स एक महत्त्वपूर्ण व्यक्तित्व हुन् । उनी मीमांसावादी धाराका समाजशास्त्रीय चिन्तक हुन् । अध्ययनको प्रारम्भिक कालमा मार्क्सवादी विचार अँगालेका उनले पछि नवमार्क्सवादी मान्यता अँगालेको पाइन्छ । उनको मान्यतालाई आधार मानी समाजशास्त्रीय अध्ययन गर्दा अनुभूतिको संरचनालाई केन्द्रमा राख्नुपर्ने हुन्छ । अनुभूतिको संरचना विलियम्सको समाजसँग संस्कृतिको सम्बन्धको व्याख्या गर्ने क्रममा आएको एउटा केन्द्रीय अवधारणा हो । यस परिच्छेदमा विलियम्सको अनुभूतिको संरचनाको मान्यतालाई आधार मानी मदन भण्डारीका साहित्यिक रचनाको अध्ययन गरिएको छ ।

## २.२ अनुभूतिको संरचनाको सैद्धान्तिक परिचय

बेलायतको वेल्सको एक सामान्य मजदुर परिवारमा सन् १९२१ मा जन्मेका रेमन्ड विलियम्स समाजशास्त्रीय चिन्तक हुन् । सानैदेखि मजदुर आन्दोलनलाई नजिकबाट देखेर बुझेका उनले मजदुरको जीवनमूल्य र संस्कृतिलाई सानैदेखि बुझ्ने मौका पाएको देखिन्छ । त्यसैले उनले लेखेका रचना र समालोचनाहरूमा वेल्सको मजदुर जनजीवनलाई पटकपटक सम्झिएका छन् ।

त्यहीँबाट उनको अनुभूतिको संरचनासम्बन्धी मान्यता प्रस्तुत भएको देखिन्छ । उनको समाजशास्त्रीय मान्यता अनुभूतिको संरचना हो । उनले संरचना शब्दलाई सामाजिक आवेग, संवेग, संयमता र तिनसँग सम्बन्धित स्वरका विशेषता र तत्त्वहरू साथै तिनका चेतना र सम्बन्धहरूको विशिष्ट संयोजन भनेका छन् (विलियम्स, सन् १९७७, पृ.१३२) । यसरी विलियम्सले अनुभूतिको संरचनाको तात्पर्य व्यक्त गर्दै साहित्य विश्लेषणको परम्परागत मान्यताबाट आफ्नो मान्यतालाई अलग्याउने प्रयत्नका साथ आफ्नो मान्यताको भिन्नतालाई स्पष्ट पारेका छन् । उनले अनुभूतिलाई जोड दिनुको आशय विश्वदृष्टि वा विचारधाराबाट अलग्याउनु हो भन्ने मान्यता पेस गरेका छन् । उनले आफ्नो मान्यतालाई स्पष्ट पार्दै आफ्नो आशय यस्तो मूल्य र अर्थसँग छ कि जुन वास्तविक जिन्दगीको अङ्ग हो र विचारधारासँग यसको सम्बन्ध परिवर्तन भइरहन्छ भनेका छन् । उनले अनुभूतिको संरचनालाई अर्को कुनै नाम दिन सकिने हो भने त्यो अनुभवको संरचना हो भन्ने तर्क गर्दै यसले अनुभूति शब्दले जसरी वर्तमानलाई व्याख्या गर्न नसक्ने विचार व्यक्त गरेका छन् । विलियम्स अनुभूतिको संरचनालाई समाधानतर्फ उन्मुख सामाजिक अनुभव समेत मान्दछन् (विलियम्स, सन् १९७७, पृ.१३२-१३३) । यसरी विलियम्सले अनुभूतिको संरचना शब्दलाई अन्य कुनै शब्दसँग तुलना नहुने विचार व्यक्त गरेका छन् ।

सानै उमेरदेखि मजदुरवर्गको दुःख, सुख र अनुभूतिजन्य व्यवहारलाई नजिकबाट बुझ्न पाएका उनले समाज र संस्कृतिका विषयमा गहिरो अध्ययन गरेको पाइन्छ । जन्मथलो वेल्सको जनजीवन र त्यहाँको सांस्कृतिक चेतनाको गहिरो छापबाट प्राप्त ज्ञानका कारण उनले अङ्ग्रेजीको प्रभुत्वशाली विचारधारासँग सङ्घर्ष गरी संस्कृतिसम्बन्धी आफ्नै मान्यताका लागि स्थान निर्धारण गरेका हुन् (पाण्डेय, सन् २०१६, पृ. १८१) । उनको समाजशास्त्रीय अध्ययनको समग्र चिन्तनमा पाइने अनुभूतिको संरचना केन्द्रीय पक्ष, पदावली वा मान्यता हो । उनका लेखनमा समाजको संस्कृतिको जीवन्त र सिर्जनात्मक सम्बन्धको व्याख्यामा मदत गर्ने केन्द्रीय धारणा नै अनुभूतिको संरचना हो (पाण्डेय, सन् २०१६, पृ. १९८) । उनका यस मान्यताको उपयोग समाजका संस्कृतिका विभिन्न रूपको अध्ययन गर्ने सन्दर्भमा भएको छ । यसै मान्यताका आधारमा समाजका विभिन्न सांस्कृतिक पक्षको अध्ययन विश्लेषण गर्दै साहित्यमा समाजको ऐतिहासिक पक्ष उद्घाटन गर्न सहज भएको छ । यसको सबैभन्दा बढी प्रामाणिक, कुशल र सफल प्रयोग साहित्यका विभिन्न रूप, रचना र रचनाकारको प्रसङ्गमा भेटिन्छ (पाण्डेय, सन् २०१६, पृ. १९८) । उनको यसै मान्यतालाई आधार मानेर साहित्यका विभिन्न रूप वा विधामा समाजका अनुभूति, लेखकका सामाजिक अनुभव र पाठकका अनुभूतिजन्य भावनाको अध्ययन गर्न सकिन्छ ।

अनुभूति समय, स्थान र परिवेशअनुसार फरक पर्दछ । यसले फरक वातावरणमा फरक व्यक्तिलाई फरक किसिमको अनुभूतिजन्य अवस्थामा पुऱ्याउन सक्दछ । मानिसको सामाजिक

चरित्र नैतिकता वा आदर्श हो भने अनुभूतिको संरचना त्यसैबाट जन्मिने त्यस्तो अनुभव/अनुभूति हो जसले उच्चारण नगरी, प्रत्यक्ष नभई कुनै स्पष्ट/मूर्त किसिमको दबाब जन्माउन सक्छ (पाण्डेय, २०७३, पृ. २८) । रेमन्ड विलियम्स अनुभूतिको संरचनाको विकास र परिवर्तनको निरन्तर प्रक्रिया मान्दैनन् भने यो अनायास तर कयौँ पटक भइरहने अचेतन अवस्थाको गतिशील प्रक्रिया मान्दछन् । त्यसैले उनी यो सिक्न सकिने कुरा नभई एक पिँढीबाट दोस्रो पिँढीले सहज रूपमा लिने वस्तु मान्दछन् (पाण्डेय, सन् २०१६, पृ. १९९-२००) । यसरी विलियम्सले अनुभूतिको संरचना एक पिँढीको अवस्थाबाट अर्को पिँढीले ग्रहण गर्ने मानसिक अवस्था मानेको देखिन्छ ।

विलियम्सले मार्क्सवादी आलोचनामा रचनाको आत्मपरक र वैयक्तिक पक्षका उपेक्षात्मक प्रवृत्तिको आलोचना गरेका छन् । जब विश्वदृष्टि, विचारधारा अथवा वर्गदृष्टिको कुरा गरिन्छ तब रचनामा सचेत विचारधारा र नयाँ अनुभवका बिच तनाव हुन्छ भन्ने विचार उनले प्रस्तुत गरेका छन् (पाण्डेय, २०७३, पृ. २८) । अनुभूतिको संरचनाको मदतबाट यस्तो तनावको व्याख्या गर्न सकिने विचार व्यक्त गरेका छन् । अनुभूतिको संरचनाको व्याख्या गर्ने क्रममा विलियम्सले विचारभन्दा अनुभूतिलाई, वर्गभन्दा समुदायलाई र सामाजिक संरचनाभन्दा पिँढीलाई महत्त्व दिएका छन् र यसको आलोचना पनि भएको छ  (पाण्डेय, २०७३, पृ. २८) । अनुभूतिको संरचनाले रचनामा वैयक्तिक र लेखकको आत्मपरक अनुभूतितर्फ सङ्केत गर्दै कृतिमा लेखकको वैयक्तिकता, आत्मपरकता र अनुभूतिको तह खोजिन्छ भन्ने कुरालाई अस्वीकार गर्दै वर्गभन्दा समुदाय र सामाजिक संरचनाभन्दा पिँढीलाई स्वीकार गरेको छ । उनले व्यक्तिलाई भन्दा समुदायलाई बढी जोड दिएका छन् भने समुदायभित्रको अन्तर्सम्बन्धको विश्लेषण गर्न समेत खोजेका छन् । समाजमा रहेका तीन पिँढीकै कारण मानिसमा फरक अनुभूतिको संरचना निर्माण हुने देखिन्छ । प्रभुत्वशाली पिँढी, अवशिष्ट पिँढी र उदीयमान पिँढीको आआफ्नो अनुभूतिगत विशेषता हुने विचार विलियम्सको छ (पाण्डेय, २०१६ : पृ. १९४) । त्यस्तै अनुभूतिको संरचनालाई विलियम्स सामाजिक व्यवस्थाको वास्तविक रूप पहिचान गर्ने विशिष्ट अवधारणा मान्दछन् । उनी आफ्नो यो अवधारणा व्यक्तिगत र सार्वजनिकलाई छुट्याएर हेर्ने अवधारणा नभई दुवैलाई जोडेर हेर्ने हो भन्दछन् । उनको विचारमा यसलाई छुट्याउँदा वास्तविक समाज हेर्न सकिन्न । त्यसैले यो सामाजिक अनुभव र व्यक्तिगत अनुभव दुवैलाई हेर्ने अवधारणा हो । उनी अनुभूति भनेको लेखिएको पाठलाई मात्र हेर्ने होइन लेख्य सामग्रीभन्दा बाहिरको संसारसँग पनि त्यसको सम्बन्ध हुन्छ र त्यसलाई पनि हेर्नुपर्छ भन्ने धारणा हो भन्ने मान्यता राख्दछन् । उनी साहित्य लेखनका क्रममा लेखक आफू कोठामा बसेर एक्लैले लेखेको जस्तो लाग्ने तर त्यहाँ आफूले सिङ्गो समाजलाई लिएर आएको हुने विचार व्यक्त गर्दछन् । त्यसैले त्यो लेखक आफ्नो मात्र अनुभव नभई आफूले प्रयोग गरिरहेको भाषामा लेखकको वैयक्तिकता नहुने मान्यता प्रस्तुत गर्दछन् । यस आधारमा त्यो अनुभूति

सामूहिक हुन्छ । त्यसैले म मात्र होइन सबै लेखक अरुको ठुलो संसारमा हुन्छन् (इल्रिज र लिजी, सन् २००५ पृ. १११) । यसरी विलियम्सले अनुभूतिको संरचना कुनै एक व्यक्तिसँग जोडिएर आउने हरेकको अनुभूतिको सामूहिक स्वरूपलाई मान्न पुगेका छन् ।

विलियम्सको सम्पूर्ण लेखनमा सुरुदेखि अन्त्यसम्म वर्गको सट्टा समुदायलाई प्रमुख महत्त्व दिइएको छ । उनी वर्गलाई वैचारिक धारणा मान्दछन् भने समुदायलाई सहज स्वाभाविक रूपबाट निर्मित मानव समुदाय मान्दछन् । त्यसैले साहित्य विवेचनामा मात्र नभई राजनीतिक लेखनमा पनि उनी समुदायलाई जीवित सङ्घर्षशील सक्रिय इकाइका रूपमा देख्दै उसको पनि अनुभूतिको संरचना हुन्छ भन्ने मान्यता राख्दछन् (पाण्डेय, सन् २०१६, पृ. २००) । विलियम्सले वर्ग नभई समुदायलाई जोड दिनु स्वच्छन्दतावाद हो भन्ने धारणा राख्दै उनको यस मान्यताको आलोचना फ्रान्सिस मुल्हर्नले गरेका छन् । उनले साहित्य विश्लेषणमा मात्र होइन राजनीतिक चिन्तनमा समेत वर्गको सट्टा समुदाय हुन्छ भन्ने धारणा भ्रमपूर्ण छ भन्ने बताएका छन् (मुल्हर्न, सन् १९८४, पृ. २६) । उनी साहित्यको विश्लेषणमा समाजबाट व्यक्तिलाई अलग्याएर रचनाको व्याख्या गर्दा वैयक्तिक अनुभूतिलाई उपेक्षा गर्न नहुने मान्यता प्रस्तुत गर्दछन् । उनी अनुभूतिको संरचनाको सहारा लिएर रचनामा व्यक्त वैयक्तिक, जीवन्त र आत्मपरक पक्षको अनुभूतिको संरचना अध्ययन हुन सक्ने मान्यता राख्दछन् (पाण्डेय, सन् २०१६, पृ. २०१) । विलियम्स कुनै पनि रचनामा व्यक्तिगत अनुभव वा अनुभूति नै धेरै प्रकट भएको हुन्छ भन्ने मान्यता राख्दछन् । उनको विचारमा कुनै कुनै रचनामा सचेत विचारधारा र अनुभवका बिच तनाव पनि भेटिन्छ । अनुभूतिको संरचनाको सहारामा त्यस्ता तनावको व्याख्या गर्न सकिन्छ । अनुभूतिको संरचना वैयक्तिकताका साथसाथै सामाजिकतामा पनि रहेको हुन्छ किनभने उसमा सामाजिक स्तरमा उदीयमान स्थितिको अनुभव हुन्छ जुन विचारधाराको स्पष्ट अङ्ग बनिसकेको हुँदैन (पाण्डेय, सन् २०१६, पृ. २०१) । केही आलोचकले विलियम्सको अनुभूतिको संरचनालाई विचारधाराको समानार्थी समेत मानेका छन् र उनको मान्यताको विरोध गरेका छन् । उनले भने आलोचकका यस्ता आलोचनालाई स्विकारेका छैनन् ।

रेमन्ड विलियम्सले परम्परा निरन्तर सक्रिय चयन र पुनर्चयनका रूपमा आउने कुरा गरेका छन् । उनको विचारमा परम्पराको बोधमा प्रायः चयन, सग्रह र त्यागको दृष्टि सक्रिय हुन्छ । जुन मूलतः सामाजिक दृष्टिसँग जोडिएको हुन्छ (पाण्डेय, २०१६, पृ. १९४) । उनले ग्राम्सीको प्रभुत्व सम्बन्धी अवधारणालाई आधार मान्दै संस्कृति र साहित्यमा परम्पराका विभिन्न भूमिकाको विवेचना समेत गरेका छन् । जसमा उनले समाजमा विद्यमान तीन पिँढीलाई सङ्केत गरेका छन् । उनी समाजमा एउटा काल विशेषमा व्यवहारहरू, मूल्यहरू र अभिप्रायहरूको एउटा केन्द्रीय पद्धति हुन्छ जसलाई प्रभुत्वशाली भन्न सकिने कुरा गर्दछन् । यसैबाट प्रभुत्वशाली

परम्पराको व्याख्या पनि जोडिएको छ । उनको मान्यताका अनुसार यससँगै एउटा वैकल्पिक व्यवस्था पनि हुन्छ । जसले अर्को परम्पराका लागि स्थान बनाउँछ । उनले प्रभुत्वशाली र वैकल्पिक परम्पराहरूका साथै परम्पराका पुरै प्रक्रियामा अवशिष्ट र उदीयमान परम्पराहरूको पनि चर्चा गरेका छन् । उनले अवशिष्टको तात्पर्य स्पष्ट पार्ने क्रममा केही अनुभव, अर्थ र मूल्य यस्तो पनि हुन्छ जसको प्रमाणीकरण सम्भव हुँदैन न प्रधान संस्कृतिको भाषामा यसको अभिव्यक्ति सम्भव छ । यो त पूर्ववर्ती सामाजिक सङ्गठनको अवशेषको रूपमा सामाजिक र सांस्कृतिक स्तरमा क्रियाशील हुन्छ । यस कुराको यथार्थ प्रधान संस्कृतिमा निहित धार्मिक मूल्य र अभिप्रायको विरोधको विरोधमा रहेको धार्मिक मूल्यबाट सावित हुन्छ (विलियम्स, सन् १९७४, पृ. ११/उद्धृत पाण्डेय, सन् २०१६, पृ. १९४) । विलियम्सले उदीयमान पिँढीलाई समाजमा नयाँ अर्थ र मूल्य, नयाँ व्यवहार, नयाँ अनुभव र नयाँ सार्थकताको निरन्तर निर्माणमा लागिरहने पिँढी भनेका छन् । यस पिँढीलाई आफूमा समाहित गर्ने प्रयत्नमा प्रभुत्वशाली पिँढी लागिरहेकै हुन्छ भने विरोधको वैकल्पिक पिँढी अर्थात् अवशिष्ट पिँढीले पनि आफूतर्फ तानिरहेको हुन्छ (पाण्डेय, सन् २०१६, पृ. १९४) भन्ने मान्यता राखेका छन् । यसले समाजमा निरन्तर द्वन्द्व निम्त्याउने र यस्तै द्वन्द्वका कारण दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण हुने देखिन्छ ।

विलियम्सको अनुभूतिको संरचना र ग्राम्सीको प्रभुत्वसम्बन्धी विचारका बिचमा भने निकट सम्बन्ध भेट्न सकिन्छ । ग्राम्सीले प्रभुत्वलाई चिनाउने क्रममा प्रभुत्व प्रत्यक्ष राजनीतिक नियन्त्रण मात्र नभई मानव स्वभाव र सम्बन्धलाई सूक्ष्म रूपले प्रभाव पार्ने र आकार दिने पद्धति भएको धारणा व्यक्त गरेका छन् । प्रभुत्व अनुभवहरूको बोध गरिएको जटिल संरचना हो । वर्ग/पिँढी र समुदायहरू बिचका सम्बन्ध र गतिविधिहरूमा परिवर्तन भइरहने दबाब र सीमाभित्र यसले सोझै शासक वर्ग वा पिँढीको स्वार्थलाई व्यक्त गर्दैन तर शासितहरूले प्रभुत्वशाली (शासक) वर्ग वा समुदायका संस्कृति, अनुभूति वा चेतनालाई सामान्य चेतना र सामान्य यथार्थका रूपमा अथवा आफ्नै वस्तुका रूपमा ग्रहण गरिरहेका हुन्छन् । यसरी प्रभुत्वले समाजमा विभिन्न तहमा प्रवेश गरिहेको छ (ग्राम्सी, सन् १९७१, पृ. १३) भन्ने मान्यता राखेका छन् । प्रभुत्वशाली पिँढीको यस्तै प्रभुत्वका कारण समाजमा रहेका पिँढीहरूका बिच दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण हुने देखिन्छ ।

प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीलाई नजानिँदो तरिकाबाट आफ्नो प्रभावमा पार्न खोजिरहेको हुन्छ । त्यस्तै उदीयमान पिँढीले पनि अधीनस्थ पिँढीलाई आफ्नो प्रभावमा समाहित गर्ने प्रयत्न गरिरहन्छ । प्रभुत्वशाली पिँढीको प्रभावमा रहने र उसैको प्रभुत्वलाई स्वीकार गर्ने अधीनस्थ पिँढीले प्रभुत्वशाली विचारधारालाई आफ्नो अवचेतन मनले आफ्नै विचारधारा मान्दछ । प्रभुत्वशाली विचारलाई स्वीकार गर्दै त्यो विचार आफ्नो भाग्यले वा पूर्वजन्मको प्रभावले प्राप्त

गरेको हो भन्ने मान्यता अधीनस्थ पिँढीले राख्दछ । जसले गर्दा ऊ प्रभुत्वशाली पिँढीको अधीनमा आफूलाई राख्न रुचाउँछ । उदीयमान पिँढी भने परम्परागत मान्यता, विचार र दर्शनलाई छोडी नयाँ मान्यता, विचार र दर्शनलाई अँगाल्न अग्रसर हुन्छ । उदीयमान पिँढीकै कारण पुरानो संस्कृतिका विरुद्ध नयाँ संस्कृतिको जन्म हुन्छ र परम्परागत मान्यता भत्किन गई नयाँ मान्यताको स्थापना हुन पुग्छ । प्रभुत्व अधीनस्थतासँग सम्बन्धित भएकाले यसले अनुभूतिको संरचनालाई प्रभाव पार्न सक्छ । विलियम्सले यी एउटै नभए पनि अनुभूतिको संरचनालाई पिँढीको सापेक्षतामा हेर्न सकिने कुरा गरेका छन् । त्यस क्रममा प्रभुत्वशाली, अधीनस्थ वा उदीयमान पिँढीका आआफ्नै अनुभूतिको संरचना हुने कुरा व्यक्त गरेका छन् ।

## २.३ मदन भण्डारीका साहित्यिक रचनामा पिँढी र प्रभुत्व

मदन भण्डारीका साहित्यिक रचनाहरू नेपाल राजनीतिक रूपमा तत्कालीन समयको शासनव्यवस्थाविरुद्ध आवाज उठाउने क्रममा लेखिएका छन् । तत्कालीन शासनव्यवस्थाले जनताको जीवनशैली र आर्थिक अवस्थामा सुधार हुन नसकेपछि र स्वतन्त्रता खोसिएपछि राजनीतिक दलसम्बद्ध सदस्य र जनताबाट उक्त व्यवस्थाको विरोध हुन थालेको देखिन्छ । यसै पृष्ठभूमिमा मदन भण्डारीले आफ्ना रचनामा शासकको प्रत्यक्ष शासनलाई प्रभुत्वशाली पिँढीका रूपमा उभ्याउँदै उसको प्रभुत्वको चक्रमा नेपाली जनताहरू परिरहेको कुरामा जोड दिएका छन् । तत्कालीन समयमा नेपाली समाजमा प्रभुत्वशाली सामन्ती पिँढीको रूपमा राज्यव्यवस्था वा परम्परावादी राजनीतिक दलको प्रभुत्व रहेको देखिन्छ । यही प्रभुत्वशाली पिँढीको विरोध गर्ने क्रममा भण्डारीका रचनामा पनि परम्परागत मान्यताको विरोध र नयाँ मान्यताको स्थापनाका लागि सङ्घर्षको आवाज भेटिन्छ । तत्कालीन शासन व्यवस्थाले संसदीय व्यवस्थालाई प्रतिबन्ध लगाएर आफ्नै प्रकारको राजनीतिक व्यवस्था सुरु गरेको हुँदा विरोधमा उत्रिएका राजनीतिक दललाई आफ्नो पक्षमा पार्न नसकेपछि राजनीतिक दलसम्बद्ध पक्षबाट तत्कालीन शासन व्यवस्थाको विरोध हुन थालेको देखिन्छ (बराल, सन् १९८०, पृ. १९७) । यसको आधारमा परम्परागत प्रभुत्वशाली पिँढीका रूपमा शासक, अधीनस्थ पिँढीका रूपमा प्रजातन्त्रको वकालत गर्ने र राज्यव्यवस्थाका पक्षधर राजनीतिक तथा गैरराजनीतिक शक्तिहरू अनि उदीयमान पिँढीका रूपमा क्रान्तिकारी विचार बोक्ने राजनीतिक शक्तिलाई भण्डारीका रचनामा पहिचान गर्न सकिन्छ । यिनै मान्यतालाई आधार मान्दै यहाँ उनका विभिन्न साहित्यिक रचनामा पिँढी र प्रभुत्वको अध्ययन गरिएको छ ।

### २.३.१ मदन भण्डारीका कवितामा पिँढी र प्रभुत्व

मदन भण्डारीका झन्डै तीनदर्जन रचनाहरूमध्ये कविता विधाका रचनाहरू उल्लेख्य रहेका छन् । भण्डारीले ‘छात्रप्रभाप्रति’, ‘मित्र पो चिन्नुपर्छ’, ‘लौ उत्र सङ्घर्षमा’, ‘मेरी बाटुलीका बुबा’, ‘घाम छेल्दैन कुइरोले’, ‘यो देशको परम्परा बदल्न एकजुट होऊ’, तथा ‘जिन्दगीको युद्ध मैदानमा’ शीर्षकका कविता लेखेका छन् । उनका यी कवितामध्ये ‘जिन्दगीको युद्ध मैदानमा’ कवितामा पिँढी र प्रभुत्वको अनुभूति नरहेकाले यो कविताबाहेक अन्य कविताको अध्ययन यहाँ गरिएको छ ।

भण्डारीका कविताहरू समाजसापेक्ष छन् । ती समाजसापेक्ष कवितामा पिँढीगत प्रभुत्वका कारण अनुभूतिको संरचनाको निर्माण भएको छ । उनका कवितामा परम्परागत प्रभुत्वशाली पिँढीको विरोध गर्दै नवउदीयमान पिँढीले चाहेको नयाँ संस्कृतिको खोज रहेको छ । तत्कालीन समयमा शासकले चालेको निरङकुश पाइलाविरुद्ध राजनीतिक दलहरू सङ्गठित भएर दरबारविरुद्ध सङ्घर्ष गर्नुपर्नेमा एकआपसमा झगडा र स्वार्थले राजाको सक्रियता बढेको देखिन्छ (अधिकारी, २०७३, पृ. २७२) भन्ने भनाइले पनि उनका कवितामा अधीनस्थ पिँढीका रूपमा रहेका यथास्थितिवादी राजनीतिक तथा गैरराजनीतिक संस्थाप्रति रोषसमेत प्रकट भएको पाइन्छ । जसले अनुभूतिको संरचना निर्माण भएको छ । प्रभुत्वशाली पिँढीको विचारधारालाई मान्ने वा स्वीकार गर्ने त्यस्ता यथास्थितिवादी राजनीतिक तथा गैरराजनीतिक शक्तिको विरोध गर्दै उदीयमान पिँढीले पुरानो संस्कृतिको सट्टा नयाँ संस्कृतिको स्थापना भएको हेर्न चाहेको देखिन्छ । दिइएको कवितांशले यसलाई पुष्टि गर्न सहयोग पुऱ्याउँछ :

गर्जन्छन् जो महलहरूमा क्रान्तिनेता सिकारी

बज्रन्छन् ती गरिबतिर नै भिन्न सङ्घर्ष पारी ।

तिन्कै लागे अघिपछि उता, बज्रिने बज्रमुक्का

बज्रेला त्यो अबुझ नभए मित्र पो चिन्नुपर्छ ॥ (‘मित्र पो चिन्नुपर्छ’, पृ. ९९)

उपर्युक्त कवितांशमा प्रभुत्वशाली पिँढीका रूपमा महलहरू तथा महलमा बस्ने शासकहरूलाई सङ्केत गरिएको छ । अधीनस्थ पिँढीका रूपमा बाहिर क्रान्तिको कुरा गर्ने, जनहितको कुरा गर्ने र गर्जिने तर महलमा लुकेर छिर्ने सिकारीरूपी नेताहरूलाई देखाइएको छ । जुन नेताहरू महलकै आडमा गरिबहरूकै शोषण गर्न र उनीहरूमाथि दुःखको प्रहार गर्न उद्यत रहन्छन् । उनीहरूको सङ्घर्ष भिन्न खालको छ जुन आफ्नो तथा आफ्नो वर्गको हितमा उपयोग गर्दछन् । यदि उदीयमान पिँढी ती अधीनस्थ पिँढीको आडमा वा भरोसामा हिँड्ने हो भने आफ्नै

शिरमा शोषक सामन्तीको बज्रमुक्का पर्न गई जीवन नै नचल्ने अवस्थामा पुग्न सक्ने हुन्छ । त्यसैले कवितांशमा उदीयमान पिँढीले अनुभूतिको संरचनामार्फत् प्रभुत्वशाली पिँढीको दबाब सहन गर्ने नभई सङ्घर्ष गर्दै नयाँ संस्कृतिको निर्माण गर्न अग्रसर हुनुपर्ने विचारधारा बोकेको छ । प्रभुत्वशाली पिँढी वा वर्गकै वरिपरि घुमेर आफ्नो विचार र सोचलाई उसैको अधीनमा राख्दै उदीयमान पिँढीको विद्रोह स्वीकार गर्न नसक्ने त्यस्ता वर्गबाट सचेत हुनुपर्ने विचार कवितामा अभिव्यक्त भएको छ । राजाबाट फाइदा लिन सकिन्छ कि भनेर उनकै वरिपरि रहन चाहने वर्गले जनताको हित गर्न सक्दैन (अधिकारी, २०७३, पृ. २७४) भन्ने कुराबाट पनि त्यस्तो वर्गबाट जनता सचेत हुनुपर्छ भन्ने मान्यता मदन भण्डारीले लिएको पाइन्छ । जसले गर्दा उनका साहित्यिक रचनामा प्रभुत्वशाली पिँढीको विरोध गर्दै उदीयमान पिँढीको वैचारिक संस्कृति स्थापनाको सपना बोकेको पाइन्छ । यस्तै अर्को श्लोकमा प्रभुत्वशाली पिँढीको प्रभावमा रहेका अधीनस्थ पिँढीको बोली मिठो र मधुरो भए पनि त्यसको विश्वास गर्न नहुने विचार अभिव्यक्त भएको छ :

च्याट्टै पारी वचन मधुरा बोल्न जान्ने सिपालु
हर्दिन् काट्टो कृषकहरूको खान जाने दयालु ।
छोरा सामन्तहरू चतुरा काखिमा च्याप्नुपर्छ
भन्छन् जो तीसँग अपिल यो मित्र पो चिन्नुपर्छ ॥ ('मित्र पो चिन्नुपर्छ', पृ. ९९)

प्रभुत्वशाली पिँढीका मतियारहरू जसले निम्न वर्गमाथि मिठो बोलेर भए पनि प्रभाव पार्न चाहन्छन् । उनीहरूको व्यवहार कमजोरलाई आफ्नो काखीमा च्यापेर निमोठ्ने खालको हुन्छ । उनीहरू कृषककै उब्जनी खान्छन् तर कृषकलाई नै शोषण गर्छन् । यस्ता शोषक, सामन्ती प्रभुत्वशाली पिँढीलाई विश्वास नगरी आफ्नै वर्गको उन्नति चाहने मित्र चिन्नुपर्ने विचार यस कवितांशमा व्यक्त भएको छ । विलियम्सका अनुसार हेर्ने हो भने उक्त विचार उदीयमान पिँढीको हो । उदीयमान पिँढी प्रभुत्वशाली पिँढीप्रति विश्वास गर्दैन । प्रभुत्वशाली पिँढीकै विचारलाई आफ्नो विचार स्वीकार गर्ने अधीनस्थ पिँढीलाई पनि स्विकार्दैन । ऊ यस्ता परम्परागत विचार र धारणाबाट निर्मित संस्कृतिलाई मान्दैन । ऊ नयाँ संस्कृतिको निर्माणमा लाग्दछ । यस कवितांशमा प्रभुत्वशाली पिँढी र त्यसैको विचारधारालाई स्वीकार गर्ने अधीनस्थ पिँढीप्रति उदीयमान पिँढीले सचेत भएर विरोध जनाएको छ । विलियम्सले उदीयमान पिँढीलाई समाजमा नयाँ अर्थ र मूल्य, नयाँ व्यवहार, नयाँ अनुभव र नयाँ सार्थकताको निरन्तर निर्माणमा लागिरहने पिँढी भनेका छन् । यस पिँढीलाई आफूमा समाहित गर्ने प्रयत्नमा प्रभुत्वशाली पिँढी लागिरहेकै हुन्छ भने विरोधको वैकल्पिक पिँढी अर्थात् अवशिष्ट पिँढीले पनि आफूतर्फ तानिरहेको हुन्छ (पाण्डेय, सन् २०१६, पृ. १९४) भन्ने मान्यता राखेका छन् । यस कवितामा पनि तत्कालीन प्रभुत्वशाली पिँढीले

अधीनस्थ र उदीयमान पिँढीलाई आफ्नो पक्षमा पार्न प्रयास गरिरहेको बुझ्न सकिन्छ । उदयिमान पिँढी भने वैकल्पिक संस्कृति निर्माण गर्न सङ्घर्षरत देखिन्छ । यसरी त्यस्ता पिँढीको विरोध गर्दै आफ्नै वर्गलाई पहिचान गरी नयाँ संस्कृति निर्माण गर्नुपर्ने भाव यस श्लोकमा व्यक्त भएको छ । यस्तै भण्डारीले कविताबाट तत्कालीन प्रभुत्वशाली पिँढीप्रति उदीयमान वैकल्पिक पिँढीले विरोध जनाउँदै नयाँ संस्कृतिको चाहना राखेको देखिन्छ :

जाऊ 'छात्रप्रभा' लिएर बम यो टङ्कारिई पड्किद्यौ
निर्धा झोपडिका किसान जनका उत्साहका साथ हौ ।
यो पञ्चायति राजको कपटको घुम्टो उदाङ्ग्याइद्यौ
नेपाली दिलभित्रको मुलुकमा यै चेतना ल्याइद्यौ ॥ ('छात्रप्रभाप्रति', पृ. ९८)

कविले यस कवितांशमा 'छात्रप्रभा' पत्रिकालाई उदीयमान विचारको संवाहक मानेका छन् । छात्रप्रभाले अब पुरानो संस्कृतिको विरोध गर्दै नयाँ संस्कृतिको सुरुवाती चेतना छर्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । साथै अधीनस्थ पिँढीको साथ लागेर प्रभुत्वशाली पिँढीका विरुद्ध वैचारिक बम पड्काउनुपर्ने विचार कवितांशमा व्यक्त भएको छ । यसरी पड्काउने बमले पञ्चायती शासनको आँखा छोपिरहेको निर्दलीय संस्कृतिको आँखा खोल्नुपर्छ र बहुदलीय प्रजातन्त्रको संस्कृतिको निर्माण हुनुपर्छ भन्ने उदीयमान पिँढीको विचार प्रस्तुत भएको छ । प्रभुत्वशाली पिँढीको प्रभुत्वमा बसिरहेका अधीनस्थ पिँढी अर्थात् निर्धा किसानलाई चेतनशील हुन र प्रभुत्वबाट मुक्त भई नयाँ संस्कृतिको निर्माण गर्न समेत आग्रह गरिएको छ ।

भण्डारीका रचनाहरूमा प्रभुत्वशाली पिँढीले राजनीतिक शक्तिको आडमा अधीनस्थ पिँढीलाई गरेका ज्यादतीका कारण अधीनस्थ पिँढीमा तनावजन्य अनुभूति भएको देखिन्छ । यसरी तनावजन्य अवस्थामा पुगेका अधीनस्थ पिँढीको पक्षमा लेखकीय दृष्टि परेको छ । लेखकीय दृष्टि उदीयमान पिँढीको प्रतिनिधित्व गर्ने दृष्टि हो । यस प्रसङ्गमा प्रभुत्वशाली पिँढीको संस्कृतिलाई चुनौती दिँदै उदीयमान संस्कृति स्थापनाका लागि उनले आह्वान गरी निम्नलिखित कविता लेखेका छन् :

ए राजा ! ल तँलाइ बल्ल मजले जानैँ दलाहा र'छस्
छाती फोरि गरीबका रगतले बाँच्ने चुसाहा रछस् ।
पैसे मित्र लँगौटियार तँसँगै तेरा भरौटे सब
के बाँच्लान् र ! किसान हौँ, बल भए लौ उत्र सङ्घर्षमा ॥
('लौ उत्र सङ्घर्षमा', पृ. १०१)

उल्लिखित कवितांशमा प्रभुत्वशाली पिँढीका रूपमा राजाले गरिब जनतालाई दलाहाको व्यवहार गरेर तनावजन्य अनुभूति हुन गएको देखिन्छ । राजाले जनतामाथि गरेको अत्याचार र शोषणले अधीनस्थ पिँढीमाथि प्रभुत्वशाली पिँढीले गर्ने व्यवहारको संस्कृतिलाई देखाएको छ । त्यही संस्कृतिको दबाब र तनावजन्य संस्कृतिका कारण लेखकमा विद्रोह जन्मेको छ । जसले उदीयमान पिँढीको नयाँ संस्कृति निर्माण हुने मार्ग प्रशस्त भएको छ । यसरी उदीयमान पिँढीले प्रभुत्वशाली पिँढीको संस्कृतिलाई चुनौती दिँदै नयाँ संस्कृति निर्माणको यात्रा तय गरेको छ । उदीयमान पिँढीले प्रभुत्वशाली पिँढीको प्रभुत्व स्वीकार गर्ने अधीनस्थ पिँढीलाई पैसामा बिक्ने र भरौटेको संज्ञा दिँदै त्यस्ताका विरुद्ध आवाज उठाउनुपर्ने विचार यस कवितांशमा अभिव्यक्त भएको छ । तत्कालीन समयमा राजालाई साथ दिने यस्तो पिँढी जनताका लागि खतरनाक थिए । यसले जनतामा सहज जीवन बाँच्न अप्ठ्यारो पारेको देखिन्छ । २०१८ सालमा तत्कालीन राजाले बुद्धिजीवीहरूको सम्मेलन गरेर उनीहरूकै सहमतिद्वारा त्यस समयमा सुरु गरिएको शासन व्यवस्थालाई पारित गराई एक किसिमको राजनीतिबाट निरङ्कुशता स्थापित गराएका थिए, जसले राजनीतिक दल प्रतिबन्धमा परेको थियो (अधिकारी, २०७३, पृ. २७२) भन्ने भनाइले पनि त्यस समयको पिँढीगत अवस्था र प्रभुत्वलाई देखाउँछ । यस्तो प्रभुत्वशाली पिँढीले जनतालाई बाँच्न गाह्रो बनाएको विचार भण्डारीका कवितामा व्यक्त छ । त्यसैले त्यस्ता प्रभुत्वशाली पिँढीका विरुद्ध यदि किसानहरू एकताबद्ध भएर सङ्घर्षमा उत्रिने हो भने यिनीहरू मैदानबाट भाग्नुपर्ने उदीयमान विचार यहाँ प्रस्तुत भएको छ । प्रभुत्वशाली पिँढीका रूपमा समाजमा हैकम चलाएर बसेका शासकका विरुद्ध सोझा कृषकले उदीयमान विचार बोकेर सङ्घर्ष गर्ने हो भने किसानसँग कसैले जित्न नसक्ने विचार यहाँ व्यक्त भएको छ । यस कवितामा कविले किसानका रगत पसिनाको कमाइ लैजाने, किसानमाथि शोषण गर्ने र आफू सुख सयलमा बस्ने सामन्त नै शासक हुन् भनेर चिनाएका छन् :

तिम्रो आर्जन जो किसानहरू हो ! लाने यि सामन्त हुन्

मासु जो कलिला गरीब शिशुका खाने यि खुङ्खार हुन् ।

आफु एक बनी किसान दुनिया सामन्त एकातिर

पारी छक्छक टुक्टुक्याउनुपर्‍यो लौ उत्र सङ्घर्षमा ॥ ('लौ उत्र सङ्घर्षमा', पृ.१०१)

प्रभुत्वशाली पिँढीलाई गरिबका कलिला शिशुका रगत र मासु खाने खुङ्खार नरभक्षीसँग तुलना गरेका छन् । कविले यस पिँढीले गरिब, किसानमाथि शोषणको चरम सीमापार गरेकाले यिनीहरूका विरुद्ध उत्रिन किसानलाई आह्वान गरेका छन् । उनले अब यस्ता शोषक सामन्तीवर्गका विरुद्ध एक भएर सङ्घर्ष गर्नुपर्ने अवस्था आएको बताउँदै अधीनस्थ पिँढी पनि सुधिन पर्ने भाव व्यक्त गरेका छन् । उदीयमान पिँढीले अब सङ्घर्षको अन्तिम पाइला चाल्नुपर्ने

बताउँदै यस्ता सामन्त र शोषक प्रभुत्वशाली पिँढीलाई क्रान्तिको अन्तिम प्रहारद्वारा अन्त्य गरिनुपर्ने भाव कविताले व्यक्त गरेको छ । गरिब किसानमाथि शोषण र थिचोमिचोले अनुभूतिजन्य संरचनाको निर्माण हुन गई अब त्यस्ता अनुभूतिबाट मुक्ति पाउनका लागि सङ्घर्ष गर्न उदीयमान पिँढी एकजुट हुनुपर्ने विचार यस कवितांशमा व्यक्त भएको छ ।

कविले यसै कवितामा अधीनस्थ पिँढीलाई भरौटे जुनी बाँच्नेहरूको संज्ञा दिएका छन् । यो देश त्यस्ता पिँढीको कुनै नातेदारको विर्ता नभएकाले तिनीहरूले जनताको शोषण गर्न नपाउने विचार व्यक्त गरेका छन् । यदि त्यस्ता लुकीलुकी बाँच्ने र सोझा जनतामाथि शोषणको भार थोपर्नेहरूसँग सङ्घर्ष गर्ने क्षमता भए जनताका बिच आउन चुनौती समेत दिइएको छ :

राजाका गुणगानमा लुकीलुकी बाँच्ने भरौटे जुनी
यो तिम्रो ससुराल हैन न त हो बिर्ता न हो मावली ।
हुल्लीहुल्लि यहाँ अझै कति चलोस् त्यो हुल्लिको खिल्लिमा
छिल्लीबिल्लि बनाउँछौं दम भए लौ उत्र सङ्घर्षमा ॥ ('लौ उत्र सङ्घर्षमा', पृ.१०२)

कविले प्रभुत्वशाली पिँढीको रूपमा रहेको राजाको अधीनमा बस्न रुचाउने अधीनस्थ पिँढीलाई जनतासँग सङ्घर्ष गर्न सक्ने भए उत्रन चेतावनी दिएका छन् । रेमन्ड विलियम्सका अनुसार प्रभुत्वशाली पिँढीसँग सङ्घर्ष गरेर प्रभुत्वशाली संस्कृतिको सट्टा नयाँ संस्कृतिको निर्माण गर्ने पिँढी भनेकै उदीयमान पिँढी हो । यस कवितामा प्रभुत्वशाली पिँढीसँग द्वन्द्व गर्दै नयाँ संस्कृतिका लागि अधीनस्थ पिँढीलाई समेत ललकार्ने काम उदीयमान पिँढीले गरेको छ । यस कवितामा प्रभुत्वशाली पिँढीले निर्माण गरेको शोषणयुक्त संस्कृतिका कारण जनतामा दबाबजन्य अनुभूतिको संरचना भएपछि विद्रोहको परिस्थिति निर्माण भएको देखिन्छ । जसले गर्दा उदीयमान संस्कृतिको निर्माणको अवस्थातर्फ समाज अघि बढेको कुरा यस कवितामा देख्न सकिन्छ ।

कवि भण्डारीले 'मेरी बाटुलीको बुबा' कवितामा आर्थिक अभावका कारण जीवन धान्नकै लागि विदेशिएका नेपालीलाई सम्बोधन गरेका छन् । कविले विदेश जान बाध्य आफ्ना श्रीमान्लाई सम्झेर श्रीमतीले आफ्नो समाजमा प्रभुत्वशाली पिँढीबाट अधीनस्थ पिँढीले सहन परेको थिचोमिचो र भोग्न परेको शोषणका पीडालाई कवितामा अभिव्यक्त गरेका छन् । यस कवितामा समाजमा प्रभुत्वशाली पिँढीका रूपमा रहेका शासक र उनीहरूका आसेपासेले सधैँ दुःख दिएको कुरा व्यक्त भएको छ । सामन्ती संस्कृतिका कारण शोषणमा परेका निर्धा निमुखा जनताले वैकल्पिक संस्कृतिको निर्माणमा अग्रसर नहुने हो भने जीवन सदा दुःखमै बित्ने हुँदा अधीनस्थ पिँढी वा समुदायले प्रभुत्वशाली संस्कृतिको विरोध गर्नुपर्ने विचार प्रस्तुत कविताले बोकेको छ । प्रभुत्वशाली

पिँढीको सामन्ती र शोषणयुक्त संस्कृतिबाट उत्पन्न दबाब र तनावले निर्माण गरेको अनुभूतिको संरचनालाई कवितामा यसरी देखाइएको छ :

सबै भन्छन् हिजोआज यहाँ औधी गाह्रो छ
ठूलाठालू मजा गर्छन् मसिना ज्यूनै गाह्रो छ ।
पिठो-आँटो नपाएर मुटुमा वेदना बोकी
हिमाली सन्तति रुन्छन् सधैँ खोजी ढिँडो-रोटी ॥ ('मेरी बाटुलीको बुबा', पृ. १०३)

प्रभुत्वशाली पिँढीकै आसपासमा रहने अधीनस्थ पिँढीले सामन्त संस्कृतिलाई आफ्नै संस्कृति मानी गरिब र सोझा जनतालाई दुःख दिइरहेकाले समाजमा दबाब सिर्जना भएको देखिन्छ । यही दबाबलाई बाटुलीका बुबालाई बाटुलीकी आमाले चिठीमा बताएकी छ । बाटुलीका बुबा परिवार पाल्नकै लागि विदेश गए पनि उसले घरमा चिठी समेत नपठाउँदा कतै उतै फौजको लडाइँमा पऱ्यो कि भनेर समेत घरकी श्रीमतीले शङ्का गरेकी छ । यसले उसलाई दबाब र तनावको अनुभूति भएको छ । हरेक गरिब परिवारमा सिर्जना हुने यस्तो दबाब र तनावकै बिच सामन्ती संस्कृतिको अन्त्य र प्रजातान्त्रिक संस्कृतिको स्थापनाका लागि उदीयमान चेतनाको दीप बल्न लागेको देखिन्छ । हिमाली भेगका नेपाल आमाका सन्तति भोक र रोगले रोइरहे पनि ठुलाठालुको मजा नसकिएको भन्दै यस्तो अवस्थामा बाँच्नै गाह्रो भएको कुरा यस कवितांशमा व्यक्त भएको छ । यस्तो अवस्थाले बाटुलीकी आमालाई भएको दबाब र तनावले ऊ गरिबको पालो कहिले आउँछ भनेर सोध्न विवश छे । गरिबको झुप्रामा दियालो बाल्ने अवस्था नभएर अन्धकारले सधैँ राज गर्छ । गरिबले कहिल्यै सुखको सास फेर्न पाउँदैनन् । यहाँ गरिबमाथि गरिने शासनले सबै जनताको सपनामा कालो पोतिदिएको छ भन्ने विचार व्यक्त गर्दै प्रभुत्वशाली पिँढीप्रति रोष प्रकट भएको छ, जस्तै :

न झुप्रामा दियालो छ, यहाँको राज कालो छ
सधैँ राजा धनी-मानीहरूको मात्र पालो छ ।
बनेका छन् महल सेता चिहानैमाथि निर्धाका
बसेका छन् त्यहाँ हाम्रा यिनै पञ्चायती राजा ॥('मेरी बाटुलीको बुबा', पृ. १०३-१०४)

नेपालका प्रभुत्वशाली पिँढीका प्रतिनिधि पात्र राजाका सेता महलहरू जनताका चिहानमाथि बनेका छन् । जनताका रगत र पसिना त्यही महलमा मिसिएका छन् । रगत पसिना बगाउन विदेसिएका नेपाली जनताले आफ्नो देशमा केही गर्न नपाउनु, उनीहरूका सन्ततिले खान नपाएर भोकै बस्नुपर्ने अवस्था आउनु तर प्रभुत्वशाली सामन्ती पिँढीले जनताकै रगत पसिना र

चिहानमाथि दरबार ठड्याउनु उचित नभएको विचार कवितामा अभिव्यक्त छ । यस्ता प्रभुत्वशाली पिँढीका सामन्ती संस्कृतिलाई भत्काउनुपर्ने र नयाँ प्रजातान्त्रिक संस्कृति निर्माण गर्नुपर्ने विचार उदीयमान पिँढीले बोकेको छ । यस अर्थमा यस कवितांशमा बाटुलीकी आमा उदीयमान पिँढीका रूपमा कवितामा रहेकी छे ।

प्रस्तुत कवितामा कविले प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिका सिकार भएका अधीनस्थ पिँढी र उदीयमान पिँढी आर्थिक अभावका कारण नाङ्गै र भोकै मर्न बाध्य हुन लागेको देखाइएका छन् । आर्थिक अभावका कारण श्रीमती र बालबच्चा छोडेर विदेश जान बाध्य गरिबले जीवनको खुसी र सुख देख्न नपाई बाँच्न परेको दबाब र तनावजन्य अनुभूतिलाई तल दिइएको कवितांशले व्यक्त गरेको छ :

यता खालि म यौटी छु कलिला बाल-बच्चाको
खुबै बेहाल भो सारा यहाँ बाँचिन्न जस्तो भो ।
तुषाराले कठ्याङ्ग्ग्रायो भुँडी भोको उदाङ्ग्यायो
धनीका कामले मेरो रगत, मासु सबै खायो ॥ ('मेरी बाटुलीको बुबा', पृ. १०४)

उल्लिखित कवितांशमा प्रभुत्वशाली पिँढीको सिकार हुन पुगेको एउटा परिवारले भोकै र नाङ्गै बाँच्न पर्दा उत्पन्न दबाब र तनावजन्य अनुभूतिको संरचनालाई यस कवितांशमा व्यक्त गरिएको छ । फलतः उदीयमान पिँढीमा प्रभुत्वशाली पिँढीबाट उत्पन्न दबाब र तनावलाई हटाउन नयाँ संस्कृतिको निर्माण गर्नुपर्ने चेतना विकास हुन पुगेको छ । यसै क्रममा कवितामा भनिएको छ :

लडाइँमा कि अप्ठ्यारो परेका छौ कि क्वै ठाउँ
चिठी लेखेर चाँडै नै मलाई त्यो खबर देऊ ।
यहाँ खाँचो छ त्यो तातो रगत सङ्घर्ष वेदीमा
यहाँ यो देशको माटो नभै साझा हुँदै हुन्न ॥ ('मेरी बाटुलीको बुबा', पृ. १०४)

कवितांशमा दबाबजन्य अनुभूतिको संरचनाकै कारण तत्कालीन प्रभुत्वशाली पिँढीले आफ्ना पुर्खाको सम्पत्ति मानेको प्रति रोष प्रकट भएको छ । जनतालाई तल्लो दर्जाको व्यवहार गरेर तत्कालीन समयका प्रभुत्वशाली पिँढीले आफूले मात्र सुख पाउने बाटो गरेको नेपालको माटोलाई सबैको साझा बनाउनुपर्ने धारणा कवितामा अभिव्यक्त छ । यस्तो दबाबजन्य अनुभूतिको अन्त्य गर्नुपर्ने विचार पनि कविताले बोकेको छ । त्यसका लागि विदेशीभूमि बचाउन

लडाइँमा होमिएका नेपाली सपुत नेपालकै भूमि साझा बनाउन यहीँ आउनुपर्ने विचार व्यक्त भएको छ । तातो रगत बगाउन परे पनि आफ्नै भूमिका लागि, आफ्नै सन्तानका लागि र आफैँका लागि बगाउन तयार हुनुपर्ने विचार कवितामा अभिव्यक्त भएको छ ।

तत्कालीन समयका शासकवर्गले देशलाई पुर्खाको बिर्ता सम्झेर जनतामाथि शोषण र दमन गर्दा जनतामा उनीहरूप्रति नकारात्मक भावना बढेको देखिन्छ । आफू भोकै र नाङ्गै जीवनधान्न सङ्घर्षमा होमिनुपर्ने तर आफ्नै रगत पसिनाको कमाइमा प्रभुत्वशाली पिँढीका सामन्तवर्गले रजाइँ गर्ने प्रवृत्तिबाट मुक्तिको चाहना कवितामा देखिन्छ । त्यसका लागि विदेशमा गएर रगत पसिना बगाइरहेकाहरू देश फर्किनुपर्ने र देशका लागि सङ्घर्षमा होमिनुपर्ने विचार कविताले बोकेको छ ।

कवि मदन भण्डारीको 'घाम छेल्दैन कुइरोले' शीर्षकको कवितामा तत्कालीन समयका प्रभुत्वशाली पिँढीकै अधीनमा किसानहरू अधीनस्थ भएर बस्न नहुने विचार व्यक्त भएको छ । सधैँ झुत्रे हली भएर बस्ने होइन, सधैँ भोको पेट काम गर्ने होइन, अब जेहेन्दार र सोझो बन्ने मात्र होइन, प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिको विरोध गर्नुपर्छ भन्ने उदीयमान विचार यस कविताले व्यक्त गरेको छ । प्रभुत्वशाली पिँढीले दिने ज्यालालाई अधीनस्थ पिँढीले आफ्नो भाग्य नसम्झी कर्ममा विश्वास गर्नुपर्ने विचार प्रस्तुत कवितामा कविले व्यक्त गरेका छन् । अधीनस्थ पिँढीको शरीरमा लाग्ने घाम प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिले छेकेको मात्र हो भन्ने विचार यस कवितामा कविले व्यक्त गरेका छन् । यदि अधीनस्थ पिँढीले उदीयमान पिँढीको विचार स्वीकार गरी विद्रोह गर्ने हो भने प्रभुत्वशाली संस्कृतिको अन्त्य हुनेछ र उदीयमान वैकल्पिक संस्कृतिको विकास हुनेछ भन्ने विचारसमेत कविले कवितामा व्यक्त गरेका छन् । त्यसैले अधीनस्थ पिँढीले उदीयमान संस्कृति निर्माणका लागि सङ्घर्ष गर्न तत्पर भएर अघि बढ्नुपर्छ भन्ने भाव कविले प्रस्तुत कवितामा अभिव्यक्त गरेका छन् । प्रभुत्वशाली संस्कृतिले निर्माण गरेको दबाबजन्य अनुभूतिका विरुद्ध सङ्घर्ष गरी उदीयमान वैकल्पिक संस्कृतिको निर्माणमा सबै लाग्नुपर्ने विचार प्रस्तुत कवितामा अभिव्यक्त भएको उदाहरणलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

> रात, साँझ, हिलो, बर्खा, घाम, पानी सधैँ सही
> जोत्दथ्यौँ जसरी पर्ती उसरी अब जोतिद्यौ
> सामन्तीहरूका चाम्रा चाम्रा जर्जर खप्पर
> घाम छेल्दैन कुइरोले निर्धाको आङमा अनि ।     ('घाम छेल्दैन कुइरोले', पृ. १०५)

रात, साँझ र हिलो वर्षा नभनी जसरी खेती गर्न जग्गा जोतिन्छ त्यसरी नै सामन्तको टाउको नजोतेसम्म गरिब जनताले कर्मअनुसार फल पाउँदैनन् । यसो हुनाले सामन्ती संस्कृतिलाई हटाउन उदीयमान पिँढीले सङ्घर्ष गर्ने आँट गर्नुपर्ने भाव यस कवितामा अभिव्यक्त भएको छ । यदि यस्तो हुन सकेमा कुहिरोरूपी प्रभुत्वशाली पिँढीले छेकेको गरिब किसानका कर्मको फल अवश्यै प्राप्त हुन्छ भन्ने भाव कविताले बोकेको छ ।

तत्कालीन समयका प्रभुत्वशाली सामन्ती पिँढीका हरेक खाले शोषण र दमनबाट पीडित हुन पुगेकै निम्नवर्गीय किसान हुन् । उनीहरू शैक्षिक रूपमा अनपढ, आर्थिक रूपमा कमजोर र सामाजिक रूपमा दबिएका छन् । उनीहरूले आफ्नो कर्ममा बाँचेको भन्दा पनि प्रभुत्वशाली पिँढीको दयामा बाँचेका देखिन्छन् । परिणामतः उनीहरूको अधीनस्थतालाई हटाउन र उनीहरूले अधीनस्थताबाट मुक्ति पाउन उदीयमान वैकल्पिक संस्कृतिको आवश्यकता छ । तसर्थ उनीहरू अर्थात् किसान र गरिबहरूले वैकल्पिक संस्कृतिको निर्माणका लागि सङ्घर्ष गर्न जरूरी छ भन्ने भाव प्रस्तुत गरेको छ ।

मदन भण्डारी परम्परागत प्रभुत्वशाली संस्कृतिबाट मुक्ति चाहन्छन् । यो उनको मात्र अनुभूति नभएर तत्कालीन समाजको अनुभूतिको संरचना हो । तत्कालीन समाजमा प्रभुत्वशाली पिँढीका रूपमा राजा र राजाको शासनको प्रत्यक्ष फाइदा लुट्ने सामन्ती संरचना रहेको देखिन्छ । उक्त पिँढीले सर्वहारा किसान जनतामाथि शोषण र दमनको शृङ्खला नै चलाएको पाइन्छ । अधीनस्थ पिँढीले प्रभुत्वशाली पिँढीलाई स्वीकार गरेर आफ्नो भाग्यलाई दोष दिने गरेको देखिन्छ । उनीहरू आफ्नो कर्ममा विश्वास नगरी प्रभुत्वशाली पिँढीको दयामा विश्वास गर्न बाध्य बनाइएका छन् । तब त राजालाई भगवानका रूपमा स्वीकार गरी आस्थाको केन्द्र बनाउनेसम्मको धार्मिक परम्परागत संस्कृति समाजमा विद्यमान देखिन्छ । तत्कालीन समाजमा भातभान्सामा समेत राजालाई स्थान दिने प्रचलन नै चलाएर जनतामा प्रभुत्वशाली पिँढीप्रति नतमस्तक भाव सिर्जना गराएको देखिन्छ । राजाको विरोध गर्नु भनेको देवताको विरोध गर्नु हो भन्ने मनोभाव जनतामा जागृत गराएर प्रभुत्वशाली संस्कृतिले जनतामाथि प्रभुत्व कायम गरेको पाइन्छ । खाना खाँदासमेत 'भूपतये स्वाहा' भन्न बाध्य बनाइएका अधीनस्थ पिँढीले आफ्ना पितृउद्धारका लागि तर्पण दिने क्रममा समेत राजाका पुर्खालाई तर्पण दिनुपर्ने संस्कृतिको विकास भएको देखिन्छ । यसरी प्रभुत्वशाली पिँढीको चङ्गुलमा फसेका सोझा किसान जनतालाई निम्नलिखित शीर्षकको कवितामा कविले यसरी भनेका छन् :

> धैर्यता समुद्रझैँ अडिगता हिमालझैँ
>
> चर्ति-फूर्तिला बनी जुरुक्क जुर्मुराउँदै

लु लाग जाग ए ! प्रचण्ड शक्तिका समूह हो !

नयाँ बिहान सिर्जने सशक्त ज्योतिपुञ्ज हो !

ए देशका गरिब हो ! ए धर्तीका सपूत हो !

यो देशको परम्परा बदल्न एकजुट हो !

('यो देशको परम्परा बदल्न एकजुट होऊ !', पृ. १०७)

उल्लिखित कवितांशमा प्रभुत्वशाली पिँढीको संस्कृतिको चङ्गुलमा फसेका जनताले उदीयमान वैकल्पिक संस्कृतिको खोजी गरेको देखिन्छ । जनता नै शक्तिशाली हुन्छन् । शासकले शासन गर्ने भनेकै जनतामाथि हो । यदि जनताले शासकको शासन मन पराएनन् भने ती शासक सत्ताबाट हट्नुपर्छ । नेपालमा शासनसत्ताको केन्द्रीय प्रभुत्वशाली शक्ति भनेको तत्कालीन समयका राजा हुन् । उनका आसपासमा हिँड्नेहरूले कमजोर किसान जनतामाथि प्रभुत्वशाली संस्कृतिको दबाबजन्य अनुभूति सिर्जना गराएका हुन्छन् । जसका कारण पुरानो व्यवस्था अर्थात् प्रभुत्वशाली परम्परागत संस्कृतिको विरोध र उदीयमान वैकल्पिक संस्कृतिको स्थापनाका लागि आवाज उठाउनुपर्ने आवश्यकता देख्दछन् ।

भण्डारीले तत्कालीन समयमा भाषण गर्ने क्रममा पनि धेरै कविताहरू लेखेर भाषणमा समावेश गरेको पाइन्छ । उनले 'घर यस्तो जीर्ण !' कवितामा नेपाल देशलाई एउटा पुरानो घरसँग तुलाना गर्दै यहाँ गरिब जनताहरू प्रभुत्वशाली पिँढीको चपेटामा परेको देखाएका छन् । प्रभुत्वशाली संस्कृतिलाई नजानेरै स्वीकार्ने अधीनस्थ पिँढी प्रभुत्वशाली पिँढी र उदीयमान वैकल्पिक पिँढीका बिचमा अप्ठेरोमा परेको छ । यस कवितामा प्रभुत्वशाली पिँढीको संस्कृतिलाई स्वीकार गर्ने अधीनस्थ पिँढीले जस्तो अप्ठ्यारो पनि सहन गर्ने गरेको देखाइएको छ । यसमा नेपाललाई जर्जर र भत्किन लागेको देखाइएको छ । नेपालको यस्तो अवस्था भनेको अधीनस्थ पिँढीको अवस्था हो यो पिँढीले प्रभुत्वशाली पिँढीको संस्कृतिलाई सहजै स्वीकार गरेको छ । उदीयमान पिँढीले भने वैकल्पिक संस्कृतिको खोजी गरिरहेको छ । जसका कारण कमजोर र जीर्ण घर प्रभुत्वशाली पिँढी र उदीयमान पिँढीका बिचमा हुने लडाइँको प्रत्यक्ष प्रभावमा परेको पाइन्छ । यस्तो लडाइँले कमजोर निमुखा गरिबहरूकै अहित गर्छ तसर्थ अधीनस्थ पिँढीका लागि मुक्ति आवश्यक छ भन्ने भाव यस कवितामा अभिव्यक्त छ । प्रभुत्वशाली पिँढीको संस्कृतिका कारण दबाब र तनाव झेल्दै त्यसबाट मुक्त हुनुपर्ने आशय पनि कविताले यसरी अभिव्यक्त गरेको छ ::

यस बीचमा

केही यस्तो खालको जीर्णोद्धारको

काम गर्न सकियोस्

अलिकति खम्बाहरू थप्न सकियोस्

टेकाहरू हाल्न सकियोस्

केही कब्जाहरू, किलाहरू,

काँटीहरू थप्न सकियोस्

र घरलाई अलिकति बलियो बनाउन सकियोस्

त्यसपछि त्यो बलियो तलामा उभिएर

दुईओटा पहलमानले कुस्ती गरौँला ।                    ('घर यस्तो जीर्ण !', पृ. १११)

प्रभुत्वशाली पिँढीको प्रभुत्वशाली सामन्ती संस्कृतिका कारण थिलथिलो परेका देशका जनता र विकासको ढाड भाँचिएको देशको अवस्था सुधार्नु जरुरी भएको विचार भण्डारीले कवितामा अभिव्यक्त गरेका छन् । यहाँ पञ्चायतको शासन वा प्रजातन्त्र, कुनै शासनको कुरा गर्नुभन्दा पहिले जनताको अवस्था सुधार्नुपर्ने अनुभूति व्यक्त गरिएको छ । देश सबैतिरबाट खोक्रो भएको अवस्थामा कुनै पनि राजनीतिक व्यवस्थाको कुरा गर्नु मुर्खता हुने भाव कवितामा व्यक्त भएको छ । प्रस्तुत कवितामा अधीनस्थ पिँढी ढुल्मुल भएको अवस्थाले गर्दा देशका सबै क्षेत्रमा विकासको नाममा भ्रष्टाचार मौलाएको विचार कविले अभिव्यक्त गरेका छन् । प्रभुत्वशाली पिँढीका आसेपासेले जनतामाथि विभिन्न बहानामा शोषण र दमन गरिरहेको विचार कविताले बोकेको छ । यस्तो अवस्था देखेर देशमा क्रान्ति गर्न उदीयमान पिँढीको उदय भएको हुँदा प्रभुत्वशाली संस्कृतिको विकल्पको खोजी हुन थालेको भाव कवितामा पढ्न सकिन्छ । प्रभुत्वशाली पिँढी र उदीयमान वैकल्पिक पिँढीका बिच सुरु भएको द्वन्द्वका कारण देश झनझन जर्जर बन्न पुगेको कुरा कवि भण्डारीले यस कवितामा बताएका छन् । यस्तो द्वन्द्वले देशलाई उँभो लगाउन नसक्ने हुँदा पहिले देश र जनतालाई बलियो पार्न प्रभुत्वशाली पिँढीलाई सुझाव दिने कार्य कविले गरेका छन् । यदि देश र जनता बलियो भएमा यहाँ जुनसुकै शासन व्यवस्था भए पनि फरक नपर्ने अभिप्राय कवितामा अभिव्यक्त छ । प्रभुत्वशाली संस्कृतिले देश र जनताका बारेमा नसोची आफू र आफ्ना आसेपासेलाई मात्र संरक्षण गरेका कारण उदीयमान वैकल्पिक संस्कृतिको आवश्यकता परेको विचार कवितामा प्रस्तुत भएको पाइन्छ ।

## २.३.२ मदन भण्डारीका गीतमा पिँढी र प्रभुत्व

मदन भण्डारीका गीतहरू तत्कालीन समाजका अधीनस्थ पिँढीको दुःख, पीडा र वेदना देखाउने खालका छन् । त्यस्ता दुःख, पीडा र वेदना बुझेर प्रभुत्वशाली पिँढीका विरुद्ध सङ्घर्ष गर्न र उदीयमान वैकल्पिक संस्कृतिको निर्माण गर्न आग्रह गर्ने विचार बोकेका छन् । तत्कालीन प्रभुत्वशाली पिँढीले वैकल्पिक पिँढीमाथि गरेको शोषण र दमनका विरुद्ध एकजुट भएर उठ्न उनका गीतमा आग्रह गरिएको छ । उनका 'गोरु फुकाओ हली हो !', 'ए ! किसान', 'दिदी र बहिनीहरूलाई...', 'जनताले माया गर्छ-गर्छ', सहिदको रगत सुक्दैन' र 'ए ! जाऊँ क्यारे भर्ती...' शीर्षकका गीतहरूमध्ये जनताले माया गर्छ-गर्छ' गीतमा पिँढी र प्रभुत्व नभेटिएकोले यहाँ अध्ययन गरिएको छैन भने अन्य गीतहरूको अध्ययन गरिएको छ ।

भण्डारीका गीतहरूले प्रभुत्वशाली पिँढीबाट थिचोमिचो र शोषणमा परेका किसानलाई शोषणका विरुद्ध उठ्न आग्रह गरेका छन् । त्यस्ता थिचोमिचो र शोषणलाई आफ्नै भाग्य र पूर्वजन्मको फल सम्झने गरिब किसानलाई उदीयमान संस्कृति निर्माणमा लाग्न अभिप्रेरित गरेका छन् । उनको 'गोरु फुकाओ हली हो !' शीर्षकको गीतमा प्रभुत्वशाली पिँढीलाई जनतामाथि शोषण र दमन गर्ने साँढेका रूपमा चित्रित गर्दै हलोमा नारेर जोत्दै गरेको गोरु फुकाएर त्यस्ता साँढेलाई बाँध्न आग्रह गरिएको छ । परम्परागत प्रभुत्वशाली संस्कृतिको विरोध गर्दै नयाँ उदीयमान वैकल्पिक संस्कृतिको निर्माणका लागि किसानहरू सङ्घर्षमा उत्रन पर्ने भाव यस गीतमा निम्नानुसार अभिव्यक्त छ :

हे हली दाइ ! गोरु फुकाई
जोताराले बाँधेर ल्याओ सामन्ती साँढेलाई ।
माल खाने साँढे सधैँ रजगज गरी
सालभरि हिलो झरी हाम्रा कपालभरि ।
हे हली दाइ !... ('गोरु फुकाओ हली हो !', पृ. १२३)

भण्डारीको प्रस्तुत गीतमा सोझा जनतामाथि रजगज गरेर सधैँ सामन्ती व्यवहार गर्ने शोषक प्रवृत्तिको प्रभुत्वशाली पिँढीलाई गोरुझैँ जोताउन र जनताको सेवक बनाउन नियन्त्रणमा राख्नुपर्ने भाव व्यक्त भएको छ । तत्कालीन समयमा प्रभुत्वशाली पिँढीको संस्कृतिका कारण जनता भोकै र नाङ्गै बस्न बाध्य छन् । उनीहरूका घरमा कालले घेरा हालेको छ । कुनै जनताले दुई छाक सहज रूपमा जुटाउन सकेका छैनन् । जनताका छोरीहरूले प्रभुत्वशाली पिँढीको प्रभुत्व

सहन गरेर महलमा कमारी भएर काम गर्न बाध्य हुनुपरेको छ । यसरी अधीनस्थता स्वीकार गर्नु बाध्यता बनेको छ, उदाहरणार्थ :

अकालले गाँजेको छ झुप्राछाप्राभरि
हाम्रा भने रोएका छन् भोका छोराछोरी ।
हे हली दाइ ! ...
उसका भने हाको-डाको गर्छन् महलदेखि
कमारी भै काम गर्छन् हाम्रा चेलीबेटी ।
हे हली दाइ ! ... ('गोरु फुकाओ हली हो !', पृ. १२३)

प्रभुत्वशाली पिँढीका महलमा कमारोकै जिन्दगी बाँच्न पाउनु पनि अहोभाग्य सम्झने तत्कालीन समयका अधीनस्थ पिँढीलाई अब उदीयमान वैकल्पिक संस्कृति निर्माण गर्न अघि बढ्न गीतमा आग्रह गरिएको छ । गीतमा दबाबजन्य अवस्थालाई देखाउँदै त्यसबाट उत्पन्न तनाबका कारण वैकल्पिक संस्कृतिको निर्माण गर्नुपर्ने भाव व्यक्त छ :

भोको पेट रोएको छ बाँझो डाँडा फोर्दा
हाडमासु दुखेको छ झोरा आवाद गर्दा ।
हे हली दाइ ! ...
सामन्तका पढ्न जान्छन् हाँस्तै हल्लीहल्ली
भेडा-बाख्रा-गाई हेर्ने हाम्रै लल्लामुन्नी ।
हे हली दाइ ! ... ('गोरु फुकाओ हली हो !', पृ. १२३-१२४)

भोकै पेट खेती किसानीमा लाग्नुपर्ने अधीनस्थ किसानको बाध्यताले दुःख पाएको भाव प्रस्तुत गीतले व्यक्त गरेको छ । जङ्गल फाँड्न र खेती गर्न जन्मिएझै सन्तानको उज्वल भविष्यको आशा गर्न नसक्ने अवस्था तत्कालीन समयमा अधीनस्थ पिँढीमा रहेको देखिन्छ । सन्तानको सुखको सपना देख्न नसक्ने अधीनस्थ गरिब किसानका सन्तानले विद्यालयको कक्षा देख्नु र किताबको पाना पल्टाउनु भनेको त कल्पना नै गर्न नसक्ने कुरा तत्कालीन समाजमा रहेको पाइन्छ । प्रभुत्वशाली पिँढीका सन्तान किताब बोकेर विद्यालय जाँदा किसानका सन्तान छाक टार्न र पेट पाल्न सङ्घर्ष गर्नुपर्ने अवस्थामा रहेका छन् भन्ने कुरालाई समेत गीतले अभिव्यक्त गरेको छ । अब यस्तो अवस्थाबाट मुक्त हुनु नै अधीनस्थ पिँढीका लागि उत्तम हो भन्ने

भाव गीतले बोकेको छ । अब प्रभुत्वशाली संस्कृतिको अन्त्य र उदीयमान वैकल्पिक संस्कृतिको स्थापना समाजमा आवश्यक रहेको विचार गीतमा यसरी अभिव्यक्त भएको छ :

सामन्तको छाला काढी नारा बनाउनु छ

बेला भयो गोरु फुकाऊ देश बनाउनु छ ।

हे हली दाइ ! ... ('गोरु फुकाओ हली हो !', पृ. १२४)

प्रस्तुत गीतमा प्रभुत्वशाली संस्कृतिको अन्त्य र उदीयमान वैकल्पिक संस्कृतिको स्थापना गर्ने उद्देश्य व्यक्त भएको छ । यसका लागि भण्डारीले तत्कालीन समाजका प्रभुत्वशाली पिँढीले निर्माण गरेको सामन्ती संस्कृतिको विरोध गर्न अधीनस्थ पिँढीलाई आह्वान गरेको देखिन्छ ।

भण्डारीको 'दिदी र बहिनीहरूलाई...' गीतमा प्रभुत्वशाली पिँढीले निर्माण गरेको संस्कृतिका कारण तत्कालीन नेपाली समाजका नारीले दुःख भोग्न परेको भाव प्रस्तुत गरिएको छ । समाजमा छोरा र छोरीका बिच भेदभावपूर्ण व्यवहार हुने गरेको भाव गीतमा अभिव्यक्त भएको छ । यस्ता प्रभुत्वशाली भेदभावपूर्ण संस्कृतिको अन्त्य हुनुपर्ने उदीयमान विचार प्रस्तुत कवितांशमा व्यक्त भएको छ । नारीमाथिको शोषण र भेदभावपूर्ण संस्कृतिले देशको विकास हुन नसक्ने धारणा गीतमा प्रस्तुत गरिएको छ । यसरी नेपाली नारीमाथि हुने थिचोमिचो र शोषणको अन्त्य र नारी पुरुषमा समानता आवश्यक छ भन्ने भाव कवितामा व्यक्त भएको छ । यसका लागि उदीयमान पिँढीका रूपमा नेपाली नारी जाग्नुपर्ने भाव गीतले बोकेको छ । यसप्रकार प्रभुत्वशाली पिँढीको संस्कृतिका विरुद्ध उदीयमान वैकल्पिक संस्कृति निर्माण गर्नुपर्ने विचार व्यक्त गर्दै गीतमा भनिएको छ :

उत्तिकैमा छोरालाई स्कुल पढ्न पठाए

उत्तिकैमा छोरीलाई भाँडा माझ्न लगाए ।

साह्रै नै थिचोमिचो छ नेपाली नारीलाई ।

अब भने नारी तिमी नबस है निहुरेर

सबै नारी उठ है कम्मर कसेर ।

साह्रै नै ...

नारी हेप्ने चलनलाई सातै डाँडा कटाइदेऊ

साना नानी भाइबैनीलाई साँचो कुरा बताइदेऊ ।

साह्रै नै ... ('दिदी र बहिनीहरूलाई...', पृ. १२५)

प्रस्तुत गीतमा प्रभुत्वशाली पिँढीले निर्माण गरेको थिचोमिचो र शोषणको संस्कृतिका विरुद्ध नारीहरूले एकताबद्ध भएर सङ्घर्ष गर्नुपर्ने भाव अभिव्यक्त भएको छ । साथै प्रभुत्वशाली पिँढीका विरुद्ध उदीयमान पिँढीले वैकल्पिक संस्कृति निर्माण गर्नुपर्ने विचार गीतले बोकेको छ । प्रभुत्वशाली पिँढीका विरुद्ध अधीनस्थ पिँढीका रूपमा रहेका नेपाली नारीले विद्रोह गर्नुपर्ने र उदीयमान संस्कृतिको निर्माण गर्नका लागि पछिल्लो पुस्तालाई समेत साथमा लिनुपर्ने धारणा गीतमा अभिव्यक्त छ ।

भण्डारीले लेखेको 'सहिदको रगत सुक्दैन' गीतमा तत्कालीन समयमा प्रभुत्वशाली पिँढीका रूपमा नेपालका राजा र राजसंस्थाले नेपाली जनताले गरेको मुक्तिको आन्दोलन रोक्न नसक्ने बताइएको छ । प्रभुत्वशाली पिँढीका विरुद्ध सङ्घर्ष गर्दागर्दै उदीयमान पिँढीका क्रान्तिकारी जनतामाथि भएको हत्या र दमनको शृङ्खलाले क्रान्ति नरोकिने भाव गीतमा व्यक्त छ । प्रभुत्वशाली पिँढीका रूपमा रहेको सामन्ती संरचनाबाट जनतामा उत्पन्न कान्तिचेतलाई रोक्न नसक्ने भावसमेत गीतमा अभिव्यक्त छ । यसलाई गीतमा यसरी व्यक्त गरिएको छ :

इलामको माटोमा झुल्केको सूर्य बादलले छोपिन्न

रत्नको बाटो पछ्याउँछौँ हामी बाधाले रोकिन्न

बाधाका शिर कुल्चेर हिँड्छन् अजेय सन्तानले

क्रान्तिको गति रुक्दैन कहिल्यै हत्या र दमनले । ('सहिदको रगत सुक्दैन', पृ. १२९)

उल्लिखित गीतको अंशले प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिका मतियारहरूबाट हत्या गरिएका उदीयमान संस्कृतिका संवाहक रत्नलाई सहिद भन्दै यस्तो हत्या र दमनले क्रान्ति नरोकिने उद्घोष गरेको छ । बरु यस्ता हत्या र आतङ्कले उदीयमान पिँढीलाई झनै बलियो बनाउने भाव गीतमा अभिव्यक्त छ । प्रभुत्वशाली वर्चश्वका विरुद्ध पाइला चालेको उदीयमान पिँढीले नयाँ संस्कृतिको निर्माण गर्ने विश्वास गीतमा व्यक्त छ । नयाँ संस्कृति निर्माणका क्रममा बाधाहरू आइपर्ने र त्यस्ता बाधाहरूलाई कुल्चेर अघि बढ्नुपर्ने विचार गीतले बोकेको छ । यसरी प्रभुत्वशाली पिँढीका विरुद्ध सङ्घर्ष गर्दै अविचलित भएर अघि बढे उदीयमान वैकल्पिक संस्कृतिको निर्माण हुन सम्भव छ भन्ने भाव प्रस्तुत गीतमा अभिव्यक्त छ ।

मदन भण्डारीका गीतमा प्रभुत्वशाली पिँढीप्रति रोष प्रकट भएको पाइन्छ । तत्कालीन समयमा प्रभुत्वशाली संस्कृतिका कारण जनतामा वैकल्पिक संस्कृतिको चाहना हुन पुगेको देखिन्छ । अधीनस्थ पिँढीले प्रभुत्वशाली पिँढीले दिएको दबाबबाट मुक्तिका लागि बन्दुक नै उठाउनुपर्ने अवस्था आइपरेको भाव निम्नलिखित गीतमा यसरी प्रस्तुत गरिएको छ :

ए ! रामसिंहले सारा,

बाउबाजे खायो पारी कमारा !

फूल थुङ्गे फुल्छ,

यो कुरा गर्दा दिल सारै पोल्छ !

ए ! गोली न बारुद,

गरिबको साथमा राइफल न बन्दुक !

एउटा छ जुक्ति,

आमालाई अब बनाउने मुक्ति !

ए ! मलाया जान्छु,

राइफल र बन्दुक बोकेर आउँछु !

यस्तै रुलाउँछु,

रामसिंहका सारा शेखी धुल्याउँछु ! ('जाउँ क्यारे भर्ती', पृ. १३१)

प्रभुत्वशाली पिँढीका प्रतिनिधि पात्र रामसिंहले अधीनस्थ पिँढीका बाबुबाजेलाई कमारा बनाएको छ । कमारा बनाएर शोषण गरेको कारण ऊसँग बदला लिने र शोषण तथा दमनको संस्कृतिको प्रतिरोध गर्दै उदीयमान संस्कृतिको निर्माणको चाहना उदीयमान पिँढीले राखेको छ । बाबुबाजेले त अधीनस्थ जिन्दगी बिताए नै । उनीहरूले प्रभुत्वशाली संस्कृतिलाई भाग्य वा कर्मको खेल सम्झे । उनीहरूले उदीयमान वैकल्पिक संस्कृतिको परिकल्पना गर्न सकेनन् । जसले गर्दा प्रभुत्वशाली पिँढीको अधीनमा जिन्दगी गुजार्न बाध्य भए । अब त्यसरी प्रभुत्वशाली पिँढीको प्रभुत्व स्वीकार गर्ने होइन । उदीयमान संस्कृतिको निर्माण आवश्यक छ जसले रामसिंहको सामन्ती सत्ता ढलोस् र जनताको सत्ता निर्माण हुन पुगोस् । यस्तो सत्ता निर्माणका लागि हतियार उठाउन परे बरु विदेसिएर भए पनि हतियारको जोहो गरुँला तर प्रभुत्वशाली पिँढी ढालेरै छाडौँला भन्ने भाव यस गीतले व्यक्त गरेको छ ।

समग्रमा मदन भण्डारीले आफ्ना गीतहरूमा प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिका कारण अधीनस्थ पिँढीमाथि उत्पन्न दबाब र तनाबबाट उन्मुक्तिका लागि सङ्घर्ष गर्नुपर्ने अवस्था रहेको जनाएका छन् । प्रभुत्वशाली संस्कृतिका विरुद्ध उदीयमान वैकल्पिक संस्कृति निर्माण गर्नुपर्ने विचार उनका गीतमा रहेका छन् । प्रभुत्वशाली पिँढीका सामन्ती व्यवहारका कारण उत्पन्न दबाबजन्य अनुभूतिको अन्त्यका लागि उदीयमान वैकल्पिक पिँढी निरन्तर सङ्घर्षरत रहनुपर्ने भाव

उनका गीतहरूले व्यक्त गरेको छ । समाजमा अधीनस्थ पिँढीले उदीयमान वैकल्पिक संस्कृतिलाई प्राप्त गर्न विशिष्ट प्रकारको विद्रोह गर्नुपर्ने हुँदा त्यस्तो विद्रोहका लागि अग्रसर हुन भण्डारीले गीतहरूमार्फत आह्वान गरेका छन् ।

## २.३.३ मदन भण्डारीका कथामा पिँढी र प्रभुत्व

मदन भण्डारीले कविता तथा गीत मात्र होइन कथा पनि लेखेका छन् । उनका कथाहरू 'कुराकानी', 'डोकाको मोल', 'गुरु र चेला', 'बाबु र छोरा पुरेत' तथा 'कालीदासको क' शीर्षकका रहेका छन् । यी कथाहरूमध्ये तत्कालीन समाजका यथार्थ घटनामा आधारित कथाहरू 'कुराकानी' र 'डोकाको मोल' मात्र रहेका छन् । यी दुई कथाबाहेक अन्य कथाहरू लघुआकारका छन् । लघुआकारका कथाहरूमा पिँढी र प्रभुत्वसम्बन्धी विचार नरहेकाले यहाँ लघुआकारका कथाहरूको अध्ययन गरिएको छैन भने दुई लामा कथाहरूको मात्र अध्ययन गरिएको छ ।

तत्कालीन समाजमा प्रभुत्वशाली पिँढीका रूपमा गाउँघरका सामन्त सोचका व्यक्ति तथा देशमै शासनसत्ताको केन्द्रमा रहेका शासक देखिन्छन् । उनीहरूको संस्कृति गरिब किसान तथा निम्न वर्गका व्यक्तिमाथि शोषण र दमन गर्ने खालका हुन्छन् । उनीहरूका यस्ता दमन तथा शोषणलाई चुपचाप स्वीकार गर्ने काम अधीनस्थ पिँढीले गर्दछ । उदीयमान वैकल्पिक पिँढीले प्रभुत्वशाली पिँढीका संस्कृतिको विरोध गर्ने र वैकल्पिक संस्कृतिको खोजी गर्ने कार्य गर्दछ । उनका कथा तथा लघुकथाहरूमा प्रभुत्वशाली संस्कृतिको वर्चस्वलाई तोड्दै उदीयमान वैकल्पिक संस्कृतिको निर्माणका लागि अभियान नै चलाउनुपर्ने विचार व्यक्त भएको छ ।

भण्डारीका कथाहरूमा प्रभुत्वशाली पिँढीको शोषण र दमनमा पिलसिएका अधीनस्थ पिँढीको पिडालाई देखाइएको छ । प्रभुत्वशाली पिँढीका कारण गरिबी र दुःखले घेरिएका अधीनस्थ पिँढीका बालबालिकाको अवस्थासमेत दुःखदायी बन्न पुगेको तथ्यलाई अझै स्पष्ट पार्नका लागि 'डोकाको मोल' कथाको उद्धरणलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

> यो मोराले चराउन लगिकन एकदिन पनि कुनै वस्तुभाउको भुँडी उकासिएको छैन, त्यसै त्यसै मर्न लागिसके । चोर मोरो ! कुन चौरीमा कुटीकुटी छेकेर अन्मरिन्छ, अनि घाम छँदै बाँधेर मर्छ । जा, घस्की यहाँबाट अभागी मोरा, लाद्रो भर्न बेर भयो हाला नि ! ('डोकाको मोल', पृ. ८२)

आफ्नो उमेरका केटाकेटी किताब च्यापेर विद्यालय जाँदै गर्दा प्रभुत्वशाली पिँढीको वस्तुभाउको गोठालो जानुपर्ने बाध्यतामा परेको धने 'डोकाको मोल' कथाको बाल पात्र हो । ऊ प्रभुत्वशाली पिँढीका सामन्त वर्गको शोषणमा परेको छ । ऊ आफ्ना बालसुलभ गुणलाई बिर्सेर

सानै उमेरमा रामसिंहका वस्तुभाउको गोठालो जानुपर्ने बाध्यतामा परेको छ । दिनभरि साहुका वस्तु गोठालो गएर फर्किंदा कहिल्यै जस नपाउने धनेमाथि बज्रने शब्दमुक्काले ऊ पीडित भए पनि भाग्यले गरिब भएको सम्झने उसका बाबुआमाको चिन्तनले उसलाई ठगेको हुन्छ । यसरी उनीहरू अधीनस्थ पिँढीका रूपमा समाजमा रहेका हुन्छन् ।  उसको परिवारमाथि प्रभुत्वशाली पिँढीको शोषण र दमनको शृङ्खला चलिरहेको देखिन्छ । समाजका सामन्त साहु रामसिंहको भारी बोक्न गएका धनेका आमाबुबामध्ये बुबाको बाटोमै बाढीले बगाएर मृत्यु हुन्छ । उसलाई खोलाले बगाउँदा रामसिंहको सामानको भारी पनि बगाउँछ । रामसिंहले धनेका बुबाको मृत्युलाई महत्त्व दिँदैन तर भारी बगाएकामा त्यसको क्षतिपूर्ति धनेको परिवारले तिर्नुपर्ने घोषणा गर्छ ।

> हेर धनेकी आमा, यसपालि तेरो पोइले पाँच सयको माल डुबाएछ, म त नोक्सान बोक्दिनँ । मर्ने त मर्‍यो-मर्‍यो तँलाई पनि ऋणले पुर्‍यो । अब यो लेनदेन तिरोभारो त गर्नैपर्दछ । त नयाँ पुरानो दुबै मिलाएर अहिले तँलाई पन्ध्र सय पुग्यो । तिमीहरू सबैले काम गर्दा पनि अब चाहिँ ब्याज चुक्ता हुँदैन, तैपनि विचार गरौँला । च्यान्टी पनि अब भाँडा मोल्न, बाख्रा चराउन सक्छे । उसलाई पनि काममा पठाउनू, धने बाहिरको काम धन्दा हेर्छ ।' ('डोकाको मोल', पृ. ८३)

नेपालको सामाजिक इतिहासमा धने र धनेकी आमाजस्ता व्यक्तिहरू अधीनस्थ पिँढीका रूपमा रहेका छन् । रामसिंहजस्ता व्यक्ति भने प्रभुत्वशाली पिँढीका रूपमा रहेको देखिन्छ । रामसिंह जस्ता प्रभुत्वशाली पिँढीले धनेकी आमा जस्ता अधीनस्थ पिँढीमाथि आर्थिक रूपमा मात्र होइन, सांस्कृतिक रूपमा समेत प्रभुत्व जमाएका छन् । धनीको ऋण खाएपछि उसको घरमा गोठालो बसेर होस् वा हली बसेर होस् ऋणको ब्याज तिर्नुपर्छ भन्ने मान्यता अधीनस्थ पिँढीमा देखिन्छ । जसले गर्दा अधीनस्थ पिँढी कहिल्यै प्रभुत्वशाली पिँढीको चङ्गुलबाट उम्किन सक्दैन । उसले दैनिक मरीमरी गरेको कामको हिसाबले ब्याज बुझाउन पनि नसक्ने भएपछि सावाँ सधैँ रहिरहने प्रभुत्वशाली पिँढीको चाल अधीनस्थ पिँढीले बुझ्न सक्दैन । परिणामतः अधीनस्थ पिँढीमाथि प्रभुत्वशाली पिँढीको शोषण रहिरहन्छ । प्रस्तुत कथांशमा पनि धनेकी आमामाथि रामसिंहले गरेको व्यवहारले उनीहरूलाई अधीनमा राख्ने मनसाय देखिन्छ । भारीकै कारणले मृत्युवरण गर्न पुगेका धनेका बुबालाई भारी बगाइदिएको दोष दिँदै जिउँदामाथि गरेको दमन प्रभुत्वशाली पिँढीको संस्कृतिकै रूपमा देखिन्छ । प्रस्तुत कथांशको भनाइले रामसिंहको व्यक्तिगत चरित्रलाई मात्र नदेखाई तत्कालीन समाजका प्रभुत्वशाली पिँढीको चरित्रलाई उजागर गरेको छ । मरेको मान्छेलाई दोष दिँदै उसका जिउँदा परिवारलाई ऋणको भारी बोकाउनु तत्कालीन प्रभुत्वशाली पिँढीको अमानवीय संस्कृति रहेको कुरालाई समेत उक्त कथांशले चित्रित गरेको छ ।

धनेकी आमाले रामसिंहले भनेको पन्ध्रसय ऋणको कुरामा प्रतिवाद नगरी दयाको भिख मागेको देखिन्छ । उसको प्रतिवादमा रामसिंहले गरेको व्यवहारले प्रभुत्वशाली पिँढीको संस्कृतिलाई स्पष्ट पारेको छ : 'प्रधान मालिक अलिक दया... म त डुबें, अब यी टुहुरा कसरी पालौँ ? फेरि च्यान्टी पनि उता गए यता बाखा पाठालाई घाँस पानी दिने मान्छे हुँदैन । म बसौँ भने यसो बनीबुतो नखोजे मुखमा माड लाग्दैन ।' 'जेसुकै होस् गनगन नगर । तेरै पोइले डुबायो त म के गरौँ । बाखाले यो वर्षको ब्याज तिर्, जति कट्छ कटाइदिउँला । अरु साँवामा गाँसी दिउँला हुँदैन ?' ('डोकाको मोल', पृ. ८३)

तत्कालीन समाजका प्रभुत्वशाली पिँढीका वर्गले तयार पारेको संस्कृति भनेको जसरी भए पनि अधीनस्थ पिँढीको सम्पत्ति आफ्नो बनाउने हो । धनेकी आमालाई विभिन्न बहानामा आफ्नो प्रभुत्वशाली संस्कृतिले बनाएको जालझेल र शोषणको संस्कृतिभित्र राखेर आफ्नो हितमा काम गर्नु प्रभुत्वशाली पिँढीको कुत्सित मनोभाव रहेको देखिन्छ । फलतः धनेकी आमाले प्रतिवाद गर्न नसक्ने अवस्था सिर्जना गरेको छ ।

तत्कालीन सामन्तवादी सामाजिक व्यवस्थाको जगमा उभिएको यस कथामा धनेकी आमाले भोग्न परेको आर्थिक सामाजिक उत्पीडन सामन्तवादी संस्कृतिको परिणाम हो । समाजमा प्रभुत्व जमाएर बसेको रामसिंह जस्ताको प्रतिवाद गर्न सक्ने क्षमता तत्कालीन समयमा सर्वसाधारणसँग नहुनु नै प्रभुत्वशाली संस्कृति बलियो हुनु हो भने अधीनस्थ पिँढी झनै दबिनु हो । अधीनस्थ पिँढीले सामन्ती संस्कृतिको विरोध गर्न नसकी आफ्नै भाग्यलाई दोष दिने गरेका छन् । धनेले बुझेर वा नबुझेर नै रामसिंहजस्ता प्रभुत्वशाली सामन्तीका विरुद्ध आवाज उठाउने चेष्टा गरेको छ । उसको त्यस्तो दुस्साहसलाई रामसिंहको एउटा ठुलो डाँकोले रोकिदिएको छ । "सबै बाखा लगेर हामीले के खाने नि ? त्यसो हुँदैन' धनेले इन्कार गऱ्यो ।' 'बाठो भएर नबोल्, तेरा दाँत गिजैसँग झारिदिउँला' रामसिंह गर्ज्यो । सबै मैले भनेजस्तो गर्नु  नत्र नराम्रो होला' भन्दै रामसिंह फिऱ्यो ('डोकाको मोल', पृ. ८३) ।" यसरी प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीमाथि साम, दाम, दण्ड, भेदजस्ता नीति प्रयोग गरी आफ्नो नियन्त्रणमा राख्ने गरेको सामाजिक अवस्थालाई प्रस्तुत कथामा देखाइएको छ ।

आर्थिक दृष्टिले तत्कालीन समाजमा प्रभुत्वशाली सामन्त वर्गको प्रतिनिधित्व गर्ने पात्र रामसिंह हो भने सामन्त पिँढीबाट शोषणको चपेटामा पर्ने वर्ग धनेकी आमा तथा परिवार हो । धनेले प्रभुत्वशाली पिँढीका विरुद्ध आवाज उठाउन खोजे पनि त्यो आवाज कतै हावामै हराउन पुगेजस्तो भएको छ । अधीनस्थ पिँढीले प्रभुत्वशाली पिँढीको संस्कृतिलाई चुपचाप स्वीकार्नु बाहेक अर्को बिकल्प देख्दैन र आफ्नो भाग्यलाई सरापेर बस्छ । यस कथामा पनि धनेकी आमाले रोएरै

आफूलाई सम्हालेकी छे : "आमा भक्कानिएर रोइन् । धनेले पनि धेरै मर्म बुझ्यो ('डोकाको मोल', पृ. ८३) ।" यसरी अधीनस्थ पिँढीले चुपचाप लागेर प्रभुत्वशाली पिँढीको संस्कृतिलाई स्वीकार गर्ने तत्कालीन सामाजिक अवस्थालाई भण्डारीले कथामा प्रस्तुत गरेका छन् ।

प्रस्तुत कथाले अधीनस्थ गरिब किसानको परिवारले प्रभुत्वशाली संस्कृतिलाई स्वीकार गरी आँसु झारेर बाँच्न विवश हुनुपर्ने तत्कालीन समाजको अवस्था देखाएको छ । सामन्ती रामसिंहको गोठालो बसेर धनेको पुस्तौँले जीवन कटाएको र धनेले पनि जीवनको बिस वसन्त पार गरिसकेको हुन्छ । उसकी बहिनी पनि पन्ध्र वर्षकी भइसकेकी हुन्छे । धनेले रामसिंहकै मुखबाट कहिलेकाहिँ देशका विभिन्न भुभागमा धनीहरू लुटिएका, पिटिएका र लखेटिएका समाचार सुन्न थाल्छ । धनेले रामसिंहजस्ता धनी लुटिनुका कारण गरिबमाथिको शोषण नै होला भन्ने सोच्छ र रामसिंह पनि लुटिए उचित हुने कुरा सोच्छ । यसरी उसमा प्रभुत्वशाली पिँढीका विरुद्ध प्रतिरोधको भावना विकास हुन थाल्छ । रामसिंहलाई लुट्नका लागि गाउँमा धेरै अधीनस्थ पिँढीका गरिब किसानहरू रहेका छन् भन्ने सम्झन्छ ।

प्रभुत्वशाली पिँढीप्रति विद्रोहको चेतना विकास हुँदै जाँदा धनेले रामसिंहको घरको हली बस्न छोडेर विदेश जाने विचार गर्छ । विदेश गएर पैसा कमाएर ल्याई रामसिंहको ऋण तिरेर स्वतन्त्र जीवन बिताउने कुरालाई कथामा यसरी देखाइएको छ :

> धनेले आमासँग कुरा गऱ्यो । रामसिंहको नुन तेल ल्याउने बहानामा धरान गएपछि नफिर्ने र एकैचोटि थुप्रै पैसा ल्याएर रामसिंहको कर्जा तिर्ने, आफू पनि स्वतन्त्र गरिखाने । आमाले टाउको हल्लाइन्-धनेलाई जिउ धेरै हलुका भएजस्तो लाग्यो । ('डोकाको मोल', पृ. ८५)

उदीयमान वैकल्पिक संस्कृतिको झिल्को बोकेर बजार जाँदै गरेको धनेले बाटोमा अर्का एकजना भरिया भेट्छ । राती जङ्गलको गोठमा बास बस्न पुगेका उनीहरूका बिच कुरा हुँदा भेटिएको भरिया त भरिया नभएर उदीयमान वैकल्पिक पिँढी र संस्कृतिको खोजीमा हिँडेको क्रान्तिकारी विचारधारा बोक्ने कार्यकर्ता हुन्छ । उनीहरूका बिच यथार्थ परिचय भएपछि क्रान्तिकारी कार्यकर्ताको विद्रोही विचार सुनेर धने विदेसिने भन्दा पनि गाउँ फर्केर सामन्ती रामसिंहसँग विद्रोह गर्न तम्सिन्छ । उसलाई क्रान्तिकारी विद्रोही कार्यकर्ताले रामसिंहको सामन्ती चङ्गुलबाट सोझा गाउँले र किसानलाई मुक्त पार्ने अभियानमा लाग्न आग्रह गर्छ । उसले गाउँलेले क्रान्ति अझै नबुझेको कुरा गर्दै सम्झाउन आग्रह गर्छ र भन्छ :

> हो, अझै बुझेका छैनन्, तर नबुझे पनि दुःख त पाइराखेका छन् नि ! त्यसैले बुझ्नेहरूले गएर बुझाउनुपर्दछ, मुख्य फटाहा कुन हो ? व्यवहारमा ठम्याएर त्यसको

> विरोधमा सबै धुरिनुपर्दछ । हो यो काम त्यति सजिलो छैन तर जहिलेसम्म यो काम गर्न सक्दैनौँ हाम्रा सन्तान सप्रने छैनन् । ('डोकाको मोल', पृ. ८८)

धनेको मनमा उदीयमान वैकल्पिक संस्कृति निर्माणको बीउ रोपेर क्रान्तिकारी कार्यकर्ता आफ्नो बाटो लागेपछि धने गाउँ फर्किन्छ । गाउँमा प्रभुत्वशाली पिँढीबाट भएको शोषण र दमनको भण्डाफोर गर्दछ । गरिब किसान र शोषित, पीडितलाई एकजुट बनाउँछ र रामसिंहको घरमा आक्रमण गर्दछ । धनेको नेतृत्वमा रामसिंहको घरमा भेला भएका शोषित पीडितहरूका बिच धनेले भन्दछ :

> साथी हो ! खबरदार, यहाँ घरबाट कोही बाहिर जान नपाओस्, त्यसका लागि हामीले मजबुद घेराबन्दी गर्नुपर्दछ । आज हामी यो प्रधानपञ्च रामसिंहकोमा कैयौँ पुस्तादेखिको ऋण चुक्ता बुझाउन आएका छौँ । हामीले सयौँ वर्षसम्म ब्याजको स्याज बुझाउँदा पनि, सारा जीवन उसकै सेवा टहलमा बिताउँदा पनि अझै हाम्रै थाप्लामा बाँकी रहेको यसले दाबी गर्दैछ । यसको आज फैसला हुन्छ, यो सरासर अन्याय हो, यस्तो अन्यायको जरा नकेलाएसम्म र यस्ता सूदखोर फटाहाको थान्को नलाएसम्म यस्ताले हामीलाई अलिकति पनि पलाउन र मौलाउन दिने छैनन् । यसका तमाम बाक्सा र कन्तुर फोरेर सारा जाली कीर्ते कागजहरू र अरु सबै गरिबका तमसुकहरू च्यातेर जलाइदिऊँ र यसको पनि अन्त्य गरौँ । यो आजको काम हो । ('डोकाको मोल', पृ. ९०)

धनेको नेतृत्वमा प्रभुत्वशाली पिँढी रामसिंहको घरमा जम्मा भएका सबै अधीनस्थ पिँढीका गरिब सोझा किसानहरू थिए । उनीहरू प्रभुत्वशाली संस्कृतिको विरोध गर्दै उदीयमान वैकल्पिक संस्कृतिको निर्माण गर्न चाहन्थे । उनीहरूले प्रभुत्वशाली संस्कृतिको विरोध गर्न सुरु गरेका थिए तर सङ्घर्षलाई मूर्त रूप दिन सकेका थिएनन् । उनीहरूले रामसिंहसँग भएका कागजपत्र, तमसुक र लिखतहरू जलाइदिएका थिए तर रामसिंहको ज्यान लिएका थिएनन् । परिणाम रामसिंहले प्रभुत्वशाली सामन्ती संस्कृतिका संरक्षक तत्कालीन शासनसत्ताको साथ र सहयोग प्राप्त गर्दछ । उसको सहयोग गर्न गाउँमा पुगेको प्रहरीले गाउँलेमाथि दमन सुरु गर्दछ । छोरीचेली र नारी जातिमाथि अत्याचार गर्दछ । कयौँ गाउँलेलाई पक्राउ गर्ने र दमन गर्ने अभियान गाउँमा चल्दछ । रामसिंहको प्रभुत्वशाली संस्कृतिसँग डराएका गाउँलेहरू रामसिंहको शोषण र दमनलाई स्वीकार गर्न थाल्दछन् । उनीहरूको मनबाट उदीयमान वैकल्पिक संस्कृतिको चाहना मरेर जान्छ । उनीहरू आफ्नो जीवनलाई भगवान्ले यस्तै रूपमा दिएको र यसरी नै बाँच्नुपर्ने कुरालाई स्वीकार गर्छन् ।

उनीहरू आफूलाई अधीनस्थ पिँढीकै रूपमा स्वीकार गर्दै प्रभुत्वशाली संस्कृतिको एक अङ्गका रूपमा स्वीकार गर्दछन् । यस कुरालाई कथामा यसरी देखाइएको छ :

> ... यसबिचमा सामान्य कामबाहेक विशेष काम गर्न धेरै कठिनाइ पऱ्यो । फेला परेकाहरूले घोर यातना भोग्नुपरेको सुनेर समर्थक जनता त्यसै मुर्झाउन थाले । कार्यकर्ताहरू असुरक्षाको त्रासले चाउरिए । गाउँका स्वास्नीमान्छेहरूमाथि पनि प्रहरीले जघन्य अत्याचार र बलात्कार गरे । ... कार्यकर्ता लाचार भए, आत्मसमर्पणको लहर चल्यो । ... आखिर जनताले उसैको शरणमा जानुपर्ने परिस्थिति आयो । नत्र सुरक्षा थिएन । धनेको कुरा मान्न कोही तयार थिएन । भूमिगत भएका ५/७ जना र अरू १०/१५ जनाबाहेक अब गाउँमा उसको पक्षमा बाहिर कोही देखिँदैनथ्यो । ('डोकाको मोल', पृ. ९१)

धनेको नेतृत्वमा सामन्त रामसिंहको घरमा भएको कारबाहीको कार्यले गाउँमा झनै त्रासदीपूर्ण अवस्था आए पनि उदीयमान वैकल्पिक संस्कृतिको खोजी गर्ने पिँढीको निर्माण तत्कालीन समाजमा भएको देखिन्छ । धनेलाई साथ दिन भूमिगत भएका केहीले उदीयमान वैकल्पिक पिँढीको नेतृत्व गरेको देखिन्छ । उनीहरू प्रभुत्वशाली संस्कृतिको विरोध गर्दै उदीयमान संस्कृतिको निर्माणमा लागेको देखिन्छ । अधीनस्थ पिँढीलाई प्रभुत्वशाली पिँढीले जहिले पनि आफ्नो प्रभुत्वशाली संस्कृतिभित्र राख्न चाहन्छ भन्ने रेमन्ड विलियम्सको मान्यतालाई रामसिंहले गरेको व्यवहारले पुष्टि गर्दछ ।

प्रभुत्वशाली सामन्ती संस्कृतिलाई भत्काउन उदीयमान पिँढीले निरन्तर सङ्घर्ष गर्नु जरूरी हुन्छ । प्रभुत्वशाली पिँढी र उदीयमान वैकल्पिक पिँढीका बिच हुने द्वन्द्वले जहिले पनि अधीनस्थ पिँढीलाई चपेटामा पारिरहेको हुन्छ । अधीनस्थ पिँढीको आफ्नो स्पष्ट दृष्टिकोण नहुने हुँदा यो पिँढी प्रभुत्वशाली पिँढी र उदीयमान पिँढीका बिच तानातानमा पर्दछ । जसले गर्दा यस्तो अवस्थामा अधीनस्थ पिँढी झनै पीडित बन्न पुग्दछ । यस कथामा धनेको नेतृत्वमा निर्माण भएको उदीयमान पिँढीले केही समय अधीनस्थ पिँढीको साथ पाए पनि फेरि एक्लिन पुगेको छ । प्रभुत्वशाली संस्कृतिको दबाबमा परेको अधीनस्थ पिँढीले वैकल्पिक संस्कृतिको चाहना राखे पनि प्रभुत्वशाली संस्कृतिलाई नै स्वीकार गर्न बाध्य भएको छ । समाजको यस्तो अवस्थालाई नजिकबाट नियालिरहेको उदीयमान पिँढीले अब प्रभुत्वशाली पिँढीको जरो नै उखेल्नुपर्ने महसुस गर्छ र रामसिंहको हत्या गर्छ । यसलाई कथामा यसरी देखाइएको छ :

> एक दिन राती रामसिंहको घरमा छापामार गुरिल्लाहरूले अचानक हमला गरे र उसमाथि जनताको तीव्र वर्गघृणा ओकले । उसको शरीर अनेक चोक्टाचोक्टामा

टुक्रियो । कालो आकाश फाट्ने गरी र धरती नै चर्चराउने गरी गुञ्जियो, 'सामन्तवाद-मुर्दावाद, विश्वका श्रमजीवी हो-एक होऔँ ‼ ...यस घटनाले जनतामा सनसनी फैलाइदियो । मोही बनाउँदा मदानीले तुरुन्त अर्कोतिर प्रवाह घुमाएझैँ एकैपटक जनताको चिन्तन र चेतनामा अर्को मोड लगायो । रामसिंहसँग शरण माग्न दौडिएका जनता टक्क उभिएर विचार गर्न लागे । ('डोकाको मोल', पृ. ९२)

प्रभुत्वशाली संस्कृतिको केन्द्रमा रहेको सामन्त रामसिंहको हत्या हुनु भनेको प्रभुत्वशाली संस्कृतिको अन्त्य र उदीयमान वैकल्पिक संस्कृतिको स्थापना हो । अधीनस्थ पिँढीको झुकाव भने जहिले पनि प्रभुत्वशाली संस्कृतितिर नै बढी देखिन्छ । उनीहरूको आफ्नो संस्कृति हुँदैन । उनीहरूमा वैकल्पिक संस्कृति निर्माणका लागि आवश्यक चेतना र क्षमता पनि कम देखिन्छ । उनीहरू वैकल्पिक संस्कृति निर्माणका लागि तत्काल उभिन खोजे पनि कमजोर देखिन्छन् । यस कथामा प्रभुत्वशाली संस्कृतिको विरोधमा उदीयमान वैकल्पिक पिँढीसँग तत्काल उभिए पनि पुनः प्रभुत्वशाली पिँढीकै शरणमा पुगेका अधीनस्थ पिँढी धनेको नेतृत्वमा रामसिंहको हत्या भएपछि उदीयमान वैकल्पिक संस्कृतिको खोजीमा नै लागेको देखिन्छ । यस्ता कयौँ सामन्ती वर्गमाथि कारबाही गरी समाजबाट प्रभुत्वशाली पिँढीको संस्कृतिलाई कमजोर बनाउँदै लगी उदीयमान वैकल्पिक संस्कृति निर्माणका लागि निर्णायक आन्दोलन भएको कुरा कथामा देखाइएको छ । यसरी देश र समाजका प्रभुत्वशाली पिँढी र संस्कृतिको अन्त्य र उदीयमान वैकल्पिक संस्कृतिको निर्माण भएको कुरा कथामा प्रस्तुत गरिएको छ ।

तत्कालीन सामाजिक परिवेशमा प्रभुत्वशाली पिँढीको संस्कृतिले जरा गाडेको कुरालाई कथाले व्यक्त गरेको छ । प्रभुत्वशाली सामन्ती संस्कृतिका कारण अधीनस्थ जीवन बाँचेका जनतामा निराशा उत्पन्न भएको देखाइएको छ । प्रभुत्वशाली पिँढीले सिर्जना गरेको दबाबजन्य अनुभूतिले वैकल्पिक संस्कृतिको खोजीमा अधीनस्थ पिँढी नै लागेको पनि कथामा देखाइएको छ । उदीयमान विचार बोकी वैकल्पिक संस्कृतिको निर्माणमा लागेको धनेजस्तो पात्रले समाजबाट प्रभुत्वशाली पिँढीको संस्कृतिलाई कमजोर पार्दै देशव्यापी अभियान सञ्चालन गरेको छ । प्रभुत्वशाली सामन्ती संस्कृतिको विरोधको जगमा तयार भएको उदीयमान वैकल्पिक विचारले देशमा प्रभुत्वशाली पिँढीका विरुद्ध आन्दोलनको वातावरण निर्माण गरी उदीयमान वैकल्पिक संस्कृतिको स्थापना भएको कुरा यस कथामा देखाइएको छ ।

मदन भण्डारीले लेखेको अर्को कथा 'कुराकानी' हो । यस कथामा उनले तत्कालीन नेपालको प्रभुत्वशाली सामन्ती व्यवस्थाका कारण जन्मभूमि छोडेर विदेसिन बाध्य अधीनस्थ गरिबको अवस्थालाई देखाएका छन् । कथामा दुई पात्र रहेका छन् । 'म' पात्र र ऊ पात्रका बिचको

कुराकानीलाई आधार बनाउँदै कथाको शीर्षक नै 'कुराकानी' राखेको देखिन्छ । तत्कालीन नेपाली समाजमा पञ्चायतकालीन शासन व्यवस्था रहेको देखिन्छ । उक्त शासन व्यवस्थालाई प्रभुत्वशाली संस्कृति निर्माणको कारक मानिएको छ । तत्कालीन समयमा प्रभुत्वशाली पिँढीले निर्माण गरेको सामन्ती संस्कृतिका कारण आफ्नो गाउँघर र समाज छोडेर धेरै नेपाली भारतको भूमिमा पुगेको पाइन्छ । 'म' पात्रले नेपालको केन्द्रीय शासनसत्ताको प्रभुत्वशाली संस्कृतिका कारण देश छोडेको देखिन्छ । उसलाई आफ्नो जन्मभूमि र नेपालको असाध्यै माया रहेको देखाइएको छ । उदीयमान विचार राख्ने क्रान्तिकारी भावनाका 'म' पात्र जस्ता व्यक्तिहरू प्रभुत्वशाली पिँढीको शोषणयुक्त संस्कृतिको दबाबमा देश छोडेर भारत पसेको देखिन्छ । उसमा देशको परिवर्तन हुनुपर्छ र अधीनस्थ पिँढीले प्रभुत्वशाली पिँढीबाट मुक्ति पाउनुपर्छ भन्ने उदीयमान वैकल्पिक संस्कृतिको निर्माणको चाहना देखिन्छ । उसले भारतको भूमिमा हिँड्दाहिँड्दै नेपालबाट प्रभुत्वशाली पिँढीका कारण लखेटिएको माग्ने अवस्थाको युवालाई भेट्छ । उसले भेटेको युवाको अधीनस्थतालाई कथामा यसरी देखाइएको छ :

> आफू गुज्रिएकै बाटोमा बिजुलीको खम्बाको आडमा अडिएर पत्रैपत्र भएर उक्किदै झर्दै गरेको जडाउरी तीन बाक्सी मैलो आङमा कटकटिएर चिथ्रा च्याफ्रा भएको रजाइको छेउमा दुइटा काठका बनावटी खुट्टा सुताएको जतातत‌ैबाट च्यातिएर कुच्चिएर हेरिनसक्नु भएको हलुङ्गेको कटौरा हातमा लिएको एउटा भिखारी लगातार मलाई लक्ष्य गरेर नेपाली भाषामै क्यै भन्दै थियो । ('कुराकानी', पृ.७४)

गरिबीकै कारण भारतको भूमिमा माग्न बसेको एक दयनीय नेपाली भिखारीलाई 'म' पात्रले भेटेपछि व्यक्त उपर्युक्त शब्ददृश्यले अधीनस्थताको अवस्थालाई उजागर गरेको छ । विभिन्न कारणले बनेका भिखारी धेरै भेटिन्छन् तर 'म' पात्रले भेटेको भिखारीले विदेशको भूमिमा नेपाली भाषाको प्रयोग गरेर मागिरहेको थियो । जसले उसको मनमा प्रभाव पारेको देखिन्छ । तनावजन्य अनुभूति सिर्जना गर्ने कारक तत्त्वका रूपमा देखा परेको उक्त भिखारीले केकस्ता कारणले विदेशको भूमिमा माग्न बाध्य भयो भनेर बुझ्ने मनसाय 'म' पात्रले राखेको पनि देखिन्छ । यसरी विदेशी भूमिको प्रयोग गरेर एउटा नेपालीले माग्नु नेपालीकै गौरव र स्वाभिमानमा चोट पुग्ने विषय हो । यस्तो अवस्थामा एउटा नेपाली पुग्नु अर्को स्वाभिमानी नेपालीलाई कदापि सहज हुँदैन । तसर्थ 'म' पात्रले उक्त भिखारीसँग उसको विगत खोतल्न लागेको देखिन्छ । भिखारीले पैसा माग्दामाग्दै पनि म पात्रले खानेकुरा किनिदिन्छ । यस क्रममा भिखारीले आफू नेपालमै जन्मेको र प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिका कारण विदेशिन बाध्य भएको कुरा सुनाउँछ । भिखारीले आफ्नो विगात बताउने क्रममा प्रभुत्वशाली संस्कृतिद्वारा च्यापिएको नेपालको अधीनस्थ वर्गको दुःखद् दृश्य उजागर गर्छ । यसरी उजागर गर्ने क्रममा ऊ भन्छ :

नेपाली साहु महाजनहरूका काखमा निर्धा निमुखा घरानाबाट जन्मिएका सिधासाधा दुनियाँको बारेमा प्रायशः तपाइँहरू अनुमान लाउन सक्नु नै हुन्छ, तैपनि मेरो अनुभव हिँडिसकेको बाटो हो । म जान्ने सम्झने हुँदा मेरा बाबुआमा झोरा झाँसी अनकण्टार घारीभित्र दिनभरि कोदालो र खुर्पा झम्पल इत्यादि लिएर खत्र्याङ्ग खुत्रुङ्ग सल्र्याङ्ग सुर्लुङ्ग गरी नै रहन्थे । एउटा ढुङ्गाको आडमा तिते छहारी भेला हुने छाउनी बनाइएको थियो । ('कुराकानी', पृ. ७६)

नेपालका गरिब किसान अधीनस्थ वर्गको अवस्थाको चित्रण गर्दै भिखारी पात्रले आफ्नो विगत बताउँछ । नेपाली समाजमा प्रभुत्वशाली पिँढीका रूपमा रहेका साहु महाजनद्वारा गरिबले कुटो कोदालोले जङ्गल खोस्री खेतीयोग्य जमिन बनाए पनि त्यस्ता जग्गामा खेती गर्न नदिने प्रभुत्वशाली संस्कृतिको निर्माण गरिएको देखिन्छ । जुन प्रभुत्वशाली संस्कृतिका कारण गरिब निमुखा अधीनस्थ पिँढीले जीवन धान्न नसकेको र विकल्पको खोजी हुन थालेको कुरालाई कथामा अभिव्यक्त गरिएको छ । यसलाई भिखारीले यसरी व्यक्त गरेको छ :

जब यहाँ बसेर कति मिहिनेतले पनि आफ्नो जिउको अलेली जीविकासम्म पनि हुन सक्दैन भने झाँसीका कुँडाकरकट मात्र पन्छाएर किन बसिरहने ? दुनियाँभित्र अरु पनि कतै बाँच्न सक्ने उपायहरू होलान् नि ! खाली एउटै बाटोमा मात्र लहकिन आफ्ना भावी सन्तानहरूसम्म भुत्ते बनाउने । अरु अरु बाटाहरू पनि देखेँ भने कहीँ आफ्नो जीवन सुधार्न सक्थेँ होला कि ! ('कुराकानी', पृ.७७)

प्रभुत्वशाली पिँढीको संस्कृतिको दबाबमा परेको अधीनस्थ पिँढीले वैकल्पिक संस्कृतिको चाहना राख्नु स्वाभाविक भए पनि प्रभुत्वशाली संस्कृतिको चङ्गुलबाट निस्कन सजिलो हुँदैन । उक्त भिखारीको परिवारमा आर्थिक विपन्नताले जरो गाडेको देखिन्छ । जङ्गली कन्दमुल र गिट्ठा भ्याकुर खाएर जीवन धान्नुपर्ने अवस्थामा रहेका उनीहरूले अब जीवन यसरी चल्दैन भन्ने महसुस गरेको देखिन्छ तर जङ्गलको कुनो छोडेर बाहिरी संसार नदेखेका उनीहरूले जीवन धान्नका लागि अर्को पनि विकल्प हुन्छ भन्ने कुरा पहिल्याउन सकेका छैनन् । त्यसमाथि आफूहरूले खनीखोस्री खेतीयोग्य बनाएको जमिन पनि ठुले साहुको हो रे भन्ने सुनेपछि उनीहरूमा बेचैनी सुरु भएको देखिन्छ । "त्यहाँ ठुले साहुका पैसा परी राखेका रहेछन् । के जान्नु छ र ! यहाँ पनि भनेर आमा धेरै गन्थन गर्नुहुन्थ्यो" ('कुराकानी', पृ. ७७) भन्ने भनाइले अधीनस्थ पिँढीले खनजोत गर्न तयार पारेको जग्गामाथि प्रभुत्वशाली पिँढीका प्रतिनिधि ठुले साहुले आँखा लगाएको प्रस्ट देखिन्छ । अधीनस्थ पिँढीले प्रभुत्वशाली पिँढीको संस्कृतिलाई स्वीकार गरेर बस्छ । वैकल्पिक संस्कृतिको खोजी गर्न खोजे पनि उनीहरूमा विद्रोह गर्ने आँट एकदमै कम हुन्छ । यो पिँढीले अधीनस्थतालाई

आफ्नो कर्म र भाग्यको खेल सम्झी स्वीकार गर्दछ । यसैको परिणाम यस कथामा भिखारी युवकका बुबाले "बाँचुन्जेल अल्छी भएर बस्नु राम्रो हुँदैन ... दुःखसुख सहेर बरु अकालमै भए पनि मर्न सिक्नु अलि राम्रो हो । हामी यही माटोमा यही गुफा कन्दरामा जन्मियौँ । जन्मिँदैदेखिका साथी यी कुटा कोदालीले हाम्रो साथ छाडेका छैनन् । यसैले हातपाउ चलुन्जेल यसै धर्तीमा खोस्रिएर रहन सक्ने व्यवस्था बनाउन सक्नुपर्दछ ।" ('कुराकानी', पृ. ७७) भन्ने अधीनस्थतालाई स्वीकार गर्ने विचार व्यक्त गर्छन् । यसरी प्रभुत्वशाली पिँढीको प्रभुत्वलाई स्वीकार गर्ने अधीनस्थ पिँढीको सोचले उनीहरूको जीवनयापन सदा कष्टकर बनिरहने देखिन्छ । यसले वैकल्पिक संस्कृतिको निर्माण हुन सक्दैन भने समाजमा प्रभुत्वशाली संस्कृति झनै बलियो बनेर बस्ने देखिन्छ । अधीनस्थ पिँढीले आफूलाई प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिको जालोमा छु भन्ने महसुस नगरेसम्म वैकल्पिक पिँढीको निर्माणका लागि बाटो निर्माण हुन गाह्रो हुन्छ । यस कथामा पनि भिखारीको परिवारले आफूहरू प्रभुत्वशाली पिँढीको चङ्गुलमा रहेको कुरा बुझेको छैन । परिणामतः तत्कालीन समाजमा वैकल्पिक संस्कृति निर्माणका लागि प्रभुत्वशाली पिँढीले बनाएको संस्कृतिसँग सङ्घर्ष गर्नबाट अधीनस्थ पिँढी पछि हटेको देखिन्छ । प्रभुत्वशाली संस्कृतिको आडमा उनीहरूले तयार पारेको बारीमाथि प्रभुत्वशाली सामन्ती पिँढीले कब्जा जमाउँछ । यसलाई कथामा यसरी देखाइएको छ :

> समय बित्दै जाँदा म पनि बाबुआमालाई सहायता दिन जान सक्ने भएँ । हाम्रो राम्रो प्रयासको परिणामस्वरूप त्यहाँबाट केही उब्जिन थालेपछि बिहान बेलुकाको पिउने कुरा अलि बाक्लिँदै गयो । बनैया जत्नुसिवाय जान डराउने ठाउँमा पनि पछिपछि राम्रो बारी हुन सक्यो । सुकुलगुण्डाहरूसम्म पुसमा छाता ओढेर बारीमा घुम्न थाले । सायद त्यस्तो घारी पनि बारीमा परिणत भएको खुसी हामीलाई जस्तै अरु सबैलाई लागेर होला । तर त्यस्ता दिन त्यति धेरै बित्न पाएकै थिएनन् होला, आमाको शङ्का कालो भएर साम्ने आयो । वर्षौं अगाडिका दर्तापुर्जाहरू लिएर गाउँकै महाजन देखापरे, जसका लागि या त हामीले कुतनामा कबोल गरिदिनुपर्‍यो, नत्र जमिन नै खाल्सा गरिदिनु । ('कुराकानी', पृ. ७७)

अधीनस्थ पिँढीले आफूले जेजति राम्रा काम गरेपनि प्रभुत्वशाली पिँढीको सामन्तवादी संस्कृतिको सिकार हुनैपर्ने बाध्यात्मक अवस्था तत्कालीन समाजमा रहेको देखिन्छ । यसको कुनै न कुनै स्वरूप आजको समाजमा पनि रहेकै छ तर आजको समाजमा उदीयमान पिँढीको निर्माण पनि त्यति नै छिटो भइरहेको पाइन्छ । भिखारी पात्रको पारिवारिक पृष्ठभूमिभित्र प्रभुत्वशाली संस्कृतिको प्रभुत्व बलियोसँग उभिएको देखिन्छ । त्यसको प्रतिवाद गर्न खोज्ने भिखारी पात्रका बुबामाथि मुद्दामामिला, कुटपिट र धम्कीका अवस्था सिर्जना हुनु प्रभुत्वशाली सामन्ती संस्कृतिको

वर्ग देशमै बलियो भएर बसेको देखिनु हो । प्रभुत्वशाली सामन्ती वर्गकै संरक्षणमा राजा र राज्य सञ्चालक हुनु अधीनस्थ पिँढीमाथि निरन्तर दबाब कायम राख्नु र नयाँ संस्कृतिको बिजारोपण हुन नदिनु हो । प्रभुत्वशाली पिँढीकै संरक्षकका रूपमा आउने प्रहरी प्रशासनका मान्छेले भिखारी पात्रको छाप्रार गोठतिर भएका बाखापाठा तथा कुखुरा खाएर रित्तो बनाइदिनु अधीनस्थ पिँढीलाई वैकल्पिक शक्ति आर्जनका लागि सोच्नै नदिनु हो । तत्कालीन समाजमा ठुले साहुजस्ता सामन्तवादी चरित्रका व्यक्तिहरूले निर्माण गरेको संस्कृति भनेकै अधीनस्थ पिँढीमाथि शोषण र थिचोमिचो गर्नु हो । यस कथामा पनि भिखारी पात्रको परिवारमाथि प्रभुत्वशाली पिँढीको प्रतिनिधि पात्र महाजनले शोषण, थिचोमिचो र लुटपाट मच्चाउनु अनि प्रहरी प्रशासन आएर पनि भिखारी पात्रकै घरका कुखुरा बाखा तथा अन्नबाली सकिदिनु अधीनस्थ पिँढीमाथि प्रभुत्वशाली पिँढीले निर्माण गरेको सामन्ती संस्कृतिकै निरन्तरता हो । गरिब किसानले खनजोत गर्न लायक नबनाउञ्जेल चुपचाप बस्ने सामन्त महाजन जब मान्छे जान पनि डराउने ठाउँलाई खेतीयोग्य जमिनका रूपमा राम्रो बनाइन्छ तब मेरो जग्गा हो भन्दै कुत माग्न जान्छ । यदि कुत नदिने हो भने जग्गा नै छोड्नुपर्ने उर्दी लगाउँछ । गरिब किसानले प्रतिवाद गर्न खोज्दा गुन्डाको प्रयोग गरेर गरिबको आवाज थिचोमिचो गर्छ । प्रहरी प्रशासन ल्याएर गरिबको हुर्मत लिन्छ । यसरी यस कथामा प्रभुत्वशाली सामन्ती संस्कृतिले अधीनस्थ पिँढीमाथि गरेको ज्यादतीलाई देखाइएको छ । यसले शोषणजन्य अनुभूतिको संरचना निर्माण गरेको छ ।

प्रस्तुत कथामा अधीनस्थ पिँढीले प्रभुत्वशाली पिँढीसँग सङ्घर्ष गर्न नसकेको देखाइएको छ । तत्कालीन समाजमा उदीयमान वैकल्पिक पिँढीको अभावमा प्रभुत्वशाली पिँढीको रजगज चलेको देखाइएको छ । प्रभुत्वशाली पिँढीले आफूमाथि अन्याय गरेको आरोप लगाउँदै भिखारी युवकका बुबा अदालतसम्म जाँदा आफ्नो पक्षमा फैसला नभई सामन्ती संस्कृतिकै पक्षमा फैसला हुन्छ । त्यसको केही समयपछि नै भिखारी युवकका बुबा बेपत्ता हुन्छन् । समाजका साहु महाजनले उसलाई गाउँ छोडेर हिँडेको आरोप लगाउँछन् । साहुकै भारी बोक्न सहर हिँडेको भिखारी युवक लाहुर जाने सपना देखेर गाउँकै साथीहरूसँग लागी भारतीय भूमिमा प्रवेश गर्छ । भारतीय फौजमा भर्ती पनि हुन्छ । लडाइँमा पर्छ र एउटा हात तथा एउटा खुट्टा गुमाई फौजबाट लखेटिन्छ :

> ... तर पनि समय केही हलुकैसँग जाँदै थियो । विदेसिन त अवस्थाले नै घचेटिएको थिएँ । यस्तैमा यतातिर युद्धको विशेष खुलदुली चल्यो । आफ्नो भन्ने चिजमा सबैको विशेष ममता हुन्छ । यसैले गोर्खा पल्टनको रगतले पहिला सङ्ग्राम भूमिको 'सिमे भूमे' भयो । ... सबभन्दा पहिले हाम्रै जत्था थियो । पहिलै पालाको आहुतिमा जीवनबाट हात धोइसकेका नेपाली जवानहरूको सम्झनामा कतिकति नेपाली

चेलीहरू सिउँदोको सिन्दुर पुछेर नुनिला आँसुमा जीवन मुछेर अर्धमृत अवस्थामा बिताउन बाध्य भएका नेपाल र प्रवासभरि नै हुन्दै होलान् । त्यसैभित्र दुश्मनका गोलीको ज्वालामा मेरो पनि एउटा हात र एउटा खुट्टाको पूर्णाहुति भयो । ...यसैले परदेशको मानमर्यादा बचाउन खुन बगाएको बदला मसहित मजस्ता हजारौँ नेपाली जवानहरूको फौजीबाट निकाला भयो । ('कुराकानी', पृ. ७९)

नेपालभित्रको प्रभुत्वशाली पिँढीको चङ्गुलबाट उम्किन विदेसिएका अधीनस्थ पिँढीले त्यहाँ पनि प्रभुत्वशाली पिँढीकै दमन र शोषणमा आफ्नो जीवन अर्पण गर्न बाध्य पारिएको देखिन्छ । नेपालको माया हुँदाहुँदै पनि दुई छाक टार्ने समस्याबाट जोगिन सग्लो जीवन लिएर विदेसिएको एउटा अधीनस्थ पिँढीको नेपालीले विदेशको भूमि बचाउनका लागि आफ्ना शारीरिक अङ्गलाई विदेशी भूमिमै अर्पण गर्न बाध्य भएको दुःखद् पक्षको अनुभूति यस कथामा भएको छ । प्रभुत्वशाली संस्कृतिको दमन र शोषणले सीमा नाघेपछि जन्मथलो छोडेर विदेसिने क्रम अहिलेको समाजमा पनि उत्तिकै छ । साहुको ऋण तिर्न वा जीवनलाई सहज बनाउन जेजस्ता कारणहरूले पनि नेपालीले विदेश जान बाध्य भएको अवस्था अहिलेको समाजमा पनि विद्यमान देखिन्छ । प्रभुत्वशाली संस्कृतिकै कारण अधीनस्थहरू आफ्नो कर्मभन्दा पनि भाग्यलाई दोष दिँदै जीवन धानिरहेका छन् । साहुको ऋणको भारी तिर्न नसक्दा घरबारी साहुलाई जिम्मा लगाइरहेका छन् । यसले यस कथामा देखाइएको पिँढी र प्रभुत्वको यथार्थतालाई समाजशास्त्रीय रूपमा पुष्टि गरेको छ ।

कथाकार मदन भण्डारीको 'कुराकानी' कथामा पिँढी र प्रभुत्वलाई प्रस्ट रूपमा देखाइएको छ । प्रभुत्वशाली पिँढीकै कारण एउटा हात र एउटा खुट्टा गुमाएको भिखारीले देश, गाउँ र परिवारलाई नै गुमाउन पुगेको छ भने आफ्नो स्वाभिमानी सोच, पहिचान र अस्तित्वलाई नै गुमाउन पुगेको छ । कथाले नेपाली समाजमा शोषक र सामन्ती संस्कृतिलाई बचाएर राख्ने प्रभुत्वशाली पिँढीले गरिब किसान नेपालीको अस्तित्व नै खतरामा पारेको, मानवीय गुण नै धरापमा पारेको विचार अभिव्यक्त गरेको छ । प्रभुत्वशाली सामन्ती संस्कृतिका विरुद्ध उदीयमान वैकल्पिक संस्कृतिको निर्माण हुनुपर्ने भए पनि त्यसो हुन नसकेको भाव कथाले बोकेको छ ।

समग्रमा मदन भण्डारीका कथाहरूले तत्कालीन समाजमा रहेका प्रभुत्वशाली सामन्ती संस्कृतिको अन्त्य र उदीयमान वैकल्पिक संस्कृति निर्माणको अपेक्षा गरेको छ । तत्कालीन समाजका यथार्थ वर्गीय अवस्थालाई देखाउँदै उनका कथाले प्रभुत्वशाली सामन्ती संस्कृतिका कारण सर्वसाधारण जनताले अधीनस्थ जीवन बाँच्न बाध्य हुनु परेको सामाजिक अवस्थालाई देखाएको छ । त्यस्तो प्रभुत्वशाली संस्कृतिको अन्त्यका लागि उदीयमान वैकल्पिक संस्कृतिको

खोजी हुनुपर्ने विचार पनि कथाले बोकेको छ । साथै आजको सामाजिक अवस्थामा समेत उनका कथाहरू उत्तिनै सान्दर्भिक रहेको देखिन्छ । जसले प्रभुत्वशाली सामन्ती संस्कृतिको अन्त्य र उदीयमान वैकल्पिक संस्कृतिको अपेक्षा गरेको छ ।

## २.३.४ मदन भण्डारीका नाटकमा पिँढी र प्रभुत्व

मदन भण्डारीले एउटा नाटक लेखेका छन् । उनको 'अर्जुनदृष्टि' शीर्षकको नाटकमा प्रभुत्वशाली पिँढी र अधीनस्थ पिँढीको पहिचान गर्दै उदीयमान वैकल्पिक पिँढीको खोजी गरिएको छ । नाटकमा पात्रहरूको उपस्थितिलाई कलात्मक ढङ्गले प्रयोग गरी पात्रकै मुखबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रभुत्वशाली पिँढीको पहिचान गरिएको छ । ती प्रभुत्वशाली पिँढीबाट देशलाई हुन सक्ने खतरा र जनताले पाउन सक्ने दुःखलाई समेत नाटकमा पात्रमार्फत् व्यक्त गरिएको छ । यदि प्रभुत्वशाली पिँढीलाई जनताले समयमै चिन्ने र उनीहरूबाट जोगिँदै उनीहरूको प्रभुत्वशाली संस्कृतिलाई कमजोर पार्ने हो भने समाजको विकास सम्भव छ भन्ने धारणा नाटकमा व्यक्त छ । नाटकमा प्रमुख पात्रका रूपमा द्रोणाचार्य रहेका छन् । जो कम्युनिस्ट विचारधारा बोक्ने शिक्षक हुन्छन् भने अन्य चार विद्यार्थी पात्रहरू रहेका छन् । उनीहरू आफूले बुझेको प्रभुत्वशाली पिँढी तथा तिनको संस्कृति र त्यसले अधीनस्थ पिँढीलाई पार्नसक्ने समस्याका बारेमा छलफलमा सहभागी भएका हुन्छन् । नाटकमा प्रभुत्वशाली पिँढीका रूपमा विदेशी अधिनायकवादी, साम्राज्यवादी शक्तिलाई देखाइएको छ । जुन अमूर्त नभई मूर्त छ भने त्यसैको आडमा नेपालमा पुँजीवादी शासन व्यवस्थालाई सञ्चालन गर्ने पिँढीलाई पनि प्रभुतवशाली पिँढीका रूपमा नै चित्रण गरिएको छ । उनीहरूका सामन्तवादी संस्कृतिलाई स्वीकार गर्ने नेपाली जनतालाई अधीनस्थ पिँढीका रूपमा सङ्केत गरिएको छ । नाटकमा पुँजीवादी सामन्ती संस्कृतिको विरोध गर्दै तत्कालीन नेपाली समाजमा फैलिँदै गरेको कम्युनिस्ट विचारलाई उदीयमान वैकल्पिक संस्कृतिका रूपमा चिनाइएको छ । यसलाई नाटकमा यसरी व्यक्त गरिएको छ :

> सामन्त वर्ग र दलाल नोकरशाही पुँजीपतिवर्गसँग नेपाली जनताको वर्गीय अन्तरविरोध नै वर्तमान नेपाली समाजको प्रधान अन्तरविरोध बनेको छ । यी दुवै प्रतिक्रियावादी वर्गहरूको संरक्षण र प्रतिनिधित्व गर्ने वर्तमान प्रतिक्रियावादीसत्तासँग जनताको अन्तरविरोध तीखो भएर प्रधान रूपमा यसको ठोस अभिव्यक्ति भएको छ । ('अर्जुनदृष्टि' पृ. ६८)

नाटकको पात्र चौथो छात्रले व्यक्त गरेको उपर्युक्त विचारले प्रभुत्वशाली पिँढीका रूपमा पुँजीपति वर्गलाई र सत्तामा बसेर जनतामाथि शासनको भार थोपर्ने वर्गलाई चित्रण गरेको छ । जनतामा अन्तरविरोधपूर्ण विचार प्रस्फुटन हुन थालेको भए पनि त्यो वैकल्पिक संस्कृतिका रूपमा

स्थापित भइसकेको छैन । नाटकमा प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिलाई पहिचान गरे पनि त्यसका विरुद्ध देखिनुपर्ने वैकल्पिक संस्कृति स्थापित भएको देखिँदैन । प्रभुत्वशाली सामन्ती संस्कृतिका विरुद्ध लड्नका लागि वैकल्पिक पिँढीको उदय भने हुन थालेको देखाइएको छ । यसलाई अझै स्पष्ट पार्न दिइएको नाटयांशलाई हेरौँ :

> ... हाम्रो देशमा यसको राजनीति, अर्थतन्त्र र संस्कृतिमा यद्यपि सामन्तवादको प्रभुत्व छ र स्वाभाविकै हो । त्यस्तो प्रभुत्वको अन्त्य गर्न सामन्तवादकै विरुद्ध बढ्ता सङ्घर्ष गर्नुपर्ने कुरा प्रस्टै छ । तर यो सत्ता सामन्ती सत्ता मात्र होइन, दलाल नोकरशाही पुँजीवादसमेत मिलेर बनेको प्रतिक्रियावादी सत्ता हो । त्यसो हुनाले दलाल नोकरशाही पुँजीवादका विरुद्ध पनि लड्नुपर्छ । ('अर्जुनदृष्टि' पृ. ६८-६९)

प्रस्तुत नाट्यांशले प्रभुत्वशाली पिँढी र त्यसबाट निर्मित संस्कृतिको पहिचान गरेको प्रस्ट पार्छ । पुँजीवाद नेपाली जनताको रगत पसिना चुस्ने संस्कृतिको जड भएकाले यसलाई जरैदेखि उखेलेर साम्यवाद निर्माण गर्नुपर्छ भन्ने विचार प्रस्तुत नाट्यांशमा देखिन्छ । यस्तो विचार बोक्ने कम्युनिस्टलाई उदीयमान वैकल्पिक पिँढीका रूपमा नाटकले चिनाएको छ । सामन्तवादी संस्कृतिको मूल जरो नेपालको शासनव्यवस्था हो । जुन व्यवस्थाले जनतालाई शोषण गर्ने र जनतामाथि ज्यादती गर्नेबाहेक केही गरेको छैन किनकि तत्कालीन समयमा शासकको प्रत्यक्ष शासनको फाइदा उनकै आसेपासे, शासक र तालुकदारहरूले उठाएको पाइन्छ । केन्द्रमा मुख्य शासक, उनका आसेपासे सरकार सञ्चालनमा, प्रधानपञ्चहरू गाउँगाउँमा बसेर जनतामाथि तहगत रूपमै शोषण र ज्यादती गरिरहेको कुरा नाटकमा गरिएको छ । उनीहरू अन्तर्राष्ट्रिय शक्तिको आडमा आफ्ना जनतामाथि शोषण र दमनको शृङ्खला सञ्चलन गरिरहेका छन् । तत्कालीन समाजमा देखिएको प्रभुत्वशाली सामन्ती संस्कृतिको अवशेष अहिलेको समाजमा पनि रहेकाले यस्ता नाटकीय दृश्यले अनुभूतिको संरचना निर्माण गरेको छ । जसले शोषित, पीडित जनताको मनमा उदीयमान वैकल्पिक संस्कृति निर्माणका लागि उत्प्रेरणाको काम गरेको देखिन्छ । नाटकका प्रमुख पात्र द्रोणाचार्य गुरुले चौथो छात्रलाई "विदेशी आक्रमण वा हस्तक्षेपको सम्भावनाबारे तिम्रो विचार के छ ?"('अर्जुनदृष्टि', पृ. ६९) भनी सोधेको प्रश्नले प्रभुत्वशाली पिँढी र उनीहरूद्वारा निर्मित संस्कृतिकै कारण अन्तर्राष्ट्रिय हस्तक्षेपको आशङ्का जन्माएको छ । प्रत्यक्ष वा परोक्ष रूपमा अन्तर्राष्ट्रिय प्रभुत्वको सिकार भएको नेपालका प्रभुत्वशाली सामन्ती पिँढीका कारण नेपाली जनता त जहिल्यै थिचोमिचो र शोषणको सिकार भएकै छन् अझै यी प्रभुत्वशाली पिँढीकै कारण अन्तर्राष्ट्रिय हस्तक्षेपको पनि उत्तिकै सम्भावना रहेको कुरा चौथो छात्रले नाटकमा यसरी व्यक्त गरेको देखिन्छ :

त्यो हुन सक्छ, त्यसको खतराको सम्भावना छँदैछ । त्यो विशेष गरेर भारतेली विस्तारवादबाट नै बढ्ता छ । त्यस्तो हुनु खाली भारतले तीनतिरबाट घेरेको हुनु, खुला सिमाना हुनु र कतिपय इतिहासका सम्बन्ध हुनुले मात्र होइन । बरु वर्तमान अवस्थामा समेत वैदेशिक पुँजी, व्यापार र आर्थिक क्षेत्रका अन्य कुराहरू तथा सांस्कृतिक क्षेत्रमा अरू विदेशी राष्ट्रहरूभन्दा भारतेली विस्तारवादको प्रभुत्व भएको हुनाले र दलाल नोकरशाही पुँजीवादी स्वार्थका विरुद्ध सङ्घर्ष सञ्चालन गर्दा भारतलाई नै बढ्ता चोट पर्ने हुनाले पनि भारतबाट विशेष खतराको सम्भावना भएको हो । त्यसैले आक्रमण गर्न सक्ने वैदेशिक प्रतिक्रियावादको जनतामा व्यापक भण्डाफोर गर्नुपर्छ । वर्तमान सत्तासँग मिलेर अहिले गरिरहेका राष्ट्रविरोधी तथा जनविरोधी कामहरूका विरुद्ध सङ्घर्ष गर्नुपर्छ । ('अर्जुनदृष्टि', पृ. ६९)

उल्लिखित नाट्यांशमा देशीविदेशी प्रभुत्वशाली पिँढीलाई चिनाउँदै राष्ट्र, राष्ट्रियता, जनजीविका तथा स्वाधीनताका लागि उदीयमान वैकल्पिक संस्कृति निर्माणका लागि अधीनस्थ पिँढीले आँट गर्नुपर्ने विचार प्रस्तुत भएको छ । नेपाली जनतामाथि शोषण र दमनको संस्कृति नेपालमै रहेका प्रभुत्वशाली पिँढीको मात्र नभएर विदेशी साम्राज्यवादी शक्तिको समेत हो भन्ने विचार नाटकमा व्यक्त भएको छ । नाटकमा देशको अर्थ नक्सामात्र नभएर नक्सामा कोरिएको भूभागभित्र बसोबास गर्ने हरेक जनता र तिनका धर्म संस्कृति रहेको विचार व्यक्त भएको छ । यसलाई अझै चिनाउँदै जनताले निर्माण गरेको सामाजिक संरचना र जनताको देशप्रतिको अपनत्व तथा राष्ट्रियताको अनुभूति भएको विचार अभिव्यक्त छ । नेपालमा रहेका प्रभुत्वशाली सामन्ती शासकले विदेशसँग सम्झौताको नाममा वा सहकार्यका नाममा विस्तारै राष्ट्रिय हितका सम्पत्ति बेच्दै गएका र धर्म संस्कृति तथा परम्परामाथि आँच आउने व्यवहार हुँदै गएको तत्कालीन समाजको राजनीतिक अवस्थाप्रति नाटकमा चिन्तन गरिएको छ । जुन अहिलेको सामाजिक अवस्थामा समेत उत्तिकै अर्थपूर्ण देखिन्छ । सामाजिक अनुभूतिहरू इतिहासदेखि नै जोडिएका हुन्छन् । नेपालको सामाजिक अनुभूतिको संरचनाको निर्माण तत्कालीन समाजको अनुभूतिसँग मिल्दो छ । वर्तमान अवस्थामा समेत विदेशी तत्त्वले देशको राजनीतिमाथि हस्तक्षेप गरिरहेको अनुभूति हुन्छ । जसको अन्त्यका लागि उदीयमान पिँढीमा क्रन्तिकारी चेतना निर्माण हुनु जरुरी छ । यदि यसो हुन सके मात्र वैकल्पिक संस्कृतिको निर्माण हुन सक्छ भन्ने धारणा तत्कालीन समयमा रचना भएको यस नाटकमा प्रस्तुत भएको छ । तसर्थ मदन भण्डारीका नाटकमा प्रस्तुत भएका अनुभूतिजन्य भावहरू वर्तमान सामाजिक परिवेशमा पनि उत्तिकै प्रभावपूर्ण रहेको देखिन्छ ।

## २.३.५ मदन भण्डारीका निबन्धमा पिँढी र प्रभुत्व

मदन भण्डारीले कविता, गीत, कथा, नाटक तथा निबन्ध विधामा कलम चलाएका छन् । उनका 'संस्कृत शिक्षा र शिक्षार्थी', 'कमरेड नेत्रलालको साथमा बाँचिरहेका केही कुराहरू', 'खानतलास गरेको भए उत्तिखेरै जेल चलान हुन्थ्यौँ', र 'ए ! हजुरहरू पो हुनुहुँदो रहेछ' शीर्षकका निबन्ध र संस्मरणात्मक रचनाहरू उनका अनुभवमा आधारित छन् । यी निबन्ध तथा संस्मरणात्मक निबन्धमध्ये पिँढी र प्रभुत्व रहेका रचना 'संस्कृत शिक्षा र शिक्षार्थी' र 'कमरेड नेत्रलालको साथमा बाँचिरहेका केही कुराहरू' भएको हुँदा यहाँ यिनै निबन्ध तथा संस्मरणात्मक निबन्धको अध्ययन गरिएको छ ।

भण्डारीले जीवनका विभिन्न समयका अविस्मरणीय क्षणलाई उनका निबन्धात्मक रचनाले समेटेका छन् । उनका निबन्धमा प्रभुत्वशाली संस्कृतिका कारण उत्पन्न अनुभूतिजन्य अवस्थालाई समावेश गरिएको छ । तत्कालीन समाजमा र वर्तमान समयमा पनि हाम्रो समाजमा संस्कृत भाषालाई कर्मकाण्डीय भाषाका रूपमा अर्थ्याउने गरिन्छ । संस्कृत भाषालाई प्राचीन ज्ञानको भण्डारका रूपमा नलिई प्रभुत्वशाली संस्कृति निर्माणका रूपमा मात्र एउटा पिँढीले ग्रहण गरेको देखिन्छ । प्रभुत्वशाली सामन्ती संस्कृति निर्माणमा संस्कृत भाषासाहित्यको प्रयोग गरिनु दुःखद् विषय हो । यसले प्राचीन भाषाको मर्ममाथि प्रहार गरेको छ भने वैज्ञानिक समाज निर्माणमा बाधा उत्पन्न गरेको छ । संस्कृत भाषामा लेखिएका वेद तथा पुराणलाई समाजसापेक्ष र वैज्ञानिक शिक्षासापेक्ष व्याख्या नगरी प्रभुत्वशाली सामन्ती पिँढीले लैङ्गिक विभेद तथा जातीय विभेदद्वारा सामाजिक पिँढी निर्माणका लागि उपयोग गरेको कुरालाई समेत निबन्धमा उल्लेख गरेका छन् । यसलाई निबन्धकार भण्डारीले 'संस्कृत शिक्षा र शिक्षार्थी' निबन्धमा यसरी प्रस्तुत गरेका छन् :

> जेठा पण्डित र कान्छा पण्डितहरू गाउँगाउँमा कहलाए एवम् आफूलाई शिक्षित र विद्वान् सम्झने पण्डितहरू तिनै गल्प, भ्रामक, अनुपयोगी, स्तुति कथाहरूको बेजोड प्रचारप्रसार गर्दै अनार्य जातिहरूलाई समेत अन्योलमा पार्न थाले । यसरी शिक्षाको नाममा गलत कुराहरू सिकेर आफूलाई चिन्ने पद्धतिबाट टाढा रहेर आफ्नै मुखमा लोप्पा लाइरहेको पण्डित्याइँ देखेर र शिक्षाका निम्ति अत्तासिएको जनमानस सही शिक्षाको छानबिनतर्फ जान नपाओस् भनेर आफ्नो व्यवस्थालाई आधार दिने खालका स्तुति र पाठहरू पढाउन सामन्ती व्यवस्थापकले छिटफुट पाठशालाहरूको प्रबन्ध गर्न लागे, पण्डितहरूका लागि सिदा चामलको बन्दोबस्त पनि हुँदै गयो । ('संस्कृत शिक्षा र शिक्षार्थी', पृ. ३)

तत्कालीन नेपाली समाजमा अधीनस्थ पिँढीका लागि शिक्षा लिन पाठशालाको व्यवस्था नरहेको कुरा निबन्धले उल्लेख गरेको छ । प्रभुत्वशाली सामन्ती पिँढीले शिक्षाका नाममा आफ्नै स्तुति गाउन लगाउने गरी संस्कृत शिक्षामार्फत् अभियान नै चलाएको देखिन्छ । यसको प्रत्यक्ष फाइदा आर्य समाजका पण्डित भनिनेहरूलाई भएको पाइन्छ । समाजमा आर्य समाजकै क्षेत्री तथा अनार्य समाजका विभिन्न जातिमाथि प्रभुत्वशाली संस्कृतिमार्फत् थिचोमिचो र शोषण गर्न संस्कृत भाषा सजिलो उपाय बनेको कुरा निबन्धमा व्यक्त भएको छ । तत्कालीन समाजमा जातीय तथा लैङ्गिक विभेदका लागि धर्म र धार्मिक आस्थाका नाममा संस्कृत ग्रन्थका नकारात्मक पक्षलाई प्रस्तुत गरी प्रभुत्वशाली पिँढीले सकारात्मक पक्षलाई लुकाएको देखिन्छ । जसले आफ्नो वर्गको हित हुने गरी प्रभुत्वशाली सामन्ती संस्कृति निर्माण भएको विचार प्रस्तुत निबन्धमा अभिव्यक्त भएको छ । प्रभुत्वशाली सामन्ती सत्ताको एउटा वर्गले जनतामाथि संस्कृत वाङ्मयमा भएका कुराहरूलाई तोडमोड गरी आफूअनुकूल व्याख्या गरेको पाइन्छ । यस्तो कार्यले प्रभुत्वशाली सामन्ती संस्कृतिको निर्माण गरी अधीनस्थ पिँढीमाथि शासन गरेको छ । यस्तो सामन्ती संस्कृतिका विरुद्ध उदीयमान वैकल्पिक संस्कृतिको निर्माण गर्न संस्कृतको ज्ञान लिँदै गरेका शिक्षार्थीहरूले संस्कृतकै आडमा प्रभुत्वशाली संस्कृति निर्माण गरिरहेका शासकका विरुद्ध विद्रोह गर्नुपर्ने विचार निबन्धमा यसरी व्यक्त भएको छ :

> यसैले आजका संस्कृत शिक्षार्थीहरू विशेष गरेर नेपालीहरूले वर्गीय आधारमा शिक्षा, साहित्य, राजनीति, संस्कृति, वर्गीय मित्र एवम् वर्गीय शत्रुहरू राम्ररी चिन्न आँखा खोल्ने बेला भइसकेको छ । देशभित्रको सामन्ती शासन व्यवस्थाको पासा उल्टाउने विद्रोहमा तब मात्र सही सहयोग पुऱ्याउन सकिएला, जब आफ्नो वर्गका हर पहलुका सकारात्मक एवम् नकारात्मक दुबै पक्षको सही ज्ञान राख्दै यस शिक्षाभित्र सावधानीसँग हरदम आलोचनात्मक हेराइ हुनेछ । ('संस्कृत शिक्षा र शिक्षार्थी', पृ. ६)

संस्कृत शिक्षालाई जनजीविका र दैनिक व्यवहारोपयोगी बनाइनुपर्थ्यो । त्यस्तो नबनाई प्रभुत्वशाली सामन्ती शासकवर्ग र समाजमा पण्डित्याइँ गरेर जीविकोपार्जन गरिरहेका प्रभुत्वशाली संस्कृति निर्माता पण्डितहरूले आफूअनुकूल बनाएको देखिन्छ । संस्कृत भाषालाई सामन्ती पण्डितहरूले कर्मकाण्डीय भाषाको माध्यममात्र बनाएको पाइन्छ । जसले भाषाको आफ्नो महत्त्व त घटेको छ नै प्रभुत्वशाली सामन्ती संस्कृति निर्माणमा समेत यसले योगदान पुऱ्याएको छ । निष्कर्षमा निबन्धकार भण्डारीले प्रभुत्वशाली सामन्ती संस्कृतिलाई त्यागी वा हटाई उदीयमान वैकल्पिक संस्कृति निर्माण गर्नुपर्ने देखिन्छ । त्यसका लागि संस्कृत शिक्षार्थीहरूले विद्रोह गर्नुपर्ने उदीयमान विचार निबन्धको उपर्युक्त अंशले स्पष्ट पारेको छ । यसरी संस्कृत शिक्षाकै कारण

तत्कालीन र वर्तमान समयमा समाजमा प्रभुत्वशाली संस्कृतिको निर्माण हुन पुगी त्यस्ता संस्कृतिको विरुद्ध सामजिक अनुभूतिको संरचना निर्माण हुन पुगेको देखिन्छ ।

मदन भण्डारीको संस्मरणात्मक निबन्ध 'कमरेड नेत्रलालको साथमा बाँचिरहेका केही कुराहरू' मा तत्कालीन नेपाली समाजमा रहेका प्रभुत्वशाली सामन्ती संस्कृतिका विरुद्ध उदीयमान विचार बोकी वैकल्पिक संस्कृति निर्माणका लागि आफूहरूले गरेको सङ्घर्षको वर्णन रहेको छ । यसलाई निबन्धमा "अझै पनि पुष्पलालकै नेतृत्वमा रहेका सङ्गठनात्मक ढाँचाका मान्यताहरू र अभ्यासका आधारमा नै हामी केही व्यक्तिहरू त्यो विद्रोही विचारको अगुवाई गरिरहेका थियौँ ।" ('कमरेड नेत्रलालको साथमा बाँचिरहेका केही कुराहरू', पृ. ७) भनेर व्यक्त गरिएको छ । प्रभुत्वशाली संस्कृतिको केन्द्रीय शासनव्यवस्थाका विरुद्ध यसरी उदीयमान वैकल्पिक संस्कृति निर्माणका लागि निबन्धकार स्वयम् समाजमा लागिपरेको कुरा निबन्धमा व्यक्त छ । तत्कालीन नेपाली समाजमा राजाको केन्द्रीय प्रभुत्वशाली शासनव्यवस्थाले प्रत्यक्ष असर पुऱ्याएको देखिन्छ । २०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रमाथि प्रतिबन्ध लगाउँदै पञ्चायती राजनीतिक व्यवस्थाको सुरुवात गर्नु (अधिकारी, २०७३, पृ. २७२) नै केन्द्रीय प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीमाथि सामन्ती संस्कृति निर्माण गरी दमन र शोषणको शृङ्खला सुरु गर्ने आधार देखिन्छ । यसै समयदेखि नेपाली समाजमा राजाको प्रत्यक्ष शासनलाई सहयोग गर्ने नाममा सामन्ती संस्कृतिको विकास हुन गई प्रभुत्वशाली पिँढी र संस्कृतिको निर्माण भएको पाइन्छ । यसले अधीनस्थ पिँढीलाई शोषण र दमनको संस्कृति स्वीकार गर्न बाध्य पारेको पाइन्छ । यस्तै शोषण दमनको संस्कृतिबाट जनतालाई मुक्त पार्ने उद्देश्य बोकी निबन्धकार उदीयमान वैकल्पिक संस्कृति निर्माणको बाटोमा लागेका देखिन्छन् । तत्कालीन समाजमा प्रभुत्वशाली पिँढीको दबदबा रहनु, अधीनस्थ पिँढीमाथि निरन्तर शोषण र दमन हुनु जस्ता घटनाले लेखकको मनमा दबाबको अनुभूतिजन्य संस्कृति निर्माण हुन पुगेको देखिन्छ । यसले उनलाई उदीयमान वैकल्पिक पिँढी निर्माणका लागि सहयोग पुगेको छ । उनको वैकल्पिक संस्कृति निर्माणको विचारमा सहयोगी तथा मार्गनिर्देशक बन्न आइपुगेका कमरेड मित्रलालको सादगीपूर्ण जीवनबाट आफू प्रभावित भएको विचार निबन्धकार यसरी बताउँछन् :

> कुनै ऐश आरामको कोमल कल्पनाले लोभ्याउन नसकेको, कुनै सुख सयलका स्वप्नशील आकर्षणहरूले तान्न नसकेको, कुनै पनि भौतिक कठिनाइहरूले गलाउन नसकेको, कुनै पनि भयले विचलित पार्न नसकेको र प्रतिक्रियावादीहरूका कुनै पनि आक्रमणले पराजित गर्न नसकेको यो फलामे इच्छाशक्ति भएको मान्छे कसरी यस्तो क्लान्त, शिथिल, उदास र खिन्न हुन सक्यो ? ('कमरेड नेत्रलालको साथमा बाँचिरहेका केही कुराहरू',पृ. १०)

प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिबाट छुटकारा पाउन र अधीनस्थ पिँढीमा उदीयमान चेतना भर्नका लागि मानिसमा सर्वप्रथम वैकल्पिक संस्कृति निर्माणका लागि चेतना हुनुपर्ने विचार निबन्धकारले व्यक्त गरेका छन् । कमरेड नेत्रलालमा प्भुत्वशाली पिँढीका विरुद्ध लड्न सक्ने सामर्थ्य हुनु, उदीयमान सोच र विचार हुनु, वैकल्पिक संस्कृति निर्माणका लागि नयाँ चेतना हुनु जस्ता गुण रहेको देखिन्छ । प्रभुत्वशाली पिँढीबाट अधीनस्थ पिँढीले छुटकारा पाउनका लागि यस्ता गुण र कटिबद्धता आवश्यक छन् भन्ने विचार नेत्रलाललाई देखाउँदै निबन्धकारले व्यक्त गर्दछन् । प्रभुत्वशाली पिँढीमा अरूलाई शोषण गर्ने संस्कृति हुन्छ । उसमा ऐश आराम र विलासिताको लोभ हुन्छ । ऊ अधीनस्थ पिँढीमाथि शोषण र थिचोमिचो गर्न अघि बढ्छ । ऊ अरूको दुःखमा रमाउँछ तर उदीयमान पिँढी सबैलाई समान व्यवहार गर्ने, अरूको सुखदुःखमा साथ दिने, सादा जीवन उच्च विचार भएको र फलामे इच्छाशक्ति भएको हुन्छ भन्ने विचार निबन्धकारले कमरेड मित्रलाललाई सम्झँदै व्यक्त गरेका छन् । यसरी निबन्धकारले प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिलाई तोड्न र उदीयमान वैकल्पिक संस्कृतिको निर्माण गर्न लागिरहने नेत्रलालजस्ता उदीयमान वैकल्पिक विचारधाराका व्यक्तिमा निराशा छाउनु, त्यस्ता मान्छे खिन्न हुनु र त्यस्ता मान्छेमा उदासीले ढाक्न नहुने विचार व्यक्त गरेका छन् । यस्तो हुनु भनेको प्रभुत्वशाली पिँढीको दबाबमा उदीयमान पिँढी वा विचारधारा ओझेलमा पर्न खोज्नुको लक्षण हुन सक्नेतर्फ सचेत गराएका छन् । सबै उदीयमान पिँढी यस्ता कुरामा सचेत हुनुपर्ने विचारसमेत उनले व्यक्त गरेका छन् ।

मदन भण्डारीका निबन्धात्मक रचनाहरू संस्मरणात्मक छन् । जुन रचनाहरूमा प्रभुत्वशाली पिँढीका रूपमा राजसंस्था, पञ्चायती व्यवस्थाका पक्षधर, समाजमा रहेका शोषक पिँढी, सामन्ती र जमिन्दारलाई चिनाइएको छ । अधीनस्थ पिँढीका रूपमा सोझा जनता र उदीयमान पिँढीका रूपमा कम्युनिस्ट विचार बोक्ने राजनीतिक दल र त्यसमा आबद्ध कार्यकर्तालाई चिनाइएको छ ।

भण्डारीका रचनाहरूमा प्रभुत्वशाली पिँढीका रूपमा स्थापित राजसंस्था, राजसंस्थालाई सहयोग गर्ने समूह तथा व्यक्ति र पद्धति साथै पञ्चायती व्यवस्थाले निर्माण गरेको परम्परागत सामन्ती संस्कृतिको विरोध गरिएको छ । प्रभुत्वशाली पिँढीको विरोध गर्दै जनपक्षीय समाजवादी उदीयमान वैकल्पिक संस्कृतिको निर्माणको विचार भण्डारीका रचनाहरूमा टड्कारो रूपमा व्यक्त भएको छ ।

## २.४ मदन भण्डारीका साहित्यिक रचनामा दबाब र तनावजन्य अनुभूतिको संरचना

मदन भण्डारीका साहित्यिक रचनाको संरचना प्रभुत्वशाली सामन्ती संस्कृतिका दबाबमा अधीनस्थ पिँढीले गरेको विशिष्ट अनुभूतिको संरचनामा आधारित छ । राजसंस्था, राजसंस्थाको आसपास रहेर शोषक सामन्ती संस्कृतिको निर्माण गर्ने समुदाय, पञ्चायती शासन व्यवस्था, अन्तर्राष्ट्रिय साम्राज्यवादी राष्ट्रहरूलाई प्रभुत्वशाली पिँढीका रूपमा रचनाकार भण्डारीले आफ्ना रचनामा चिनाएका छन् । तत्कालीन समयमा गाउँफर्क राष्ट्रिय अभियान जस्ता कार्यक्रमका नाममा गाउँका ठालू, शोषक र सामन्तलाई अग्रसर गराएर सर्वसाधारण कृषक मजदुरहरूको निर्मम शोषण गर्नतर्फ राज्य अग्रसर (अधिकारी, २०७३, पृ. २७४) भएको पाइन्छ । तिनै प्रभुत्वशाली सामन्ती संस्कृतिको दबाबमा परेका नेपाली जनसमुदायलाई अधीनस्थ पिँढीका रूपमा चिनाइएको छ । त्यस्तै सामन्ती संस्कृतिका कारण दबाब सिर्जना भई तनावजन्य अनुभूतिको संरचना निर्माण भएको देखिन्छ । यसरी तनावजन्य अनुभूतिका कारण त्यसबाट उन्मुक्ति पाउनका लागि क्रान्तिकारी कम्युनिस्ट विचारधारा बोक्नेलाई उदीयमान वैकल्पिक पिँढीका रूपमा रचनाकार भण्डारीले चिनाएका छन् । नेपाली जनतामा दबाब र तनावको अनुभूतिको संरचनाको निर्माण हुने प्रमुख कारण भनेको प्रभुत्वशाली पिँढीबाट निर्मित शोषक तथा सामन्ती संस्कृति हो । त्यस्तो दबाबजन्य अनुभूतिका कारण उत्पन्न तनावजन्य अनुभूतिको संरचनालाई रचनाकार मदन भण्डारीले आफ्ना रचनाहरूमा स्पष्ट रूपमा प्रस्तुत गरेका छन् ।

### २.४.१ मदन भण्डारीका कवितामा दबाब र तनावजन्य अनुभूतिको संरचना

मदन भण्डारीका रचनाहरूमध्ये कविता विधामा अनुभूतिको संरचनाको विशिष्ट रूपमा निर्माण भएको पाइन्छ । प्रभुत्वशाली पिँढीले निर्माण गरेको सामन्ती संस्कृतिका कारण नेपाली समाज, त्यहाँ बसोबास गर्ने जनता तथा सर्वसाधारणमा आर्थिक, सामाजिक तथा राजनीतिक रूपमा दबाब सिर्जना भएको देखिन्छ । पञ्चायती व्यवस्थाका सञ्चालकहरूले आफ्नो व्यक्तिगत स्वार्थका लागि राजनीति गरिरहेका थिए (अधिकारी, २०७३, पृ. २७५) । जसले गर्दा जनतामाथि शोषण र दमनको शृङ्खला चलिरहेको देखिन्छ । यसरी विभिन्न परिवेशजन्य संस्कृतिका कारण निर्माण भएको दबाबजन्य अनुभूतिले तनावजन्य वातावरण निर्माण हुन पुगेको पाइन्छ । यसले नेपाली किसान, गरिब जनतामा वैकल्पिक संस्कृतिप्रति चासो निर्माण हुन पुगेको देखिन्छ । जसले अनुभूतिको संरचना निर्माण भएको छ । प्रभुत्वशाली पिँढी अर्थात् राजसंस्था, त्यसको आसपास रहेर नेपाली जनतामाथि दबाबजन्य अवस्था सिर्जना गर्न निर्माण भएको सामन्ती संस्कृतिको विचारधारालाई मान्ने वा स्वीकार गर्ने त्यस्ता यथास्थितिवादी राजनीतिक तथा गैरराजनीतिक शक्तिको कारण उत्पन्न दबाब र त्यसबाट जनतामा सिर्जित तनावले गर्दा प्रभुत्वशाली पिँढीको

विरोध गर्दै उदीयमान पिँढीले पुरानो संस्कृतिको सट्टा नयाँ संस्कृतिको स्थापना भएको हेर्न चाहेको देखिन्छ । भण्डारीले 'छात्रप्रभाप्रति', 'मित्र पो चिन्नुपर्छ', 'लौ उत्र सङ्घर्षमा', 'मेरी बाटुलीका बुबा', 'घाम छेल्दैन कुइरोले', 'यो देशको परम्परा बदल्न एकज्ट होऊ', तथा जिन्दगीको युद्ध मैदानमा' शीर्षकका कविता लेखेका छन् । उनका यी कवितामध्ये जिन्दगीको युद्ध मैदानमा' कवितामा पिँढी र प्रभुत्वको अनुभूति नरहेकाले यो कविताबाहेक अन्य कविताको अध्ययन यहाँ गरिएको छ ।

उनको निम्नलिखित कविताको दिइएको अंशले दबाबजन्य अवस्थालाई देखाउँदै तनावजन्य अनुभूतिको संरचना निर्माण भएको देखाउँछ :

गर्जन्छन् जो महलहरूमा क्रान्तिनेता सिकारी

बज्रन्छन् ती गरिबतिर नै भिन्न सङ्घर्ष पारी ।

तिन्कै लागे अघिपछि उता, बज्रिने बज्रमुक्का

बज्रेला त्यो अबुझ नभए मित्र पो चिन्नुपर्छ ॥ ('मित्र पो चिन्नुपर्छ', पृ. ९९)

उपर्युक्त श्लोकमा प्रभुत्वशाली पिँढीका रूपमा महलहरू तथा महलमा बस्ने र जनतामाथि शोषक र सामन्ती संस्कृतिको डन्डा बर्साउने शासकहरूलाई सङ्केत गरिएको छ । उनीहरूको त्यही शोषक र सामन्ती संस्कृतिका कारण दबाबजन्य अवस्था महसुस गरी तनावजन्य अनुभूतिको संरचना निर्माण भएको देखिन्छ । तत्कालीन समयमा गाउँफर्क राष्ट्रिय अभियान जस्ता कार्यक्रका नाममा गाउँका ठालू, शोषक र सामन्तलाई अग्रसर गराएर सर्वसाधारण कृषक मजदुरहरूको निर्मम शोषण गर्नतर्फ राज्य अग्रसर थियो (अधिकारी, २०७३, पृ. २७४) । फलस्वरूप महलहरूमा बसेर गर्जिने शोषक नेताहरूले निर्माण गरेको सामन्ती संस्कृतिको मुक्का सोझा जनतामा परेर दबाब हुन पुगेको देखिन्छ । जसले गर्दा जनतामा तनावजन्य अनुभूतिको संरचना बन्न पुगेको र उनीहरूले देशको शत्रु र मित्र पहिचान गर्नुपर्छ भन्ने भाव प्रस्तुत श्लोकले व्यक्त गरेको छ । उपर्युक्त कवितांशमा उदीयमान पिँढीले अनुभूतिको संरचनामार्फत् प्रभुत्वशाली पिँढीको दबाब सहन गर्ने र तनावजन्य अनुभूति गर्ने नभई सङ्घर्ष गर्दै नयाँ संस्कृतिको निर्माण गर्न अग्रसर हुनुपर्ने विचार व्यक्त गरेको छ । यस्तै अर्को श्लोकमा प्रभुत्वशाली पिँढीको दबाबबाट तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुगेकाले प्रभुत्वशाली पिँढीको प्रभावमा रहेका अधीनस्थ पिँढीको बोली मिठो र मधुरो भए पनि त्यसको विश्वास नगरी दबाबजन्य परिस्थितिबाट तनावजन्य अनुभूति हुने विचार अभिव्यक्त भएको छ :

च्याट्टै पारी वचन मधुरा बोल्न जान्ने सिपालु
हर्दिन् काट्टो कृषकहरूको खान जाने दयालु ।
छोरा सामन्तहरू चतुरा काखिमा च्याप्नुपर्छ
भन्छन् जो तीसँग अपिल यो मित्र पो चिन्नुपर्छ ॥ ('मित्र पो चिन्नुपर्छ', पृ. ९९)

प्रभुत्वशाली पिँढीका मतियारहरूबाट दबाबको सिर्जना हुन गई सोझा किसानमा तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुगेको कुरा माथिको कवितांशमा देखिन्छ । जसले निम्न वर्गमाथि मिठो बोलेर भए पनि दबाब निर्माण गर्न चाहन्छन् । उनीहरूको व्यवहार काखीमा च्यापेर निमोठ्ने खालको हुन्छ जसले गर्दा किसान जनतामा तनावजन्य अनुभूति हुन पुग्दछ । उनीहरू कृषककै उब्जनी खान्छन् तर कृषकलाई नै शोषण गर्छन् । उनीहरूको यस्तो व्यवहारले सोझा किसानमा दबाबको अवस्था उत्पन्न हुन्छ । यसरी उत्पन्न दबाबको अवस्थाले किसानमा तनावजन्य अनुभूतिको संरचना हुन पुग्ने भएकाले किसानले शत्रु र मित्र पहिचान गर्नुपर्छ भन्ने भाव उपर्युक्त कवितांशले बोकेको पाइन्छ । यस्तै भण्डारीको 'छात्रप्रभाप्रति' कवितामा पनि तत्कालीन प्रभुत्वशाली पिँढीले गर्दा नेपाली जनतामा उत्पन्न दबाबका कारण सिर्जित तनावजन्य अनुभूतिको संरचनालाई प्रस्तुत गर्दै उदीयमान वैकल्पिक पिँढीले त्यस्तो तनावजन्य अनुभूतिको संरचनाबाट मुक्तिका लागि विरोध जनाउँदै नयाँ संस्कृतिको निर्माणको चाहना राखेको देखिन्छ :

जाऊ 'छात्रप्रभा' लिएर बम यो टङ्कारिई पड्किद्यौ
निर्धा झोपडिका किसान जनका उत्साहका साथ हौ ।
यो पञ्चायति राजको कपटको घुम्टो उदाङ्ग्याइद्यौ
नेपाली दिलभित्रको मुलुकमा यै चेतना ल्याइद्यौ ॥ ('छात्रप्रभाप्रति', पृ. ९८)

तत्कालीन समयमा नेपालमा रहेको पञ्चायती शासन व्यवस्थाले गर्दा शोषण र दमनका कारण जनताको स्वतन्त्रता हरण भएको, जनतामा गरिबी र बेरोजगारीका कारण नैराश्यता उत्पन्न भएको, जीवन धान्न धौंधौ भएको जस्ता अवस्था प्रस्तुत कवितामा देखाउँदै कविले जनतामा दबाब महसुस हुन पुगेको बताएका छन् । उक्त दबाबजन्य अनुभूतिकै कारण तनावजन्य संरचना निर्माण भएको कवितामा देखाइएको छ । जसले गर्दा दबाब र तनावको अनुभूतिको संरचनाले गर्दा कविले यस कवितांशमा 'छात्रप्रभा' पत्रिकालाई उदीयमान विचारको संवाहक मानेका छन् । त्यस्तो दबाब र तनावको अनुभूतिको संरचनालाई पछ्याउँदै छात्रप्रभाले अब पुरानो संस्कृतिको विरोध र नयाँ संस्कृतिको सुरुवाती चेतना छर्नुपर्छ । साथै अधीनस्थ पिँढीको साथ

लागेर प्रभुत्वशाली पिँढीका विरुद्ध वैचारिक बम पड्काउनुपर्छ भन्ने विचार प्रस्तुत कवितांशमा व्यक्त भएको छ ।

भण्डारीका रचनाहरूमा प्रभुत्वशाली पिँढीले राजनीतिक शक्तिको आडमा अधीनस्थ पिँढीलाई गरेका ज्यादतीका कारण अधीनस्थ पिँढीमा दबावको अवस्था बनेको देखाइएको छ । जसले तनावजन्य अनुभूतिको संरचनाको निर्माण भएको देखिन्छ । यसरी तनावजन्य अवस्थामा पुगेको अनुभूतिको संरचनामा लेखकीय दृष्टि परेको छ । त्यसैले कविले यसै प्रसङ्गमा प्रभुत्वशाली पिँढीको संस्कृतिलाई चुनौती दिएका छन् । प्रभुत्वशाली पिँढीका सामन्ती संस्कृतिले अधीनस्थ पिँढी र जनसमुदायमा सिर्जित दबाब र तनावजन्य अनुभूतिको संरचनाको विरोध गर्दै उदीयमान संस्कृति स्थापनाका लागि 'लौ उत्र सङ्घर्षमा' कवितामा कविले भनेका छन् :

ए राजा ! ल तँलाइ बल्ल मजले जानैं दलाहा र'छस्

छाती फोरि गरीबका रगतले बाँच्ने चुसाहा रछस् ।

पैसे मित्र लँगौटियार तँसँगै तेरा भरौटे सब

के बाँच्लान् र ! किसान हौं, बल भए लौ उत्र सङ्घर्षमा ॥

('लौ उत्र सङ्घर्षमा', पृ. १०१)

उल्लिखित कवितांशमा प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिका कारण जनतामा दबाब सिर्जना भएको देखिन्छ । परिणामतः प्रतिरोधी चेतनाको खोजी हुन सुरु गरेको पनि पाइन्छ । दबाबजन्य परिस्थितिका कारण जनतामा तनावजन्य अनुभूतिको संरचना निर्माण भएको समेत देखिन्छ । तत्कालीन समयमा गाउँफर्क राष्ट्रिय अभियान जस्ता कार्यक्रमका नाममा गाउँका ठालू, शोषक र सामन्तलाई अग्रसर गराएर सर्वसाधारण कृषक मजदुरहरूको निर्मम शोषण गर्नतर्फ राज्य अग्रसर भएकोले जनतामाथि दबाब सिर्जना भएको देखिन्छ (अधिकारी, २०७३, पृ. २७४) । जसले गर्दा तत्कालीन समयमा शासक तथा प्रभुत्वशाली पिँढीका रूपमा राजाले गरिब जनतालाई दलाहाको व्यवहार गरेर दबाब सिर्जना गर्ने संस्कृतिको निर्माण गरेको पाइन्छ । यसले तनावजन्य अनुभूति हुन गएको देखिन्छ । राजाले जनतामाथि गरेको अत्याचार र शोषणले अधीनस्थ पिँढीमाथि प्रभुत्वशाली पिँढीको संस्कृतिले दबाबजन्य परिस्थिति निर्माण गरेर प्रभुत्व कायम गरेको अवस्थालाई कवितामा देखाइएको छ । त्यही संस्कृतिको दबाब र तनावजन्य संस्कृतिका कारण लेखकमा विद्रोही भावनाको विकास भएको देखिन्छ । जुन दबाबका कारण उत्पन्न तनावजन्य अनुभूतिको संरचनालाई व्यक्त गर्दै कवितामा त्यस्ता सामन्ती प्रभुत्वशाली पिँढीका विरूद्ध सङ्घर्ष गर्नुपर्ने विचार कवितामा व्यक्त भएको छ । प्रभुत्वशाली पिँढीको संस्कृतिले निर्माण गरेको

शोषणयुक्त संस्कृतिका कारण जनतामा दबाबजन्य अनुभूतिको संरचना भएपछि विद्रोहको परिस्थिति निर्माण हुँदै उदीयमान संस्कृतिको निर्माणको अवस्था यस कवितामा देखिन्छ ।

भण्डारीले 'मेरी बाटुलीको बुबा' कवितामा आर्थिक अभावका कारण जीवन धान्नकै लागि विदेसिएका नेपालीलाई सम्बोधन गरेका छन् । देशको शासन व्यवस्थाका कारण दबाबजन्य अवस्था सिर्जना भई विदेसिन बाध्य आफ्ना श्रीमान्लाई सम्झेर श्रीमतीले आफ्नो समाजमा प्रभुत्वशाली पिँढीबाट अधीनस्थ पिँढीले सहन परेको थिचोमिचो र भोग्न परेको शोषणले सिर्जना गरेको तनावजन्य अनुभूतिको संरचनालाई कवितामा अभिव्यक्त गरिएको छ । यस कवितामा समाजमा प्रभुत्वशाली पिँढीका रूपमा रहेका राजा र उनका आसेपासेले निर्माण गरेको शोषण र थिचोमिचोको संस्कृतिका कारण गरिब जनतामा दबाब सिर्जना भएको कुरा बताइएको छ । प्रभुत्वशाली पिँढीको सामन्ती र शोषणयुक्त संस्कृतिबाट उत्पन्न दबाब र तनावले निर्माण गरेको अनुभूतिको संरचनालाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

> सबै भन्छन् हिजोआज यहाँ औधी गाह्रो छ
>
> ठूलाठालू मजा गर्छन् मसिना ज्यूनै गाह्रो छ ।
>
> पिठो-आँटो नपाएर मुटुमा वेदना बोकी
>
> हिमाली सन्तति रुन्छन् सधैँ खोजी ढिँडो-रोटी ॥ ('मेरी बाटुलीको बुबा', पृ. १०३)

तत्कालीन समयमा प्रभुत्वशाली पिँढीकै छेउछाउमा रहने अधीनस्थ पिँढीले सामन्ती र शोषणयुक्त संस्कृतिलाई आफ्नै संस्कृति मानी गरिब र सोझा जनतालाई दुःख दिइरहेको देखिन्छ । यसले समाजमा दबाब सिर्जना भएको देखिन्छ । प्रभुत्वशाली पिँढी देश र जनताको भलोतर्फ नलागिकन व्यक्तिगत स्वार्थमा लागेर देशलाई कङ्गाल गराउनमा केन्द्रित रहे (अधिकारी, २०७३, पृ. २७६) । जसले गर्दा कवितामा बाटुलीका बुबा परिवार पाल्नकै लागि विदेसिएको देखाइएको छ । यही दबाबका कारण उत्पन्न तनावजन्य अनुभूतिको संरचनालाई बाटुलीका बुबालाई बाटुलीकी आमाले चिठीमा बताएकी छ । समाजमा व्याप्त सामन्ती संस्कृतिले निर्माण गरेको दबाब र तनावजन्य अनुभूतिको संरचनाकै कारण विदेसिएको उसले घरमा चिठी समेत नपठाउँदा कतै उतै फौजको लडाइँमा पऱ्यो कि भनेर समेत घरकी श्रीमतीले दबाब र तनाव महसुस गरेकी छ । यसले दबाब र तनावको अनुभूतिको संरचना निर्माण भएको छ । हरेक गरिब परिवारमा सिर्जना हुने यस्तो दबाब र तनावकै कारण सामन्ती संस्कृतिको अन्त्यको चाहना कवितामा राखिएको छ । यसले प्रजातान्त्रिक संस्कृतिको स्थापनाका लागि जोड दिएको देखिन्छ । हिमाली भेगका नेपाल आमाका सन्तति गरिबीले सिर्जना गरेको दबाब र तनावले रोइरहे पनि ठुलाठालुको मजा नसकिएको भाव कविताले व्यक्त गरेको छ । यस्तो अवस्थामा बाँच्नै गाह्रो

भएको दबावजन्य कुरा यस कवितांशमा व्यक्त भएको छ । नेपाली समाजको यस्तो अवस्थाले बाटुलीकी आमालाई भएको दबाब र तनावले ऊ गरिबको पालो आउने हो कि होइन ? भनेर सोच्न विवश छे । गरिबको झुप्रामा दियालो बाल्ने अवस्था नभएर अन्धकारले सधैँ राज गर्छ भन्दै दबाब र तनावजन्य अनुभूति गर्न बाध्य छे । गरिबले कहिल्यै सुखको सास फेर्न नपाएर गरिबीको दबाब र तनावजन्य अनुभूतिमा जीवन धान्न बाध्य भएको कुरा कविताले व्यक्त गरेको छ ।

सामन्ती शासन व्यवस्थाका कारण दबाब र तनावजन्य अनुभूतिको संरचना हुन गएको कुरा कवितामा देखाइएको छ । कवितामा प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिको सिकार भएका अधीनस्थ पिँढी र उदीयमान पिँढी आर्थिक अभावका कारण दबाब सिर्जना भएको देखाइएको छ । यसले उत्पन्न तनावमा जनता नाङ्गै र भोकै मर्न बाध्य हुन लागेको देखाइएको छ । आर्थिक अभावका कारण श्रीमती र बालबच्चा छोडेर विदेसिन बाध्य गरिबले जीवनको खुसी र सुख देख्न नपाई बाँच्न परेको दबाब र तनावजन्य अनुभूतिको संरचनालाई तल कवितांशले व्यक्त गरेको छ :

यता खालि म यौटी छु कलिला बाल-बच्चाको
खुबै बेहाल भो सारा यहाँ बाँचिन्न जस्तो भो ।
तुषाराले कठ्याङ्ग्रायो भुँडी भोको उदाङ्ग्यायो
धनीका कामले मेरो रगत, मासु सबै खायो ॥ ('मेरी बाटुलीको बुबा', पृ. १०४)

माथिको कवितांशमा तत्कालीन समयको राज्यव्यवस्थाको रूपमा रहेको प्रभुत्वशाली पिँढीको सिकार हुन पुगेको एउटा परिवारलाई देखाइएको छ । भोकै र नाङ्गै बाँच्न पर्दा उत्पन्न दबाब र तनावजन्य अनुभूतिको संरचनालाई यस कवितांशमा व्यक्त गरिएको छ । पपरिणामतः प्रभुत्वशाली पिँढीबाट उत्पन्न दबाब र तनावलाई हटाउनका लागि नयाँ संस्कृतिको निर्माण गर्नुपर्ने चेतना विकास हुन पुगेको देखाइएको छ ।

प्रभुत्वशाली संस्कृतिले निर्माण गरेको दबावजन्य अनुभूतिका कारण उत्पन्न तनावजन्य अनुभूतिको संरचनालाई 'घाम छेल्दैन कुइराले' कवितामा अभिव्यक्त गरिएको छ । प्रभुत्वशाली सामन्ती संस्कृतिको चपेटामा परेका नेपाली जनताले दबाब र तनावजन्य अनुभूतिको संरचना महसुस गरेकाले अब त्यसबाट मुक्तिको चाहना राखेको कुरा तलको कवितांशमा देखाइएको छ । उदाहरणका रूपमा दिइएको कवितांशलाई हेरौँ :

रात, साँझ, हिलो, बर्खा, घाम, पानी सधैँ सही
जोत्दथ्यौँ जसरी पर्ती उसरी अब जोतिद्यौ
सामन्तीहरूका चाम्रा चाम्रा जर्जर खप्पर

घाम छेल्दैन कुइरोले निर्धाको आङमा अनि ।    ('घाम छेल्दैन कुइराले', पृ. १०५)

तत्कालीन समयका प्रभुत्वशाली सामन्ती पिँढीका हरेक खाले शोषण र दमनबाट पीडित हुन पुगेकै निम्नवर्गीय किसान हुन् । सामन्ती संस्कृतिकै कारण उनीहरूमा दबाबजन्य अनुभूति भएको देखिन्छ । उनीहरूमा निर्माण हुन पुगेको दबाबजन्य अनुभूतिले गर्दा तनाव सिर्जना भएको पाइन्छ । जुन दबाब र तनावजन्य अनुभूतिको संरचनाले गर्दा तत्कालीन समाजमा प्रभुत्वशाली पिँढीका विरुद्ध सङ्घर्ष हुन पुगेको देखिन्छ । जनतामा दबाबका कारण उत्पन्न तनावजन्य अनुभूतिको संरचनाले उदीयमान वैकल्पिक संस्कृतिको खोजी हुन पुगेको पाइन्छ । पञ्चायत व्यवस्थाका कारण देश र जनताको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक समुन्नति हुन सकेन । देश दिनप्रतिदिन अधोगतितर्फ लाग्यो । पञ्चायती व्यवस्थाको विकल्पको रूपमा जनआन्दोलन गर्नेतर्फ केही राजनीतिक दलका नेताहरूले सोच्न थाले (अधिकारी, २०७३, पृ. २७६) जसको प्रभाव मदन भण्डारीमा पनि परेको देखिन्छ । जसलाई उनले साहित्यिक रचनामा व्यक्त गरे । यसले सामन्ती संस्कृतिका विरुद्ध जनतामा जागरण ल्याएको पनि पाइन्छ ।

मदन भण्डारी परम्परागत प्रभुत्वशाली संस्कृतिका कारण उत्पन्न दबाब र तनावजन्य अनुभूतिको संरचनाबाट मुक्ति चाहन्छन् । यो उनको मात्र अनुभूति नभएर तत्कालीन समाजको अनुभूतिको संरचना हो । तत्कालीन समाजमा प्रभुत्वशाली पिँढीका रूपमा राजाको शासनको प्रत्यक्ष फाइदा लुट्ने सामन्ती संरचना रहेको देखिन्छ । उक्त पिँढीले सर्वहारा किसान जनतामाथि शोषण र दमन गर्दै दबाब र तनावको अवस्था सिर्जना गरेको देखिन्छ । दबाबर तनावजन्य अनुभूतिको संरचना तत्कालीन समाजका हरेक नागरिकको अनुभूति रहेको पाइन्छ । यसले जनतालाई प्रभुत्वशाली संस्कृति मान्न दबाब दिएको देखिन्छ । जसले गर्दा जनतामा तनावजन्य अनुभूतिको संरचना निर्माण भए पनि उनीहरू सामन्ती संस्कृतिको चङ्गुलमा नै फसिरहेको देखिन्छ । यसरी प्रभुत्वशाली पिँढीको चङ्गुलमा फसेका सोझा किसान जनतालाई दबाब र तनावजन्य अनुभूतिको संरचनाबाट बाहिर निस्कन कविले अब 'यो देशको परम्परा बदल्न एकजुट होऊ !' भन्दै यसरी आह्वान गरेका छन् :

धैर्यता समुद्रझैँ अडिगता हिमालझैँ
चर्ति-फूर्तिला बनी जुरुक्क जुर्मुराउँदै
लु लाग जाग ए ! प्रचण्ड शक्तिका समूह हो !
नयाँ बिहान सिर्जने सशक्त ज्योतिपुञ्ज हो !
ए देशका गरिब हो ! ए धर्तीका सपूत हो !

यो देशको परम्परा बदल्न एकजुट हो !

('यो देशको परम्परा बदल्न एकजुट होऊ !', पृ. १०७)

तत्कालीन नेपालमा शासनसत्ताको केन्द्रीय प्रभुत्वशाली सामन्ती संस्कृति लाद्ने शक्ति भनेको तत्कालीन समयका राजा हुन् । उनका आसपासमा हिँड्नेहरूले कमजोर किसान जनतामाथि प्रभुत्वशाली संस्कृतिको दबाबजन्य अनुभूति सिर्जना गराएको देखिन्छ । जसले गर्दा जनतामा तनावजन्य अनुभूतिको संरचना निर्माण भएको पाइन्छ । यसरी जनतामा उत्पन्न दबाब र तनावजन्य अनुभूतिको संरचनाले गर्दा प्रभुत्वशाली पिँढीका विरुद्ध सङ्घर्ष गर्न सबै जनतालाई अग्रसर हुन आग्रह गर्नु नै कविको प्रमुख ध्येय देखिन्छ ।

## २.४.२ मदन भण्डारीका गीतमा दबाब र तनावजन्य अनुभूतिको संरचना

मदन भण्डारीका गीतहरूले तत्कालीन समाजका प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिका कारण जनतामा उत्पन्न दबाबले सिर्जना गरेको तनावजन्य अनुभूतिको संरचनालाई व्यक्त गरेका छन् । उनका 'गोरु फुकाओ हली हो !', 'ए ! किसान', 'दिदी र बहिनीहरूलाई...', 'जनताले माया गर्छ-गर्छ', 'सहिदको रगत सुक्दैन' र 'ए ! जाऊँ क्यारे भर्ती...' शीर्षकका गीतहरूमध्ये 'जनताले माया गर्छ-गर्छ' गीतमा दबाब र तनावजन्य अनुभूतिको संरचना नभेटिएकोले यहाँ अध्ययन गरिएको छैन ।

भण्डारीका गीतमा अधीनस्थ पिँढीको दुःख, पीडा र वेदना देखाउँदै तिनै दुःखका कारण दबाबमा परेका जनताको अनुभूतिको संरचनालाई समावेश गरिएको छ । त्यस्ता दुःख, पीडा र वेदनाका कारण झेल्नुपरेको दबाब र त्यसबाट सिर्जित तनावजन्य अनुभूतिको संरचनालाई गीतले समेटेको छ । यस्तो तनावजन्य अनुभूतिको संरचना नेपाली समाजमा बसोबास गर्ने हरेक जनताको हो । यस्तो दबाब र तनाव बुझेर यसको कारक प्रभुत्वशाली पिँढीका विरुद्ध सङ्घर्ष गर्न र उदीयमान वैकल्पिक संस्कृतिको निर्माण गर्न आग्रह गर्ने विचार गीतकार मदन भण्डारीका गीतले बोकेका छन् । पञ्चायत व्यवस्थाका कारण देश र जनताको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक समुन्नति हुन सकेन । देश दिनप्रतिदिन अधोगतितर्फ लाग्यो । पञ्चायती व्यवस्थाको विकल्पको रूपमा जनआन्दोलन गर्नेतर्फ केही राजनीतिक दलका नेताहरूले सोच्न थाले (अधिकारी, २०७३, पृ. २७६) । यसको प्रभाव मदन भण्डारीमा पनि परेको देखिन्छ । जसलाई उनले गीतमा समेत व्यक्त गरेका छन् । यसले सामन्ती संस्कृतिका विरुद्ध जनतामा जागरण ल्याएको पनि पाइन्छ ।

भण्डारीका गीतहरूले प्रभुत्वशाली पिँढीबाट थिचोमिचो र शोषणमा परेका किसानलाई दबाब र तनावजन्य परिस्थितिबाट निर्मित अनुभूतिको संरचनालाई प्रस्तुत गर्दछ । त्यस्तो अवस्थाबाट मुक्ति पाउनका लागि सामन्ती संस्कृतिका विरुद्ध सङ्घर्ष नै हो । उनका गीतले त्यस्ता थिचोमिचो र शोषणलाई आफ्नै भाग्य र पूर्वजन्मको फल नसम्झन गरिब किसानलाई आग्रह गरेका छन् । उनको 'गोरु फुकाओ हली हो !' शीर्षकको गीतमा प्रभुत्वशाली पिँढीले जनतालाई गरेको शोषण र दमनका कारण उत्पन्न दबाब र तनावजन्य अनुभूतिको संरचना प्रस्तुत गरिएको छ । त्यस्ता प्रभुत्वशाली सामन्ती संस्कृतिका मतियारलाई साँढेका रूपमा चित्रित गर्दै हलोमा नारेर जोत्नुपर्ने विचार व्यक्त गरिएको छ । हलीले आफूमाथिको दबाब र तनावको अनुभूतिको संरचनाबाट मुक्ति पाउन जोत्दै गरेको गोरु फुकाएर त्यस्ता साँढेलाई बाँध्न आग्रह गरिएको छ । दबाब र तनावजन्य अनुभूतिको संरचनाबाट जोगिन परम्परागत प्रभुत्वशाली सामन्ती संस्कृतिको विरोध गर्नुपर्ने विचार व्यक्त गरिएको छ । यसका लागि किसानहरू सङ्घर्षमा उत्रन पर्ने भाव गीतमा व्यक्त भएको छ :

हे हली दाइ ! गोरु फुकाई

जोताराले बाँधेर ल्याओ सामन्ती साँढेलाई ।

माल खाने साँढे सधैँ रजगज गरी

सालभरि हिलो झरी हाम्रा कपालभरि ।

हे हली दाइ !... ('गोरु फुकाओ हली हो !', पृ. १२३)

प्रस्तुत गीतमा सोझा जनतामाथि रजगज गरेर सधैँ सामन्ती व्यवहार गर्दा जनतामा दबाब महसुस हुन पुगेको देखिन्छ । दबाबकै कारण जनतामा तनावजन्य अनुभूतिको संरचना भएको छ । यस्तो दबाब र तनावका कारण शोषक संस्कृतिको विरोध र नयाँ संस्कृतिको स्थापना गर्ने उद्देश्य गीतले बोकेको देखिन्छ । तत्कालीन समाजका त्यस्ता शोषक प्रवृत्तिको प्रभुत्वशाली पिँढीलाई गोरुझैँ जोताउन र जनताको सेवक बनाउन नियन्त्रणमा राख्नुपर्ने भाव गीतमा व्यक्त भएको छ । तत्कालीन समयमा प्रभुत्वशाली पिँढीको संस्कृतिका कारण जनता भोकै र नाङ्गै बस्न बाध्य छन् । यसले जनतामा दबाब र तनावको अवस्था सिर्जना गरेको छ । उनीहरूका घरमा कालले घेरा हालेको छ । कुनै जनताले दुई छाक सहज रूपमा जुटाउन सकेका छैनन् । जनताका छोरीहरूले प्रभुत्वशाली पिँढीको प्रभुत्व सहन गरेर महलमा कमारी भएर काम गर्न बाध्य हुनुपरेको छ । यस्ता कारणले उत्पन्न दबाबजन्य परिस्थितिका कारण जनतामा तनावजन्य अनुभूतिको संरचना निर्माण भएको देखिन्छ । दबाब र तनावकै बिच अधीनस्थता स्वीकार गर्नु जनताको बाध्यता बनेको छ । यसलाई गीतमा यसरी व्यक्त गरिएको छ :

अकालले गाँजेको छ झुप्राछाप्राभरि

हाम्रा भने रोएका छन् भोका छोराछोरी ।

हे हली दाइ ! ...

उसका भने हाको-डाको गर्छन् महलदेखि

कमारी भै काम गर्छन् हाम्रा चेलीबेटी ।

हे हली दाइ ! ... ('गोरु फुकाओ हली हो !', पृ. १२३)

प्रभुत्वशाली पिँढीका महलमा कमारोकै जिन्दगी बाँच्न पाउनु पनि अहोभाग्य सम्झने तत्कालीन समयका अधीनस्थ पिँढीलाई देखेर कविमा दबाब र तनाव उत्पन्न भएको छ । यही दबाब र तनावका कारण सिर्जित अनुभूतिको संरचना तत्कालीन समाजका किसान जनताको अनुभूति हो । यही अनुभूतिलाई महसुस गर्दै कवितामा अब उदीयमान वैकल्पिक संस्कृति निर्माण गर्न अघि बढ्न गीतमा आग्रह गरिएको छ । गीतमा प्रभुत्वशाली संस्कृतिले निर्माण गरेको दबाबजन्य अवस्थालाई देखाउँदै त्यसबाट उत्पन्न तनाबका कारण वैकल्पिक संस्कृतिको निर्माण गर्नुपर्ने भाव व्यक्त गरिएको छ । यसलाई यसरी प्रस्तुत गरिएको छ :

भोको पेट रोएको छ बाँझो डाँडा फोर्दा

हाडमासु दुखेको छ झोरा आवाद गर्दा ।

हे हली दाइ ! ...

सामन्तका पढ्न जान्छन् हाँस्तै हल्लीहल्ली

भेडा-बाखा-गाई हेर्ने हाम्रै लल्लामुन्नी ।

हे हली दाइ ! ... ('गोरु फुकाओ हली हो !', पृ. १२३-१२४)

भोकै पेट खेती किसानीमा लाग्नुपर्ने किसानको बाध्यताले दबाबको अवस्थालाई देखाउँछ । गरिबीकै कारण अधीनस्थ पिँढीको हाडमासुले समेत दुःख पाएको छ । जङ्गल फाँड्न र खेती गर्न जन्मिएझैँ जनताका सन्तानको उज्वल भविष्यको आशा गर्न नसक्ने अवस्था तत्कालीन समयका अधीनस्थ पिँढीको रहेको पाइन्छ । जनताको यस्तो अवस्थाले जनतामा दबाब र तनावजन्य अनुभूतिको संरचना हुन पुगेको छ । सन्तानको सुखको सपना देख्न नसक्ने अधीनस्थ गरिब किसानले महसुस गरेको दबाबका कारण उसमा प्रभुत्वशाली पिँढीप्रति घृणा उत्पन्न भएको छ । यो कुरालाई कविको विचारले अभिव्यक्त गरेको छ । गरिब किसानका सन्तानले किताब नहेरी घाँस दाउराको भारी हेर्नुपर्ने बाध्यतालाई देखाउँदै यस्तो अवस्थाले जनतामा दबाब र तनावजन्य

अनुभूतिको संरचना निर्माण हुन पुगेको देखाइएको छ । अब प्रभुत्वशाली सामन्ती संस्कृतिको अन्त्य र उदीयमान वैकल्पिक संस्कृतिको स्थापनाका लागि दबाब र तनावजन्य अनुभूतिको संरचना सहयोगी बनेको देखिन्छ ।

भण्डारीको 'दिदी र बहिनीहरूलाई...' गीतमा प्रभुत्वशाली पिँढीले निर्माण गरेको संस्कृतिका कारण तत्कालीन नेपाली समाजका नारीमा निर्माण भएको दबाब र तनावजन्य अनुभूतिको संरचनालाई देखाइएको छ । समाजमा छोरा र छोरीका बिच भेदभावपूर्ण व्यवहार हुने गरेको भाव गीतमा अभिव्यक्त भएको छ । तत्कालीन समाजमा यस्ता प्रभुत्वशाली भेदभावपूर्ण संस्कृतिका कारण नारी जातिमा दबाब निर्माण भएको छ । दबाबकै कारण तनावजन्य अनुभूतिको संरचना बनेको पनि देखिन्छ । यसले नारीलाई समाजमा सधैं दमित र कुण्ठित मनोभावमा सीमित गर्दछ । नारीमाथिको शोषण र भेदभावपूर्ण संस्कृतिले देशको विकास हुन सक्दैन । यसरी नेपाली नारीमाथि हुने थिचोमिचो र शोषणको संस्कृतिले नारीमा थोपरेको दबाब र तनावजन्य अनुभूतिको संरचनाले सिङ्गो नेपाली समाजलाई ग्रसित पारेको छ । समाजमा रहेको यस्तो विभेदको अन्त्य जरुरी छ र नारी पुरुषमा समानता आवश्यक छ । नारीमाथि हुने दबाब र तनावको अनुभूतिको संरचनाले समाजलाई नै पितृसत्तामुखी बनाइदिएको छ । यस्तो प्रभुत्वशाली पिँढीको संस्कृतिका विरुद्ध उदीयमान वैकल्पिक संस्कृति निर्माण हुनु जरुरी देखिन्छ । यसले नारी पुरुषको समानता र समताको विचार बोकेको छ । यस गीतमा भनिएको छ :

उत्तिकैमा छोरालाई स्कुल पढ्न पठाए
उत्तिकैमा छोरीलाई भाँडा माझ्न लगाए ।
साह्रै नै थिचोमिचो छ नेपाली नारीलाई ।
अब भने नारी तिमी नबस है निहुरेर
सबै नारी उठ है कम्मर कसेर ।
साह्रै नै ...
नारी हेप्ने चलनलाई सातै डाँडा कटाइदेऊ
साना नानी भाइबैनीलाई साँचो कुरा बताइदेऊ ।
साह्रै नै ... ('दिदी र बहिनीहरूलाई...', पृ. १२५)

प्रस्तुत गीतमा प्रभुत्वशाली पिँढीले निर्माण गरेको सामन्ती संस्कृति, पितृसत्तात्मक संस्कृति, विभेदमूलक संस्कृति अनि थिचोमिचो र शोषणको संस्कृतिका कारण नारीमा दबाब

सिर्जना भई तनावजन्य अनुभूतिको संरचना निर्माण भएको देखिन्छ । समाजमा नारीलाई थिचोमिचो र शोषण गर्ने मात्र छैनन् । यहाँ नारीको मुक्तिका लागि आवाज उठाउने पनि छन् । नारीमाथि दबाब सिर्जना गरी पुरुषले प्रभुत्व कायम गर्ने परिपाटीको विरोध गर्ने वैकल्पिक पिँढी पनि यस समाजमा छ । यो पिँढीले प्रभुत्वशाली थिचोमिचोको संस्कृति विरुद्ध नारीहरूले एकताबद्ध भएर सङ्घर्ष गर्नुपर्ने भावसमेत गीतमा अभिव्यक्त गरेको छ । थिचोमिचोका कारण नारीले दबाब महसुस गर्नु सत्य हो । यसरी सधैँ दबाबपूर्ण अवस्थामा नारीले बाँच्नुपर्दा नारीको भविष्यप्रति चिन्ता हुनु स्वाभाविक हो । यसरी चिन्ता हुनु भनेकै तनावजन्य अनुभूतिको संरचना निर्माण हुनु हो । यस गीतमा यस्तो तनावजन्य अनुभूतिको संरचनालाई स्पष्ट रूपमा देखाइएको छ र यसबाट मुक्तिको वैकल्पिक चाहना राख्दै सङ्घर्षका लागि आह्वान गरिएको छ ।

भण्डारीले लेखेको 'सहिदको रगत सुक्दैन' गीतमा तत्कालीन समयमा प्रभुत्वशाली पिँढीका रूपमा नेपालका राजा र राजसंस्थालाई चिनाएका छन् । सामन्ती राज्यव्यवस्थाले जनताको शोषण र विभेद गरेपछि जनतामा दबाब सिर्जना हुन गई तनावको अनुभूतिको संरचना बन्दछ । यस्तो दबाब र तनावबाट मुक्तिका लागि नेपाली जनताले क्रान्ति गर्दछन् । तत्कालीन समयको उक्त क्रान्तिलाई रोक्न प्रभुत्वशाली सामन्ती राज्यव्यवस्था निर्ममतापूर्वक अगाडि बढेको देखिन्छ । यसले नेपाली जनतामा झनै ठुलो दबाब र तनावको अनुभूति सिर्जना भएको देखिन्छ । यस्तो दबाब र तनावले उदीयमान वैकल्पिक पिँढीलाई मुक्तिको आन्दोलन गर्न सहयोग पुऱ्याएको देखिन्छ । प्रभुत्वशाली पिँढीका रूपमा रहेको सामन्ती संरचनाले जनतामा उत्पन्न क्रान्तिचेतलाई रोक्न नसक्ने भावसमेत गीतमा अभिव्यक्त छ । यसरी निर्मित तनावजन्य अनुभूतिले नेपालमा प्रभुत्वशाली पिँढीका विरूद्ध क्रान्तिचेतना झनै फैलिएको कुरा गीतमा यसरी व्यक्त गरिएको छ :

> इलामको माटोमा झुल्केको सूर्य बादलले छोपिन्न
> रत्नको बाटो पछ्याउँछौँ हामी बाधाले रोकिन्न
> बाधाका शिर कुल्चेर हिँड्छन् अजेय सन्तानले
> क्रान्तिको गति रुक्दैन कहिल्यै हत्या र दमनले । ('सहिदको रगत सुक्दैन', पृ. १२९)

उल्लिखित गीतको अंशले प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिका मतियारहरूबाट हत्या गरेरै जनतामा दमनसँगै तनावजन्य अनुभूति निर्माण गरेको बताएको छ । जनतामाथि सिर्जना गरिएको दबाबजन्य संस्कृति र दमनको संस्कृति निर्माणका लागि उदीयमान संस्कृतिका संवाहक रत्नको हत्या गरेको कुरा गीतमा व्यक्त छ । रत्नजस्ता व्यक्ति हत्याले गर्दा जनतामा उत्पन्न दबाब र तनावजन्य अनुभूतिको संरचनाका कारण जनताले सुरु गरेको क्रान्तिलाई जोसुकैको हत्या र दमनले नरोक्ने उद्घोष गीतमा गरिएको छ ।

मदन भण्डारीका गीतमा प्रभुत्वशाली पिँढीका कारण जनतामा दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण भएको देखिन्छ । उनको अको गीत 'जाउँ क्यारे भर्ती' मा प्रभुत्वशाली पिँढी वा वर्गका कारण जनतामा दबाब सिर्जना भएको देखिन्छ । गरिब र सोझा जनतामा यसरी दबाब सिर्जना गरिनु उचित होइन तर तत्कालीन सामन्ती राज्यसत्ताकै कारण जनतामा दबाब दिइएको देखिन्छ । जनताले दबाब थेग्न नसक्नु नै उसमा तनाव उत्पन्न गराउने प्रमुख कारक हो । जब जनतामा दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुग्छ तब कि उसले अधीनस्थतालाई स्वीकार गर्छ कि वैकल्पिक संस्कृति निर्माणको बाटो खोज्छ । उनको तल दिइएको गीतको अंशमा प्रभुत्वशाली सामन्ती संस्कृतिले जनतालाई दबाब सिर्जना भएको देखाइएको छ :

ए ! रामसिंहले सारा,

बाउबाजे खायो पारी कमारा !

फूल थुङ्गे फुल्छ,

यो कुरा गर्दा दिल सारै पोल्छ ! ('जाउँ क्यारे भर्ती', पृ. १३१)

शोषक सामन्ती रामसिंहले आफ्ना पुस्तौं पुर्खालाई कमाराको रूपमा राखेको र आफूलाई पनि त्यही अवस्थामा राखेकाले धने पात्रलाई दबाब महसुस भएको देखिन्छ । यसरी दबाबका कारण के गरौँ र कसो गरौँको अवस्थाले उसमा तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुगेको छ । जसले गर्दा प्रभुत्वशाली पिँढीले दिएको दबाबबाट मुक्तिका लागि सशस्त्र क्रान्ति नै गर्नुपर्ने तनावजन्य अनुभूतिको संरचना निर्माण भएको कुरा 'जाउँ क्यारे भर्ती' गीतमा यसरी प्रस्तुत गरिएको छ :

ए ! गोली न बारुद,

गरिबको साथमा राइफल न बन्दुक !

एउटा छ जुक्ति,

आमालाई अब बनाउने मुक्ति !

ए ! मलाया जान्छु,

राइफल र बन्दुक बोकेर आउँछु !

यस्तै रुलाउँछु,

रामसिंहका सारा शेखी धुल्याउँछु ! ('जाउँ क्यारे भर्ती', पृ. १३१)

प्रभुत्वशाली पिँढीका प्रतिनिधि पात्र रामसिंहले अधीनस्थ पिँढीका बाबुबाजेलाई कमारा बनाएको कारण अधीनस्थ पिँढीमा दबाबजन्य स्थिति सिर्जना भएको छ । यस गीतमा उक्त कुरालाई स्पष्ट रूपमा व्यक्त गरिएको छ । यस्तो दबाबकै कारण सोझा जनतामा तनावजन्य अनुभूतिको संरचना निर्माण भएको छ । यस्तो तनावजन्य अनुभूतिका कारण कमारा बनाएर शोषण गर्ने रामसिंहसँग बदला लिने र शोषण तथा दमनको संस्कृतिको प्रतिरोध गर्दै उदीयमान संस्कृतिको निर्माणको चाहना उदीयमान पिँढी/समुदायले राखेको छ । दबाब र तनावकै बिच उदीयमान संस्कृतिको निर्माण आवश्यक छ जसले रामसिंहको सामन्ती सत्ता ढालोस् र जनताको सत्ता निर्माण हुन पुगोस् । जनतामा निरन्तर दबाब दिने सामन्ती संस्कृतिले उठेको सत्ता ढलोस् । यस्तो सामन्ती सत्ता ढालेर समतामूलक सत्ता निर्माणका लागि हतियार उठाउन परे बरु विदेसिएर भए पनि हतियारको जोहो गरुँला भन्ने दबाबको अनुभूति यहाँ उत्पन्न भएको छ । प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृति ढालेरै छाडौँला र तनावजन्य अनुभूतिको संरचना भत्काउँला भन्ने भाव यस गीतले व्यक्त गरेको छ । जनतामा यस्तो विद्रोहको भाव जन्मनका लागि प्रस्तुत गीतमा दबाबजन्य परिस्थितिबाट तनावजन्य अनुभूतिको निर्माण भएको देखाइएको छ ।

मदन भण्डारीका गीतहरूमा प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिका कारण सर्वसाधारण नेपाली किसान जनतामा दबाबजन्य अवस्था सिर्जना भएको देखाइएको छ । यस्तो दबाबजन्य परिस्थितिबाट जनतामा तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुगेको छ । अधीनस्थ पिँढीमाथि उत्पन्न दबाब र तनाबबाट उन्मुक्तिका लागि जनताले सङ्घर्ष गर्नुपर्ने अवस्था रहेको कुरा उनका गीतहरूमा बताइएको छ । प्रभुत्वशाली पिँढीका सामन्ती व्यवहारका कारण उत्पन्न दबाब र तनावजन्य अनुभूतिको संरचना अन्त्यका लागि उदीयमान वैकल्पिक पिँढीले निरन्तर सङ्घर्ष गर्नुपर्ने भाव उनका गीतहरूमा स्पष्ट रूपमा अभिव्यक्त छ । तत्कालीन समाजको सामाजिक सांस्कृतिक संरचनामा प्रभुत्वशाली सामाजिक सामन्ती संस्कृतिका कारण जनतामा हुन पुगेको थिचोमिचो, शोषण तथा दमनले दबाबजन्य परिस्थिति निर्माण गरेको देखिन्छ । त्यस्तो दबाबजन्य परिस्थितिबाट मुक्ति पाउनुपर्छ भन्ने चेतना जनतामा विकसित हुँदै जाँदा तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुगेको छ । उदीयमान जनताले वैकल्पिक सामाजिक संस्कृति निर्माणका लागि सङ्घर्ष सुरू गर्दा प्रभुत्वशाली पिँढीसँग द्वन्द्व हुन पुग्दा तनावजन्य अनुभूति निर्माण हुन पुगेको देखिन्छ । यसले जनतामा विद्रोह र क्रान्तिचेतना फैलन गई तत्कालीन पञ्चायती व्यवस्था विरूद्ध जनताको आन्दोलन सफल भएको सामाजिक इतिहासलाई भेट्न सकिन्छ ।

### २.४.३ मदन भण्डारीका कथामा दबाब र तनावजन्य अनुभूतिको संरचना

मदन भण्डारी कथाकार पनि हुन् । उनले 'कुराकानी', 'डोकाको मोल', 'गुरु र चेला', 'बाबु र छोरा पुरेत' तथा 'कालीदासको 'क'' जस्ता कथा/लघुकथा लेखेका छन् । यी कथाहरूमध्ये 'कुराकानी' र 'डोकाको मोल' कथामा दबाब र तनावजन्य अनुभूतिको संरचना पाइन्छ भने अन्य कथामा भेटिँदैन । त्यसैले यहाँ 'कुराकानी' र 'डोकाको मोल' कथाको अध्ययन गरिएको छ ।

भण्डारीका कथाहरू तत्कालीन समाजका यथार्थ घटनामा आधारित छन् । उनका कथामा गाउँमा रहेका प्रधानपञ्च तथा जमिन्दारहरूले जनतामाथि शोषण र दमन गर्दा जनतामा दबाब सिर्जना भएको र उक्त दबाबका कारण तनावजन्य अनुभूतिको संरचना निर्माण भएको पाइन्छ । तत्कालीन समाजमा प्रभुत्वशाली वर्गले निर्माण गरेको सामन्ती संस्कृति बलियो रहेको देखिन्छ । यसको प्रमुख कारण भनेको केन्द्रीय शासनसत्ता सञ्चालक राजादेखि उनका आसपासमा रहेर पञ्चायती व्यवस्था जोगाउन जस्तोसुकै कर्म गर्न तयार सामन्ती जमिन्दार वर्ग देखिन्छन् । पञ्चायत व्यवस्थाका कारण देश र जनताको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक समुन्नति हुन सकेन । देश दिनप्रतिदिन अधोगतितर्फ लाग्यो । पञ्चायती व्यवस्थाको विकल्पको रूपमा जनआन्दोलन गर्नेतर्फ केही राजनीतिक दलका नेताहरूले सोच्न थाले (अधिकारी, २०७३, पृ. २७६) । यसको प्रभाव मदन भण्डारीमा पनि परेको देखिन्छ । जसलाई उनले कथामा व्यक्त गरेका छन् । यसले सामन्ती संस्कृतिका विरुद्ध जनतामा जागरण ल्याएको पनि पाइन्छ । उनका कथामा पनि प्रभुत्वशाली पिँढीका रूपमा गाउँघरका सामन्ती सोचका व्यक्ति तथा देशमै शासनसत्ताको केन्द्रमा रहेका शासकवर्गले निर्माण गरेको सामन्ती संस्कृतिको चपेटामा परेका जनतामा उक्त संस्कृतिकै कारण दबाब सिर्जना भएको देखाइएको छ । यसले उत्पन्न गराएको दबाब र तनावजन्य अनुभूतिको संरचनाका कारण वैकल्पिक संस्कृति निर्माणका लागि उदीयमान पिँढी अग्रसर भएको पाइन्छ । यसरी उनीहरूको संस्कृति गरिब किसान तथा निम्न वर्गका व्यक्तिमाथि शोषण र दमन गर्ने खालका रहेको कारण जनतामा दबाब र तनावको अनुभूतिको संरचना बनेको पाइन्छ । जसले गर्दा प्रभुत्वशाली संस्कृतिका विरुद्ध सङ्घर्ष गर्नुपर्ने अवस्था सिर्जना भएको देखिन्छ । उनका कथाहरूमा प्रभुत्वशाली पिँढीको शोषण र दमनमा पिल्सिएका अधीनस्थ पिँढीको पिडालाई देखाइएको छ । प्रभुत्वशाली पिँढीका कारण गरिबी र दुःखले घेरिएका अधीनस्थ पिँढीका बालबालिकाको अवस्थासमेत दुःखदायी बन्न पुगेको तथ्यलाई अझै स्पष्ट पार्नका लागि 'डोकाको मोल' कथाको दिइएको कथांशलाई हेरौँ :

> 'यो मोराले चराउन लगिकन एकदिन पनि कुनै वस्तुभाउको भुँडी उकासिएको छैन, त्यसै त्यसै मर्न लागिसके । चोर मोरो ! कुन चौरीमा कुटीकुटी छेकेर अन्मरिन्छ, अनि

घाम छँदै बाँधेर मर्छ । जा, घस्की यहाँबाट अभागी मोरा, लाद्रो भर्न बेर भयो हाला नि !' ('डोकाको मोल', पृ. ८२)

आफ्नो उमेरका केटाकेटी किताब च्यापेर विद्यालय जाँदै गर्दा प्रभुत्वशाली पिँढीको वस्तुभाउको गोठालो जानुपर्ने बाध्यतामा परेको धने 'डोकाको मोल' कथाको बाल पात्र हो । ऊ प्रभुत्वशाली पिँढीका सामन्त वर्गको शोषणको संस्कृतिको चपेटामा परेको छ । ऊ आफ्ना बालसुलभ गुणलाई बिर्सेर सानै उमेरमा रामसिंहका वस्तुभाउको गोठालो जानुपर्ने बाध्यता आइपरेको हुन्छ । दिनभरि साहुका वस्तु गोठालो गएर फर्किंदा कहिल्यै जस नपाउने धनेमाथि साहुका परिवारको व्यवहारले दबाब महसुस गराएको छ । उसको परिवारमाथि प्रभुत्वशाली पिँढीको शोषण र दमनले दबाबजन्य अवस्था सिर्जना गराएको छ । गरिबीको चपेटामा परेको धनेको परिवारले दबाबजन्य परिस्थिति थेग्नकै लागि समाजका सामन्ती साहु रामसिंहको भारि बोक्न जान बाध्य हुन्छ । रामसिंहको भारी बोक्न गएका धनेका आमाबुबामध्ये बुबाको बाटोमै बाढीले बगाएर मृत्यु हुन्छ । यसरी परिवारका प्रमुख सदस्यको मृत्यु हुँदा धनेकी आमा र धनेमा तनावजन्य अनुभूतिको संरचना निर्माण हुन्छ । परिवारको सम्पूर्ण बोझ आफू एक्लैको काँधमा आइपर्दा धनेकी आमाले दबाबसँगै तनाव महसुस गरेकी छे । धनेका बाबुलाई खोलाले बगाउँदा रामसिंहको सामानको भारी पनि बगाउँछ । रामसिंह सामन्ती सोचको व्यक्ति भएका कारण रामसिंहले धनेका बुबाको मृत्युलाई महत्त्व दिँदैन तर भारी बगाएकामा त्यसको क्षतिपूर्ति धनेको परिवारले तिर्नुपर्ने घोषणा गर्छ । यसले धनेको परिवारमा दबाब हुन पुगेको छ । दस नङ्ग्रा खियाएर र साहुको भारी बोकेर परिवार पाल्न बाध्य धनेका बाबुआमामध्ये बाबुको मृत्यु हुनु, बाबुले साहुको भारीसँगै खोलामा बगेर ज्यान गुमाउन पर्नु, त्यही भारीको मुल्य पनि बाँचेकाले तिर्न पर्नुले धने र धनेकी आमालाई ठुलो दबाब र तनावजन्य अनुभूति हुन पुगेको देखिन्छ । कथामा रामसिंहले धनेकी आमालाई दिएको दबाबलाई यसरी देखाइएको छ :

> हेर धनेकी आमा, यसपालि तेरो पोइले पाँच सयको माल डुबाएछ, म त नोक्सान बोक्दिनँ । मर्ने त मऱ्यो-मऱ्यो तँलाई पनि ऋणले पुऱ्यो । अब यो लेनदेन तिरोभारो त गर्नैपर्दछ । त नयाँ पुरानो दुबै मिलाएर अहिले तँलाई पन्ध्र सय पुग्यो । तिमीहरू सबैले काम गर्दा पनि अब चाहिँ ब्याज चुक्ता हुँदैन, तैपनि विचार गरौँला । च्यान्टी पनि अब भाँडा मोल्न, बाख्रा चराउन सक्छे । उसलाई पनि काममा पठाउनू, धने बाहिरको काम धन्दा हेर्छ ।' ('डोकाको मोल', पृ. ८३)

नेपालको सामाजिक इतिहासमा धने र धनेकी आमाजस्ता व्यक्तिहरू अधीनस्थ पिँढीका रूपमा रहेका छन् । नेपालमा गरिबीको रेखामुनि दबिएर बस्न बाध्य धनेकी आमाजस्ता

व्यक्तिहरूले कहिल्यै आफ्नो परिवारको हितमा सोच्न भ्याएका छैनन् । यिनीहरू साहु महाजनको ऋण र ब्याज तिर्नुपर्ने दबाबमा सधैँ झोक्राइरहेका देखिन्छन् । त्यस्तो अवस्थामा रामसिंहजस्ता सामन्ती साहुमहाजनले गरिब जनताले लिँदै नलिएको ऋण र तिर्नै नपर्ने रकमको हिसाब बुझाउँदै बालबच्चालाई हली राख्न र कुखुराबाखाको खोर रित्याउने कुरा गरेपछि गरिबलाई तनावजन्य अनुभूति हुनु स्वाभाविक देखिन्छ । यस कथामा पनि धनेकी आमालाई साहु रामसिंहले ऋण तिर्नुपर्ने भनी दिएको दबाबलाई स्वीकार गर्न नसकेको देखिन्छ । उसले नस्विकारे पनि सामन्ती साहुको प्रभुत्वशाली संस्कृतिलाई उसले दबाउन सक्दिन । यसरी रामसिंह जस्ता प्रभुत्वशाली पिँढीले धनेकी आमा जस्ता अधीनस्थ पिँढीमाथि आर्थिक रूपमा मात्र होइन सांस्कृतिक रूपमा समेत प्रभुत्व जमाएका छन् जसले गर्दा धनेकी आमाजस्ता सामाजिक पात्रलाई साहुको ऋण तिर्नुपर्ने दबाब परेको देखिन्छ । प्रस्तुत कथांशमा पनि धनेकी आमामाथि रामसिंहले गरेको तुच्छ व्यवहारले उनीहरूलाई अधीनमा राख्ने मनसाय देखिन्छ । भारीकै कारणले मृत्युवरण गर्न पुगेका धनेका बुबालाई भारी बगाइदिएको दोष दिँदै जिउँदामाथि गरेको दमन प्रभुत्वशाली पिँढीको संस्कृतिले गरिबमाथि थोपरेको दबाब हो । कथाको उक्त भनाइले रामसिंहको व्यक्तिगत चरित्रलाई मात्र नदेखाई तत्कालीन समाजका प्रभुत्वशाली पिँढीका सामन्ती चरित्रले सर्वसाधारण किसानको चरित्रलाई उजागर गरेको छ । मरेको मान्छेलाई दोष दिँदै उसका जिउँदा परिवारलाई ऋणको भारी बोकाउनु बाँचेकामाथि थोपरेको दबाब मात्र हो । जसले धनेकी आमा र धनेलाई ऋण तिर्ने कुरा स्वीकार गर्न बाध्य पारेको देखिन्छ । यसरी प्रभुत्वशाली सामन्ती संस्कृतिको दबाबका कारण उत्पन्न तनावजन्य अनुभूतिको संरचनालाई कथाले उजागर गरेको पाइन्छ ।

तत्कालीन समयमा समाजमा रामसिंहजस्ता प्रभुत्वशाली सामन्ती वर्गको दबाब रहेको देखिन्छ । जसको कुराको प्रतिवाद गर्न अधीनस्थ पिँढीमा आँट नहुने समेत देखिन्छ । यसको प्रमाणका रूपमा रामसिंहको प्रभुत्वको दबाबमा परेकी धनेकी आमाले रामसिंहले भनेको पन्ध्रसय ऋणको कुरामा प्रतिवाद नगरी दयाको भिख माग्दै तनावजन्य अनुभूतिलाई यसरी पोखेकी छे : 'प्रधान मालिक अलिक दया... म त डुबैं, अब यी टुहुरा कसरी पालौं ? फेरि च्यान्टी पनि उता गए यता बाखा पाठालाई घाँस पानी दिने मान्छे हुँदैन । म बसौं भने यसो बनीबुतो नखोजे मुखमा माड लाग्दैन ।' ('डोकाको मोल', पृ. ८३) प्रभुत्वशाली पिँढीको प्रभुत्वको दबाबमा पर्नु तत्कालीन नेपाली समाजका अधीनस्थ पिँढीको नियति बन्न पुगेको देखिन्छ । प्रभुत्वशाली पिँढीको संस्कृतिका कारण जस्तोसुकै दबाबलाई झेल्न बाध्य हुने धनेकी आमाजस्ता सामाजिक रूपमा पिछडिएका व्यक्तिको तनावजन्य अनुभूतिले सामाजिक संस्कृतिको संरचना तयार गरेको देखिन्छ । तसर्थ अधीनस्थ पिँढीले प्रभुत्वशाली सामन्ती संस्कृतिलाई सहेर नै दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुगेको स्पष्ट हुन्छ ।

तत्कालीन समाजका अधीनस्थ पिँढीले दबाबलाई सहँदै आफूमा उत्पन्न तनावजन्य अनुभूतिलाई बाहिर देखाउन खोज्दा रामसिंहजस्ता प्रभुत्वशाली पिँढीका प्रतिनिधिले आफू वा आफ्नो वर्गले निर्माण गरेको सामन्ती संस्कृतिको उपयोग गर्दै गरिब धनेकी आमाजस्ता वर्गमाथि दबाब कायम राख्ने गर्दछन् । यस कथामा यसरी दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माणका लागि रामसिंहले बोलेका कुरालाई कथामा यसरी व्यक्त गरिएको छ : 'जेसुकै होस् गनगन नगर । तेरै पोइले डुबायो त म के गरौँ । बाख्राले यो वर्षको ब्याज तिर्, जति कट्छ कटाइदिउँला । अरु साँवामा गाँसी दिउँला हुँदैन ?' ('डोकाको मोल', पृ. ८३)

तत्कालीन समाजका प्रभुत्वशाली पिँढीका वर्गले तयार पारेको संस्कृति भनेको जसरी भए पनि अधीनस्थ पिँढीको सम्पत्ति आफ्नो बनाउने हो । त्यसका लागि साम, दाम, दण्ड, भेदको प्रयोग गरी गरिब किसानमाथि दबाब कायम राख्ने कार्य गर्दछन् । यस कथामा पनि रामसिंहले धनेकी आमालाई विभिन्न बहानामा आफ्नो प्रभुत्वशाली संस्कृतिले बनाएको जालझेल र शोषणको संस्कृतिभित्र राखेर आफ्नो हितमा निर्णय सुनाएको छ । जसले धनेकी आमामा दबाब पर्न गई तनावजन्य अनुभूतिको संरचना निर्माण भएको देखिन्छ ।

नेपालको तत्कालीन शासन व्यवस्था तथा तत्कालीन सामन्तवादी सामाजिक व्यवस्थाको जगमा उभिएको यस कथामा धनेकी आमाले भोग्न परेको आर्थिक सामाजिक उत्पीडन र त्यसबाट उत्पन्न दबाबका कारण निर्माण हुन पुगेको तनावजन्य अनुभूतिको संरचना सामन्तवादी संस्कृतिको परिणाम हो । समाजमा प्रभुत्व जमाएर बसेको रामसिंह जस्ताको प्रतिवाद गर्न सक्ने क्षमता तत्कालीन समयमा सर्वसाधारणसँग नहुनु नै प्रभुत्वशाली संस्कृति बलियो हुनु हो भने अधीनस्थ पिँढी झनै दबिनु हो । यसले गरिब र सर्वसाधारण व्यक्तिमा दबाबजन्य अनुभूतिको निर्माण गरेको हुन्छ । यसले तनावजन्य अनुभूतिको संरचनासमेत निर्माण हुन पुग्छ । यस कथामा पनि धनेले सुरुमा बुझेर वा नबुझेर नै रामसिंहजस्ता प्रभुत्वशाली सामन्तीका विरुद्ध आवाज उठाउने चेष्टा गरेको छ । उसको त्यस्तो दुस्साहसलाई रामसिंहको एउटा ठुलो डाँकोले रोकिदिएको छ । "सबै बाख्रा लगेर हामीले के खाने नि ? त्यसो हुँदैन' धनेले इन्कार गऱ्यो ।' ('डोकाको मोल', पृ. ८३) उसको यो अभिव्यक्ति सानै उमेरमा दबाब महसुस गर्दा निस्केको तनावजन्य अनुभूतिको प्रतिफल हो । रामसिंहको दबाबले उसमा भविष्यमा के खाने भन्ने तनावजन्य अनुभूति निर्माण भएको पाइन्छ । यसरी गरिब जनताले बोल्न खोज्दा प्रभुत्वशाली सामन्ती संस्कृतिले समाजलाई नै दबाबमा राखेको समेत कथामा देख्न पाइन्छ । 'बाठो भएर नबोल्, तेरा दाँत गिजैसँग झारिदिउँला' रामसिंह गर्ज्यो । सबै मैले भनेजस्तो गर्नु नत्र नराम्रो होला' भन्दै रामसिंह फिऱ्यो ।" ('डोकाको मोल', पृ. ८३) रामसिंहको यस भनाइले सामन्ती संस्कृतिको प्रतिनिधित्व गर्दछ । समाजमा हालीमुहाली गरेर बसेका रामसिंहजस्ता सामन्ती

प्रभुत्वशाली वर्गले साम, दाम, दण्ड, भेद जेजसरी पनि आफ्नो संस्कृति र दबाब अधीनस्थ पिँढीमाथि थोपर्ने कार्य गर्दछ भन्ने कुरालाई रामसिंहको उक्त भनाइले पुष्टि गरेको छ। यसरी यस कथामा प्रभुत्वशाली संस्कृतिले निर्माण गरेको दबाबजन्य परिस्थितिका कारण गरिववर्गमा तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुगेको देख्न सकिन्छ।

तत्कालीन समाजमा आर्थिक दृष्टिले प्रभुत्वशाली सामन्त वर्गको प्रतिनिधित्व गर्ने पात्र रामसिंह हो भने सामन्त पिँढीबाट शोषणको चपेटा र दबाबमा पर्ने वर्ग धनेकी आमा तथा परिवार हो । तत्कालीन नेपाली समाजमा अधीनस्थ पिँढीले प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिलाई चुपचाप स्वीकार्नु बाहेक अर्को बिकल्प देख्दैन । यस कथामा पनि धनेकी आमाले रोएरै आफूलाई सम्हालेकी छे। यो प्रभुत्वशाली सामन्ती संस्कृतिले उब्जाएको दबाबका कारण उत्पन्न तनावजन्य अनुभूतिको संरचनाको परिणाम हो । यसलाई कथामा यसरी देखाउन खोजेको छ : "आमा भक्कानिएर रोइन् । धनेले पनि धेरै मर्म बुझ्यो ('डोकाको मोल', पृ. ८३) ।" प्रभुत्वशाली पिँढीले दिएको दबाबकै कारण तनावजन्य अनुभूतिको संरचना भएर तत्कालीन समाजका यस्ता धेरै आमाले रुन परिरहेको कुरालाई यस कथामा यसरी प्रस्तुत गरिएको छ।

कथाको उत्तरार्धतिर सामन्ती रामसिंहको गोठालो बसेर धनेको पुस्तौँले जीवन कटाएको र त्यसको निरन्तरतामा धनेले पनि जीवनको बीस वसन्त पार गरिसकेको हुन्छ। उसकी बहिनी पनि पन्ध्र वर्षकी भइसकेकी हुन्छे । धनेको मनमा भने सामन्ती रामसिंहको गोठालो बस्नुपर्दा सधैँ दबाबजन्य अनुभूति भइरहेको हुन्छ । धनेले रामसिंहकै मुखबाट कहिलेकाहिँ देशका विभिन्न भुभागमा धनीहरू लुटिएका, पिटिएका र लखेटिएका समाचार सुन्न थाल्छ। धनेले रामसिंहजस्ता धनी लुटिनुका कारण गरिबमाथिको शोषण नै होला भन्ने सोच्छ र रामसिंह पनि लुटिए उचित हुने कुरा सोच्छ। यो उसमा रहेको दबाबजन्य अनुभूतिकै कारण हो भन्न सकिन्छ। यसरी उसमा प्रभुत्वशाली पिँढीका विरुद्ध प्रतिरोधको भावना विकास हुन थाल्छ। रामसिंहलाई लुट्नका लागि गाउँमा धेरै अधीनस्थ पिँढीका गरिब किसानहरू रहेका छन् भन्ने सम्झन्छ।

प्रस्तुत कथामा प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिका विरूद्ध विद्रोहको चेतना विकास हुँदै जाँदा धनेले रामसिंहको घरको हली बस्न छोडेर विदेसिने विचार गर्छ। विदेश गएर पैसा कमाएर ल्याई रामसिंहको ऋण तिरेर स्वतन्त्र जीवन बिताउने कुरा सोच्छ। यो उसले महसुस गरेको दबाबजन्य अनुभूतिले निर्माण गरेको तनावजन्य अनुभूतिको संरचनाको परिणाम देखिन्छ। यस सम्बन्धमा कथामा भनिएको छ : "धनेले आमासँग कुरा गऱ्यो। रामसिंहको नुन तेल ल्याउने बहानामा धरान गएपछि नफिर्ने र एकैचोटि थुप्रै पैसा ल्याएर रामसिंहको कर्जा तिर्ने, आफू पनि स्वतन्त्र गरिखाने । आमाले टाउको हल्लाइन्-धनेलाई जिउ धेरै हलुका भएजस्तो लाग्यो ।"

('डोकाको मोल', पृ. ८५) यसरी कथामा प्रभुत्वशाली पिँढी रामसिंहजस्ताले निर्माण गरेको शोषण र दमनको संस्कृतिका कारण सिर्जित दबाबजन्य अनुभूतिले गरिब धनेलाई विदेसिन बाध्य पार्न लागेको देखाइएको छ । उसले बनाएको यो योजनालाई उसकी आमाले मान्दिनन् कि भनेर उसमा तनावजन्य अनुभूति भएको देखिन्छ तर आमाले हुन्छ भन्ने भावमा टाउको हल्लाउँदा ऊ ढुक्क हुन पुगेको देखिन्छ ।

दबाबजन्य अनुभूतिलाई बोकेर बजार जाँदै गरेको धनेले बाटोमा अर्का एकजना भरिया भेट्छ । समान अवस्था र परिस्थितिका कारण सँगै हिँडेका उनीहरू राती जङ्गलको गोठमा बास बस्न पुगेका हुन्छन् । उनीहरूका बिच कुरा हुँदा भेटिएको भरिया त भरिया नभएर उदीयमान वैकल्पिक पिँढी र संस्कृतिको खोजीमा हिँडेको क्रान्तिकारी विचारधारा बोक्ने कम्युनिस्ट कार्यकर्ता हुन्छ । उनीहरूका बिच यथार्थ परिचय भएपछि क्रान्तिकारी कार्यकर्ताको विद्रोही विचार सुनेर धने विदेसिने विचार छोड्छ । ऊ गाउँ फर्केर सामन्ती रामसिंहसँग विद्रोह गर्न तम्सिन्छ । उसले कथामा रामसिंहसँग नै विद्रोह गरी बदला लिने सोच्नु रामसिंहजस्ता सामन्तीले सिर्जना गरेको दबाबजन्य अनुभूतिको संरचनाको उपज हो ।

विदेश जाने उद्देश्यले हिँडेको धनेको मनमा उदीयमान वैकल्पिक संस्कृति निर्माणको बीउ रोपेर क्रान्तिकारी कार्यकर्ता आफ्नो बाटो लागेपछि धने गाउँ फर्किन्छ । गाउँमा प्रभुत्वशाली पिँढीबाट भएको शोषण र दमनका कारण सिर्जना भएको दबाबजन्य अनुभूतिको भण्डाफोर गर्दछ । गरिब किसान र शोषित, पीडितलाई एकजुट बनाउँछ र रामसिंहको घरमा आक्रमण गर्दछ । कथाको यस घटनाले प्रभुत्वशाली सामन्ती संस्कृतिका कारण दबाबमा परेका सोझा गरिब जनताले तनावजन्य अनुभूतिको संरचना निर्माण भएको देखिन्छ । परिणामतः धनेको नेतृत्वमा रामसिंहको घरमा भेला भएका शोषित पीडित गाउँलेले धनेलाई घेरा हाल्छन् । उनीहरूको यस्तो कार्यले त्यहाँ रामसिंहमाथि दबाबजन्य अनुभूतिको परिस्थिति निर्माण हुन पुगेको देखिन्छ । यस्तो अवस्थामा घेरा हाल्नेहरूका बिच धनेले भन्दछ :

> साथी हो ! खबरदार, यहाँ घरबाट कोही बाहिर जान नपाओस्, त्यसका लागि हामीले मजबुद घेराबन्दी गर्नुपर्दछ । आज हामी यो प्रधानपञ्च रामसिंहकोमा कैयौँ पुस्तादेखिको ऋण चुक्ता बुझाउन आएका छौँ । हामीले सयौँ वर्षसम्म ब्याजको स्याज बुझाउँदा पनि, सारा जीवन उसकै सेवा टहलमा बिताउँदा पनि अझै हाम्रै थाप्लामा बाँकी रहेको यसले दाबी गर्दैछ । यसको आज फैसला हुन्छ, यो सरासर अन्याय हो, यस्तो अन्यायको जरा नकेलाएसम्म र यस्ता सूदखोर फटाहाको थान्को नलाएसम्म यस्ताले हामीलाई अलिकति पनि पलाउन र मौलाउन दिने छैनन् । यसका

> तमाम बाक्सा र कन्तुर फोरेर सारा जाली कीर्ते कागजहरू र अरु सबै गरिबका तमसुकहरू च्यातेर जलाइदिऊँ र यसको पनि अन्त्य गरौँ । यो आजको काम हो । ('डोकाको मोल', पृ. ९०)

धनेको नेतृत्वमा प्रभुत्वशाली पिँढी रामसिंहको घरमा जम्मा भएका सबै अधीनस्थ पिँढीका गरिब सोझा किसानहरू हुन्छन् । उनीहरू प्रभुत्वशाली सामन्ती संस्कृतिको सिकार भएका थिए । उनीहरूमा समान अनुभूति हुन्छन् । उनीहरूले रामसिंहबाट उस्तै खालको दबाबजन्य अनुभूति गरेका छन् । त्यसले उनीहरूमा समान तनावजन्य अनुभूतिको संरचना निर्माण भएको देखिन्छ । त्यसैले उनीहरूले त्यस्ता दबाब र तनावजन्य अनुभूतिको संरचनाबाट उन्मुक्ति चाहेको देखिन्छ । त्यसैको परिणामस्वरूप उनीहरू प्रभुत्वशाली संस्कृतिको विरोध गर्दै उदीयमान वैकल्पिक संस्कृतिको निर्माण गर्न चाहन्छन् । फलतः उनीहरूले प्रभुत्वशाली संस्कृतिको विरोध गर्न सुरु गरेका छन् तर सङ्घर्षलाई मूर्त रूप दिन सकेका छैनन् । उनीहरूले रामसिंहसँग भएका कागजपत्र, तमसुक र लिखतहरू जलाइदिएको देखिन्छ तर रामसिंहको ज्यान लिएका छैनन् । परिणाम रामसिंहले प्रभुत्वशाली सामन्ती संस्कृतिका संरक्षक तत्कालीन शासनसत्ताको साथ र सहयोग प्राप्त गर्दछ । उसको सहयोग गर्न गाउँमा पुगेको प्रहरीले गाउँलेमाथि दमन सुरु गर्दछ । यसले गाउँलेमा दबाबको अनुभूति हुन्छ । छोरीचेली र नारी जातिमाथि अत्याचार गर्दछ । कयौँ गाउँलेलाई पक्राउ गर्ने र दमन गर्ने अभियान गाउँमा चल्दछ । प्रभुत्वशाली सामन्ती संस्कृतिको संरक्षकबाट भएको यस्तो गतिविधिले सोझा गाउँलेमा दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण गर्दछ । यस्तो तनावजन्य अनुभूतिका कारण रामसिंहको प्रभुत्वशाली संस्कृतिसँग डराएका गाउँलेहरू रामसिंहको शोषण र दमनलाई स्वीकार गर्न थाल्दछन् । उनीहरूको मनबाट उदीयमान वैकल्पिक संस्कृतिको चाहना मरेर जान्छ । उनीहरू आफ्नो जीवनलाई भगवान्ले यस्तै रूपमा दिएको र यसरी नै बाँच्नुपर्ने कुरालाई स्वीकार गर्छन् । उनीहरू आफूलाई अधीनस्थ पिँढीकै रूपमा स्वीकार गर्दै प्रभुत्वशाली संस्कृतिको एक अङ्गका रूपमा स्वीकार गर्दछन् । यसले धने र धनेलाई साथ दिने केही व्यक्तिमा दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुगेको देखिन्छ । यस कुरालाई कथामा यसरी देखाइएको छ :

> ... यसबिचमा सामान्य कामबाहेक विशेष काम गर्न धेरै कठिनाइ पऱ्यो । फेला परेकाहरूले घोर यातना भोग्नुपरेको सुनेर समर्थक जनता त्यसै मुर्झाउन थाले । कार्यकर्ताहरू असुरक्षाको त्रासले चाउरिए । गाउँका स्वास्नीमान्छेहरूमाथि पनि प्रहरीले जघन्य अत्याचार र बलात्कार गरे । ... कार्यकर्ता लाचार भए, आत्मसमर्पणको लहर चल्यो । ... आखिर जनताले उसैको शरणमा जानुपर्ने परिस्थिति आयो । नत्र सुरक्षा थिएन । धनेको कुरा मान्न कोही तयार थिएन । भूमिगत भएका ५/७ जना र अरू

१०/१५ जनाबाहेक अब गाउँमा उसको पक्षमा बाहिर कोही देखिँदैनथ्यो । ('डोकाको मोल', पृ. ९१)

धनेको नेतृत्वमा सामन्त रामसिंहको घरमा भएको कारबाहीको कार्यले गाउँमा झनै त्रासदीपूर्ण अवस्था आएको देखिन्छ । यसले धनेजस्ता परिवर्तनको चाहना राख्ने उदीयमान पिँढीलाई दबाब र तनावजन्य अनुभूति हुन पुगेको देखिन्छ । यसो हुँदाहुँदै पनि उदीयमान वैकल्पिक संस्कृतिको खोजी गर्ने पिँढीको निर्माण तत्कालीन समाजमा भएको देखिन्छ । धनेलाई साथ दिन भूमिगत भएका केहीले उदीयमान वैकल्पिक पिँढीको नेतृत्व गरेको देखिन्छ र उनीहरूले रामसिंहमाथि नै दबाबजन्य अनुभूतिको संरचना तयार पारेको देखिन्छ । त्यसैको परिणाम उसले गाउँलेमाथि दबाब सिर्जना गर्न चाहिरहेको छ । अधीनस्थ पिँढीलाई प्रभुत्वशाली पिँढीले जहिले पनि आफ्नो प्रभुत्वशाली संस्कृतिभित्र राख्न चाहन्छ र त्यसका लागि दबाबजन्य अनुभूतिको सिर्जना गरिरहन्छ भन्ने रेमन्ड विलियम्सको मान्यतालाई रामसिंहले गरेको व्यवहारले पुष्टि गर्दछ ।

रामसिंहजस्ताको सामन्ती व्यवहारका कारण उत्पन्न दबाब र तनावजन्य अनुभूतिको संरचनाले गर्दा प्रभुत्वशाली सामन्ती संस्कृतिलाई भत्काउन उदीयमान पिँढीले निरन्तर सङ्घर्ष गर्नु जरूरी हुन्छ । प्रभुत्वशाली पिँढी र उदीयमान वैकल्पिक पिँढीका बिच हुने द्वन्द्वले जहिले पनि तनावजन्य अनुभूतिको संरचना निर्माण गर्दछ । यस कथामा धनेको नेतृत्वमा निर्माण भएको उदीयमान पिँढीले केही समय अधीनस्थ पिँढीको साथ पाए पनि फेरि एक्लिन पुगेको छ । यसले उसको वर्गलाई दबाब र तनावजन्य अनुभूतिको संरचनामा पुऱ्याएको देखिन्छ । दबाब र तनावकै कारण प्रभुत्वशाली संस्कृतिको दबाबमा परेको अधीनस्थ पिँढीले वैकल्पिक संस्कृतिको चाहना राखे पनि प्रभुत्वशाली सामन्ती संस्कृतिलाई नै स्वीकार गर्न बाध्य भएको छ । समाजको यस्तो अवस्थालाई नजिकबाट नियालिरहेको उदीयमान पिँढीले अब प्रभुत्वशाली पिँढीको जरो नै उखेल्नुपर्ने दबाब महसुस गर्छ र तनावजन्य अनुभूतिको संरचनालाई शान्त पार्न रामसिंहको हत्या गर्छ । यसलाई कथामा यसरी देखाइएको छ :

> एक दिन राती रामसिंहको घरमा छापामार गुरिल्लाहरूले अचानक हमला गरे र उसमाथि जनताको तीव्र वर्गघृणा ओकले । उसको शरीर अनेक चोक्टाचोक्टामा टुक्रियो । कालो आकाश फाट्ने गरी र धरती नै चर्चराउने गरी गुञ्जियो, 'सामन्तवाद-मुर्दावाद, विश्वका श्रमजीवी हो-एक होऔं !! ...यस घटनाले जनतामा सनसनी फैलाइदियो । मोही बनाउँदा मदानीले तुरुन्त अर्कोतिर प्रवाह घुमाएझैँ एकैपटक जनताको चिन्तन र चेतनामा अर्को मोड लगायो । रामसिंहसँग शरण माग्न दौडिएका जनता टक्क उभिएर विचार गर्न लागे । ('डोकाको मोल', पृ. ९२)

प्रभुत्वशाली संस्कृतिको केन्द्रमा रहेको सामन्त रामसिंहको हत्या हुनु भनेको प्रभुत्वशाली संस्कृतिको अन्त्य र उदीयमान वैकल्पिक संस्कृतिको स्थापना हो । यस कथामा प्रभुत्वशाली संस्कृतिको विरोधमा उदीयमान वैकल्पिक पिँढीसँग तत्काल उभिए पनि पुनः प्रभुत्वशाली पिँढीकै शरणमा पुगेका अधीनस्थ पिँढी धनेको नेतृत्वमा रामसिंहको हत्या भएपछि उदीयमान वैकल्पिक संस्कृतिको खोजीमा नै लागेको देखिन्छ । यसले प्रभुत्वशाली संस्कृतिको दबाब र तनावजन्य अनुभूतिको संरचनाका कारण वैकल्पिक संस्कृति निर्माणको बाटो खुलेको देखिन्छ ।

तत्कालीन सामाजिक परिवेशमा प्रभुत्वशाली पिँढीको संस्कृतिले जरा गाडेको कुरालाई कथाले व्यक्त गरेको छ । यसले गर्दा सर्वसाधारण गाउँले जनतामा दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण भएको देखिन्छ । प्रभुत्वशाली सामन्ती संस्कृतिका कारण अधीनस्थ जीवन बाँचेका जनतामा निराशा उत्पन्न हनुन पुगी दबाब र तनावको संस्कृति निर्माण भएको समेत देखिन्छ । प्रभुत्वशाली पिँढीले सिर्जना गरेको दबाबजन्य अनुभूतिले वैकल्पिक संस्कृतिको खोजीमा अधीनस्थ पिँढी नै लागेको पनि कथामा देखाइएको छ । प्रभुत्वशाली सामन्ती संस्कृतिको विरोधको जगमा तयार भएको उदीयमान वैकल्पिक विचारले देशमा प्रभुत्वशाली पिँढीका विरुद्ध आन्दोलनको वातावरण निर्माण गरी उदीयमान वैकल्पिक संस्कृतिको स्थापना भएको कुरा यस कथामा देखाइएको छ । यसरी कथाको सुरुमा धनेको व्यक्तिगत अनुभूतिको संरचनालाई देखाइए पनि अन्त्यसम्म आइपुग्दा सामूहिक दबाब र तनावका कारण निर्मित अनुभूतिको संरचनालाई स्पष्ट रूपमा देखाइएको छ । यसले कथालाई दबाब र तनावको परिप्रेक्ष्यमा अनुभूतिको संरचनामा बलियो रूपमा उभ्याएको छ ।

मदन भण्डारीले लेखेको अर्को कथा 'कुराकानी' हो । यस कथामा तत्कालीन नेपालको प्रभुत्वशाली सामन्ती व्यवस्थाले गर्दा उत्पन्न दबाब र तनावजन्य अनुभूतिका कारण जन्मभूमि छोडेर विदेसिन बाध्य अधीनस्थ गरिबको अवस्थालाई देखाइएको छ । कथाका दुई पात्र म पात्र र ऊ पात्रका बिचको कुराकानीलाई आधार बनाउँदै कथाको शीर्षक नै 'कुराकानी' राखेको देखिन्छ । तत्कालीन नेपाली समाजमा पञ्चायतकालीन शासन व्यवस्था रहेको पाइन्छ । उक्त शासन व्यवस्थालाई प्रभुत्वशाली संस्कृति निर्माणको कारक मानिएको छ भने यही व्यवस्थाले गर्दा गरिब जनतामाथि दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण भएको देखिन्छ । तत्कालीन समयमा प्रभुत्वशाली पिँढीले निर्माण गरेको सामन्ती संस्कृतिका कारण आफ्नो गाउँघर र समाज छोडेर धेरै नेपाली भारतको भूमिमा पुगेको पाइन्छ । कथाको म पात्रले पनि नेपालको केन्द्रीय शासनसत्ताको प्रभुत्वशाली सामन्ती संस्कृतिका कारण उत्पन्न दबाब र तनावजन्य अनुभूतिले गर्दा देश छोडेको देखिन्छ । उसलाई आफ्नो जन्मभूमि र नेपालको असाध्यै माया रहेको देखाइएको छ । जन्मभूमि छाडे विदेसिन पर्दा तनावजन्य अनुभूति भएको समेत कथामा देखाइएको छ । उदीयमान विचार

राख्ने क्रान्तिकारी भावनाको 'म' पात्र जस्ता व्यक्तिहरूसमेत प्रभुत्वशाली पिँढीको शोषणयुक्त संस्कृतिको दबाबमा देश छोडेर भारत पसेको कुरा कथामा देखाइएको छ । उसमा देशको परिवर्तन हुनुपर्छ र अधीनस्थ पिँढीले प्रभुत्वशाली पिँढीबाट मुक्ति पाउनुपर्छ भन्ने उदीयमान वैकल्पिक संस्कृतिको निर्माणको चाहना देखिन्छ । उसले भारतको भूमिमा हिँड्दाहिँड्दै नेपालबाट प्रभुत्वशाली पिँढीका कारण लखेटिएको माग्ने अवस्थाको युवालाई भेट्छ । उसले भेटेको युवाको अधीनस्थतालाई कथामा यसरी देखाइएको छ :

> आफू गुज्रिएकै बाटोमा बिजुलीको खम्बाको आडमा अडिएर पत्रैपत्र भएर उक्किदै झर्दै गरेको जडाउरी तीन बाक्सी मैलो आङमा कटकटिएर चिथ्रा च्याफ्रा भएको रजाइको छेउमा दुइटा काठका बनावटी खुट्टा सुताएको जताततैबाट च्यातिएर कुच्चिएर हेरिनसक्नु भएको हलुङ्गेको कटौरा हातमा लिएको एउटा भिखारी लगातार मलाई लक्ष्य गरेर नेपाली भाषामै क्यै भन्दै थियो । ('डोकाको मोल', पृ.७४)

गरिबीकै कारण भारतको भूमिमा माग्न बसेको एक दयनीय नेपाली भिखारीलाई 'म' पात्रले भेटेपछि 'म' पात्रमा दबाबजन्य अनुभूति भएको देखिन्छ । कथामा व्यक्त उपर्युक्त शब्ददृश्यले दबाबजन्य अनुभूति सिर्जना गराएको छ । विभिन्न कारणले बनेका भिखारी धेरै भेटिन्छन् तर 'म' पात्रले भेटेको भिखारीले विदेशको भूमिमा नेपाली भाषाको प्रयोग गरेर मागिरहेको थियो । जसले उसको मनमा दबाबजन्य अनुभूतिको संरचना तयार भएको छ । तनावजन्य अनुभूति सिर्जना गर्ने कारक तत्त्वका रूपमा देखा परेको उक्त भिखारीले केकस्ता कारणले विदेशको भूमिमा माग्न बाध्य भयो भनेर बुझ्ने मनसाय 'म' पात्रले राखेको छ । यसरी विदेशी भूमिको प्रयोग गरेर एउटा नेपालीले माग्नु नेपालीकै गौरव र स्वाभिमानमा चोट पुग्ने विषय हो भन्ने बुझेर 'म' पात्रमा दबाब र तनावजन्य अनुभूतिको सिर्जना भएको देखिन्छ । तसर्थ 'म' पात्रले उक्त भिखारीसँग उसको विगत खोतल्न लागेको देखिन्छ । भिखारीले पैसा माग्दामाग्दै पनि 'म' पात्रले खानेकुरा किनिदिन्छ । यसै क्रममा भिखारीले आफू नेपालमै जन्मेको र प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिले गर्दा उत्पन्न दबाब र त्यसबाट सिर्जना भएको तनावका कारण विदेश जान बाध्य भएको कुरा सुनाउँछ । भिखारीले आफ्नो विगात बताउने क्रममा प्रभुत्वशाली संस्कृतिद्वारा च्यापिएको नेपालको अधीनस्थ वर्गको दुःखद् दृश्य उजागर गर्छ । यसले उसमा दबाब र तनावको अनुभूतिको संरचना निर्माण हुन पुगेको देखिन्छ ।

नेपालका गरिब किसान अधीनस्थ पिँढीको अवस्थाको चित्रण गर्दै भिखारी पात्रले आफ्नो विगत बताउँछ । नेपाली समाजमा प्रभुत्वशाली पिँढीका रूपमा रहेका साहु महाजनद्वारा गरिबले कुटो कोदालोले जङ्गल खोस्री खेतीयोग्य जमिन बनाए पनि त्यस्ता जग्गामा खेती गर्न नदिने

प्रभुत्वशाली संस्कृतिको निर्माण गरिएको देखिन्छ । जुन प्रभुत्वशाली संस्कृतिका कारण गरिब निमुखा अधीनस्थ पिँढीले दबाबजन्य अनुभूतिको संरचनामा बाच्नपर्ने भएको छ । प्रभुत्वशाली सामन्ती संस्कृतिकै कारण उत्पन्न दबाब र तनावजन्य अनुभूतिको संरचनाले गर्दा जीवन धान्न नसकेको र विकल्पको खोजी हुन थालेको कुरालाई कथामा अभिव्यक्त गरिएको छ । यसलाई भिखारीले यसरी व्यक्त गरेको छ :

> जब यहाँ बसेर कति मिहिनेतले पनि आफ्नो जिउको अलेली जीविकासम्म पनि हुन सक्दैन भने झ्ाँसीका कुँडाकरकट मात्र पन्छाएर किन बसिरहने ? दुनियाँभित्र अरु पनि कतै बाँच्न सक्ने उपायहरू होलान् नि ! खाली एउटै बाटोमा मात्र लहकिन आफ्ना भावी सन्तानहरूसम्म भुत्ते बनाउने । अरु अरु बाटाहरू पनि देखें भने कहीं आफ्नो जीवन सुधार्न सक्थें होला कि ! ('डोकाको मोल', पृ.७७)

प्रभुत्वशाली पिँढीको संस्कृतिको दबाबमा परेको अधीनस्थ पिँढीले वैकल्पिक संस्कृतिको चाहना राख्नु स्वाभाविक भए पनि प्रभुत्वशाली संस्कृतिको चङ्गुलबाट निस्कन सजिलो हुँदैन । यसले उनीहरूमा दबाबसँगै तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुग्दछ । उक्त भिखारीको परिवारमा आर्थिक विपन्नताले जरो गाडेको देखिन्छ । जङ्गली कन्दमुल र गिट्ठा भ्याकुर खाएर जीवन धान्नुपर्ने अवस्थामा रहेका उनीहरूले अब जीवन यसरी चल्दैन भनेर दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुगेको छ । दबाब र तनावजन्य अनुभूतिकै बिच उनीहरूले जीवन धान्नका लागि अर्को पनि विकल्प हुन्छ भन्ने कुरा पहिल्याउन सकेका छैनन् । त्यसमाथि आफूहरूले खनीखोस्री खेतीयोग्य बनाएको जमिन पनि ठुले साहुको हो रे भन्ने सुनेपछि उनीहरूमा दबाब र तनावजन्य अनुभूति भएको देखिन्छ । "त्यहाँ ठुले साहुका पैसा परी राखेका रहेछन् । के जान्नु छ र ! यहाँ पनि भनेर आमा धेरै गन्थन गर्नुहुन्थ्यो ।" ('डोकाको मोल', पृ. ७७) भन्ने भनाइले अधीनस्थ पिँढीले खनजोत गर्न तयार पारेको जग्गामाथि प्रभुत्वशाली पिँढीका प्रतिनिधि ठुले साहुले आँखा लगाएको प्रस्ट देखिन्छ । यसले उनीहरूमा दबाब र तनावजन्य अनुभूति भएको देखिन्छ । अधीनस्थ पिँढीले आफूलाई प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिको जालोमा छु भन्ने दबाबको महसुस नगरेसम्म वैकल्पिक पिँढीको निर्माणका लागि बाटो निर्माण हुन गाह्रो हुन्छ । यस कथामा पनि भिखारीको परिवारले आफूहरू प्रभुत्वशाली पिँढीको चङ्गुलमा रहेको कुरा बुझेको छैन । प्रभुत्वशाली संस्कृतिको आडमा उनीहरूले तयार पारेको बारीमाथि प्रभुत्वशाली सामन्ती पिँढीले कब्जा जमाउँछ । यसले भिखारीको परिवारमा दबाब र तनावजन्य अनुभूतिको निर्माण हुन पुगेको छ । यसलाई कथामा यसरी देखाइएको छ :

समय बित्दै जाँदा म पनि बाबुआमालाई सहायता दिन जान सक्ने भएँ । हाम्रो राम्रो प्रयासको परिणामस्वरूप त्यहाँबाट केही उब्जिन थालेपछि बिहान बेलुकाको पिउने कुरा अलि बाक्लिँदै गयो । बनैया जत्नुसिवाय जान डराउने ठाउँमा पनि पछिपछि राम्रो बारी हुन सक्यो । सुकुलगुण्डाहरूसम्म पुसमा छाता ओढेर बारीमा घुम्न थाले । सायद त्यस्तो घारी पनि बारीमा परिणत भएको खुसी हामीलाई जस्तै अरु सबैलाई लागेर होला । तर त्यस्ता दिन त्यति धेरै बित्न पाएकै थिएनन् होला, आमाको शङ्का कालो भएर साम्ने आयो । वर्षौं अगाडिका दर्तापुर्जाहरू लिएर गाउँकै महाजन देखापरे, जसका लागि या त हामीले कुतनामा कबोल गरिदिनुपर्‍यो, नत्र जमिन नै खाल्सा गरिदिनु । ('डोकाको मोल', पृ. ७७)

भिखारी पात्रको पारिवारिक पृष्ठभूमिभित्र प्रभुत्वशाली संस्कृतिको प्रभुत्व बलियोसँग उभिएको देखिन्छ । यसले भिखारी पात्रको परिवारमा दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुगेको छ । तनावजन्य अनुभूतिकै बिच त्यसको प्रतिवाद गर्न खोज्ने भिखारी पात्रका बुबामाथि मुद्धामामिला, कुटपिट र धम्कीका अवस्था सिर्जना हुनु प्रभुत्वशाली सामन्ती संस्कृतिको दबाबजन्य व्यवहार हो । प्रभुत्वशाली सामन्ती वर्गकै संरक्षणमा राजा र राज्य सञ्चालक हुनु अधीनस्थ पिँढीमाथि निरन्तर दबाब कायम राख्नु र नयाँ संस्कृतिको बिजारोपण हुन नदिनु हो । प्रभुत्वशाली पिँढीकै संरक्षकका रूपमा आउने प्रहरी प्रशासनका मान्छेले भिखारी पात्रको छाप्रार गोठतिर भएका बाख्रापाठा तथा कुखुरा खाएर रित्तो बनाइदिनु तनावजन्य अनुभूतिको संरचना निर्माण हुनु हो । यस कथामा भिखारी पात्रको परिवारमाथि प्रभुत्वशाली पिँढीको प्रतिनिधि पात्र महाजनले शोषण, थिचोमिचो र लुटपाट मच्चाउनु दबाबजन्य अनुभूति सिर्जना गराउनु हो । प्रहरी प्रशासन आएर पनि भिखारी पात्रकै घरका कुखुरा बाख्रा तथा अन्नबाली सकिदिनले अधीनस्थ पिँढीमाथि प्रभुत्वशाली पिँढीले निर्माण गरेको सामन्ती संस्कृतिकै निरन्तरता हो जसले दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण गरेको छ । यसरी यस कथामा प्रभुत्वशाली सामन्ती संस्कृतिले अधीनस्थ पिँढीमाथि गरेको ज्यादतीबाट निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचनालाई देखाइएको छ । यसले शोषणजन्य अनुभूतिको संरचना निर्माण गरेको छ ।

प्रस्तुत कथामा अधीनस्थ पिँढीले प्रभुत्वशाली पिँढीसँग सङ्घर्ष गर्न नसकेको देखाइएको छ । तत्कालीन समाजमा उदीयमान वैकल्पिक पिँढीको अभावमा प्रभुत्वशाली पिँढीको रजगज चलेको देखाइएको छ । जसले गर्दा भिखारी युवक र उसको परिवारमा दबाब र तनावजन्य अनुभूति हुन पुगेको छ । यही दबाब र तनावको अनुभूतिले तान्दै उनीहरूलाई प्रभुत्वशाली सामन्ती संस्कृतिको विरूद्ध आवाज उठाउन अदालतसम्म पुर्‍याउँछ । बुबा अदालतसम्म जाँदा आफ्नो पक्षमा फैसला नभई सामन्ती संस्कृतिकै पक्षमा फैसला हुन्छ । जसले गर्दा गरिब जनतामा

निराशासँगै दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुगेको देखिन्छ । त्यसको केही समयपछि नै भिखारी युवकका बुबा बेपत्ता हुन्छन् । समाजका साहु महाजनले उसलाई तनावजन्य अनुभूतिकै कारण गाउँ छोडेर हिँडेको आरोप लगाउँछन् । प्रभुत्वशाली सामन्ती संस्कृतिका कारण उत्पन्न दबाब र तनावले गर्दा साहुकै भारी बोक्न सहर हिँडेको भिखारी युवक लाहुर जाने सपना देखेर गाउँकै साथीहरूसँग लागी भारतीय भूमिमा प्रवेश गर्छ । भारतीय फौजमा भर्ती पनि हुन्छ । लडाइँमा पर्छ र एउटा हात तथा एउटा खुट्टा गुमाई फौजबाट लखेटिन्छ :

> ... तर पनि समय केही हलुकैसँग जाँदै थियो । विदेसिन त अवस्थाले नै घचेटिएको थिएँ । यस्तैमा यतातिर युद्धको विशेष खुलदुली चल्यो । आफ्नो भन्ने चिजमा सबैको विशेष ममता हुन्छ । यसैले गोर्खा पल्टनको रगतले पहिला सङ्ग्राम भूमिको 'सिमे भूमे' भयो । ... सबभन्दा पहिले हाम्रै जत्था थियो । पहिलै पालाको आहुतिमा जीवनबाट हात धोइसकेका नेपाली जवानहरूको सम्झनामा कतिकति नेपाली चेलीहरू सिउँदोको सिन्दुर पुछेर नुनिला आँसुमा जीवन मुछेर अर्धमृत अवस्थामा बिताउन बाध्य भएका नेपाल र प्रवासभरि नै हुन्दै होलान् । त्यसैभित्र दुश्मनका गोलीको ज्वालामा मेरो पनि एउटा हात र एउटा खुट्टाको पूर्णाहुति भयो । ...यसैले परदेशको मानमर्यादा बचाउन खुन बगाएको बदला मसहित मजस्ता हजारौं नेपाली जवानहरूको फौजीबाट निकाला भयो । ('डोकाको मोल', पृ. ७९)

नेपालभित्रको प्रभुत्वशाली पिँढीको चङ्गुलबाट उम्किन विदेसिएको भिखारी युवकले त्यहाँ पनि दबाब र तनावजन्य अनुभूति गर्न पुग्छ । अधीनस्थ पिँढीले त्यहाँ पनि प्रभुत्वशाली पिँढीकै दमन र शोषणमा आफ्नो जीवन अर्पण गर्न बाध्य पारिएको देखिन्छ । नेपालको माया हुँदाहुँदै पनि दुई छाक टार्ने समस्याबाट जोगिन सग्लो जीवन लिएर विदेसिएको एउटा अधीनस्थ पिँढीको नेपालीले विदेशको भूमि बचाउनका लागि आफ्ना शारीरिक अङ्गलाई विदेशी भूमिमै अर्पण गर्न बाध्य भएको दुःखद पक्षको तनावजन्य अनुभूति यस कथामा भएको छ । प्रभुत्वशाली संस्कृतिको दमन र शोाषणले सीमा नाघेपछि दबाब र तनावजन्य अनुभूति बोकी जन्मथलो छोडेर विदेसिने क्रम अहिलेको समाजमा पनि उत्तिकै छ । साहुको ऋण तिर्न वा जीवनलाई सहज बनाउन जेजस्ता कारणहरूले पनि नेपालीले विदेसिन बाध्य भएको अवस्था अहिलेको समाजमा पनि विद्यमान देखिन्छ ।

मदन भण्डारीको 'कुराकानी' कथामा दबाब र तनावजन्य अनुभूतिको संरचना प्रष्ट रूपमा देखाइएको छ । प्रभुत्वशाली पिँढीकै दबाब र तनावका कारण एउटा हात र एउटा खुट्टा गुमाएको भिखारीले देश, गाउँ र परिवारलाई नै गुमाउन पुगेको छ भने आफ्नो स्वाभिमानी सोच, पहिचान

र अस्तित्वलाई नै गुमाउन पुगेको छ । यसले तनावजन्य अनुभूतिको संरचना निर्माण गरेको छ । कथाले नेपाली समाजमा शोषक र सामन्ती संस्कृतिलाई बचाएर राख्ने प्रभुत्वशाली पिँढीले गरिब किसान नेपालीको अस्तित्व नै खतरामा पारेको महसुस हुन्छ । यस्तो संस्कृतिले मानवीय गुण नै धरापमा पारेको विचार अभिव्यक्त गरेको छ । यसरी प्रस्तुत कथाले देशभित्र गरी खान खोज्ने गरिब किसानवर्गमाथि प्रभुत्वशाली सामन्ती संस्कृतिले दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण गरी विदेसिन बाध्य पारेको तर त्यहाँ पनि दबाब र तनावले छोड्न नसकेको तत्कालीन समाजको अनुभूतिको संरचनालाई देखाएको छ । तत्कालीन समाजको त्यस्तो संस्कृति अहिलेको समाजमा पनि विद्यमान रहेको देखिन्छ । यस्तो अवस्था तथा दबाब र तनावजन्य अनुभूतिको संरचनाको अन्त्य नभएसम्म समाज र देशको विकास हुन नसक्ने हुँदा प्रभुत्वशाली सामन्ती संस्कृतिको अन्त्य गर्दै उदीयमान वैकल्पिक संस्कृतिका लागि कथाकारले राखेको चाहना स्थापना गर्न सबै लाग्नुपर्ने देखिन्छ ।

समग्रमा मदन भण्डारीका कथाहरूले तत्कालीन समाजमा रहेका प्रभुत्वशाली सामन्ती संस्कृतिका कारण सोभा गरिब जनता र निम्न वर्गका व्यक्तिहरूमाथि थोपरिएको दबाब र तनावजन्य परिस्थितिले निर्माण गरेको अनुभूतिको संरचनालाई स्पष्ट रूपमा देखाएको छ । उनका कथाले तत्कालीन समाजका यथार्थ वर्गीय अवस्थालाई देखाउँदै उनका कथाले प्रभुत्वशाली सामन्ती संस्कृतिका कारण सर्वसाधारण जनताले महसुस गर्ने दबाब र तनावको अनुभूतिलाई देखाएको छ । आजको सामाजिक अवस्थामा उनका कथाहरू उत्ति नै सान्दर्भिक रहेको देखिन्छ । जसले प्रभुत्वशाली सामन्ती संस्कृतिको अन्त्य र उदीयमान वैकल्पिक संस्कृतिको अपेक्षा गरेको छ । साथै नेपाली जनतामा प्रभुत्वशाली पिँढी र संस्कृतिले पारेको दबाबजन्य अनुभूति र त्यसबाट सिर्जत तनावजन्य अनुभूतिको संरचनालाई उनका कथाहरूले स्पष्ट रूपमा देखाइएको छ ।

### २.४.४ मदन भण्डारीका नाटकमा दबाब र तनावजन्य अनुभूतिको संरचना

मदन भण्डारीले एउटा नाटक 'अर्जुनदृष्टि' शीर्षकमा लेखेका छन् । उनको यस नाटकमा प्रभुत्वशाली पिँढीको संस्कृतिका कारण सर्वसाधारण नेपाली जनतामाथि दबाब र तनावजन्य अनुभूतिको संरचना भएको पाइन्छ । यस नाटकमा प्रभुत्वशाली पिँढी अधीनस्थ पिँढीको पहिचान गर्दै प्रभुत्वशाली पिँढीका कारण उत्पन्न दबाब र तनावजन्य अनुभूतिलाई देखाइएको छ । यस्तो दबाबजन्य स्थितिबाट मुक्त हुनका लागि सङ्घर्ष गर्नुपर्ने कुरा नाटकमा गरिएको छ । नाटकमा पात्रहरूको उपस्थितिलाई कलात्मक ढङ्गले प्रयोग गरी पात्रकै मुखबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रभुत्वशाली पिँढीको पहिचान गरिएको छ । ती प्रभुत्वशाली पिँढीबाट देशलाई हुन सक्ने खतरालाई दबाबजन्य अनुभूतिसँग जोडिएको छ । त्यसबाट जनताले पाउन सक्ने दुःखलाई तनावजन्य

अनुभूतिका रूपमा नाटकमा पात्रमार्फत् व्यक्त गरिएको छ । नाटकमा प्रभुत्वशाली पिँढीका रूपमा विदेशी अधिनायकवादी, साम्राज्यवादी शक्तिलाई देखाइएको छ । जुन अमूर्त नभई मूर्त छ भने त्यसैको आडमा नेपालमा पुँजीवादी शासन व्यवस्थालाई सञ्चालन गर्ने पिँढीलाई पनि प्रभुतवशाली पिँढीका रूपमा नै चित्रण गरिएको छ । उनीहरूका सामन्तवादी संस्कृतिका कारण नेपाली जनतामा दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण भएको कुरा नाटकमा देखाइएको छ । त्यसैले यस नाटकमा पुँजीवादी सामन्ती संस्कृतिका कारण निर्मित दबाब र तनावजन्य अनुभूतिको संरचनाले नेपाली समाजमा फैलिँदै गरेको कम्युनिस्ट विचारलाई उदीयमान वैकल्पिक संस्कृतिका रूपमा चिनाइएको छ । यसलाई नाटकमा यसरी व्यक्त गरिएको छ :

> सामन्तवर्ग र दलाल नोकरशाही पुँजीपतिवर्गसँग नेपाली जनताको वर्गीय अन्तरविरोध नै वर्तमान नेपाली समाजको प्रधान अन्तरविरोध बनेको छ । यी दुवै प्रतिक्रियावादी वर्गहरूको संरक्षण र प्रतिनिधित्व गर्ने वर्तमान प्रतिक्रियावादी सत्तासँग जनताको अन्तरविरोध तीखो भएर प्रधान रूपमा यसको ठोस अभिव्यक्ति भएको छ । ('अर्जुनदृष्टि', पृ. ६८)

प्रस्तुत नाटकमा चौँथो छात्रले व्यक्त गरेको उपर्युक्त विचारले प्रभुत्वशाली पिँढीका रूपमा पुँजीपति वर्गलाई र सत्तामा बसेर जनतामाथि शासनको भार थोपर्ने वर्गलाई चित्रण गर्दै यसबाट जनतामा दबाब र तनावजन्य अनुभूति हुन पुगेको देखाइएको छ । यसलाई अझै स्पष्ट पार्न दिइएको नाटयांशलाई हेरौँ :

> ... हाम्रो देशमा यसको राजनीति, अर्थतन्त्र र संस्कृतिमा यद्यपि सामन्तवादको प्रभुत्व छ र स्वाभाविकै हो । त्यस्तो प्रभुत्वको अन्त्य गर्न सामन्तवादकै विरुद्ध बढ्ता सङ्घर्ष गर्नुपर्ने कुरा प्रस्टै छ । तर यो सत्ता सामन्ती सत्ता मात्र होइन, दलाल नोकरशाही पुँजीवादसमेत मिलेर बनेको प्रतिक्रियावादी सत्ता हो । त्यसो हुनाले दलाल नोकरशाही पुँजीवादका विरुद्ध पनि लड्नुपर्छ । ('अर्जुनदृष्टि', पृ. ६८-६९)

प्रस्तुत नाट्यांशले प्रभुत्वशाली पिँढी र त्यसबाट निर्मित संस्कृतिको पहिचान गरेको छ भने त्यसबाट निर्मित दबाब र तनावजन्य अनुभूतिलाई प्रष्ट पार्छ । पुँजीवाद नेपाली जनताको रगत पसिना चुस्ने संस्कृतिको जड भएकाले यसबाट जनतामा दबाबजन्य अनुभूति भएको देखाइएको छ । त्यसैले यस्तो दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण गर्ने पुँजीवादलाई जरैदेखि उखेलेर साम्यवाद निर्माण गर्नुपर्छ भन्ने विचार प्रस्तुत नाट्यांशमा देखिन्छ । केन्द्रमा राजा, उनका आसेपासे सरकार सञ्चालनमा, प्रधानपञ्चहरू गाउँगाउँमा बसेर जनतामाथि तहगत रूपमै शोषण र ज्यादती गरी दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण गरेको देखिन्छ । उनीहरू

अन्तर्राष्ट्रिय शक्तिको आडमा आफ्ना जनतामाथि शोषण र दमन गरी दबाब सिर्जना गर्न लागिपरेका छन् । यसरी तत्कालीन समाजमा देखिएको प्रभुत्वशाली सामन्ती संस्कृतिको अवशेष अहिलेको समाजमा पनि रहेकाले यस्ता नाटकीय दृश्यले अनुभूतिको संरचना निर्माण गरेको छ । नाटकका प्रमुख पात्र द्रोणाचार्य गुरुले चौँथो छात्रलाई “विदेशी आक्रमण वा हस्तक्षेपको सम्भावनाबारे तिम्रो विचार के छ ? (‘अर्जुनदृष्टि’, पृ. ६९)” भनी सोधेको प्रश्नले प्रभुत्वशाली पिँढी र उनीहरूद्वारा निर्मित संस्कृतिकै कारण अन्तर्राष्ट्रिय हस्तक्षेपको आशङ्का जन्माएको छ भने यसले छात्रमा दबाबजन्य अनुभूति सिर्जना गरेको छ । प्रत्यक्ष वा परोक्ष रूपमा अन्तर्राष्ट्रिय प्रभुत्वको सिकार भएको नेपालका प्रभुत्वशाली सामन्ती पिँढीका कारण नेपाली जनता त जहिल्यै थिचोमिचो र शोषणको सिकार भएकै छन् जसले दबाब र तनावजन्य अनुभूति हुन पुग्छ । अझै यी प्रभुत्वशाली पिँढीकै कारण अन्तर्राष्ट्रिय हस्तक्षेपको पनि उत्तिकै सम्भावना रहेको देखिन्छ । यसले झनै चौँथो छात्रमा दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण भएको कुरा चौँथो छात्रले नाटकमा यसरी व्यक्त गरेको छ :

> ...त्यो हुन सक्छ, त्यसको खतराको सम्भावना छँदैछ । त्यो विशेष गरेर भारतेली विस्तारवादबाट नै बढ्ता छ । त्यस्तो हुनु खाली भारतले तीनतिरबाट घेरेको हुनु, खुला सिमाना हुनु र कतिपय इतिहासका सम्बन्ध हुनुले मात्र होइन । बरु वर्तमान अवस्थामा समेत वैदेशिक पुँजी, व्यापार र आर्थिक क्षेत्रका अन्य कुराहरू तथा सांस्कृतिक क्षेत्रमा अरू विदेशी राष्ट्रहरूभन्दा भारतेली विस्तारवादको प्रभुत्व भएको हुनाले र दलाल नोकरशाही पुँजीवादी स्वार्थका विरुद्ध सङ्घर्ष सञ्चालन गर्दा भारतलाई नै बढ्ता चोट पर्ने हुनाले पनि भारतबाट विशेष खतराको सम्भावना भएको हो । त्यसैले आक्रमण गर्न सक्ने वैदेशिक प्रतिक्रियावादको जनतामा व्यापक भण्डाफोर गर्नुपर्छ । वर्तमान सत्तासँग मिलेर अहिले गरिरहेका राष्ट्रविरोधी तथा जनविरोधी कामहरूका विरुद्ध सङ्घर्ष गर्नुपर्छ । (‘अर्जुनदृष्टि’, पृ. ६९)

उल्लिखित नाट्यांशमा देशी विदेशी प्रभुत्वशाली पिँढीलाई चिनाइएको छ । त्यस्ता देशी विदेशी प्रभुत्वशाली पिँढीको शोषण र दमनको संस्कृतिका कारण जनतामा दबाबजन्य अनुभूति निर्माण भएको देखिन्छ । यसरी सिर्जना भएको दबाबजन्य अनुभूतिको संरचनाले गर्दा जनतामा तनाव हुन पुगेको पाइन्छ । जसले गर्दा जनतामा विद्रोहको भाव विकसित हुन पुगेको छ । यस्तो अवस्थामा दबाब र तनावजन्य अनुभूतिबाट निस्कँदै राष्ट्र, राष्ट्रियता, जनजीविका तथा स्वाधीनताका लागि उदीयमान वैकल्पिक संस्कृति निर्माण गर्नुपर्ने विचार नाटकमा व्यक्त भएको छ । नेपाली जनतामाथि शोषण र दमनको संस्कृति नेपालमै रहेका प्रभुत्वशाली पिँढीको मात्र होइन भनेर सचेत नागरिका दबाब महसुस हुन पुगेको देख्िछ । यस्तो दबाबजन्य अनुभूति

सिर्जना गर्ने तत्त्व विदेशी साम्राज्यवादी शक्ति समेत हो भन्ने विचार नाटकमा व्यक्त गर्दै त्यस्ता शक्तिले देशलाई नै समस्यामा पर्न सक्छ भनी तनावजन्य अनुभूतिको संरचना निर्माण भएको छ । समाजमा रहेका अनुभूतिहरू इतिहाससँग जोडिएका हुन्छन् । नेपालको हालको सामाजिक अनुभूतिको संरचनाको निर्माण तत्कालीन समाजको अनुभूतिसँग मिल्दो छ । वर्तमान अवस्थामा समेत विदेशी तत्त्वले देशको राजनीतिमाथि परोक्ष अपरोक्ष रूपमा हस्तक्षेप गरिरहेको महसुस हुँदा जनतामा दबाब र तनावजन्य अनुभूति भएको पाइन्छ । तसर्थ मदन भण्डारीका नाटकमा प्रस्तुत भएका दबाब र तनावजन्य अनुभूतिका भावहरू वर्तमान सामाजिक परिवेशमा पनि उत्तिकै प्रभावपूर्ण रहेको देखिन्छ ।

## २.४.५ मदन भण्डारीका निबन्धमा दबाब र तनावजन्य अनुभूतिको संरचना

मदन भण्डारी बहुमुखी प्रतिभाका धनी देखिन्छन् । उनले कविता, गीत, कथा, नाटकसँगै निबन्ध विधामा पनि कलम चलाएका छन् । उनका 'संस्कृत शिक्षा र शिक्षार्थी', 'कमरेड नेत्रलालको साथमा बाँचिरहेका केही कुराहरू', 'खानतलास गरेको भए उत्तिखेरै जेल चलान हुन्थ्यौं', र 'ए ! हजुरहरू पो हुनुहुँदो रहेछ' शीर्षकका निबन्ध र संस्मरणात्मक रचनाहरू उनका अनुभवमा आधारित छन् । यी निबन्ध निबन्धमध्ये दबाब र तनावजन्य अनुभूतिको संरचना रहेका निबन्ध 'संस्कृत शिक्षा र शिक्षार्थी' र 'कमरेड नेत्रलालको साथमा बाँचिरहेका केही कुराहरू' भएको हुँदा यहाँ यी दुई निबन्धको अध्ययन गरिएको छ ।

जीवन भोगाइकै क्रममा प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिका कारण दबाब र तनावजन्य अनुभूतिले गर्दा उत्पन्न जीवनका विभिन्न समयका अविस्मरणीय क्षणलाई उनका निबन्धात्मक रचनाले समेटेका छन् । उनका निबन्धमा प्रभुत्वशाली संस्कृतिका कारण उत्पन्न दबाब र तनावजन्य अनुभूतिको संरचनागत अवस्थालाई समावेश गरिएको छ । तत्कालीन समाजमा र वर्तमान समयमा पनि हाम्रो समाजमा संस्कृत भाषालाई कर्मकाण्डीय भाषाका रूपमा अर्थ्याउने गरिन्छ । संस्कृत भाषालाई प्राचीन ज्ञानको भण्डारका रूपमा नलिई प्रभुत्वशाली संस्कृति निर्माणका रूपमा मात्र एउटा पिँढीले ग्रहण गरेको देखिन्छ । संस्कृत भाषामा लेखिएका वेद तथा पुराणलाई समाजसापेक्ष र वैज्ञानिक शिक्षासापेक्ष व्याख्या नगरी प्रभुत्वशाली सामन्ती पिँढीले लैङ्गिक विभेद तथा जातीय विभेदद्वारा सामाजिक पिँढी निर्माणका लागि उपयोग गरी नारी जाति र उपेक्षित जातिमाथि दबाब बढाउने कार्य गरेको देखिन्छ । जसले गर्दा नारी जाति तथा उपेक्षित दलित जातिले समाजमा आफ्नो स्वाभिमानी र सम्मानित स्थान नपाउँदा तनावजन्य अनुभूतिको संरचना निर्माण भएको पाइन्छ । यसलाई निबन्धकार भण्डारीले 'संस्कृत शिक्षा र शिक्षार्थी' निबन्धमा यसरी प्रस्तुत गरेका छन् :

> जेठा पण्डित र कान्छा पण्डितहरू गाउँगाउँमा कहलाए एवम् आफूलाई शिक्षित र विद्वान् सम्झने पण्डितहरू तिनै गल्प, भ्रामक, अनुपयोगी, स्तुति कथाहरूको बेजोड प्रचारप्रसार गर्दै अनार्य जातिहरूलाई समेत अन्योलमा पार्न थाले । यसरी शिक्षाको नाममा गलत कुराहरू सिकेर आफूलाई चिन्ने पद्धतिबाट टाढा रहेर आफ्नै मुखमा लोप्पा लाइरहेको पण्डित्याइँ देखेर र शिक्षाका निम्ति अत्तासिएको जनमानस सही शिक्षाको छानबिनतर्फ जान नपाओस् भनेर आफ्नो व्यवस्थालाई आधार दिने खालका स्तुति र पाठहरू पढाउन सामन्ती व्यवस्थापकले छिटफुट पाठशालाहरूको प्रबन्ध गर्न लागे, पण्डितहरूका लागि सिदा चामलको बन्दोबस्त पनि हुँदै गयो । ('संस्कृत शिक्षा र शिक्षार्थी', पृ. ३)

उपर्युक्त निबन्धांशमा तत्कालीन नेपाली समाजमा अधीनस्थ पिँढीका लागि शिक्षा लिन पाठशालाको व्यवस्था नरहेको हुँदा नारी र अनार्य जातिमाथि प्रभुत्वशाली संस्कृतिले दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुगेको देखिन्छ । प्रभुत्वशाली सामन्ती पिँढीले शिक्षाका नाममा आफ्नै स्तुति गाउन लगाउँदा अधीनस्थ पिँढीले जीवनलाई अघि बढाउन नसकी दबाब र तनावजन्य अनुभूति गर्न पुगेको समेत देखिन्छ । समाजमा आर्य समाजकै क्षेत्री तथा अनार्य समाजका विभिन्न जातिमाथि प्रभुत्वशाली संस्कृतिमार्फत थिचोमिचो र शोषण गर्न संस्कृत भाषा सजिलो उपाय बनेको हुँदा यसले ब्राह्मण जातिबाहेक अन्य जाति तथा नारी जातिलाई नै दबाब र तनावको अवस्थामा पुऱ्याएको पाइन्छ । यसरी निर्मित सामन्ती संस्कृतिका कारण उत्पन्न दबाब र तनावजन्य अनुभूतिको संरचनाविरुद्ध उदीयमान वैकल्पिक संस्कृतिको निर्माण गर्नुपर्ने भाव निबन्धले बोकेको छ ।

सारमा निबन्धकार भण्डारीले प्रभुत्वशाली सामन्ती संस्कृतिका कारण नारी जाति तथा अनार्य जातिमाथि उत्पन्न दबाब र तनावजन्य अनुभूतिको संरचनाले गर्दा संस्कृत भाषालाई सबैको भाषा बनाउन आवश्यक रहेको कुरा व्यक्त गरेका छन् । संस्कृतको उपयोग समाजमा प्रभुत्वशाली सामन्ती संस्कृति निर्माण गर्न नभई प्राचीन वेद पुराणको ज्ञानलाई समय र समाजसापेक्ष बनाउन उपयोग गर्नुपर्ने विचार निबन्धकारले व्यक्त गरेका छन् । यसरी संस्कृत शिक्षाकै कारण तत्कालीन र वर्तमान समयमा समाजमा प्रभुत्वशाली संस्कृतिको निर्माण हुन पुगी त्यस्ता संस्कृतिका कारण उत्पन्न दबाब र तनावजन्य सामाजिक अनुभूतिको संरचना निर्माण हुन पुगेको देखिन्छ ।

मदन भण्डारीको संस्मरणात्मक निबन्ध 'कमरेड नेत्रलालको साथमा बाँचिरहेका केही कुराहरू' मा तत्कालीन नेपाली समाजमा रहेका प्रभुत्वशाली सामन्ती संस्कृतिका कारण दबाब र

तनावजन्य अनुभूतिको संरचना निर्माण हुँदा त्यस्तो संस्कृतिका विरुद्ध उदीयमान विचार बोकी वैकल्पिक संस्कृति निर्माणका लागि आफूहरूले सङ्घर्ष गरेको उल्लेख गरिएको छ । यसलाई निबन्धमा "अझै पनि पुष्पलालकै नेतृत्वमा रहेका सङ्गठनात्मक ढाँचाका मान्यताहरू र अभ्यासका आधारमा नै हामी केही व्यक्तिहरू त्यो विद्रोही विचारको अगुवाई गरिरहेका थियौँ ।" ('कमरेड नेत्रलालको साथमा बाँचिरहेका केही कुराहरू', पृ. ७) भनेर व्यक्त गरिएको छ । प्रभुत्वशाली संस्कृतिको केन्द्रीय शासनव्यवस्थाले जनतालाई सहज रूपमा बाँच्न नदिएको कुरा निबन्धमा व्यक्त छ । दमन र शोषणको संस्कृतिले सर्वसाधारण जनतामा दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण भएको छ । यस्तो दबाब र तनावको अनुभूति निबन्धकारलाई पनि भएको छ । त्यसैले सामन्ती संस्कृतिका विरुद्ध उदीयमान वैकल्पिक संस्कृति निर्माणका लागि निबन्धकार स्वयम् समाजमा लागिपरेको कुरा निबन्धमा व्यक्त छ । तत्कालीन नेपाली समाजमा राजाको केन्द्रीय प्रभुत्वशाली शासनव्यवस्थाले प्रत्यक्ष असर पुऱ्याएको देखिन्छ । नेपाली समाजमा राजाको प्रत्यक्ष शासनलाई सहयोग गर्ने नाममा सामन्ती संस्कृतिको विकास हुन गई प्रभुत्वशाली पिँढी र संस्कृतिको निर्माण भएको पाइन्छ । यसले अधीनस्थ पिँढीलाई शोषण र दमनको संस्कृति स्वीकार गर्न बाध्य पारेको पाइन्छ । त्यसकारण जनतामा दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुगेको देखिन्छ । यस्तै शोषण दमनको संस्कृतिबाट जनतालाई मुक्त पार्ने उद्देश्य बोकी निबन्धकार उदीयमान वैकल्पिक संस्कृति निर्माणको बाटोमा लागेका देखिन्छन् । तत्कालीन समाजमा प्रभुत्वशाली पिँढीको दबदबा रहनु, अधीनस्थ पिँढीमाथि निरन्तर शोषण र दमन हुनु जस्ता घटनाले लेखकको मनमा दबाबको अनुभूतिजन्य संरचना निर्माण हुन पुगेको देखिन्छ । यसले उनलाई उदीयमान वैकल्पिक पिँढी निर्माणका लागि सहयोग पुगेको छ । उनको वैकल्पिक संस्कृति निर्माणको विचारमा सहयोगी तथा मार्गनिर्देशक बन्न आइपुगेका कमरेड मित्रलालको सादगीपूर्ण जीवनबाट आफू प्रभावित भएको विचार निबन्धकार यसरी बताउँछन् :

> कुनै ऐश आरामको कोमल कल्पनाले लोभ्याउन नसकेको, कुनै सुख सयलका स्वप्नशील आकर्षणहरूले तान्न नसकेको, कुनै पनि भौतिक कठिनाइहरूले गलाउन नसकेको, कुनै पनि भयले विचलित पार्न नसकेको र प्रतिक्रियावादीहरूका कुनै पनि आक्रमणले पराजित गर्न नसकेको यो फलामे इच्छाशक्ति भएको मान्छे कसरी यस्तो क्लान्त, शिथिल, उदास र खिन्न हुन सक्यो ? ('कमरेड नेत्रलालको साथमा बाँचिरहेका केही कुराहरू', पृ. १०)

प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिका कारण दबाब र तनावजन्य अनुभूति बोकिरहेका लेखकमा कमरेड नेत्रलालको शारीरिक र मानसिक अवस्था देखेर झनै दबाबजन्य अनुभूति भएको पाइन्छ । यसरी निबन्धकारले प्रभुत्वशाली पिँढीको दबाब र त्यसबाट उत्पन्न तनावजन्य

अनुभूतिबाट मुक्ति पाउन उदीयमान वैकल्पिक संस्कृतिको निर्माण गर्न लागिरहने नेत्रलालजस्ता उदीयमान वैकल्पिक विचारधाराका व्यक्तिमा निराशा छाउनु, त्यस्ता मान्छे खिन्न हुनु र त्यस्ता मान्छेमा उदासीले ढाक्न नहुने विचार व्यक्त गरेका छन् । यस्तो हुनु भनेको प्रभुत्वशाली पिँढीको दबाबमा उदीयमान पिँढी वा विचारधारा ओझेलमा पर्न खोज्नुको लक्षण हुन सक्नेतर्फ उदीयमान पिँढीलाई सचेत गराएका छन् ।  सबै उदीयमान पिँढी यस्ता कुरामा सचेत हुनुपर्ने विचारसमेत उनले व्यक्त गरेका छन् ।

उनका रचनाहरूमा प्रभुत्वशाली पिँढीका रूपमा स्थापित राजसंस्था, राजसंस्थालाई सहयोग गर्ने समूह तथा व्यक्ति र पद्धति साथै पञ्चायती व्यवस्थाले निर्माण गरेको परम्परागत सामन्ती संस्कृतिका कारण जनतामा दबाब र तनावजन्य अनुभूतिको संरचना हुन पुगेको देखिन्छ । यस्तो दबाब र तनावजन्य अनुभूतिकै कारण प्रभुत्वशाली पिँढीको विरोध गर्दै जनपक्षीय समाजवादी उदीयमान वैकल्पिक संस्कृतिको निर्माणको विचार भण्डारीका रचनाहरूमा टड्कारो रूपमा व्यक्त भएको छ भने यसले उनमा समेत सामन्ती संस्कृतिले गर्दा दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण गरेको देखिन्छ ।

## २.५ निष्कर्ष

मदन भण्डारीका रचनाहरूसमाजशास्त्रीय दृष्टिले अनुभूतिजन्य देखिएका छन् । उनका रचनामा नेपाली समाजमा रहेका तीन पिँढीका बिच द्वन्द्वात्मक अवस्था रहेको देखिएको छ । जसले दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण हुन पुगेको पाइएको छ । भण्डारीले कविता, गीत, कथा, नाटक र निबन्धमा नेपाली समाजका पिँढी र प्रभुत्वलाई स्पष्ट रूपमा देखाएका छन् । जनतामा परम्परागत प्रभुत्वशाली संस्कृतिका विरूद्ध वैकल्पिक संस्कृति निर्माणको चेतना जागृत हुनुपर्छ र त्यसले जनतालाई सुखको सास फेर्न सहयोग पुऱ्याउँछ भन्ने उनको विचारलाई उनका रचनाहरूले बोकेका छन् ।

मदन भण्डारीका कविता र गीतमा प्रभुत्वशाली पिँढीका रूपमा तत्कालीन समयका शासक, शासकलाई समर्थन गर्ने राजनीतिक दल, तत्कालीन शासनव्यवस्थाका पक्षधर तथा अन्तर्राष्ट्रिय साम्राज्यवादी शक्तिलाई चिनाएका छन् । यस्ता शक्तिले निर्माण गरेको सामन्ती संस्कृतिका कारण जनतामा शोषण र दमनको शृङ्खला चलेको विचार उनका कविता तथा गीतमा व्यक्त भएको छ । यसले जनतामा दबाब र तनावजन्य अनुभूतिको विशिष्ट संरचना तयार पारेको छ । त्यसैले उनले त्यस्ता दबाब र तनावजन्य अनुभूतिबाट मुक्त हुन सङ्घर्ष गर्नुपर्ने विचार कविता तथा गीतमा व्यक्त गरेका छन् । भण्डारीका कथामा पनि नेपाली समाजको तत्कालीन अवस्थाको खरो चित्रण गरिएको छ । उनका कथामा तत्कालीन नेपाली समाजमा रहेको

प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीमाथि गरेको दमन, शोषण तथा विभेदलाई स्पष्टसँग देखाइएको छ । उनका कथामा प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिले सिर्जना गरेको दबाब र तनावजन्य अनुभूतिका कारण अधीनस्थ पिँढीमा वैकल्पिक संस्कृति निर्माणको चाहना भएको देखाइएको छ । यस्तो चाहनाले उदीयमान वैकल्पिक संस्कृति निर्माणका लागि अधीनस्थ पिँढीलाई अगाडि बढ्न उत्प्रेरणा प्रदान गरेको देखिन्छ । 'डोकाको मोल' कथामा प्रभुत्वशाली पिँढीले निर्माण गरेको सामन्ती संस्कृतिबाट उन्मुक्तिका लागि गरेको सङ्घर्षले दबाब र तनावजन्य विशिष्ट अनुभूतिको संरचना तयार पारेको छ । यस्तो अनुभूतिबाट मुक्तिका लागि सङ्घर्ष गर्दै प्रभुत्वशाली सामन्ती संस्कृतिलाई समाजबाट हटाउने कार्यमा धनेजस्ता पात्र सफल भएको समेत कथामा देखाइएको छ । उनका नाटक तथा निबन्धमा तत्कालीन नेपाली समाजको प्रभुत्वशाली पिँढीलाई चिनाउँदै त्यसले नेपाली जनतालाई दिएको दबाबलाई केही मात्रामा देखाइएको छ । अधीनस्थ पिँढीमा भएको दबाब र तनावजन्य अनुभूतिको संरचनाबाट मुक्त गर्न र उदीयमान वैकल्पिक संस्कृति निर्माण गर्न नेपालका क्रान्तिकारी शक्तिले जोड लगाउनुपर्ने विचार उनका नाटक तथा निबन्धमा अभिव्यक्त भएको छ ।

समष्टिमा मदन भण्डारीका साहित्यिक रचना समाजसापेक्ष रहेका कारण समाजमा रहेका वर्गगत पिँढीलाई नजिकबाट समावेश गरिएको देखिन्छ । तत्कालीन समाजमा देखिएको तीन पिँढीलाई उनका साहित्यिक रचनामा भेट्न सकिन्छ । रेमन्ड विलियम्सले भनेजस्तै प्रभुत्वशाली पिँढी, अधीनस्थ पिँढी र वैकल्पिक उदीयमान पिँढी उनका साहित्यिक रचनामा प्राप्त भएको छ । नेपाली समाजमा शोषक र सामन्ती राज्यव्यवस्थाको पक्षपोषक भएर बसेको प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीमाथि सधैँ दबाबको संस्कृति सिर्जना गर्ने गरेको दृश्य उनका रचनामा पाइन्छ । त्यही दबाबको अनुभूति गर्ने पिँढीमा वैकल्पिक संस्कृतिको चेतना निर्माण हुँदै गर्दा वैकल्पिक उदीयमान पिँढीको निर्माण भएको कुरा पनि उनका साहित्यिक रचनामा देखिन्छ । जसले नयाँ संस्कृतिका लागि सङ्घर्ष गर्न खोज्दा तनावजन्य अनुभूतिको संरचना हुन पुगेको समेत पाइन्छ । यसैक्रममा तत्कालीन नेपाली समाजमा पिँढीगत प्रभुत्वका कारण परम्परागत संस्कृतिको विरोध र उदीयमान वैकल्पिक संस्कृतिको निर्माण हुने क्रममा दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण भएको कुरा उनका साहित्यिक रचनामा स्पष्ट देखिन्छ । उनको रचनामा भएको यही पिँढी र प्रभुत्वको संस्कृति, प्रभुत्वशाली पिँढीको परम्परागत संस्कृतिको विरोध र वैकल्पिक उदीयमान संस्कृतिको खोजीकै क्रममा समाजमा देखिएको दबाब र तनावजन्य अनुभूतिको संरचना निर्माण भएको पाउन सकिन्छ ।

## तेस्रो परिच्छेद

# मदन भण्डारीका साहित्यिक रचनामा विश्वदृष्टि

## ३.१ विषयप्रवेश

यस परिच्छेदमा मदन भण्डारीका रचनामा विश्वदृष्टिको अध्ययन विश्लेषण गरिएको छ । सुरुमा विश्वदृष्टिसम्बन्धी सैद्धान्तिक मान्यतालाई प्रस्तुत गरेपछि भण्डारीका रचनामा रहेका विश्वदृष्टिको खोजी गरिएको छ । यसक्रममा उनका कविता, गीत, कथा, नाटक र निबन्ध विधाका रचनाहरूमा रहेका विश्वदृष्टिको अध्ययन विश्लेषण गरिएको छ । उनका रचनाहरू सामजसापेक्ष रहेका कारण बाह्य समाजमा रहेका पिँढी र समुदायको सामूहिक विचार वा दृष्टिकोणलाई उनका रचनाभित्र पाउन सकिन्छ । यसले नेपालका समाजको बाह्य चरित्र, सामाजिक अवस्था र ऐतिहासिक पक्षलाई भण्डारीका रचनाभित्र अध्ययन गरी बुझ्न मदत पुऱ्याउने देखिन्छ । यसबाट समाज र उनका रचनाबिचको समानधर्मितालाई समेत बुझ्न सहयोग पुगेको छ ।

## ३.२ विश्वदृष्टिको सैद्धान्तिक परिचय

कुनै वर्ग वा समाजको प्रतिनिधित्व गर्ने सामाजिक व्यक्तिहरूको एउटा सामूहिक विचार नै विश्वदृष्टि हो । साहित्यको समाजशास्त्रीय अध्ययनलाई सुव्यवस्थित र विश्वसनीय बनाउने कार्य मीमांसावादी धाराका प्रमुख चिन्तक लुसिएँ गोल्डमान (सन् १९१३-१९७१) ले गरेका हुन् । समाजशास्त्रीय चिन्तक लुसिएँ गोल्डमानले समाजका वर्ग वा समूहको सामूहिक चेतना नै विश्वदृष्टि हो भन्ने मान्यता प्रस्तुत गरेका छन् । गोल्डमानले साहित्यिक काम एक व्यक्तिगत विषय तथा लेखकको अध्ययन भए पनि उसको अनुवांशिक संरचनाको प्रेरणा र परम्परागत ज्ञानले पूर्वकर्मको प्रभावमा जन्मेको विचार मान्दछन् । त्यस्तै उनले लेखकको विचारलाई समाजको संरचनागत सामूहिक विचारको प्रतिनिधित्व मानेका छन् । गोल्डमानले यसलाई अझै स्पष्ट पार्दै जुन विचार आन्तरिक र बाह्य रूपमा प्रेरित र परिवर्तित विचारका रूपमा तर्कसङ्गत र अर्थपूर्ण बनेर आउँछ अनि जसले पर्याप्त र सुसङ्गत लेखकीय चेतनातर्फ समूहको झुकावलाई जोड दिन्छ त्यो नै विश्वदृष्टि भएको (गोल्डमान, सन् १९८०, पृ. ११२) विचार व्यक्त गरेका छन् । यसलाई स्पष्ट पार्न अझै अघि बढेर गोल्डमानले ऐतिहासिक र सामाजिक तथ्यहरूलाई विश्वदृष्टि मान्दै तिनीहरू सोच, अनुभूति र कार्य गर्ने तरिकाहरूको समग्रता हुन् भनेका छन् भने जसलाई निश्चित परिस्थितिमा मानिसहरूले आफूलाई समान आर्थिक तथा सामाजिक अवस्थामा भेट्न सक्ने र त्यसैको आडमा वर्गीय तथा सामाजिक विश्वदृष्टि निर्माण हुन पुग्ने (गोल्डमान, सन्

१९८०, पृ. १११-११५) कुरा गरेका छन् । त्यसैले विश्वदृष्टिको विकासका लागि समाजमा समान वर्ग र ऐतिहासिक दृष्टिकोण आवश्यक देखिन्छ ।

गोल्डमानका मान्यताका अनुसार मानिसका उच्चतम् व्यवहार कुनै स्थिति विशेषप्रति सार्थक अनुकरणबाट प्रेरित भइरहेका हुन्छन् । त्यही अनुकरण कार्य गर्ने व्यक्ति र त्यस कार्यलाई प्रभावित तुल्याउने समाजका बिच विशेष सन्तुलन कायम गर्ने प्रयास हुन्छ । यसबाट समाजका व्यक्तिहरूबिच सुसङ्गत विचार वा चेतनाको विकास हुन्छ (जैन, सन् १९९२, पृ. ४७) । गोल्डमानका अनुसार कुनै कृति लेखक वा रचनाकारको हुने र त्यस कृतिमा लेखकको विचार वा अनुभूति व्यक्त भएको हुन्छ तर त्यो विचार वा अनुभूति समाजका विशेष वर्ग वा समुदायका अन्य व्यक्तिहरूको व्यवहार र चिन्तनबाट प्रभावित हुने भएकाले साहित्यिक कृति सामूहिक चेतना बन्छ किनभने त्यसले समुदाय वा वर्गको प्रतिनिधित्व गरेको हुन्छ । त्यस वर्ग वा समुदायको विश्वदृष्टि त्यसमा रहेको हुन्छ । यसरी उनका अनुसार समाजका एक वर्ग वा समूहको जीवनजगत् सम्बन्धी सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो (पाण्डेय, सन् २००६, पृ. १४८) । कुनै पनि व्यक्तिले प्रस्तुत गर्ने दृष्टिकोण उसको वैयक्तिक नभई सामाजिक अनुभूतिको प्रतिबिम्ब हुन्छ । यस्तो अनुभूतिलाई समाजका अन्य समान वर्गका व्यक्तिले स्वीकार गर्नु नै विश्वदृष्टि विकास हुने चरण हो । त्यसैले गोल्डमानका अनुसार एक व्यक्तिले लेखेको साहित्यिक कृतिमा विशुद्ध उसैको वैयक्तिक विचार मात्र नभएर समाजको सामूहिक अनुभूति समावेश गरेको हुन्छ र त्यो नै विश्वदृष्टि बन्न पुग्छ ।

गोल्डमान साहित्यको समाजशास्त्री मात्र होइनन्, उनले दर्शन, समाजशास्त्र र मनोविज्ञानको बौद्धिक यात्रा गर्दै साहित्यको चिन्तन गर्न थालेका हुन् (पाण्डेय, सन् २०१६, पृ. १६३) । त्यसैले उनको अध्ययन तथा चिन्तन परम्परा यति फराकिलो छ कि जुन केवल साहित्यसेवी समाजशास्त्रीको चिन्तन परम्परासँग मात्र मिल्दैन । उनले त एक व्यापक ऐतिहासिक समाजशास्त्रीय दृष्टिकोणको निर्माणका लागि प्रयत्न गरेका छन् (पाण्डेय, सन् २०१६, पृ. १६३) । विश्वदृष्टिको विकास वर्ग, समाज र ऐतिहासिक दृष्टिकोणबाट भएको हुन्छ । यसमा एउटै वर्ग र समाजको सामूहिक मनोविज्ञानले काम गरेको हुन्छ । एउटा व्यक्ति वा लेखकबाट व्यक्त विचारले सामूहिक दृष्टिकोण निर्माण गर्नु नै विश्वदृष्टि हुने हुँदा यसको सम्बन्ध समाज र इतिहाससँग जोडिएको हुन्छ भन्ने गोल्डमानको मान्यता रहेको छ ।

गोल्डमान मार्क्सवादबाट प्रभावित फ्रान्सेली चिन्तक भए पनि मार्क्सवादको वर्गसङ्घर्ष र वर्गचेतनासम्बन्धी मान्यतामा फरक दृष्टि राख्दै उनले आफ्नो साहित्यसम्बन्धी चिन्तनलाई समाजशास्त्रीय स्वरूप दिने काम गरेका छन् । यसै परिप्रेक्ष्यमा उनलाई साहित्यिक समाजशास्त्री वा साहित्यको समाजशास्त्रका व्याख्याताका रूपमा चिनिन्छ (पाण्डेय, २०७३, पृ. १६-१७) ।

गोल्डमानका अनुसार विश्वदृष्टि समाजको वर्गीय जीवनमा रहने भए पनि त्यो दर्शन, कला तथा साहित्यमार्फत् व्यक्त भएको हुन्छ । त्यसैले विश्वदृष्टिको खोजको सुरुवात साहित्यिक कृतिको अध्ययनबाट मात्र सम्भव छ भन्ने विचार उनले व्यक्त गरेका छन् (पाण्डेय, सन् २०१६, पृ. १६७)। उनी विश्वदृष्टिलाई वर्गीय चेतना मान्दैनन् । बरु वर्गीय चेतना र साहित्यमा रहने आन्तरिक संसारको चेतनाका बिच समानधर्मिता कायम हुने हुनाले उस्तै देखिने तर्क पेस गर्दछन् (पाण्डेय, सन् २०१६, पृ. १६७) । उनी के भन्छन् भने कुनै वर्गको विश्वदृष्टिको संरचनासँग कृतिभित्र संरचित संसारको संरचनाको समानधर्मिता हुन्छ । यसलाई उनी संरचनाको समानधर्मिता पनि भन्छन् । उनका विचारमा साहित्यको समाजशास्त्रीले यही समानधर्मिताको खोजी गर्छ (पाण्डेय, २०७३, पृ. १८) । गोल्डमानले वास्तवमा विश्वदृष्टिहरूलाई सामूहिक चेतनाको रूप भनेका छन् । यसलाई स्पष्ट पार्ने क्रममा उनले जसले एक प्रकारको सिमेन्टको काम गर्दछ र व्यक्तिहरूलाई एक समूहको रूपमा बाँध्दछ अनि उनीहरूलाई सामूहिक पहिचान दिन्छ (लरेन्सन र सिङउड, सन् १९७२, पृ. ६६) भनेका छन् । बाह्य समाज र साहित्यमा प्रयुक्त आन्तरिक समाजको समानधर्मिता यथार्थवादी साहित्यमा रहेको हुन्छ । बाह्य समाजमा एउटै वर्गमा देखिने समान चिन्तन तथा मान्यता कृतिभित्र पनि रहेको हुन्छ । त्यही समानधर्मिताको आडमा सामूहिक विश्वदृष्टिको विकास भइरहेको हुन्छ । यसले समाजका मानिसको सामूहिक चिन्तनलाई कुनै न कुनै रूपमा प्रतिनिधित्व गरिरहेको हुन्छ । गोल्डमानले विश्वदृष्टिलाई साँघुरो दृष्टिबाट हेरेर बुझ्न नसकिने हुँदा यो तत्कालीन अनुभवजन्य अवस्था नभई विचारहरूको सङ्गठित संरचना भएकाले सामाजिक परिस्थितिले निर्माण गर्ने सामूहिक भावनाको संरचना हो (लरेन्सन र सिङउड, सन् १९७२, पृ. ६६) भनेका छन् । वास्तवमा समाजमा रहेका हरेक वर्ग, समुदाय, जाति, पेसा, धर्म र लिङ्गको आआफ्नो विचारसमूह हुन्छ । यी सामुदायिक संरचनाको आआफ्नै इतिहास पनि रहेको हुन्छ । यी सबै आआफ्ना विचारबाट उत्प्रेरित हुन्छन् । यिनका आआफ्ना विश्वदृष्टि रहेको हुन्छ । त्यही भएर विश्वदृष्टि विचारहरूको सङ्गठित संरचना हो । यसले आआफ्नो विचारपक्षको दृष्टिकोणलाई नेतृत्व गरिरहेको हुन्छ ।

गोल्डमानले विश्वदृष्टिसम्बन्धी आफ्ना मान्यतालाई अझै स्पष्ट पार्ने क्रममा कृतिमा विश्वदृष्टि कसरी व्यक्त भएको छ त्यसले नै कृतिको उचाइ देखाउने कुरा बताएका छन् । लेखकले वैयक्तिक अनुभूति मात्र समावेश नगरी सामाजिक तथा वर्गीय विश्वदृष्टिलाई जुन कृतिमा राखेको हुन्छ वा सामाजिक र वर्गीय विश्वदृष्टिलाई जुन कृतिले स्पष्ट र फराकिलो बनाएको हुन्छ त्यो कृति महान् कृति हुन्छ भन्ने धारणा गोल्डमानले राखेका छन् (लरेन्सन र सिङउड, सन् १९७२, पृ. ६७) । यसरी लेखक कलाकारको वैयक्तिक विचार वा अनुभूतिलाई बेवास्ता गरेका कारण लेखककेन्द्री मान्यता राख्ने विचारकहरूले उनको आलोचना पनि गरेका

छन् । उनको विचारमा एक व्यक्तिको अनुभव यति सानो र सङ्कुचित हुन्छ कि त्यसले सार्थक मानसिक संरचनाको निर्माण सम्भव हुँदैन । त्यस्ता लेखकको रचनामा समाविष्ट विश्वदृष्टिले एउटा सामाजिक वर्गलाई नै प्रतिनिधित्व गर्ने खालको नभएसम्म त्यो स्थापित हुन सक्दैन । त्यसैले उनी कृतिमा लेखकको सीमित सचेत अभिप्रायलाई खासै महत्त्व दिँदैनन् । यस विषयमा अझै अगाडि बढेर उनले लेखेका छन् कि साहित्यका समाजशास्त्री तथा समालोचकले कुनै पनि लेखकको सचेत विचारलाई उसको रचनाको व्याख्याका लागि एक सङ्केतका रूपमा स्वीकार गर्न सक्छ तर त्यही विचारलाई मूल्याङ्कनको आधार बनाउनु गलत हुन्छ किनकि त्यसले विश्वदृष्टिको संरचना तयार गर्न सकेको हुँदैन (गोल्डमान, सन् १९८१, पृ. ११-१३) । व्यक्तिको वैयक्तिक सोच, कल्पना र सीमित अनुभूतिले विश्वदृष्टि निर्माण गर्दैन । यसले व्यापक समुदाय वा वर्गको वैचारिक अनुभूतिलाई प्रतिनिधित्व गरेको हुनुपर्छ । त्यसैले लेखकले लेख्ने कृतिले पनि कुनै वर्गीय चिन्तनलाई बोक्नु जरूरी हुन्छ । त्यसो गर्न सके मात्र विश्वदृष्टि निर्माण हुन सक्छ भन्ने मान्यता गोल्डमानले अघि सारेको पाइन्छ ।

गोल्डमानले विशेष जोड दिँदै विश्वदृष्टिको स्वरूप केवल समूह वा वर्गको सन्दर्भमा मात्र बुझ्न सकिन्छ तर व्यक्तिका सन्दर्भमा सकिँदैन भनेका छन् । व्यक्तिको रचनामा अभिव्यक्त विश्वदृष्टिले वर्गको विश्वदृष्टिको प्रतिनिधित्व गर्दछ भन्ने उनको मान्यता छ । विश्वदृष्टि एक निश्चित कालखण्डमा एउटा वर्गको विचार, अनुभूति र व्यवहारको समग्रतामा प्रकट हुन्छ । यसको अर्थ विश्वदृष्टिको विकास निरन्तर हुन्छ तर यसको सिर्जना भने हुँदैन । यसको विकासका लागि जीवनसङ्घर्ष र आन्दोलनको आवश्यकता हुन्छ । उनी कुनै राष्ट्र, पिँढी र परिवारको कुनै विश्वदृष्टि नहुने कुरा गर्छन् । उनको विचारमा विश्वदृष्टिको सङ्ख्या एकदमै सीमित हुन्छ किनकि विश्वदृष्टिको वर्ग, समाज र इतिहाससँग सम्बन्ध हुन्छ (पाण्डेय, सन् २०१६, पृ. १६७) । सामाजिक संरचनाभित्र लिङ्ग, वर्ग, जाति, धर्म, पेसा, भाषा, क्षेत्र, प्रजातिजस्ता कुराहरू पर्दछन् । यसैलाई आधार बनाएर साहित्यमा प्रयुक्त विश्वदृष्टिको अध्ययन गर्न सकिन्छ (खनाल, २०७७, पृ. १६३) । विश्वदृष्टि समाज र वर्गले निर्माण गर्ने भएकाले सामाजिक संरचनाभित्र समेटिने धार्मिक, सांस्कृतिक, ऐतिहासिक, वर्गीय, जातीय, क्षेत्रीय तथा भौगोलिक चिन्तनबाट नै विश्वदृष्टि स्थापित हुने हुँदा साहित्यमा प्रयुक्त यिनै पक्षबाट निर्मित वैचारिक विश्वदृष्टिको अध्ययन महत्त्वपूर्ण हुन जान्छ । तसर्थ साहित्यिक रचनाले पनि विश्वदृष्टिको निर्माण सशक्त ढङ्गबाट गरेको हुन्छ ।

विश्वदृष्टिसम्बन्धी लुसिएँ गोल्डमानको मान्यता र यससँग सम्बन्धित विभिन्न विद्वान्हरूको भनाइलाई अध्ययन गर्दा साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा गोल्डमानको विश्वदृष्टिसम्बन्धी दृष्टिकोणले नयाँ अध्ययनपरम्पराको सुरु गरेको देखिन्छ । एउटा निश्चित समय वा कालखण्डमा एउटा निश्चित विश्वदृष्टिले समुदाय वा वर्गको प्रतिनिधित्व गरेको हुन्छ । यस्तो

विश्वदृष्टिको सिर्जना नभई वैचारिक सङ्गठनको सहयोगबाट विकास भइरहेको हुन्छ । यसरी विश्वदृष्टिको विकासप्रक्रिया अघि बढ्न पनि समाजका विभिन्न वर्ग र समुदायबिच ऐतिहासिक सङ्घर्ष हुनु आवश्यक हुन्छ भन्ने गोल्डमानको मान्यता रहेको छ । यसको विकासप्रक्रियाले समाजको ऐतिहासिक विकासप्रक्रियालाई देखाइरहेको हुन्छ । त्यसैले बाह्य समाज र साहित्यिक कृतिभित्रको समाजबिच समानधर्मिता हुन्छ । तसर्थ विश्वदृष्टिको अध्ययनले समाज, वर्ग र समाजको ऐतिहासिक विकासप्रक्रिया बुझ्न मदत गर्दछ । प्रस्तुत शोधको यस परिच्छेदमा गोल्डमानको विश्वदृष्टि सम्बन्धी यिनै मान्यतालाई आधार मानेर मदन भण्डारीका रचनाको विश्लेषण गरिएको छ ।

## ३.३ मदन भण्डारीका साहित्यिक रचनाको सामाजिक सन्दर्भ र विश्वदृष्टि

लुसिएँ गोल्डमानको समाजशास्त्रीय अध्ययनको विशेष क्षेत्र विश्वदृष्टि उच्च कोटिका साहित्यिक रचनामा मात्र भेटिन्छ । साहित्यकारका सबै रचनामा विश्वदृष्टि स्पष्ट रूपमा नभेटिन पनि सक्छ । साहित्यकारले प्रयोग गरेको दृष्टिकोणले समुदाय वा वर्गको प्रतिनिधित्व गरेको छ वा छैन त्यसका आधारमा उक्त साहित्यिक रचनामा विश्वदृष्टि केकसरी अभिव्यक्त भएको छ भनी निर्क्योल गर्न सकिन्छ । मदन भण्डारीका रचना तत्कालीन समयको समाजसापेक्ष देखिन्छ । उनका साहित्यिक रचनाकाल वि.सं. २०३० को दशक हो । उक्त दशकमा नेपालमा राजनीतिक रूपमा पञ्चायतकालीन समय रहेको थियो । यस्तो शासन व्यवस्था राजा महेन्द्रले २०१८ सालमा बुद्धिजीवीहरूको सम्मेलन गरेर सबैको सहमतिद्वारा पारित गराएर सुरु भएको थियो । यस किसिमको राजनीतिबाट नेपालमा तत्कालीन समयमा निर्दलीय व्यवस्था कायम हुन पुगेको थियो (अधिकारी, २०७३, पृ. २७२) भन्ने भनाइले तत्कालीन समयमा राजाको प्रत्यक्ष शासनव्यवस्था र निर्दलीय व्यवस्थाले गर्दा राजनीतिक दलहरू खुलेर राजनीति गर्न सक्ने अवस्थामा नरहेको बुझिन्छ । राजनीतिक दलका नेता कार्यकर्ता राजनीतिक परिवर्तनका लागि तत्कालीन राज्यव्यवस्थाको विरोधमा सक्रिय रहेका थिए । पञ्चायती व्यवस्थाका कारण देश र जनताको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक समुन्नति हुन सकेको देखिएको थिएन । पञ्चायती व्यवस्थाको विकल्पको रूपमा जनआन्दोलन गर्नेतर्फ केही राजनीतिक दलका नेताहरूले सोच्न थालेको पाइन्छ (अधिकारी, २०७३, पृ. २७६) भन्ने कुराले यसै समयकालमा सचेत नागरिकका रूपमा देखिएका मदन भण्डारी पनि राजनीतिक व्यक्तिका रूपमा राजनीतिमा सक्रिय रहेको पाइन्छ (ओली, २०७०, पृ. ४६-४७) । त्यसै समयमा समाजमा राजाको प्रत्यक्ष शासनलाई हतियार बनाउने प्रभुत्वशाली पिँढीका प्रधानपञ्च र शासक तथा शासन व्यवस्थाको गुणगान गाउने पिँढी रहेको देखिन्छ । तिनै पिँढीको शोषण र दमनको संस्कृतिले सोझा किसान र मजदुरजस्ता अधीनस्थ पिँढीमा अन्याय भएको समेत देखिन्छ । यसै समयमा गाउँफर्क राष्ट्रिय

अभियानले गाउँका ठालु, शोषक र सामन्तलाई अग्रसर गराएर सर्वसाधारण कृषक मजदुरहरूको निर्मम शोषण गरिएको पाइन्छ भने शासकबाट फाइदा लिन सकिन्छ कि भनेर उनकै वरिपरि रहन चाहने पिँढीले जनताको हित गर्न नसक्ने भए (अधिकारी, २०७३, पृ. २७४) । त्यस्तो प्रभुत्वशाली पिँढीबाट जनता सचेत हुनुपर्छ भन्ने दृष्टिकोण मदन भण्डारीका साहित्यिक रचनामा पाइन्छ । यसरी प्रभुत्वशाली पिँढीले शोषित किसान वर्गको पिँढीमाथि प्रभुत्व जमाएको देखिन्छ । तत्कालीन राज्य व्यवस्थाले संसदीय व्यवस्थालाई प्रतिबन्ध लगाएर आफ्नै प्रकारको राजनीतिक व्यवस्था सुरु गरेको हुँदा विरोधमा उत्रिएका राजनीतिक दललाई आफ्नो पक्षमा पार्न नसकेपछि राजनीतिक दलसम्बद्ध पक्षबाट तत्कालीन शासन व्यवस्थाको विरोध हुन थालेको देखिन्छ (बराल, सन् १९८०, पृ. १९७) । यस्तो अवस्थामा सामाजिक परिवेश नियाल्दै अघि बढेका भण्डारीले लेखेका साहित्यिक रचनामा शासक वा सामन्तवर्गको शोषणयुक्त दृष्टि, शासित वा निम्नवर्गीय गरिब, किसान, मजदुरवर्गको विश्वदृष्टि र विद्रोही वा परिवर्तनकारी वर्गको विश्वदृष्टिलाई भेट्न सकिन्छ । भण्डारीले तत्कालीन समयमा देशका विभिन्न भागमा सङ्गठन विस्तार र प्रभुत्वशाली सामन्ती राज्यव्यवस्थाविरूद्ध जनचेतनामूलक कार्य गर्दै हिँडेको पाइन्छ । सुरुमा भारतमा पढ्नका लागि पुगे पनि त्यहाँ भेटिएका नेपालका कम्युनिस्ट नेताहरूको सङ्गतले राज्यव्यवस्थाविरूद्ध लागेको पाइन्छ । देशको सामाजिक अवस्थालाई नजिकबाट नियालेका उनले समाजकै विषयवस्तुलाई केन्द्रमा राखेर साहित्य रचना गरेको देखिन्छ । उनले समाजमा देखेका शासक वा सामन्तवर्गको शोषणयुक्त दृष्टिबाट निस्किएको शासित वा निम्नवर्गीय गरिब, किसान, मजदुर वर्गको विश्वदृष्टिलाई अनुभूत गर्न पुगेको देखिन्छ । यस्तो विश्वदृष्टि देखेका उनका रचनामा विद्रोही वा परिवर्तनकारी वर्गको विश्वदृष्टिको निर्माण हुन पुगेको पाइन्छ भने साहित्यिक रचनामा शासकवर्गको दृष्टि कम र शासित वा परिवर्तनकारी वर्गको विश्वदृष्टि बढी रहेको देखिन्छ । जसलाई उनले आफ्ना साहित्यिक रचनामा समावेश गरेका छन् । यहाँ यिनै पक्षबाट मदन भण्डारीका साहित्यिक रचनामा विश्वदृष्टिको अध्ययन गरिएको छ ।

### ३.३.१ मदन भण्डारीका साहित्यिक रचनामा शासक वा सामन्तवर्गको दृष्टिकोण

मदन भण्डारीका साहित्यिक रचनामध्ये कवितामा तत्कालीन शासन व्यवस्थाले गर्दा गरिब जनतामाथि प्रभुत्वशाली सामन्तीवर्गले गर्ने थिचोमिचो र शोषणको मार्मिक परिवेशबाट शासक वा सामन्तवर्गको दृष्टि उजागर गरेको छ । शासकको प्रत्यक्ष शासनव्यवस्थाका हिमायतीहरूले हरेक समाजमा प्रधानपञ्चका रूपमा शासकको भूमिकामा रहेर जनतामाथि शोषण र थिचोमिचो गर्ने गरेको पाइन्छ । यसले शासक भनेका जनतालाई शोषण गर्न र थिचोमिचो गर्नका लागि तयार भएको वर्ग हो भन्ने दृष्टिलाई प्रस्तुत गरेको छ । यसलाई कविताको निम्नलिखित अंशले अझै स्पष्ट पार्न मदत गर्दछ :

न झुप्रामा दियालो छ, यहाँको राज कालो छ

सधैँ राजा धनी-मानीहरूको मात्र पालो छ ।

बनेका छन् महल सेता चिहानैमाथि निर्धाका

बसेका छन् त्यहाँ हाम्रा यिनै पञ्चायती राजा ॥('मेरी बाटुलीको बुबा', पृ. १०३-१०४)

जनताको बास झुप्रोमा हुँदै गर्दा शासक भने महलमा बस्ने प्रचलन रहेको छ । शासकले शासन चलाउने हुँदा उसको जीवनचक्र रवाफपूर्ण हुनुपर्छ भन्ने विश्वदृष्टि शासकवर्गले बोकेको देखिन्छ । उनीहरूले निर्माण गर्ने महलमा जनताको रगत पसिनाको मुल्य हराएको हुन्छ तर पनि शासकले सुखसयल र ऐशको जिन्दगी बाँच्नुपर्छ भन्ने शोषकवर्गको दृष्टि माथि प्रस्तुत कवितांशमा रहेको पाइन्छ । शासकले आफू बस्ने महल र आफ्ना वरपरको सडक तथा बाटो राम्रो बनाउँछ तर जनताको समस्यालाई चासो गर्दैन भन्ने दृष्टि तल दिइएको कवितांशमा पाइन्छ । शासकको प्रभुत्वशाली सामन्ती व्यवहारलाई सहयोग पुऱ्याउन गरिब घरका छोरीचेलीले गइदिनुपर्छ भन्ने दृष्टिलाई समेत कविका कविताले बोकेको छ । यसलाई पुष्टि गर्नका लागि यहाँ कवितांश पेस गरिएको छ :

बने बाटा वहाँ राम्रा जहाँ आफू बसेका छन्

त्यहाँ हाम्रा दिदीबैनी कुचो लाइदिने गर्छन् ।

उता अड्डा उनैका छन् उनका यता खेल

सबै स्कुल र पाठशाला, यहाँ यस्तै छ यो बेला ॥ ('मेरी बाटुलीको बुबा', पृ. १०४)

विश्वदृष्टि वर्ग वा समाजबाट निर्माण हुन्छ भन्ने गोल्डमानको मान्यताअनुसार माथिको कवितांशमा पनि शासकवर्ग र शासित वर्गको विश्वदृष्टि निर्माण भएको छ । तत्कालीन नेपाली समाजको अवस्था दयनीय देखिए पनि शासकवर्गको जीवनशैली उच्च रहेको देखिन्छ । धनी वा शासक र सामन्तीवर्गले आफ्नो वरिपरि मात्र विकास गर्ने अनि गरिब, किसान तथा मजदुरमाथि निरन्तर शोषण गरिरहनुपर्छ भन्ने विश्वदृष्टिको निर्माण गरेको छ । त्यसैले सडक र आफ्नै वरपर विकासका नाममा शासितवर्गलाई काममा लगाउनुपर्छ भन्ने शासकवर्गको विश्वदृष्टि माथिको कवितांशमा प्रस्तुत भएको छ । गरिब किसान तथा शासित वर्गले शासकको चाकरी गर्नुपर्ने तथा उनीहरूकै सेवामा लाग्नुपर्छ भन्ने विश्वदृष्टि तत्कालीन समाजका अधीनस्थ पिँढीमा निर्माण भएको कुरा भण्डारीका कवितामा देखिन्छ । त्यस्तै शासकले जस्तोसुकै अवस्थामा पनि हार मान्नु हुँदैन । उसले धाकधम्की, रवाफ तथा तर्क र कुतर्कले भए पनि शासितवर्गमा डर देखाई ठुलो बन्न खोज्नुपर्छ भन्ने दृष्टि तल दिइएको कवितांशमा प्रस्तुत भएको छ :

एउटा मान्छे,
जब उसका तर्कहरू सिद्धिन्छन्,
त्यसपछि ऊ रिसाउँछ,
एउटा मान्छे,
जब उसले गल्ती गरेको हुन्छ,
त्यसपछि ऊ रिसाउँछ
र
एउटा मान्छे,
जब उसले हार्ने स्थिति हुन्छ,
त्यसपछि ऊ रिसाउने गर्छ । (एउटा मान्छे, पृ. ११३)

लुसिएँ गोल्डमान विश्वदृष्टिको निर्माण वर्गीय चेतनाबाट हुने मान्यता राख्छन् । उनको मान्यतालाई आधार मान्दा उच्च वर्गले निम्न वर्गमाथि शासन चलाउने विश्वदृष्टिको निर्माण वर्गीय विभेदबाट सुरु भएको हो भन्न सकिन्छ । उच्च वर्गमा अहमता हुन्छ । त्यही अहमपनले गर्दा उसको रवाफपूर्ण सोच र हैकमवादी दृष्टिकोण समाजका निम्न वर्गमाथि थोपरिएको हुन्छ । यसले साहु महाजन वा शासक वर्ग भनेको हैकम चलाउने, रवाफ देखाउने र समाजमा शासन चलाउने वर्ग हो भन्ने विश्वदृष्टि निर्माण हुन पुग्दछ । माथिको कवितांशमा यही विश्वदृष्टि स्थापित भएको छ । यस कवितांशमा साहु, महाजनले फकाएर, रिसाएर वा धम्क्याएर जे गरेर भए पनि जनताका बिच आफ्नो स्थान सुरक्षित राख्नुपर्छ भन्ने विश्वदृष्टि स्थापित गरेको देखिन्छ ।

मदन भण्डारीका कथामा पनि शोषक, सामन्ती वर्गको शोषकीय दृष्टि रहेको पाइन्छ । सामन्ती वर्गले सोझा जनता र कमजोर वर्गलाई थिचोमिचो र शोषण गरिरहनुपर्छ भन्ने विचार राख्ने र त्यस्तो विचारलाई त्यही वर्गले स्वीकार्ने कार्यले शोषक, सामन्ती वर्गको समान दृष्टि निर्माण हुन पुग्दछ । भण्डारीको डोकाको मोल कथामा यस्तो दृष्टि निर्माण भएको पाइन्छ । यसलाई निम्नानुसारको कथांशमा भेट्न सकिन्छ :

> सुकुलगुण्डाहरूसम्म पुसमा छाता ओढेर बारीमा घुम्न थाले । सायद त्यस्तो घारी पनि बारीमा परिणत भएको खुसी हामीलाई जस्तै अरु सबैलाई लागेर होला । तर त्यस्ता दिन त्यति धेरै बित्न पाएकै थिएनन् होला, आमाको शङ्का कालो भएर साम्ने आयो । वर्षौं अगाडिका दर्तापुर्जाहरू लिएर गाउँकै महाजन देखापरे, जसका लागि या त

हामीले कुतनामा कबोल गरिदिनुपर्‍यो, नत्र जमिन नै खाल्सा गरिदिनु । ('डोकाको मोल', पृ. ७७)

गरिब किसानले जति नै दुःख गरेर खेतबारीलाई खेतीयोग्य बनाए पनि धनी, जमिन्दार तथा शोषक, सामन्ती वर्गले त्यस्ता खेतबारीमा आँखा लगाउने र गरिब किसानमाथि शोषण तथा दमन गर्ने सामन्ती विचार हाम्रो समाजका साहु महाजनमा अफै भेट्न सकिन्छ । यस कथांशमा पनि गरिब म पात्रको परिवारले जङ्गल फाँडेर खेतीयोग्य जमिनको निर्माण गरेपछि जमिन्दार महाजनले जग्गा दर्ताको कागजात बोकेर आई शोषण गरेको देखाइएको छ । यस दृश्यले सामन्ती वर्गमा गरिबको दुःख र पसिनाको मुल्य नहुने तथा उनीहरूमाथि जस्तो अवस्था निर्माण गरेर भए पनि शोषण गर्नुपर्छ भन्ने विश्वदृष्टि स्थापित भएको हुन्छ भन्ने कुरालाई पुष्टि गर्दछ । नेपालको जुनसुकै भूभाग तथा क्षेत्रमा अहिले पनि माथिको कथांशमा जस्तै अवस्था रहेको देख्न सकिन्छ । यस हिसाबले पनि यस्तो विश्वदृष्टि निश्चित व्यक्ति वा समुदायको सीमित विचार नभएर दृष्टि नै बनेको छ भन्नु उपयुक्त हुन्छ । निश्चित व्यक्तिबाट सुरु भएको विचारलाई समान वर्गले स्वीकार गरी स्थापित गरेपछि स्थापित हुने विचार नै विश्वदृष्टि हुने गोल्डमानको मान्यताअनुसार उपयुक्त कथांशमा सामन्ती वर्गको दृष्टि स्थापित भएको छ । त्यस्तै यही कथाको अर्को कथांशमा पनि धनी र सामन्ती वर्गले गरिब र मजदुर वर्गमाथि छुद्र र हेपाहा शब्दको प्रयोग गर्नुपर्छ भन्ने सामन्ती विचारले गालेको देखिन्छ । यसरी प्रयोग गरिने शब्दले वर्गविभाजन गर्ने मानसिकता सामन्ती पिँढीमा रहेको पाइन्छ । त्यसैले यस्तो विचार सामन्ती वर्गको विश्वदृष्टि बन्न पुगेको देखिन्छ । यसलाई पुष्टि गर्न तलको कथांशलाई अध्ययन गर्न सकिन्छ :

यो मोराले चराउन लगिकन एकदिन पनि कुनै वस्तुभाउको भुँडी उकासिएको छैन, त्यसै त्यसै मर्न लागिसके । चोर मोरो ! कुन चौरीमा कुटीकुटी छेकेर अन्मरिन्छ, अनि घाम छँदै बाँधेर मर्छ । जा, घस्की यहाँबाट अभागी मोरा, लाद्रो भर्न बेर भयो होला नि ! ('डोकाको मोल', पृ. ८२)

गरिब किसानका छोराछोरीलाई हरूवाचरुवाका रूपमा आफ्नो घरमा राख्ने कार्य सामन्ती, जमिन्दार तथा शोषक वर्गले गर्दछ । यो नेपाली समाजमा वर्तमान समयमा पनि देख्न सकिन्छ । यसरी विभिन्न बहानामा गरिबलाई आफ्नो घरमा अघोषित दासको रूपमा राखेर उनीहरूमाथि अमानवीय व्यवहार गर्नुलाई सामन्ती वर्गको शान र मानको रूपमा हेर्ने विश्वदृष्टि सामन्ती वर्गमा स्थापित भएको पाइन्छ । यही विश्वदृष्टिलाई माथिको कथांशमा व्यक्त गरिएको छ । "तिमीहरू सबैले काम गर्दा पनि अब चाहिँ ब्याज चुक्ता हुँदैन, तैपनि विचार गरौँला । च्यान्टी पनि अब भाँडा मोल्न, बाखा चराउन सक्छे । उसलाई पनि काममा पठाउनू, धने बाहिरको काम धन्दा हेर्छ

('डोकाको मोल', पृ. ८३) ।'' साहु महाजनले गरिबमाथि न्यायिक भाषा नबोली शासक तथा शोषकीय भाषाको प्रयोग गर्नुपर्छ भन्ने विचारले अभिप्रेरित भएर यो कथांश आएको देखिन्छ । शासक वर्गले निम्न वर्गमाथि शासन गर्नका लागि मिजासिलो भाषा प्रयोग गर्न हुँदैन र आदेशात्मक भाषाको प्रयोग गर्नुपर्छ भन्ने सामन्ती विचारलाई यो कथांशले निर्देश गरेको देखिन्छ । सामन्ती शोषक वर्गमा गरिबमाथि रवाफ बनाउनका लागि आदेशात्मक भाषा प्रयोग गर्नुपर्छ भन्ने दृष्टि स्थापित भएको कुरा यस कथांशले पुष्टि गर्दछ । यस्तो भाषाले नै समाजमा सामन्ती संस्कृति स्थापित गर्न सहयोग पुगेको सामन्ती वर्गको मानसिकता रहेको देखिन्छ । यसले गर्दा नै रवाफपूर्ण र आदेशात्मक बोलीले आफूलाई गरिब किसानभन्दा उच्च वर्गको देखाउँछ भन्ने विश्वदृष्टि स्थापित भएको पाइन्छ ।

समाजमा आफ्नो रजगज चलाउनका लागि परिस्थितिअनुसार चल्न र सोझा किसान मजदुरमाथि दबाब सिर्जना गर्न साम, दाम, दण्ड, भेदजस्ता कुटिल नीति अवलम्बन गर्न सक्ने समाजका सामन्ती शोषकवर्गको ठुलो स्वर र धम्कीपूर्ण बोलीले अरुमाथि प्रभुत्व जमाउन सकिन्छ भन्ने विश्वदृष्टि निर्माण गरेको पाइन्छ । त्यसैले यस्ता वर्गका व्यक्तिहरू नेपाली समाजका जुनसुकै स्थानमा भए पनि यिनीहरूको प्रवृत्ति समान देखिन्छ । वर्तमानमा पनि हरेक समाजमा यस्तो वर्गका मानिस भेटिनु उनीहरूको विश्वदृष्टिगत समानता नै हो । सामन्ती वर्गको वर्गीय हितका लागि स्थापित यस प्रकारको विश्वदृष्टि समाजमा प्रभुत्व जमाएर बस्न चाहनेका लागि आवश्यक छ भन्ने विश्वास त्यो वर्गमा रहेको कुरा भण्डारीले लेखेको ''बाठो भएर नबोल्, तेरा दाँत गिजैसँग झारिदिउँला' रामसिंह गर्ज्यो । सबै मैले भनेजस्तो गर्नु नत्र नराम्रो होला' भन्दै रामसिंह फिऱ्यो ('डोकाको मोल', पृ. ८३) ।'' कथांशलाई हेर्दा बुझ्न सकिन्छ ।

समाजमा सामन्ती संस्कृतिले प्रभुत्व जमाएको समयमा वैकल्पिक संस्कृतिको खोजी गर्नु स्वाभाविक भए पनि सहज हुँदैन । सामन्ती संस्कृतिका पक्षधर अर्थात् जमिन्दार, शोषक, सामन्ती वर्गको वर्गीय हितका लागि सामन्ती राज्यसत्तासमेत लागि पर्दछ । त्यस्तो अवस्थामा उक्त वर्गसँग हुने एउटै विश्वदृष्टि आफ्नो वर्गको हित र अन्य वर्गको अहित हुने कार्य हो । यस्तो सामन्ती वर्गीय हितको विश्वदृष्टि स्थापित गर्नका लागि निम्न वर्गमाथि अन्याय गर्नु नै आफ्नो वर्गको धर्म सम्झिने अवस्था सिर्जना गरिन्छ । मदन भण्डारीको कथामा पनि गरिब, निम्न वर्गको किसानमाथि शोषण र दमन गरेर आफ्नो वर्गको हित गर्न सकिन्छ भन्ने विश्वदृष्टि स्थापित गर्न खोजिएको देखाइएको छ । यसलाई पुष्टि गर्नका लागि तल दिइएको कथांशलाई हेर्न सकिन्छ :

> ... यसबिचमा सामान्य कामबाहेक विशेष काम गर्न धेरै कठिनाइ पऱ्यो । फेला परेकाहरूले घोर यातना भोग्नुपरेको सुनेर समर्थक जनता त्यसै मुर्झाउन थाले ।

कार्यकर्ताहरू असुरक्षाको त्रासले चाउरिए । गाउँका स्वास्नीमान्छेहरूमाथि पनि प्रहरीले जघन्य अत्याचार र बलात्कार गरे । ... कार्यकर्ता लाचार भए, आत्मसमर्पणको लहर चल्यो । ... आखिर जनताले उसैको शरणमा जानुपर्ने परिस्थिति आयो । नत्र सुरक्षा थिएन । धनेको कुरा मान्न कोही तयार थिएन । भूमिगत भएका ५/७ जना र अरू १०/१५ जनाबाहेक अब गाउँमा उसको पक्षमा बाहिर कोही देखिँदैनथ्यो । ('डोकाको मोल', पृ. ९१)

समाजमा शोषक, सामन्ती वर्गले अत्याचार गर्दा निम्नवर्गले त्यसको प्रतिरोध गर्न खोजेपछि सामन्ती वर्गले त्यस्तो प्रतिरोधलाई दबाउनुपर्छ भन्ने विश्वदृष्टिकै कारण आफ्नो वर्गको संरक्षकको बल प्रयोग गरेको कुरा माथिको कथांशले देखाएको छ । प्रतिरोधी चेतनाको दमन र सामन्ती वर्गको हित हुनुपर्छ भन्ने विश्वदृष्टिकै कारण माथिको कथांशमा सामन्ती वर्गले अत्याचारलाई झनै बढाएको देखिन्छ । यसरी माथिको कथांशमा शोषक सामन्तीवर्गको विश्वदृष्टि स्थापित गरिएको देखाइएको छ ।

### ३.३.२ मदन भण्डारीका साहित्यिक रचनामा शासित वा निम्नवर्गीय गरिब, किसान, मजदुरवर्गको विश्वदृष्टि

मदन भण्डारीका रचनामा शासित वा निम्नवर्गीय गरिब, किसान, मजदुर वर्गको विश्वदृष्टि रहेको छ । उनी आफ्ना साहित्यिक रचनामा समाजमा उच्च वर्गले निम्न वर्गमाथि शासन चलाएर शोषण गर्ने प्रवृत्तिको विरोध गर्दछन् । समाजमा शोषक सामन्ती वर्गको वर्चस्व रहनु र उनीहरूले गरिब किसान वर्गमाथि विभिन्न प्रकारको शोषण गर्नु नै विद्रोहको कारक हो भन्ने मान्यता उनी राख्दछन् । यस्ता खाले शोषण र विभेदको अन्त्य भई समतामूलक समाज निर्माण हुनुपर्छ भन्ने विचार उनका साहित्यिक रचनामा भेटिन्छ । उनको साहित्यिक प्रवृत्ति पनि यही हो । यसरी शासकवर्गीय पिँढीको विरोध र शासित वर्गीय पिँढीको समर्थन गर्ने क्रममा उनका साहित्यिक रचनामा शासित वा निम्न वर्गीय गरिब, किसान, मजदुर वर्गको विभिन्न विश्वदृष्टि निर्माण हुन पुगेको पाइन्छ। यसलाई पुष्टि गर्न दिइएको कविताांशले मदत गर्दछ :

गर्जन्छन् जो महलहरूमा क्रान्तिनेता सिकारी
बज्रन्छन् ती गरिबतिर नै भिन्न सङ्घर्ष पारी ।        ('मित्र पो चिन्नुपर्छ', पृ. ९९)

उपर्युक्त कविताांशमा महलहरूमा जनताका विरोधी रहन्छन् । उनीहरूले जनतामाथि शासनमात्र गर्दैनन् शोषण पनि गर्दछन् भन्ने विश्वदृष्टिलाई स्थापित गर्न खोजेको छ । "बज्रन्छन् ती गरिबतिर नै..." पङ्क्तिले गरिब जनताले शासकवर्गमाथि बनाएको विश्वदृष्टिलाई स्पष्ट पारेको

छ । शासकवर्गको शोषक मनोवृत्तिले गर्दा उनीहरूप्रति निम्नवर्गका जनताको विश्वास उडेको देखिन्छ । तत्कालीन समाज र अहिलेको समाजमा यसमा भिन्नता देखिँदैन । शासकवर्गप्रतिको सर्वसाधारण जनताको दृष्टिकोण जनपक्षीय नभएर जनबिरोधी नै देखिँदै गएको पाइन्छ । तत्कालीन समाजका शासक र वर्तमान समाजका शासकको संस्था र व्यक्तिमा भिन्नता होला तर प्रवृत्तिले निरन्तरता पाइरहेको सामाजिक विश्वदृष्टि यस कवितांशले देखाएको छ । क्रान्तिकारी भनेर जनतामाथि शासन र शोषण गर्न खोज्ने नेताहरूको प्रवृत्तिलाई समेत यस कवितांशले व्यक्त गरेको छ । नेपालको तत्कालीन राजनीतिक तथा सामाजिक व्यवस्थामा जनताका नेता बन्न खोज्नेहरू पनि दरबारसँग नजिक भएर जनतालाई नै शासन र शोषण गरिरहेको विश्वदृष्टि निर्माण भएको देखिन्छ । यसरी प्रस्तुत कवितांशमा शासित वा निम्नवर्गीय गरिब, किसान, मजदुर वर्गको विश्वदृष्टि प्रस्तुत हुन पुगेको छ । त्यस्तै गरिब किसानको साथी, सहारा जे भए पनि रातो तारा अर्थात् कम्युनिस्ट विचारधारा नै हो भन्ने विश्वदृष्टि उनको कवितामा व्यक्त भएको छ । जसले शासकवर्गको भन्दा पनि शासितवर्गको हितमा काम गर्दछ । त्यस्ता मित्र चिनेर दुःख र चिन्ता नलिई अघि बढ्नुपर्छ भन्ने शोषित किसान वर्गको विश्वदृष्टि तलको कवितांशमा व्यक्त भएको छ :

हामी साना गरिबहरूका दृष्टिका एक ज्योति

हाम्रो इच्छा निविडतममा झल्कने लाल मोती ।        ('मित्र पो चिन्नुपर्छ', पृ. ९९)

मदन भण्डारीको यस कवितांशमा तत्कालीन समाजका गरिब र शोषणमा परेका जनताको विश्वदृष्टि व्यक्त भएको छ । राजसंस्था तथा पञ्चायती शासनव्यवस्थाका कारण शोषण र अन्यायमा परेको गरिब वर्गले त्यस्तो अवस्थाबाट मुक्तिको चाहना राख्नु स्वाभाविक हो । त्यस्तो चाहना राख्ने वर्गले वैकल्पिक शक्तिको आशा गर्नु र त्यसका लागि एउटा शक्तिका रूपमा अघि बढ्दै गरेको कम्युनिस्ट विचारलाई स्वीकार गर्ने विश्वदृष्टि यस कवितांशमा रहेको छ । यसैगरी एउटै वर्गका रूपमा समाजमा बस्नेहरूको पीडा समान हुने र उनीहरूको व्यवहार पनि समान हुने विचार भण्डारीका कवितामा अभिव्यक्त छन् । यसले समान वर्गका बिच समान विश्वदृष्टि निर्माण हुन्छ भन्ने गोल्डमानको मान्यतालाई पुष्टि गरेको छ । तल दिइएको कवितांशले यस कुरालाई पुष्टि गर्न मदत पुऱ्याएको छ :

ज्यूँदा साथै मरण छ सँगै न्यास्रिएको मुहार् छ

मात्रै हाम्रा कृषक दुनियाँ मित्र पो चिन्नुपर्छ ॥      ('मित्र पो चिन्नुपर्छ', पृ. ९९)

साहु, महाजन, शोषक र शासकबाट थिचोमिचो र शोषणमा परेका किसान मजदुरको वर्ग एउटै हुन्छ । उनीहरूले समान अनुभूतिकै कारण एकअर्कालाई विश्वास गर्दछन् । उनीहरूले

आफ्नो वर्गको शत्रु र मित्र पहिचान गरेर व्यवहार गर्नुपर्ने विचार राख्दछन् । यसले साहु महाजन तथा शासक वर्गलाई हेर्ने समान दृष्टिकोण निर्माण गर्दछ । यसरी समान अनुभूतिका कारण निर्मित विश्वदृष्टि माथिको कवितांशमा प्रस्तुत भएको छ ।

तत्कालीन समयमा देशमा राजाको प्रत्यक्ष शासनव्यवस्थाका रूपमा पञ्चायती शासन थियो । त्यही समयमा जनतालाई दुःख दिने र शोषण गर्ने व्यक्ति राजा हुन् । त्यस्ता राजा शोषक र सामन्ती हुन् भन्ने विश्वदृष्टि जनतामा रहेको देखिन्छ । यसलाई पुष्टि गर्न तल दिइएको कवितांशलाई अध्ययन गर्न सकिन्छ :

ए राजा ! ल तँलाइ बल्ल मजले जानेँ दलाहा र'छस्

छाती फोरि गरीबका रगतले बाँच्ने चुसाहा रछस् । ('लौ उत्र सङ्घर्षमा', पृ. १०१)

गरिबको जीवनशैली वर्गगत हिसाबले समान हुन्छ । उनीहरूमा दुःखको समान अनुभूति हुन्छ । बाँच्नका लागि सङ्घर्ष गर्नु गरिबको बाध्यता रहेको हुन्छ । कवि मदन भण्डारीका कवितामा पनि त्यस्ता समान दुःख र अनुभूतिका कारण निर्मित विश्वदृष्टि रहेको पाइन्छ । यसलाई तलको कवितांशले पुष्टि गरेको छ :

सबै भन्छन् हिजोआज यहाँ औधी गाह्रो छ

ठूलाठालू मजा गर्छन् मसिना ज्यूनै गाह्रो छ । ('मेरी बाटुलीको बुबा', पृ. १०३)

तत्कालीन समयको नेपाली समाजका निम्नवर्गको पीडा बोकेको प्रस्तुत कवितांशमा गरिबले धनीप्रति राख्ने विश्वदृष्टिलाई समेत देखाएको छ । कवि भण्डारीका कवितामा गरिब जनताको दैनिकीलाई देखाउँदै गरिबमा उत्पन्न पीडाजन्य अनुभूतिको विश्वदृष्टिलाई प्रस्तुत गरिएको छ । गरिब, दुःखी र शोषित, पीडित वर्गको यस्तो विश्वदृष्टिलाई तलको कवितांशले समेत अभिव्यक्त गरेको छ :

यता खालि म यौटी छु कलिला बाल-बच्चाको

खुबै बेहाल भो सारा यहाँ बाँचिन्न जस्तो भो ।

तुषाराले कठ्याङ्ग्रायो भुँडी भोको उदाङ्ग्यायो

धनीका कामले मेरो रगत, मासु सबै खायो ॥ ('मेरी बाटुलीको बुबा', पृ. १०४)

उपर्युक्त कवितांशमा गरिबीकै कारण जीवन धान्न गाह्रो भइरहेको समयमा धनीको काममा घोटिनुपर्ने गरिब शोषित वर्गको सामूहिक अनुभूतिले गरिबको जीवन कष्टकर हुन्छ भन्ने विश्वदृष्टि निर्माण गरेको छ । विदेशिएको श्रीमान्को अवस्था थाहा नहुनु र घरमा एक्ली भएर

सन्तानको पालनपोषण गर्न गाह्रो हुनु तत्कालीन र वर्तमान समयका गरिब नारीहरूको सामूहिक अनुभूति हो । कवितामा व्यक्त भएको 'यता खालि म यौटी छु...' ले घरमा कलिला बालबच्चा स्याहारेर बस्न बाध्य महिलाको अवस्थाको चित्रण गर्दछ । घरको आर्थिक अवस्था सुधार्ने आशामा श्रीमती र छोराछोरी घरमा छोडेर विदेशिएका पुरुषहरूको बाध्यतालाई समेत माथिको कवितांशले प्रस्तुत गरेको छ । श्रीमान् नहुनु, घरमा छोराछोरी हुनु, साहुको ऋण हुनु अनि ऋण तिर्नकै लागि साहुको काम गरिदिनुपर्ने बाध्यता नेपाली समाजका धेरै गरिब महिलाको सामूहिक अनुभूति हो । यसले गरिबीकै कारण विदेशिएका श्रीमान्का श्रीमतीहरूको दुःखद् अवस्थाको अनुभूतिको चित्रण गर्दै एउटा विश्वदृष्टि स्थापित गर्न पुगेको छ ।

मदन भण्डारीका निबन्धमा प्रभुत्वशाली सामन्ती संस्कृतिको चपेटामा परेका गरिब, किसान मजदुर वर्गको विश्वदृष्टिभन्दा पनि जातीय विश्वदृष्टि स्थापित भएको कुरालाई देखाइएको छ । संस्कृत शिक्षाको महत्त्व र उपयोगिता नबुझी यसको पठनपाठन गर्न खोज्ने ब्राह्मण जातीय चिन्तनलाई उनको निबन्धमा देखाइएको छ । यस भाषाको प्रयोग कर्मकाण्डीय विधिका लागि मात्र हुन्छ भन्ने विश्वदृष्टि स्थापित गरी यसलाई ठगी खाने भाँडो बनाएको विचार उनको निबन्धमा देखाइएको छ । यसले आर्य जातिका अन्यलाई ब्राह्मणभन्दा निम्न वर्गको देखाई अनार्य जातिलाई पाखा लगाउने विश्वदृष्टि स्थापित हुँदै गएको विचार उनले निबन्धमा व्यक्त गरेका छन् । संस्कृत शिक्षा भनेको ब्राह्मण वा पण्डितहरूको मात्र हो र यसले आर्य जातिलाई मात्र हित गर्छ भन्ने विश्वदृष्टि स्थापित गरेर अनार्यमाथि विभेद गर्न खोजेको विचार उनको निबन्धमा प्रस्तुत भएको छ । यसलाई पुष्टि गर्नका लागि तलको निबन्धांशलाई अध्ययन गर्न सकिन्छ :

> जेठा पण्डित र कान्छा पण्डितहरू गाउँगाउँमा कहलाए एवम् आफूलाई शिक्षित र विद्वान् सम्झने पण्डितहरू तिनै गल्प, भ्रामक, अनुपयोगी, स्तुति कथाहरूको बेजोड प्रचारप्रसार गर्दै अनार्य जातिहरूलाई समेत अन्योलमा पार्न थाले ('संस्कृत शिक्षा र शिक्षार्थी', पृ. ३) ।

तत्कालीन नेपाली समाजमा मात्र होइन वर्तमान समयमा पनि संस्कृत शिक्षालाई कर्मकाण्डीय शिक्षाको रूपमा चित्रण गर्ने गरेको पाइन्छ । संस्कृत भाषा नभएर कर्मकाण्ड गर्नका लागि पण्डितले प्रयोग गर्ने उसको निजी सम्पत्तिकै रूपमा समेत चित्रण गर्ने गरिएको पाइन्छ । यस हिसाबले पनि तत्कालीन समय र समाजमा संस्कृत शिक्षालाई पण्डितको पेवा मान्ने विश्वदृष्टि स्थापित भएको देखिन्छ । संस्कृत भाषाको उपयोग वेद, उपनिषद तथा पुराणहरू वाचन गर्न मात्र नभई ती ग्रन्थहरूको उपयोगिता र महत्त्व बुझ्नका लागि गरिनुपर्ने हो । यसरी महत्त्व बुझ्नका लागि पण्डितले मात्र होइन आर्य, अनार्य जुन जातिका जसले पनि यस भाषाको अध्ययन

गर्न पाउनुपर्ने हो तर अझै समाजमा संस्कृत भाषालाई खुम्च्याइएको छ भन्ने विचार निबन्धकार भण्डारीले माथिको निबन्धांशमा प्रस्तुत गरेका छन् । यही कुरा सबैले नबुझ्दा संस्कृत शिक्षा पण्डितको पेवा हो भन्ने विश्वदृष्टि स्थापित हुन पुगेको देखिन्छ ।

मदन भण्डारीका कथामा शोषित, पीडित, निम्नवर्गीय किसानको विश्वदृष्टिलाई देखाइएको छ । समाजमा प्रभुत्व जमाएर बसेको शोषक, सामन्तीले जबर्जस्ती थिचोमिचो र शोषण गर्दा आमा रुनु र त्यसको मर्म छोरा धनेले पनि बुझ्नुले शोषित वर्गको समान विश्वदृष्टि स्थापित हुन पुगेको देखिन्छ । "आमा भक्कानिएर रोइन् । धनेले पनि धेरै मर्म बुझ्यो ('डोकाको मोल', पृ. ८३) ।" साहुले गरेको व्यवहारले गरिब आमाको मनमा चोट लागेर रूनु अनि त्यसकै कारण छोरा धनेको मनमा चोट पर्नु समान वर्गीय चेतना भएकाले यहाँ विश्वदृष्टि स्थापित भएको छ ।

### ३.३.३ मदन भण्डारीका साहित्यिक रचनामा विद्रोही वा परिवर्तनकारीवर्गको विश्वदृष्टि

समाजका एउटा वर्गमाथि अर्को वर्गले गर्ने थिचोमिचो, दमन, भेदभाव र शाोषणले सीमा नाघ्न थालेपछि त्यो समाजमा नवउदीयमान पिँढीले विद्रोह गर्दछ । त्यस्तो विद्रोह हुनका लागि थिचोमिचो र विभेदमा परेको वर्गको एउटा विश्वदृष्टि निर्माण हुनु जरुरी छ । जुन विश्वदृष्टिले एउटा वर्गको प्रतिनिधित्व गरेको होस् । धनी र शासक वर्गले गरिब र शोषित वर्गमाथि गर्ने विभेद र शोषणका कारण निर्मित विश्वदृष्टिले त्यो वर्गमा स्थापित हुने मौका पाउनु पर्दछ । यसरी स्थापित विश्वदृष्टिले नै विद्रोहको अवस्था निर्माण गर्दछ । तत्कालीन समय र समाजमा राजाको प्रत्यक्ष शासनको प्रभाव गरिब किसान वर्गमाथि परेको देखिन्छ । राजाको आसपासमा बस्ने र गाउँ समाजमा त्यसैको छायाँमा विभेद र शोषणजन्य आतङ्क मच्चाउने काम एउटा वर्गले गर्दछ । जसले गर्दा विभेदमा परेको वर्गमा सचेतना निर्माण हुन्छ । यो वर्गले आफ्नो वर्गको हितका लागि शोषक वर्गसँग सङ्घर्ष गर्न चाहन्छ । यसले विद्रोह नगरी वर्गीय हित हुँदैन भन्ने विश्वदृष्टिको निर्माण गर्दछ । मदन भण्डारीका कवितामा पनि विद्रोह गर्नुपर्छ भन्ने विद्रोही वा परिवर्तनकारी वर्गको विश्वदृष्टि निर्माण भएको पाइन्छ । यसलाई पुष्टि गर्न तलको कवितांशलाई अध्ययन गरौँ :

तिम्रो आर्जन जो किसानहरू हो ! लाने यि सामन्त हुन्

मासु जो कलिला गरीब शिशुका खाने यि खुङ्खार हुन् ।

आफु एक बनी किसान दुनिया सामन्त एकातिर

पारी छक्छक टुक्टुक्याउनुपर्‍यो लौ उत्र सङ्घर्षमा ॥ ('लौ उत्र सङ्घर्षमा', पृ.१०१)

सोझा, गरिब किसानको दुःख र पसिनाको कमाइ खोस्ने काम शोषक वा सामन्ती वर्गले गर्दछ । त्यस्तो अवस्थामाट मुक्तिका लागि विद्रोह आवश्यक हुन्छ भन्ने विद्रोही विश्वदृष्टिलाई

माथिको कवितांशाले स्थापित गरेको छ । "पारी छक्छक् टुक्टुक्याउनुपऱ्यो लौ उत्र सङ्घर्षमा" भन्ने कवितांशले अब सामन्ती वर्गको अन्त्य र गरिब किसानको हितका लागि पीडित वर्गले सङ्घर्ष गर्नु जरुरी छ भन्ने विश्वदृष्टि व्यक्त गरेको छ । गरिब किसान र सोझा जनताका रगत पसिना चुस्ने शोषक नै समाजमा रहेको सामन्ती वर्ग हो भन्ने धारणा व्यक्त गरिएको छ । यस कवितांशमा गरिबलाई झन गरिब बनाउने प्रमुख तत्त्व भनेकै सामन्ती वर्ग भएकाले यस्ता तत्त्वका विरुद्ध सङ्घर्ष गर्नुपर्ने विद्रोही विश्वदृष्टि प्रस्तुत भएको छ ।

मदन भण्डारीले लेखेका कवितामा विद्रोही वा परिवर्तनकारी विश्वदृष्टि यथेष्ट भेटिन्छ । उनले कवितामा सामन्ती वर्गलाई मात्र गरिब जनताको विरोधी चित्रण गरेका छैनन् । उनीहरूको चाकरी र चाप्लुसी गर्ने वर्गलाई पनि जनविरोधी हुन् भन्ने विश्वदृष्टि निर्माण गरेका छन् । उनको यो विचारलाई गरिब र सोझा जनताले स्वीकारेको पाइन्छ । यसर्थ पनि यहाँ चाप्लुसी गर्ने वर्ग जनविरोधी हुन् भन्ने विश्वदृष्टिको स्थापना भएको छ । यसलाई तल दिइएको कवितांशले पुष्टि गर्दछ :

राजाका गुणगानमा लुकीलुकी बाँच्ने भरौटे जुनी
यो तिम्रो ससुराल हैन न त हो बिर्ता न हो मावली ।
हुल्लीहुल्लि यहाँ अझै कति चलोस् त्यो हुल्लिको खिल्लिमा
छिल्लीबिल्लि बनाउँछौं दम भए लौ उत्र सङ्घर्षमा ॥ ('लौ उत्र सङ्घर्षमा', पृ.१०२)

भण्डारी राजाकै गुणगानमा रमाउने र जनतालाई दुःख दिने वर्गलाई जनताविरोधी मान्दछन् । माथि उल्लिखित कवितांशमा यस्ता जनताविरोधी सामन्ती वर्गको विरोध गर्नुपर्ने र त्यस्ता सामन्ती वर्गबाट जनताले मुक्ति पाउनुपर्ने विश्वदृष्टि स्थापित हुन पुगेको छ ।

मदन भण्डारी जनताले सुख पाउन र समृद्धिको सपना देख्न धैर्यता र अडिगतासँगै क्रान्तिकारी चेतना बोकेर अघि बढ्नुपर्ने विचार कवितामा व्यक्त गर्दछन् । देशमा शोषक सामन्तीको परिचायक बनेर रहेको पञ्चायती परम्परा बदलेपछि मात्र समृद्धिको द्वार खुल्ने उनको विचार तल दिइएको कवितांशमा व्यक्त भएको पाइन्छ । उनको यही विचार नै जनमानसमा विश्वदृष्टिका रूपमा स्थापित भएको देखिन्छ । यसलाई अझै स्पष्ट पार्न तलको कवितांश अध्ययन गर्न सकिन्छ :

धैर्यता समुद्रझैँ अडिगता हिमालझैँ
चर्ति-फूर्तिला बनी जुरुक्क जुर्मुराउँदै
लु लाग जाग ए ! प्रचण्ड शक्तिका समूह हो !

नयाँ बिहान सिर्जने सशक्त ज्योतिपुञ्ज हो !

ए देशका गरिब हो ! ए धर्तीका सपूत हो !

यो देशको परम्परा बदल्न एकजुट हो !

('यो देशको परम्परा बदल्न एकजुट होऊ !', पृ. १०७)

भण्डारीले देशको परम्परागत शक्ति बदल्नुपर्ने विचार कवितामा व्यक्त गरेका छन् । गरिबहरू नै यस देशका सच्चा सपुत हुन् भन्दै उनले देशमा परम्परागत राजनीतिक शक्ति रहुन्जेल देशको विकास नहुने हुँदा सबै जनता एकजुट भएर परम्परागत शक्तिलाई ढाल्नुपर्ने विचार माथिको कवितांशमा अभिव्यक्त भएको छ । कविको यस्तो विचारले देश निर्माणको बाधक नै परम्परागत राजनीतिक शक्ति भएकाले यस्ता शक्तिको अन्त्य र वैकल्पिक शक्तिको उदयले नै देश समृद्धिको बाटोमा पुग्न सक्छ भन्ने विश्वदृष्टि स्थापित हुन पुगेको देखिन्छ । यस्तै विश्वदृष्टिका कारण देशमा परिवर्तनका लागि तत्कालीन समयपछि पनि पटक पटक क्रान्ति र आन्दोलन हुने गरेको देखिन्छ । यस्ता आन्दोलन र क्रान्ति हुनका लागि कवि भण्डारीले भनेझैँ नेपाली सर्वहारा जनताको एकता गर्नुपर्छ र सङ्घर्ष गर्नुपर्छ भन्ने विश्वदृष्टि स्थापना भएको पाइन्छ ।

मदन भण्डारीका गीतहरूमा पनि विद्रोही वा परिवर्तनकारी विश्वदृष्टि स्थापित भएको पाइन्छ । उनको विचार नै तत्कालीन समाज र राष्ट्रमा शासन चलाएर बसेको राजसंस्था तथा सामन्ती शासनव्यवस्थाको विरोधमा केन्द्रित रहेको देखिन्छ । जसले गर्दा उनका साहित्यिक रचनाहरूमा विद्रोही वा परिवर्तनकारी विचार अभिव्यक्त हुनु स्वाभाविक मान्न सकिन्छ । जुन विचार समाजका निम्न वर्गले स्वीकार गर्दा विश्वदृष्टि बन्न पुगेको देखिन्छ । तत्कालीन समाज सामन्ती व्यवस्थाका कारण दबाबमा रहेको देखिन्छ । त्यस्तो दबाबबाट उन्मुक्तिका लागि गरिब किसानहरूले बाटो नदेखेको अवस्थामा नयाँ आशा र भरोसा बोकेर कम्युनिस्ट पार्टीको उदय भएको पाइन्छ । त्यही पार्टीको विचारमा टेकेर नेपाली शोषित र पीडित जनताले नयाँ विचारसहित राज्यमा आफ्नो पहुँच खोज्नु स्वाभाविक देखिन्छ । त्यही स्वाभाविकताभित्र गीतकार भण्डारीले सामन्ती शासन व्यवस्थाका विरुद्ध उठाएका आवाजले निम्नवर्गको प्रतिनिधित्व गरेकाले प्रतिरोधी चेतना नै विश्वदृष्टि बन्न पुगेको देखिन्छ । यसलाई पुष्टि गर्न तल दिइएको गीतको अंशलाई अध्ययन गर्न सकिन्छ :

हे हली दाइ ! गोरु फुकाई

जोताराले बाँधेर ल्याओ सामन्ती साँढेलाई ।

माल खाने साँढे सधैँ रजगज गरी

सालभरि हिलो झरी हाम्रा कपालभरि ।

हे हली दाइ !... ('गोरु फुकाओ हली हो !', पृ. १२३)

परम्परागत राजनीतिक संस्कृतिको अन्त्य र वैकल्पिक संस्कृतिको स्थापनाले नै जनतालाई सकारात्मक ऊर्जा प्राप्त हुन्छ भन्ने भाव गीतकार भण्डारीका गीतमा अभिव्यक्त भएको पाइन्छ । यसरी वैकल्पिक संस्कृति स्थापनाका लागि प्रतिरोधी चेतनाको विकास हुनु जरुरी छ । त्यसका लागि ऊर्जाशील विचार फैलाउनु आवश्यक हुन्छ । गीतकार भण्डारीका गीतमा पनि यस्तै प्रतिरोधी विचार रहेको पाइन्छ । जुन विचार कमजोर, गरिब, निमुखा शोषित र पीडितहरूको समग्र विचार बन्न पुगेको छ । प्रतिरोध गरे मात्र पुराना राजनीतिक संस्कृतिको अन्त्य तथा नयाँ राजनीतिक विचारको स्थापना हुन्छ भन्ने विश्वदृष्टि उनका गीतमा भेट्न सकिन्छ । यसलाई तल दिइएको गीतको अंशले प्रष्ट पारेको छ :

सामन्तको छाला काढी नारा बनाउनु छ

बेला भयो गोरु फुकाऊ देश बनाउनु छ ।

हे हली दाइ ! ... ('गोरु फुकाओ हली हो !', पृ. १२४)

भण्डारीका गीतहरूमा तत्कालीन समाजमा दबदबा बनाइराखेको सामन्ती संस्कृतिको विरोध र निम्नवर्गीय पक्षको संस्कृति निर्माणको आह्वान पाइन्छ । तत्कालीन समाजमा परम्परागत पितृसत्ताको संस्कृतिका कारण नारीवर्ग शोषणमा परेको देखिन्छ । छोरा र छोरीका बिच विभेद हुने खालको संस्कृतिले समाजमा स्थान जमाएको पाइन्छ । जसले गर्दा छोरा पढ्नका लागि विद्यालय जाने र छोरी घाँस दाउरा गर्न जङ्गल जाने परम्पराको निर्माण भएको देखिन्छ । यस्तो परम्परा र संस्कृतिका रूपमा विद्यमान विकृतिलाई नहटाएसम्म नारी जातिको उत्थान नहुने विचार भण्डारीका गीतमा अभिव्यक्त भएको पाइन्छ । नारी जातिको उन्नतिका लागि नारीमा जागरण आवश्यक छ भन्ने उनका विचार समग्र नारी जातिको विश्वदृष्टि बन्न पुगेको देखिन्छ । यही विश्वदृष्टि विकसित हुँदै वर्तमान समाजमा नारी र पुरुषबिच समतामूलक व्यवहारको चेतना निर्माण हुन पुगेको पाइन्छ । जसले गर्दा तत्कालीन समाजभन्दा वर्तमान समाजमा नारी र पुरुषका बिच लिङ्गका आधारमाहुने विभेद न्यूनप्रायः बन्दै गएको देख्न सकिन्छ । उनको गीतमा रहेको नारीपक्षीय विश्वदृष्टिलाई तल दिइएको गीतको अंशमा अध्ययन गर्न सकिन्छ :

उत्तिकैमा छोरालाई स्कुल पढ्न पठाए

उत्तिकैमा छोरीलाई भाँडा माझ्न लगाए ।

साह्रै नै थिचोमिचो छ नेपाली नारीलाई ।

अब भने नारी तिमी नबस है निहुरेर

सबै नारी उठ है कम्मर कसेर ।

साह्रै नै ...

नारी हेप्ने चलनलाई सातै डाँडा कटाइदेऊ

साना नानी भाइबैनीलाई साँचो कुरा बताइदेऊ ।

साह्रै नै ... ('दिदी र बहिनीहरूलाई...', पृ. १२५)

गाउँगाउँमा शोषक र सामन्तीको शासन रहेको तत्कालीन पञ्चायती व्यवस्थाको समयमा गरिब किसान तथा मजदुरमाथि विभिन्न खाले शोषण र विभेद हुने गरेको पाइन्छ । त्यसरी धनी र शासकले गरिब किसानमाथि ज्यादती गर्नु कुनै एक व्यक्ति वा परिवारमाथिको ज्यादती नभई सिङ्गो वर्गमाथिको शोषण देखिन्छ । समाजमा यस्तो शोषण र विभेदले गरिब वर्गमा धनीहरू शोषक र सामन्ती हुन्छन् भन्ने विश्वदृष्टि निर्माण हुन पुगेको देखिन्छ । जसले गर्दा त्यस्ता धनी र शोषक वर्गसँग बदला लिनका लागि बन्दुक बोक्नुपर्छ र क्रान्ति गर्नुपर्छ अनि मात्र जीवन सहज हुन्छ भन्ने गरिब वर्गको विश्वदृष्टि रहेको कुरा कविताले व्यक्त गरेको छ । यसलाई अझै स्पष्ट पार्न तलको कवितांशको अध्ययन गर्न सकिन्छ :

ए ! रामसिंहले सारा,

बाउबाजे खायो पारी कमारा !

फूल थुङ्गे फुल्छ,

यो कुरा गर्दा दिल सारै पोल्छ !

ए ! गोली न बारुद,

गरिबको साथमा राइफल न बन्दुक !

एउटा छ जुक्ति,

आमालाई अब बनाउने मुक्ति !

ए ! मलाया जान्छु,

राइफल र बन्दुक बोकेर आउँछु !

यस्तै रुलाउँछु,

रामसिंहका सारा शेखी धुल्याउँछु ! ('जाउँ क्यारे भर्ती', पृ. १३१)

तत्कालीन समाजमा धनी र शासकले गरिब जनतामाथि शोषण र शासन गर्नु संस्कृतिकै रूपमा रहेको देखिन्छ । यो अहिलेको समाजमा पनि रहेको पाइन्छ । यसरी धनी र शासक वर्गले गरिब वर्गमाथि शोषण र शासन गर्ने गरेकै कारण गरिब वर्गले धनीहरू शोषक र सामन्ती हुन्छन् भन्ने विश्वदृष्टि निर्माण गरेको पाइन्छ । यस्ता धनीहरूलाई तह नलगाएसम्म गरिबले सुख पाउँदैनन् भन्ने विश्वदृष्टि गरिबले बोकेको कुरालाई माथिको कवितांशले व्यक्त गरेको छ । शासकका हरेक व्यवहारले गरिबलाई दुःख मात्र दिन्छ र शासकले आफ्नो वर्गको संरक्षण गर्न शक्तिको दुरूपयोग गर्दछ भन्ने विश्वदृष्टि गरिबमा स्थापित भएको पाइन्छ । यसरी गरिबमाथि शोषण र विभेद गर्ने सामन्ती वर्गको संस्कृतिलाई भत्काउनका लागि गरिब वर्गले विद्रोह गर्नुपर्छ भन्ने विश्वदृष्टि माथिको कवितांशमा रहेको छ ।

सारमा कवि तथा गीतकार मदन भण्डारीका कविता र गीतहरूमा विद्रोही वा परिवर्तनकारी विश्वदृष्टि विभिन्न पक्षबाट उद्घाटित भएको देखिन्छ । तत्कालीन समाजका निम्नवर्गका दुःख र पीडा देखेर त्यसमा परिवर्तन आवश्यक छ भन्ने विचार अभिव्यक्त गरेका भण्डारीका कविता तथा गीतमा विद्रोही विश्वदृष्टि आउनु स्वाभाविक मान्न सकिन्छ । तत्कालीन समाजका गरिब, पीडित तथा शोषित वर्गको सामूहिक विचारलाई प्रतिनिधित्व गर्ने खालका कविता तथा गीत रचना भएकाले पनि विद्रोही विश्वदृष्टि स्थापित भएको मान्न सकिन्छ । साथै उनी निम्न वर्गको पक्षमा राजनीतिक नेतृत्व गर्न अग्रसर हुँदै गरेको तत्कालीन समय र सामाजिक परिवेशमा त्यही वर्गको वैचारिक विश्वदृष्टिलाई आफ्ना रचनामा प्रमुखताका साथ स्थान दिनु स्वाभाविक पनि मान्न सकिन्छ । यसरी उनका कविता तथा गीतमा गरिब, पीडित, शोषित किसान वर्ग, नारी वर्ग र समग्र निम्नवर्गको विद्रोही वा परिवर्तनकारी विश्वदृष्टि स्थापित हुन पुगेको छ ।

मदन भण्डारीका नाटकमा विद्रोही वा परिवर्तनकारी विश्वदृष्टि स्थापित भएको पाइन्छ । आफ्नो नाटकमा तत्कालीन नेपाली समाजमा सामन्ती राज्यव्यवस्थाको आडमा विदेशी साम्राज्यवादी शक्तिले चलखेल गर्ने गरेको आरोप लगाएका नाटककार भण्डारीले त्यस्ता शक्ति र सामन्ती राज्यव्यवस्थाबाट नेपाली जनतालाई मुक्त पार्नुपर्छ भन्ने विद्रोही विचार व्यक्त गरेका छन् । सामन्त वर्गले नेपाली जनतालाई सधैँ सधैँ शोषण र थिचोमिचोमा पारेकाले यहाँ वर्गीय अन्तरविरोध रहेको छ भन्ने विश्वदृष्टि निर्माण गर्दै वर्गीय आधारमा सङ्घर्ष हुनुपर्ने विद्रोही विश्वदृष्टि उनको नाटकमा भेटिन्छ । जनताले शोषक र सामन्ती वर्गसँग सङ्घर्ष गरेर मात्र

आफ्नो वर्गको हित हुन सम्भव छ भन्ने विश्वदृष्टि थिचोमिचो र शोषणमा परेको वर्गको विश्वदृष्टि हो । यसरी निम्न वर्गको नेतृत्व गर्ने कोही एकको विचारले त्यो वर्गकै विचारको प्रतिनिधित्व गर्दै सामान्यीकरण हुन पुगेमा मात्र विश्वदृष्टि निर्माण हुने हुँदा भण्डारीको नाटकमा निम्न वर्गको विद्रोही वा परिवर्तनकारी विश्वदृष्टि रहेको देखिन्छ। यसलाई नाटकमा यसरी व्यक्त गरिएको छ :

> सामन्तवर्ग र दलाल नोकरशाही पुँजीपतिवर्गसँग नेपाली जनताको वर्गीय अन्तरविरोध नै वर्तमान नेपाली समाजको प्रधान अन्तरविरोध बनेको छ। यी दुवै प्रतिक्रियावादी वर्गहरूको संरक्षण र प्रतिनिधित्व गर्ने वर्तमान प्रतिक्रियावादी सत्तासँग जनताको अन्तरविरोध तीखो भएर प्रधान रूपमा यसको ठोस अभिव्यक्ति भएको छ । ('अर्जुनदृष्टि', पृ. ६८)

नाटकको चौँथो छात्रले व्यक्त गरेको उपर्युक्त विचारले देशमा शासनसत्ता सम्हालेर बसेको एउटा वर्ग जनतामाथि शोषण र थिचोमिचो गर्ने सामन्ती वर्ग हो । यो वर्ग आफ्नो वर्गीय हितका लागि विदेशी शक्तिलाई समेत गलत प्रयोग गर्न पछि पर्दैन र यो निम्न आयस्रोत भएका गरिब, किसान मजदुर वर्गको हित गर्दैन भन्ने विचार नाटकमा प्रस्तुत गरिएको छ । यही विचारलाई टेकेर जनताले यस्तो वर्गको विरुद्ध विद्रोह गरी आफ्नो वर्गको हित हुने व्यवस्था ल्याउनुपर्छ भन्ने विद्रोही वा परिवर्तनकारी विश्वदृष्टि नाटकमा स्थापित भएको पाइन्छ। यसलाई अझै स्पष्ट पार्न दिइएको नाटयांशलाई हेरौँ :

> ... हाम्रो देशमा यसको राजनीति, अर्थतन्त्र र संस्कृतिमा यद्यपि सामन्तवादको प्रभुत्व छ र स्वाभाविकै हो। त्यस्तो प्रभुत्वको अन्त्य गर्न सामन्तवादकै विरुद्ध बढ्ता सङ्घर्ष गर्नुपर्ने कुरा प्रस्टै छ । ... त्यसो हुनाले दलाल नोकरशाही पुँजीवादका विरुद्ध पनि लड्नुपर्छ। ('अर्जुनदृष्टि', पृ. ६८-६९)

गोल्डमानका अनुसार कुनै वर्गको निश्चित व्यक्तिले व्यक्त गरेको विचारलाई त्यो वर्गले स्वीकार गर्छ भने त्यो विश्वदृष्टि बन्दछ । नाटककार भण्डारीले नाटकमा व्यक्त गरेको विद्रोही विचारले तत्कालीन नेपालका निम्नवर्गीय जनताको मनोभावनाको नेतृत्व गरेको देखिन्छ । तत्कालीन समाजमा सामन्तवादी राज्यसत्ताको प्रभुत्व रहेको देखिन्छ। धनी झन धनी हुने र गरिब झन गरिब हुँदै जाने अवस्थाले गरिब किसान वर्गलाई चिन्तित बनाएको पनि पाइन्छ। त्यस्तो अवस्थामा देशमा सामन्ती राज्यसत्ताको विरुद्ध गरिब किसान वर्गले सङ्घर्ष गर्नुपर्ने कुराको महसुस उक्त वर्गले गरेको देखिन्छ। त्यसैले तत्कालीन समयमा पञ्चायती शासनव्यवस्था विरुद्ध जनमत निर्माण हुँदै गएको पाइन्छ । तत्कालीन समयको राजनीतिक इतिहासले पनि निम्नवर्गको

विश्वदृष्टि विद्रोही वा परिवर्तनकारी थियो भन्ने बुझ्न सहज बनाएको छ । यस्तो विश्वदृष्टि वर्तमान समयमा पनि रहेकै छ । परम्परागत राज्यसत्ता र शासकवर्गप्रति निम्न आयस्रोत भएका किसान, मजदुर वर्गले विद्रोही विचार बोकेर सङ्घर्ष गरिरहेको देखिएकै छ । यसर्थ पनि मदन भण्डारीको नाटकमा विद्रोही वा परिवर्तनकारी विश्वदृष्टि स्थापित रूपमा रहेको पुष्टि हुन्छ ।

तत्कालीन समाजमा नेपालमा केन्द्रीकृत राज्यप्रणाली रहेको थियो । त्यस समयमा शासनसत्ताको केन्द्रमा जनताका प्रतिनिधि नभई राजा थिए । उनकै आसपासमा चाप्लुसी गर्नेहरू राज्यको प्रमुख पदहरूमा हुन्थे । त्यसरी सामन्ती राज्यव्यवस्था चलेको हुँदा जनताको महत्त्व र समाजको विकासप्रति सत्तासञ्चालकको रुचि देखिँदैनथ्यो । यसले जनतामा सामन्ती राज्यसञ्चालकप्रति वितृष्णा हुनु स्वाभाविक देखिन्छ । फलतः उनीहरूले आफ्नो वर्गीय हितका लागि वैकल्पिक विचार र शक्तिको खोजी गर्न थालेको पाइन्छ । यसै समयमा लेखिएको यस नाटकमा पुँजीवादलाई जरैदेखि उखेलेर साम्यवाद निर्माण गर्नुपर्छ भन्ने विचार प्रस्तुत भएको देखिन्छ । केन्द्रमा राजा, उनका आसेपासे सरकार सञ्चालनमा, प्रधानपञ्चहरू गाउँगाउँमा बसेर जनतामाथि तहगत रूपमै शोषण र ज्यादती गरी आफ्नो वर्गको प्रभुत्व कायम राखेको देखिन्छ । उनीहरू अन्तर्राष्ट्रिय शक्तिको आडमा आफ्ना जनतामाथि शोषण र दमन गर्न लागिपरेका छन् । यसरी तत्कालीन समाजमा देखिएको प्रभुत्वशाली सामन्ती संस्कृतिको अवशेष अहिलेको समाजमा पनि रहेकाले यस्ता नाटकीय दृश्यले प्रभुत्वशाली सामन्ती संस्कृतिका विरुद्ध सङ्घर्ष गरेर मात्र गरिब किसान वर्गको हित हुन सक्छ भन्ने विश्वदृष्टि निर्माण गरेको देखिन्छ । जुन विश्वदृष्टिका कारण २०४६ सालको जनआन्दोलनसमेत सफल भएको मान्न सकिन्छ । नाटकका प्रमुख पात्र द्रोणाचार्य गुरुले चौँथो छात्रलाई "विदेशी आक्रमण वा हस्तक्षेपको सम्भावनाबारे तिम्रो विचार के छ ?"('अर्जुनदृष्टि', पृ. ६९) भनी सोधेको प्रश्नले नेपाली जनतामा पछिल्लो समय विदेशी शक्तिले आफूहरूलाई कमजोर बनाउन लागिपरेको छ कि भन्ने आशङ्कामा बल पुऱ्याउने गरी विश्वदृष्टि निर्माण भइरहेको देखिन्छ । राजनीतिक दल र शासकवर्ग जनताप्रति भन्दा पनि विदेशी शक्तिप्रति उत्तरदायी बन्दै जाने हो भने नेपालको हरेक क्षेत्रमा विदेशी हस्तक्षेप बढ्दै जान सक्छ भन्ने नाटककार भण्डारीको विचार गरिब किसान नेपाली वर्गको विश्वदृष्टि बन्दै गएको समेत देखिन्छ । नेपालको शासक वर्गले कहीँ न कहीँ कुनै न कुनै रूपमा गरेको कमजोरीकै कारण नेपालको राजनीतिमा प्रत्यक्ष अप्रत्यक्ष विदेशी हस्तक्षेप हुन थालेको महसुस गर्न सकिन्छ । नेपालका शासकीय भूमिकामा रहेका कतिपय राजनीतिक दलका नेताहरूको पछिल्ला वक्तव्यहरूले समेत यस प्रकारको विश्वदृष्टिलाई पुष्टि गर्न बल पुऱ्याएको पाइन्छ । तत्कालीन समय र सामाजिक राजनीतिक घटनाक्रमले पनि नेपाली जनतामा विदेशी हस्तक्षेपको शंशय रहेको पाइन्छ । यसरी प्रभुत्वशाली सामन्ती वर्ग र उनीहरूद्वारा निर्मित संस्कृतिकै कारण अन्तर्राष्ट्रिय हस्तक्षेपको

आशङ्का जन्माएको छ भने यही आशङ्का नेपाली जनताको विश्वदृष्टि बन्न पुगेको कुरा भण्डारीको नाटकले पुष्टि गरेको छ । अझै यो प्रभुत्वशाली सामन्ती वर्गकै कारण अन्तर्राष्ट्रिय हस्तक्षेपको पनि उत्तिकै सम्भावना रहेको छ भन्ने विश्वदृष्टि निर्माण भएको छ । यसलाई नाटकका चौँथो छात्र नामक पात्रले नाटकमा यसरी व्यक्त गरेको छ :

> ...त्यो हुन सक्छ, त्यसको खतराको सम्भावना छँदैछ । त्यो विशेष गरेर भारतेली विस्तारवादबाट नै बढ्ता छ । त्यस्तो हुनु खाली भारतले तीनतिरबाट घेरेको हुनु, खुला सिमाना हुनु र कतिपय इतिहासका सम्बन्ध हुनुले मात्र होइन । बरु वर्तमान अवस्थामा समेत वैदेशिक पुँजी, व्यापार र आर्थिक क्षेत्रका अन्य कुराहरू तथा सांस्कृतिक क्षेत्रमा अरू विदेशी राष्ट्रहरूभन्दा भारतेली विस्तारवादको प्रभुत्व भएको हुनाले र दलाल नोकरशाही पुँजीवादी स्वार्थका विरुद्ध सङ्घर्ष सञ्चालन गर्दा भारतलाई नै बढ्ता चोट पर्ने हुनाले पनि भारतबाट विशेष खतराको सम्भावना भएको हो । त्यसैले आक्रमण गर्न सक्ने वैदेशिक प्रतिक्रियावादको जनतामा व्यापक भण्डाफोर गर्नुपर्छ । वर्तमान सत्तासँग मिलेर अहिले गरिरहेका राष्ट्रविरोधी तथा जनविरोधी कामहरूका विरुद्ध सङ्घर्ष गर्नुपर्छ । ('अर्जुनदृष्टि', पृ. ६९)

तत्कालीन समयमा मदन भण्डारीले चौँथो पात्रको मुखबाट नाटकमा बोल्न लगाएको उपर्युक्त विचार तत्कालीन समयका गरिब, किसान र मजदुर वर्गको विश्वदृष्टि हो । नाटककार आफैँ भारतमा बसी उच्च शिक्षा हासिल गरेका र नेपालमा आई जनताको विचार बुझ्दै राज्यसत्ताविरुद्ध सङ्गठन निर्माण गर्दै हिँडेका व्यक्ति भएकाले पनि उनले व्यक्त गरेको यो विचार सर्वसाधारण जनताको विश्वदृष्टि बन्न पुगेको देखिन्छ । तत्कालीन समयमा नेपाली राजनीतिमा स्थापित हुँदै गरेका भण्डारीले लेखेका अन्य साहित्यिक रचनामा भन्दा राष्ट्र र राष्ट्रियताका सवालमा यो नाटकमा व्यक्त विचार उच्चस्तरको भए पनि यसले विशिष्ट प्रकारको विश्वदृष्टि निर्माण गरेको देखिन्छ । उनको राजनीतिक विचार र जनताको बिचमा रहेको विश्वदृष्टिको सम्मिलनकै कारण उनको राजनीतिक जीवन सफल भएको समेत बुझ्न सकिन्छ । सत्तापक्षीय भन्दा पनि जनतापक्षीय विचार अभिव्यक्त गर्ने उनको उपर्युक्त विचार अहिलेको समयमा बिस्तारै देखिँदै गएको महसुस गर्न सकिन्छ । यसर्थ उनको नाटकमा व्यक्त उपर्युक्त विचार बलियो र स्थापित विश्वदृष्टि हो भन्नु अत्युक्ति हुँदैन । यही विश्वदृष्टिले गर्दा जनतामा विद्रोहको भाव विकसित हुन पुगेको छ । यस्तो अवस्थामा राष्ट्र, राष्ट्रियता, जनजीविका तथा स्वाधीनताका लागि उदीयमान वैकल्पिक संस्कृति निर्माण गर्नुपर्ने विचार नाटकमा व्यक्त भएको छ । नेपाली जनतामाथि शोषण र दमनको संस्कृति नेपालमै रहेका सामन्ती वर्गको मात्र होइन भन्ने विश्वदृष्टिकै कारण पछिल्ला समयमा कतिपय विदेशी व्यक्तित्वहरूले नेपालका विषयमा दिने

विवादास्पद अभिव्यक्तिको तत्काल प्रतिरोध हुनुले यो खालको विश्वदृष्टि स्थापित भएको पुष्टि गर्दछ ।

मदन भण्डारीका आख्यानात्मक रचनामा पनि विद्रोही वा परिवर्तनकारी विश्वदृष्टि पाइन्छ । उनका कथामा उनकै राजनीतिक व्यक्तित्वको प्रभाव रहेको पाइन्छ । त्यही प्रभावका कारण उनले लेखेको कथामा राजनीतिक चिन्तन पाउन सकिन्छ । समाजमा विद्यमान परम्परागत सामन्ती संस्कृतिका विरुद्ध विद्रोह गरेर नयाँ संस्कृतिको निर्माण गर्नुपर्दछ भन्ने विद्रोहात्मक विचार उनको कथामा पाइन्छ । यही विचार समान वर्गका जनतामा फैलँदै विश्वदृष्टिका रूपमा स्थापित भएको देखिन्छ । "होइन, फटाहा, शोषक, जालीलाई मास्नुपर्छ, गाउँबाट धपाउनु पर्दछ । हाम्रो रगतले हाम्रै देश र जनताको भाग्य बन्नुपर्दछ । हामीजस्ता युवकहरू बाहिर जाने हो भने कसले फटाहालाई अँठ्याउँछ चिथोर्छ र पछार्छ ('डोकाको मोल', पृ.७७) ?" उदाहरणस्वरूप प्रस्तुत गरिएको यस कथांशमा समाजमा गरिबको रगत पसिना शोषण गरेर आफू र आफ्नो वर्गको मात्र हित चाहने सामन्ती वर्गलाई समाजमै बस्न दिन नहुने विचार अभिव्यक्त छ । यो विचार निम्न आयस्रोत भएको, गरिब, शोषणमा परेको मजदुर वर्ग आदिको सामूहिक विचार हो । यसरी कोही कसैले व्यक्त गरेको विचारले जब समानधर्मिता भएको वर्गमा असर पार्छ तब मात्र विश्वदृष्टि निर्माण हुन्छ । यस कथामा पनि रामसिंह जस्तो सामन्ती महाजनको गोठालो भएर जीवन बिताउँदै गरेको धनेले रामसिंहसँग विद्रोह गर्ने सुरले लाहुर जान लागेको समयमा बाटोमा भेटिएको कम्युनिस्ट पार्टीको क्रान्तिकारी कार्यकर्ताले उसलाई सम्झाउँदै माथिको कथांश भनेको हुन्छ । जुन विचार उचित लागेर धने गाउँ फर्किन्छ र अन्य गाउँलेलाई त्यही विचारमा केन्द्रीकृत गराई रामसिंहसँग विद्रोह गराउँछ । यस अर्थले पनि यस कथांशले गरिब, शोषित वर्गको विश्वदृष्टि निर्माण हुन पुगेको छ ।

हरेक समाजमा कुनै न कुनै स्वरूपमा सामन्ती वर्गको उपस्थिति रहेको हुन्छ । जबसम्म समाजमा सामन्ती शोषक र शासकको राज चलेर गरिब किसान मजदुरमाथि थिचोमिचो भइरहन्छ तबसम्म गरिबवर्गको उन्नति हुन नसक्ने देखिन्छ । कथाकार मदन भण्डारीको कथामा यही विचारले सोही वर्गमा स्थापित गरेको विश्वदृष्टिलाई तलको कथांशले स्पष्ट पारेको छ :

> हामीले सयौं वर्षसम्म ब्याजको स्याज बुझाउँदा पनि, सारा जीवन उसकै सेवाटहलमा बिताउँदा पनिअझै हाम्रै थाप्लामा बाँकी रहेको यसले दाबी गर्दैछ । यसको आज फैसला हुन्छ यो सरासर अन्याय हो, यस्तो अन्यायको जरा नकेलाएसम्म र यस्तो सूदखोर फटाहाको थान्को नलाएसम्म यस्ताले हामीलाई अलिकति पनि पलाउन र मौलाउन दिने छैनन् । यसका तमाम बाक्सा र कन्तुर फोरेर सारा कीर्ते कागजहरू र

अरु सबै गरिबका तमसुकहरू च्यातेर जलाइदिऊँ र यसको पनि अन्त्य गरौँ । ('डोकाको मोल', पृ. ९०)

कथाको पात्र धनेले कम्युनिस्ट कार्यकर्तालाई भेटेर गाउँको सामन्तलाई तह नलगाएसम्म गरिबको दिन फिर्दैन भन्ने कुरा थाहा पाउँछ । गाउँ फर्केर गाउँलेलाई समानधर्मी विचार सम्प्रेषण गर्दै रामसिंहको विरुद्ध सङ्घर्ष गर्न तयार पार्छ । सामन्ती रामसिंहको घरमा रामसिंहलाई कारवाही गर्न भेला भएका शोषित, पीडित किसान, मजदुरको भिडमा धनेले माथिको कथांश बोलेको हुन्छ । धनेको उक्त भनाइले समान वर्गमा वैचारिक एकता कायम गराउँछ । जुन विचारले शोषित पीडित वर्गको हित गर्छ भन्ने विश्वदृष्टि निर्माण हुन पुग्दछ र रामसिंहको घरमा भएका धनमाल लुटिनेदेखि उसले राखेका तमसुकलगायत अन्य कागजात जलाइन्छ । शोषक सामन्तीको व्यवहारलाई तह लगाउनका लागि यही खालको विद्रोह हुनुपर्छ भन्ने विश्वदृष्टि तत्कालीन नेपाली समाजमा स्थापित भएको देखिन्छ । यही विश्वदृष्टिकै कारण तत्कालीन समयमा पनि नेपालका विभिन्न भूभागमा सामन्ती वर्गका विरुद्ध सशस्त्र विद्रोह भएको पाइन्छ । पछिल्लो समयमा माओवादी सशस्त्र द्वन्द्व हुँदा पनि सोही विश्वदृष्टिले काम गरेको देखिन्छ । माओवादी द्वन्द्वकालमा पनि कथामा धनेको नेतृत्वमा भएको विद्रोह, धनमाल लुट्ने तथा कागजात जलाउने लगायतका घटनाजस्तै घटनाहरू भएको देखिन्छ । यसरी समाजसापेक्ष रूपमा हेर्दा तत्कालीन समयमा लेखिएको साहित्यमा रहेको समाजको एउटा वर्गको विश्वदृष्टिले लामो कालखण्डसम्म पनि समाजमा स्थान पाइरहँदो रहेछ भन्ने कुरालाई मदन भण्डारीको यस कथामा स्थापित भएर रहेको विश्वदृष्टिले पुष्टि गर्दछ ।

## ३.४ निष्कर्ष

समाजमा विभिन्न विचार स्थापित भएको हुन्छ । ती विचार व्यक्तिगत वा सामूहिक जस्तो पनि हुन सक्छ । व्यक्तिगत विचारले व्यक्तिको प्रतिनिधित्व गरेको हुन्छ भने सामाजिक विचारले समाजको प्रतिनिधित्व गरेको हुन्छ । लुसिएँ गोल्डमानले यस्तै विचारहरूको बारेमा आफ्नो मान्यता प्रस्तुत गरेका छन् । उनको मान्यता विश्वदृष्टि हो । कुनै व्यक्तिबाट निस्केको विचारले यदि समान वर्गको वा समाजको प्रतिनिधित्व गर्दछ र त्यो स्थापित हुन्छ भने त्यो विचार विश्वदृष्टि बन्दछ भन्ने मान्यता उनले राखेका छन् । एउटै वर्ग वा समाजको प्रतिनिधि विचार नै विश्वदृष्टि हो भन्ने मान्यताले विचारको समग्रतालाई बुझाउने हुँदा विश्वदृष्टि भन्ने शब्दले पनि एउटै वर्ग वा समुदायको समग्र हेराइ भन्ने अर्थ बोकेको देखिन्छ । विचारको प्रतिनिधित्वले वर्गीय वा सामाजिक चेतनालाई विस्तार र विकास गर्दछ । त्यही विस्तार र विकासको माध्यमबाट नै विश्वदृष्टि निर्माण भई स्थापित हुन पुग्दछ । सबैले स्वीकार गर्ने विचार निर्माण हुनु नै समान वर्ग

वा समुदायका लागि महत्त्वपूर्ण कुरा हो । त्यसैले सबै ठाउँ, समाज वा साहित्यमा विश्वदृष्टि नहुन सक्छ । सबै साहित्यमा विश्वदृष्टि नहुन सक्छ । विश्वदृष्टि एक स्तरीय र एउटा वर्गले स्वीकार गर्ने प्रतिनिधि विचार हो । यसरी एउटा वर्ग वा समाजले सर्वसम्मत रूपमा स्वीकार गर्ने साहित्य रचना गर्न सजिलो देखिँदैन । त्यसैले पनि सबै साहित्यमा विश्वदृष्टि भेटिने सम्भावना कम हुन्छ । मदन भण्डारी साहित्यिक क्षेत्रमा कलम चलाउँदा चलाउँदै पनि वैचारिक रूपमा कमयुनिस्ट विचार बोक्ने व्यक्ति हुन् । त्यसैले पनि उनले तत्कालीन समयको समाजलाई नजिकबाट नियालेको पाइन्छ । उनले समाजको निम्नवर्गीय पिँढीको अनुभूतिलाई आत्मसात् गरेको भेटिन्छ ।

मदन भण्डारीका साहित्यिक रचनामा वर्गीय पिँढीको विश्वदृष्टि भेटिन्छ । विशेष गरी दुईथरिको विश्वदृष्टि र एक समान दृष्टि उनका साहित्यिक रचनामा भेटिएको छ । शोषक वा सामन्ती वर्गको समान दृष्टि, शोषित, पीडित किसान मजदुर वर्गको विश्वदृष्टि र विद्रोही वा परिवर्तनकारी विश्वदृष्टि उनका रचनामा भेटिएका विश्वदृष्टि हुन् । उच्च वर्गीय पिँढीले निम्न वर्गीय पिँढीमाथि थिचोमिचो र शोषण गर्नुपर्छ अनि मात्र आफ्नो वर्गीय पिँढीको हित हुन्छ भनी सोच्छ भन्ने दृष्टि उनको रचनामा पाइएको छ । यो दृष्टि शोषक वा सामन्ती वर्गको दृष्टिकोण हो । यही दृष्टिकोणको प्रतिस्थापनका लागि उनका रचनामा शासित वा शोषित पीडित किसान मजदुरको विश्वदृष्टि र विद्रोही वा परिवर्तनकारी विश्वदृष्टिको निर्माण भएको पाइन्छ ।

शासित वा शोषित पीडित किसान मजदुरको विश्वदृष्टि भण्डारीका रचनामा पाइने अर्को विश्वदृष्टि हो । शासित वा शोषित पीडित किसान मजदुरले बाध्यताले शासक वा शोषक वर्गको थिचोमिचो र शोषण सहिरहेका भए पनि उनीहरूले त्यसलाई भाग्य वा कर्मको कारण हो भनी दोष दिने विश्वदृष्टि उनका साहित्यिक रचनामा देखिएको छ । विशेष गरी उनका कविता र कथामा यस्तो विश्वदृष्टि केही अंशमा मात्र भेटिएको छ । उनका प्रायः रचनामा राज्यव्यवस्था तथा शोषक सामन्ती वर्गको विरोध र नयाँ राजनीतिक व्यवस्थासहित वैकल्पिक विश्वदृष्टिको खोजी भएकाले शासित वा शोषित पीडित किसान वर्गको विश्वदृष्टि एकदमै न्यून मात्रामा भेटिएको छ ।

साहित्यकार मदन भण्डारी साहित्यिक सँगसँगै राजनीतिक व्यक्तित्व पनि हुन् । उनमा कम्युनिस्ट विचारधाराले स्थान बनाएको हुँदा र तत्कालीन समयमा उनी नेपाली समाजका विभिन्न गाउँठाउँमा पुगिरहने हुँदा धनी वा शोषक वर्गले गरिब वा किसान वर्गमाथि थिचोमिचो र शोषण गरेको देखेको पाइन्छ । जसले गर्दा देशको शासनव्यवस्था नै फाल्नुपर्छ भन्ने मान्यताका साथ अघि लागेका उनका रचनामा पनि विद्रोही वा परिवर्तनकारी विश्वदृष्टि यथेष्ट मात्रामा पाइएको छ । उनको राजनीतिक विचार र तत्कालीन सामाजिक परिवेशले गर्दा पनि उनका साहित्यिक

रचनामा यस्तो विश्वदृष्टि स्थापित भएको मान्न सकिन्छ । त्यसैले उनका कविता, गीत, निबन्ध, नाटक तथा कथामा विशेष गरी यही विश्वदृष्टि भेटिएको छ ।

समग्रमा तत्कालीन समाजको परिवेशलाई आधार बनाएर लेखिएका मदन भण्डारीका साहित्यिक रचनामा वर्तमान समयको समाजलाई पनि नेतृत्व गर्न सक्ने विश्वदृष्टि निर्माण भएको पाइन्छ । तत्कालीन समाजमा प्रभुत्वशाली शासकहरूले गरिब किसान मजदुरहरूमाथि विभिन्न बहानामा दमन र शोषण गरेको कुरा उनको साहित्यिक रचनाहरूमा देखाइएको छ । यस पिँढीमा गरिब तथा कमजोर वर्गलाई थिचोमिचो, दमन र शोषणकै माध्यमबाट वर्चस्व कायम राख्न सकिन्छ भन्ने दृष्टिकोण स्थापित भएको पाइएको छ । उनका साहित्यिक रचनामा शासित वा शोषित किसान मजदुर वर्गीय पिँढीको विश्वदृष्टिमा परिवर्तन आएको देखिँदैन । अहिले पनि नेपाली समाजमा यो वर्गले आफू शोषित र पीडित हुनुमा सामाजिक व्यवस्था र धनीहरूको प्रभुत्वशाली दृष्टिको कारणले काम गरिरहेको छ भनेर पत्याउन चाहँदैन । आफ्नै कर्म वा भाग्यलाई दोष दिने यस्तो विश्वदृष्टि उनका रचनामा आउन खोजे पनि तत्कालै विद्रोही वा परिवर्तनकारी विश्वदृष्टिले हस्तक्षेप गरेको पाइन्छ । कुनै कुनै स्थानमा भने यस्तो विश्वदृष्टि थोरै मात्रामा आएको छ र त्यसैलाई उदाहरणार्थ प्रस्तुत समेत गरिएको छ । विद्रोही वा परिवर्तनकारी विश्वदृष्टि भने भण्डारीका साहित्यिक रचनामा प्रमुखताका साथ आएको छ । साहित्यकार भण्डारीको राजनीतिक पृष्ठभूमिका कारण पनि उनका साहित्यिक रचनामा यस विश्वदृष्टिले स्थान पाएको देखिन्छ । तसर्थ मदन भण्डारीका साहित्यिक रचनाको समाजशास्त्रीय अध्ययन गर्ने क्रममा उनका रचनामा रहेका विश्वदृष्टि तत्कालीन समाज र वर्तमान समाजमा पनि उत्तिकै महत्त्वपूर्ण छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

# चौथो परिच्छेद

# सारांश तथा निष्कर्ष

## ४.१ सारांश

प्रस्तुत शोधप्रबन्ध तयार पार्नका लागि शोधका विभिन्न चरण पूरा गरिएको छ । जसले गर्दा शोधकार्य व्यवस्थित र विश्वसनीय बन्न पुगेको छ। शोधकार्य आफैँमा जटिल विषय भएकाले हरेक क्षेत्रको अध्ययन विश्वसनीय ढङ्गबाट गरिएको छ । शोधकार्य समाप्तीपश्चात् शोधको विशेष मूल्य हुने भएकाले यसलाई व्यवस्थित पार्दै निम्नलिखित ढङ्गले लेखिएको छ :

शोधप्रबन्धको पहिलो परिच्छेदमा *शोधपरिचय* शीर्षक दिइएको छ । यस परिच्छेदअन्तर्गत विषयपरिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधको सीमाङ्कन, शोधविधि र शोधप्रबन्धको रूपरेखा उपशीर्षकमा शोधको परिचय दिइएको छ । यस परिच्छेदमा भएका कार्यले शोधकार्यको स्पष्ट रूपरेखा प्रस्तुत गरेको छ भने प्रस्तुत शोधकार्यपूर्व अनुभूतिको संरचना र विश्वदृष्टिको सैद्धान्तिक मान्यताको सापेक्षतामा केकस्ता अध्ययन भएका छन् र मदन भण्डारीका साहित्यिक रचनाका बारेमा केकस्ता पूर्वकार्य भएका छन् भनेर बुझी अघि बढ्न मार्गनिर्देश गरेको छ ।

दोस्रो परिच्छेद पहिलो शोधसमस्यासँग सम्बन्धित रहेको छ । यस परिच्छेदमा 'मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना' शीर्षकअन्तर्गत रही शोधसमस्याको निराकरण गर्ने कार्य गरिएको छ । यस शीर्षकअन्तर्गत विषयप्रवेशपछि अनुभूतिको संरचनाको सैद्धान्तिक ढाँचा प्रस्तुत गरिएको छ । यसमा रेमन्ड विलियम्सको अनुभूतिको संरचनासम्बन्धी मान्यतालाई आधार मान्दै भण्डारीका साहित्यिक रचनामा पिँढी र प्रभुत्वको अध्ययन तथा विश्लेषण गरिएको छ त्यस्तै सोही सैद्धान्तिक मान्यताकै आधारमा भण्डारीका साहित्यिक रचनामा दबाब र तनावजन्य अनुभूतिको संरचनाको अध्ययन विश्लेषण गरिएको छ। अन्त्यमा परिच्छेदको समग्र निष्कर्ष दिएर यिनै उपशीर्षकको अन्तर्यबाट शीर्षकको समस्याको निराकरण गरिएको छ।

तेस्रो परिच्छेद दोस्रो शोधसमस्यासँग सम्बन्धित रहेर तयार पारिएको छ। यस परिच्छेदमा मदन भण्डारीका साहित्यिक रचनामा विश्वदृष्टिको निरूपण गरिएको छ । 'मदन भण्डारीका साहित्यिक रचनामा विश्वदृष्टि' शीर्षकमा रहेर अध्ययन गरिएको यस परिच्छेदमा विषयप्रवेशपछि लुसिएँ गोल्डमानको विश्वदृष्टिको सैद्धान्तिक ढाँचा प्रस्तुत गरिएको छ । विश्वदृष्टिसँग सम्बन्धित विभिन्न विद्वान्का विचारलाईसमेत यहाँ अध्ययन गरिएको छ । यही मान्यताका आधारमा यस परिच्छेदमा मदन भण्डारीका साहित्यिक रचनामा विश्वदृष्टि उपशीर्षकअन्तर्गत शासक वा

सामन्ती वर्गको दृष्टिकोण, शासित वा किसान मजदुरवर्गको विश्वदृष्टि र विद्रोही वा परिवर्तनकारी वर्गको विश्वदृष्टिको अध्ययन तथा विश्लेषण गरिएको छ । अन्त्यमा परिच्छेदगत निष्कर्ष दिएर शोधसमस्याको निरूपण गरिएको छ ।

शोधको चौथो परिच्छेदमा 'सारांश र निष्कर्ष' प्रस्तुत गरिएको छ । जसमा सारांशअन्तर्गत प्रत्येक परिच्छेदमा रहेका शीर्षक र उपशीर्षकको विवरण दिइएको छ भने निष्कर्षअन्तर्गत शोधका परिच्छेदगत निष्कर्ष र समग्र निष्कर्ष तथा मूल प्राप्तिलाई समावेश गरिएको छ ।

## ४.२ निष्कर्ष

'मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना र विश्वदृष्टि' शीर्षकको यस शोधप्रबन्धमा प्रस्तुत गरिएका प्राज्ञिक जिज्ञासामूलक शोधप्रश्नहरूको समाधान साहित्यको समाजशास्त्रीय अध्ययनअन्तर्गत रहेका दुई सैद्धान्तिक मान्यतामा आधारित भएर गरिएको छ । शोधको समस्याकथनमा प्रस्तुत दुइटा समस्याको प्राज्ञिक निरूपण खोज्दा प्राप्त भएका कुराहरूलाई निष्कर्षका रूपमा निम्नलिखितअनुसार प्रस्तुत गरिएको छ :

(१) मदन भण्डारीका साहित्यिक रचनामा अनुभूतिको संरचना केकस्तो रूपमा अभिव्यक्त भएको छ भन्ने शोधप्रश्न यस शोधकार्यको पहिलो समस्याका रूपमा रहेको छ । शोधग्रन्थको दोस्रो परिच्छेदमा यस समस्याको प्राज्ञिक समाधान पहिल्याइएको छ । यस समस्याको समाधानका रूपमा प्राप्त भएका निष्कर्षलाई निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ :

मदन भण्डारीका साहित्यिक रचनामा तत्कालीन समाजमा प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीलाई दबाउन निर्माण गरेको सामन्ती संस्कृतिका कारण निम्न वर्गका नेपाली जनतामा दबाब र तनावको विशिष्ट अनुभूति भएको देखाइएको छ । त्यसैले यस्ता सामन्ती संस्कृतिकै कारण नेपाली जनताको जीवनशैली, आर्थिक अवस्था र देशको विकासमा सुधार हुन नसकेको हो भन्ने विचार ती रचनामा प्रस्तुत भएको छ । यस्ता कारणले गर्दा उनका रचनामा उदीयमान पिँढीले वैकल्पिक संस्कृतिको चाहना राखी सङ्घर्षको आह्वान गरेको देखाइएको छ । तत्कालीन समाजको ऐनाको रूपमा रहेको उनका रचनामा प्रभुत्वशाली पिँढीले समाजमा आफ्नो वर्चस्व कायम राख्न र आफ्ना संस्कृतिलाई स्थापित गर्नका लागि निरन्तर रूपमा अधीनस्थ पिँढीमाथि दबाब सिर्जना गरेको पाइन्छ । साथै प्रभुत्वशाली पिँढीको सामन्ती संस्कृतिले सिर्जना गरेको दबाब र तनावजन्य अनुभूतिका कारण अधीनस्थ पिँढीमा वैकल्पिक संस्कृति निर्माणको चाहना उत्पन्न भएको समेत देखाइएको छ । यस्तो चाहनाले उदीयमान वैकल्पिक संस्कृति निर्माणका लागि अधीनस्थ पिँढीलाई अगाडि बढ्न उत्प्रेरणा प्रदान गरेको देखिन्छ । रचनामा तत्कालीन समाजमा प्रभुत्वशाली पिँढीको

दबाबलाई अधीनस्थ पिँढीले सहन नसकेको देखाइएको छ । यस्तो परिस्थितिका कारण भएको सङ्घर्षले उत्पन्न गरेको तनावजन्य अनुभूतिको संरचनालाई उनका रचनामा प्रष्ट रूपमा देखाउँदै यसले उदीयमान वैकल्पिक संस्कृति स्थापनाको बाटो खुलाएकोतर्फ सङ्केत गरेको छ । यसरी मदन भण्डारीका साहित्यिक रचनामा प्रभुत्वशाली पिँढीले अधीनस्थ पिँढीमाथि शोषण गर्ने संस्कृतिका कारण उदीयमान पिँढीले त्यस्तो संस्कृतिको विरोध गर्ने क्रममा दबाब र तनावजन्य अनुभूतिको संरचना अभिव्यक्त भएको छ ।

(२) मदन भण्डारीका साहित्यिक रचनामा विश्वदृष्टि केकस्तो रूपमा अभिव्यक्त भएको छ भन्ने शोधप्रश्न यस शोधकार्यको दोस्रो समस्याका रूपमा रहेको छ । शोधग्रन्थको तेस्रो परिच्छेदमा यस समस्याको प्राज्ञिक समाधान पहिल्याइएको छ । यस समस्याको समाधानका रूपमा प्राप्त भएका निष्कर्षहरू निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ :

मदन भण्डारीका साहित्यिक रचनामा विशेषगरी एकथरिको दृष्टिकोण र दुईथरिको विश्वदृष्टि अभिव्यक्त भएको छ । शोषक वा सामन्तीवर्गको दृष्टिकोण, शोषित, पीडित किसान मजदुर वर्गको विश्वदृष्टि र विद्रोही वा परिवर्तनकारीवर्गको विश्वदृष्टि उनका साहित्यिक रचनामा भेटिएका छन् । भण्डारी साहित्यिक क्षेत्रमा कलम चलाउँदा चलाउँदै पनि वैचारिक रूपमा कम्युनिस्ट विचार बोक्ने व्यक्ति भएकाले उनले तत्कालीन समयको समाजलाई नजिकबाट नियालेको पाइन्छ । उनको साहित्यिक रचनामा उनले समाजको निम्नवर्गको अनुभूतिलाई आत्मसात् गरेको भेटिन्छ । प्रभुत्वशाली सामन्ती राज्यव्यवस्थाप्रति आक्रोश र शोषित, पीडित किसान मजदुरप्रति सहानुभूति राख्दै विद्रोहका लागि आह्वानको विश्वदृष्टि उनका रचनामा अभिव्यक्त भएको छ ।

समग्रमा भण्डारीका रचनामा देखिएका तीन तहको विश्वदृष्टिमध्ये दबाब र तनावजन्य अनुभूतिकै कारणले उत्पन्न हुने विद्रोही वा परिवर्तनकारी विचार नै बलियो विश्वदृष्टि बन्न पुगेको देखिन्छ । तत्कालीन समय, समाज र मदन भण्डारीको राजनीतिक पृष्ठभूमिलाई उनको साहित्यमा खोज्दा उनको यही पिँढी र प्रभुत्वको संस्कृति, प्रभुत्वशाली पिँढीको परम्परागत संस्कृतिको विरोध र वैकल्पिक उदीयमान संस्कृतिको खोजीकै क्रममा समाजमा देखिएको दबाब र तनावजन्य अनुभूतिको संरचनासँगै विद्रोही वा परिवर्तनकारीवर्गको विश्वदृष्टि निर्माण भएको पाइन्छ । उनको अनुभूतिको संरचना र विश्वदृष्टिको यही पृष्ठभूमिकै कारण तत्कालीन शासनव्यवस्था र जनताका बिच दबाब र तनावजन्य अनुभूतिको संरचना तयार भई लामो समय सङ्घर्ष हुँदै देशमा परिवर्तन भएको देखिन्छ । अझै भण्डारीको साहित्यिक रचनामा भेटिएका दबाब र तनावजन्य अनुभूति र विद्रोही वा परिवर्तनकारीवर्गको विश्वदृष्टिकै जगमा तत्कालीन समाज र वर्तमान समाजमा

निरन्तर परम्परागत प्रभुत्वशाली सामन्ती शक्ति र उदीयमान वैकल्पिक शक्तिका बिच सङ्घर्ष भइरहेको निष्कर्षमा पुग्न सकिन्छ । यसरी मदन भण्डारीका साहित्यिक रचनामा सामाजिक रूपमा रहेको अनुभूतिको संरचना साथै अधीनस्थ पिँढी अर्थात् गरिब, किसान मजदुर वर्गीय पिँढीको विश्वदृष्टि र विद्रोही वा परिवर्तनकारीवर्गको विश्वदृष्टि स्पष्ट र महत्त्वका साथ अभिव्यक्त भएको पाइएको छ ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, बमबहादुर (२०७३), *आधुनिक नेपालको इतिहास,* काठमाडौँ : निखिल पुस्तक भण्डार ।

अधिकारी, वासुदेव (२०७९), 'सशक्त स्रष्टा ओजस्वी द्रस्टा', *मदन भण्डारी ४ सङ्कलित रचनाहरू साहित्य खण्ड,* सूर्य थापा, देवी नेपाल (सम्पा.), काठमाडौँ : मदन आश्रित स्मृति प्रतिष्ठान ।

उप्रेती, सञ्जीव (२०७८), *सिद्धान्तका कुरा,* काठमाडौँ : बुक-हिल पब्लिकेसन प्रा.लि. ।

ओली, सुवर्ण (२०७०), *मदन भण्डारी जीवनी र व्यक्तित्व,* काठमाडौँ : मदन-आश्रित स्मृति प्रतिष्ठान ।

क्षेत्री, उदय (२०६४), *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानात्मक कृतिहरूको अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय ।

खतिवडा, नवराज (२०६८), *युवाका आँखामा जननेता मदन भण्डारी,* काठमाडौँ : मदन भण्डारी फाउन्डेसन ।

खनाल, शारदा (२०७७), 'बाबु, आमा र छोरा उपन्यासमा विश्वदृष्टि', *प्रज्ञा,* (अङ्क २, पूर्णाङ्क १२०, साउन-पुस), पृ. १६१-१६९ ।

गिरी, जीवेन्द्रदेव (२०५४) 'मदन भण्डारीका भाषणमा भाषिक विशेषता', *एक्काइसौँ शताब्दी मासिक* (वर्ष १), पृ. ५८-६० ।

गौतम, कृष्ण (२०५०),*आधुनिक आलोचना : अनेक रूप अनेक पठन,* ललितपुर : साझा प्रकाशन ।

गौतम, नवराज र बजगाईं, रामशरण (२०७३), *श्रद्धाञ्जलि (सम्पा.),* काठमाडौँ : मदन भण्डारी फाउन्डेसन ।

घिमिरे, कृष्णप्रसाद (२०६९), *अनुसन्धानात्मक समालोचना,* काठमाडौँ : कला बुक्स प्रकाशन ।

घिमिरे, कृष्णप्रसाद (२०७९), 'जननेता मदन भण्डारी र जबजको मूल आधार', *शार्दूल,* (अङ्क ५, असार १४), पृ.१४-१६ ।

जैन, निर्मला (सन् १९९२), *साहित्य का समाजशास्त्रीय चिन्तन,* (द्वितीय संस्क.), दिल्ली : दिल्ली विश्वविद्यालय ।

दाहाल, खेम (२०६०), *आधुनिक नेपाली उपन्यासको समाजशास्त्र,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय ।

नेपाल, देवी (२०६५), 'मदनको साहित्यिक व्यक्तित्व', *मदन भण्डारी स्मृति ग्रन्थ भाग -१,* मोरङ : मदन भण्डारी स्मृति प्रतिष्ठान ।

पाण्डेय, ताराकान्त (२०६९),'बसाइँ उपन्यासको समाजशास्त्र', *प्राज्ञिक संसार,* (१/४), पृ. ५५-६३।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् १९८९), *साहित्यका समाजशास्त्र की भूमिका,* चण्डीगढ : हरियाणा साहित्य अकादमी ।

पाण्डेय, मैनेजर (सन् २०१६), *साहित्य और समाजशास्त्रीय दृष्टि,* हरियाणा : आधार प्रकाशन प्राइवेट लिमिटेड ।

पौडेल, नवराज (२०७०), 'बहुला काजीको सपना नाटकको समाजशास्त्रीय विश्लेषण', *प्राज्ञिक संसार,* (१/७), पृ. १३८-१४९ ।

भट्टराई, रमेशप्रसाद (२०७८), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भण्डारी, भावना (२०६८), *युवाका आँखामा जननेता मदन भण्डारी,* काठमाडौँ : मदन भण्डारी फाउन्डेसन ।

भण्डारी, मदन (२०६९), *मदन भण्डारी ४ सङ्कलित रचनाहरू साहित्य खण्ड,* सूर्य थापा, देवी नेपाल (सम्पा.), काठमाडौँ : मदन-आश्रित स्मृति प्रतिष्ठान ।

भण्डारी, मदन (२०७०), *मदन भण्डारी : सङ्कलित रचनाहरू भाषण खण्ड भाग ७, (*दोस्रो संस्क.), सूर्य थापा, देवी नेपाल (सम्पा.), काठमाडौँ : मदन-आश्रित स्मृति प्रतिष्ठान ।

भण्डारी, मदन (२०७१), *मदन भण्डारीका कविता र गीतहरू,* देवी नेपाल (सम्पा.), काठमाडौँ : राष्ट्रिय जनसांस्कृतिक महासंघ नेपाल ।

रेग्मी, वीर्खराज (२०७६), *समाधानको बाटो कथामा अनुभूतिको संरचना,* अप्रकाशित दर्शनाचार्य तह अध्ययनपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

शर्मा, मोहनराज, लुइटेल, खगेन्द्रप्रसाद (२०६७), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* (तेस्रो संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०६०), 'केही प्रमुख नेपाली उपन्यासको समाजशास्त्र', *नेपाली उपन्यासको शतवार्षिकी स्मारिका,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

Baral, L. R. (1980). Nepal 1979: Political system in crisis. *Asian Survey*, *20*(2), 197-205. https://doi.org/10.2307/2644023

Gramsci, Antonio (1971), *Selections from The Prison Notebooks*, New York : International Publishers.

Goldman, Lucien (1980), *Essays on Method in the Sociology Literature,* (Edited : William Q. Boelhower), America : Telos Press.

Goldman, Lucien (1981), *Method in the Sociology of Literature*, Oxford : B. Blackwell.

Eldridge John and Lizzie (2005), *Raymond Williams Making Connection,* ELiberary edition, New York, London.

Laurenson, Diana T. and Swingwood, Alan (1972), *The sociology of Literature*, New York : Schocken Books.

Mulharn, Francis (1984), 'Towards 2000, or news from you-know-where', *New Left Review 148*, (Nov-Dec), London.

Williams, Raymond (1977), *Marxism and literature*, New York : Oxford University Press.